# चौथो वार्षिक प्रतिवेदन, २०७९

## (बागमती प्रदेश)



## राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

### सिंहदरबार, काठमाडौं

पौष, २०७९

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग


**ठेगानाः**

सिंहदरबार, काठमाडौं।

**टेलिफोनः**

९७७-१- ४२००६७९,

- ४२००५९२,

- ४२००६६३,

- ४२००२७२

**फ्याक्सः**

९७७-१-४२००५९३

**ईमेलः**

info@nnrfc.gov.np

**वेबसाइटः**

www.nnrfc.gov.np


नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम

**बागमती प्रदेश**का

माननीय प्रदेश प्रमुख समक्ष प्रस्तुत गरिएको

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको

# चौथो वार्षिक प्रतिवेदन, २०७९


बागमती प्रदेशको नक्सा
(राजनीतिक तथा प्रशासनिक)
उत्तर
संकेतहरु
प्रदेश सिमाना
महानगरपालिका
उपमहानगरपालिका
नगरपालिका
गाउँपालिका
संरक्षित क्षेत्र
84°0'0"E
84°30'0"E
85°0'0"E
85°30'0"E
86°0'0"E
86°30'0"E
28°30'0"N
28°0'0"N
27°30'0"N
27°0'0"N

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

## National Natural Resources and Fiscal Commission

प.सं.: २०७९/८०

च.नं.

विषयः आयोगको चौथो वार्षिक प्रतिवेदन, २०७९ प्रस्तुत गरिएको।

माननीय प्रदेश प्रमुखज्यू

बागमती प्रदेश, हेटौंडा।

नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आर्थिक वर्ष २०७९/८० मा सम्पादन गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं।

भवदीय,

| | | | |
|---|---|---|---|
| विपिन राज निरौला,<br>सदस्य | अमर राज मिश्र,<br>सदस्य | जुद्ध बहादुर गुरुङ्ग,<br>सदस्य | बालानन्द पौडेल,<br>अध्यक्ष |

२०७९ पौष

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका पदाधिकारी



बालानन्द पौडेल

अध्यक्ष



जुध्द बहादुर गुरुङ

सदस्य



अमर राज मिश्र

सदस्य



विपिन राज निरौला

सदस्य

## आयोगका सचिव



भरतमणि सुवेदी

# कार्यकारी सारांश

नेपालको संविधानले राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहबाट सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको सिद्धान्तका आधारमा हुने व्यवस्था गरेको छ। तीनै तहका सरकारको कार्यजिम्मेवारी र राजस्व अधिकारलाई एकल र साझा अधिकारको रुपमा अनुसूचीमा लिपिबद्ध गरिएको छ। खर्च जिम्मेवारी पूरा गर्न प्रदेश सरकारले संघबाट तथा स्थानीय सरकारले संघ र प्रदेशबाट वित्तीय हस्तान्तरण प्राप्त गर्ने संवैधानिक प्रावधान कार्यान्वायन गर्न स्वतन्त्र आयोगको रुपमा नेपालको संविधानको भाग २६, धारा २५० र २५१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धी व्यवस्था गरिएको छ, जसमा एक जना अध्यक्ष सहित बढिमा पाँच जना सदस्य रहने व्यवस्था रहेकोमा हाल अध्यक्ष सहित चार जना सदस्यहरू कार्यरत रहनुभएको छ। आयोगको सचिवालयमा राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिवको नेतृत्वमा स्थायी र करार सेवामा कर्मचारी रहने गरी ७३ जनाको दरबन्दी कायम भएको छ। आयोगको एक मात्र कार्यालय काठमाडौंमा रहेको छ। नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ ले आयोगको काम, कर्तव्य र अधिकार निर्धारण गरेका छन्।

संविधानले आयोगलाई सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय सरकार बीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने, राष्ट्रिय नीति तथा कार्यक्रम, मानक र पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने, प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकार बीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, सङ्घ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने तथा राजस्व असुलीमा सुधार गर्नुपर्ने उपायहरूको सिफारिस गर्ने, समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने, सङ्घ र प्रदेश सरकारको राजस्व बाँडफाँटका आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने, प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने, प्राकृतिक स्रोतको बाँडफाँटसम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वायत्मक रूपमा काम गर्न सिफारिस गर्ने जिम्मेवारी प्रदान गरेको छ। उल्लिखित कानुनहरु तथा आयोगबाट जारी भएको पदाधिकारी एवं कर्मचारीहरुको आचारसंहिताको अधिनमा रही आयोगले आफ्नो संवैधानिक र अन्य कानुनी दायित्व पूरा गर्दै आएको छ। तल्ला तहका सरकारहरुको कार्यजिम्मेवारीका तुलनामा राजस्व क्षमता कम हुँदा उत्पन्न हुने वित्तीय न्यूनता पूरा गरी सेवा प्रवाह सूचारु गर्नका लागि माथिल्ला सरकारबाट उपलब्ध हुने वित्तीय हस्तान्तरणलाई संवैधानिक मर्म र भावना अनुकूल बनाउन राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस अनिवार्य गरिएको हो। यसले आयोग वित्तीय संघीयताको संरक्षकीय भूमिकामा रहेको तथ्य पुष्टी गर्दछ।

माथि उल्लिखित कार्य सम्पादन गर्ने क्रममा आयोगले आ.व. २०७८/७९ मा गरेका मुख्य कार्यहरुलाई देहायबमोजिम संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ।

## १. संघीय विभाज्य कोषबाट संघ, प्रदेश र स्थानीय तहमा हुने राजस्व बाँडफाँट

संविधान र कानुनको परीधिमा रही आयोगले संघ, प्रदेश र स्थानीय सरकारहरु बीच मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनमा लाग्ने अन्तःशुल्कबाट सङ्कलित राजस्व बाँडफाँटको विस्तृत आधार, र ढाँचा निर्धारण एवं सो बमोजिमको हिस्सा आयोगको मिति २०७६/११/२९ को निर्णयानुसार आर्थिक वर्ष २०७७/७८ देखि लागु हुने गरी पाँच वर्ष (आर्थिक वर्ष २०८१/८२) सम्मका लागि राजस्व बाँडफाँट सम्बन्धी सिफारिस गरिएको छ। सङ्घबाट प्रदेश तथा स्थानीय तहमा राजस्व

बाँडफाँटका लागि सिफारिस गर्दा जनसंख्या र जनसांख्यिक विवरणको अनुपात, क्षेत्रफल, मानव विकास सूचकाङ्क, खर्चको आवश्यकता, राजस्व सङ्कलनमा गरेको प्रयास, पूर्वाधार विकास र विशेष अवस्था जस्ता आधार लिइएको छ।

## २. वित्तीय समानीकरण अनुदान

### क. संघबाट प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान

आर्थिक वर्ष २०७८/७९ का लागि नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानलाई न्यूनतम वित्तीय समानीकरण अनुदान, सूत्रमा आधारित वित्तीय समानीकरण अनुदान र कार्य सम्पादन मूल्याङ्कनका आधारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको रूपमा वर्गीकरण गरी कुल वित्तीय समानीकरण अनुदान निर्धारण गरी आयोगले मिति २०७८/११/२७ को निर्णयानुसार नेपाल सरकारलाई सिफारिस गरेको छ। जसअनुसार आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश सरकारका लागि रु. ६१ अर्ब ४३ करोड २१ लाख र स्थानीय सरकारका लागि रु. १ खर्ब २३ करोड १३ लाख वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न सिफारिस गरिएकोमा बागमती प्रदेश सरकारले रु. ८ अर्ब ४० करोड ४६ लाख र बागमती प्रदेश भित्र रहेका स्थानीय सरकारहरूले रु. १८ अर्ब २६ करोड ०६ लाख प्राप्त गर्ने गरी सिफारिस गरिएको छ।

### ख. प्रदेशबाट प्रदेशभित्रका स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान

नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई प्रदेश भित्रका स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानुनबमोजिम आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान उपलब्ध गराउने भन्ने संवैधानिक तथा कानुनी व्यवस्था रहेको छ। सो व्यवस्था अनुसार आर्थिक वर्ष २०७९/८० का लागि सात वटै प्रदेश सरकारलाई प्रदेश भित्रका स्थानीय सरकारहरुलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदान रकम आयोगको मिति २०७८/१२/२३ को निर्णयानुसार प्रदेश सरकारलाई सिफारिस गरिएको छ। यसरी वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा न्यूनतम अनुदान र सूत्रमा आधारित अनुदानलाई आधार मानी बागमती प्रदेश सरकारले प्रदेश भित्रका स्थानीय सरकारका लागि जम्मा रु. १ अर्ब ७५ करोड हस्तान्तरण गर्ने गरी सिफारिस गरिएको छ।

## ३. सशर्त अनुदान

नेपालको संविधानले राष्ट्रिय नीति तथा कार्यक्रम, मानक र पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने काम, कर्तव्य र अधिकार आयोगलाई सुम्पेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ले नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई र प्रदेश सरकारले स्थानीय सरकारलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ। सो अनुदान सम्बन्धमा आयोगले संघीय मन्त्रालय, प्रदेश मन्त्रालय एवम् स्थानीय सरकारसँगको छलफल तथा विषयविज्ञ मार्फत गरिएको अध्ययन अनुसन्धान र विश्लेषणका आधारमा आ.व. २०७९/८० का लागि नेपाल सरकारबाट प्रदेश तथा स्थानीय सरकारलाई हस्तान्तरण गरिने र प्रदेश सरकारबाट स्थानीय सरकारलाई हस्तान्तरण गरिने सशर्त अनुदानको आधार मिति २०७८/१२/२१ को निर्णयानुसार सम्बन्धित सरकारहरूलाई सिफारिस गरिएको छ।

## ४. आन्तरिक ऋण

नेपालको संविधानले तीनवटै तहका सरकारका आ-आफ्ना बजेट र योजना प्रणाली हुने परिकल्पना गरेको छ। सरकारले पेश गर्ने घाटा बजेट पूर्तीको प्रमुख साधन सार्वजनिक ऋण हो। समष्टिगत आर्थिक परिसूचकहरुको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय सरकारहरुले लिनसक्ने आन्तरिक ऋणको सीमा निर्धारण गर्ने संवैधानिक जिम्मेवारी आयोगको काँधमा छ। सोही

बमोजिम आर्थिक वर्ष २०७९/८० को लागि संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण गरी आयोगबाट मिति २०७९/०१/१६ को निर्णयानुसार सिफारिस गरिएको छ। नेपाल सरकारले तत्कालको समष्टिगत आर्थिक स्थिति, प्रदेश तथा स्थानीय तहले परिचालन गर्ने आन्तरिक ऋणको परिमाण र बजारको स्थिति समेत विश्लेषणगरी तीनै तहका सरकारले उठाउने कूल आन्तरिक ऋण आर्थिक बर्ष २०७९/८० को अनुमानित गार्हस्थ्य उत्पादनको ५.५ प्रतिशतमा नबढ्ने सुनिश्चित गरी परिचालन गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ। त्यस्तै गरी प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउने र स्थानीय सरकारले आ.व. २०७९/८० मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र स्थानीय सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउने सिफारिस गरिएको छ। यसरी उठाइने ऋणको उपयोग पूँजी निर्माण र दीर्घकालीन लाभ दिने खालका उत्पादनशील कार्यका लागि परिचालन गर्न समेत आयोगले सिफारिस गरेको छ।

## ५. प्रदेश विभाज्य कोषबाट प्रदेशभित्रका स्थानीय सरकारमा हुने सवारी साधन करको बाँडफाँट

प्रदेश र स्थानीय सरकारको एकल अधिकार क्षेत्रमा परेको सवारी साधन कर उठाउने अधिकारलाई अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनका रुपमा राखी सवारी साधन करको निर्धारण र संकलन प्रदेश सरकारले गर्ने तथा संकलित रकमको ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत रकम सम्बन्धित प्रदेशभित्रका स्थानीय सरकारलाई बाँडफाँट गर्ने व्यवस्था गरेको छ। साथै, प्रदेशभित्र रहेका स्थानीय सरकार बीच हुने सवारी साधन करको बाँडफाँटको आधार र ढाँचा निर्धारण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था यसै ऐनबाट गरिएको छ। जसअनुसार, प्रदेशबाट स्थानीय सरकारलाई सवारी साधन करबापतको राजस्व बाँडफाँटको सिफारिस गर्ने प्रयोजनको लागि जनसंख्या, सडकको लम्बाइ र वनले ढाकेको क्षेत्रफललाई आधार मानी मिति २०७८/१२/२२ को निर्णयानुसार सम्बन्धित प्रदेश सरकारलाई सवारी साधन करको हिस्सा सिफारिस गरिएको छ।

## ६. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राकृतिक स्रोतबाट संकलित रोयल्टी सम्बन्धित संघ, प्रदेश र स्थानीय सरकारलाई क्रमश: ५० प्रतिशत, २५ प्रतिशत र २५ प्रतिशत हस्तान्तरण हुने र नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट तथा वितरण गर्ने व्यवस्था गरिएको छ। यसै अनुरुप प्राकृतिक स्रोतको अवस्थिति, प्रभावित क्षेत्रफल, प्रभावित जनसङ्ख्या र प्राकृतिक स्रोतको दिगो व्यवस्थापनका आधारमा आर्थिक वर्ष २०७९/८० को लागि नेपाल सरकारले पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिज जस्ता प्राकृतिक स्रोतको परिचालनबाट सङ्कलन हुने रोयल्टी रकम सम्बन्धित प्रदेश र स्थानीय सरकारलाई बाँडफाँट गर्न आयोगले मिति २०७९/०१/०६ को निर्णयानुसार रोयल्टी बाँडफाँटका आधार तथा हिस्सा निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरेको छ।

## ७. सिफारिस तथा सुझाव कार्यान्वयनको अवस्था

संवैधानिक तथा कानुनी प्रावधान बमोजिम आयोगले विगतमा विभिन्न मितिमा नेपाल सरकार तथा प्रदेश सरकारलाई सिफारिस तथा सुझावहरु प्रदान गर्दै आएको छ। आर्थिक वर्ष २०७८/७९ का लागि नेपाल सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिस गरे बमोजिम नै बजेट विनियोजन गरिएको तर मेलुङ्ग गाउँपालिका, दोलखा र किस्पाङ्ग गाउँपालिका, नुवाकोटमा सो बमोजिम हस्तान्तरण गरिएको देखिदैन। त्यसैगरी आयोगबाट

गरिएको सिफारिस बमोजिम नै प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान विनियोजन गरे तापनि बागमती प्रदेश सरकारले सो बमोजिम कैलाश गाउँपालिका, मकवानपुर र हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकमा हस्तान्तरण गरेको देखिदैन।

सशर्त अनुदानतर्फ स-साना, टुक्रे कार्यक्रम/आयोजना/परियोजनामा निरन्तर रूपमा नेपाल सरकार तथा प्रदेश सरकारले सशर्त अनुदान पठाउने अभ्यासले प्रदेश तथा स्थानीय तहको आयोजना प्राथमिकीकरण र सञ्चालनको स्वायत्ततामा प्रभाव पर्न जाने देखिन्छ। यसले प्रदेश तथा स्थानीय तहबाट आयोजना छनौट र कार्यान्वयनबाट प्राप्त हुन सक्ने दक्षता हासिल हुन सक्दैन। अतः सशर्त अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रम प्रति सम्बन्धित तहको अधिकतम स्वामित्व कायम गर्न र कार्यान्वयन प्रक्रियामा व्यवस्थापकीय कूशलता र खर्च दक्षता समेत सुनिश्चित गर्नका लागि सशर्त अनुदान उपलब्ध गराउँदा क्रियाकलाप नै तोक्ने कार्य नगरी त्यस किसिमको स्वायत्तता सम्बन्धित प्रदेश वा स्थानीय तहलाई नै हुने गरी क्षेत्रगत शर्तहरु र आयोजना/कार्यक्रमको लक्ष्य तथा अपेक्षित उपलब्धि जस्ता विषयहरू मात्र तोकेर उपलब्ध गराउने तर्फ ध्यान दिन जरुरी देखिएको छ।

आयोगले सिफारिस गरेको सीमाभित्र रही नेपाल सरकारले आन्तरिक ऋण उठाएको देखिन्छ। तर त्यसरी उठाएको ऋण रकम रोजगारी सिर्जना गर्ने, उत्पादनमूलक र पुँजीगत प्रकृतिका कार्यमै परिचालन भए नभएको यकिन गर्न सक्ने अवस्था छैन। आन्तरिक ऋणको परिचालन कुन योजनाका लागि कुन खर्च शीर्षकमा गर्ने वा कुन खर्च शीर्षकमा गरियो भनेर बजेट तथा कार्यक्रमगत रुपमा बजेट वक्तव्य तथा व्यय अनुमानको विवरण (खर्च शीर्षकगत र स्रोतगत समेत) मा स्पष्ट उल्लेख गर्नुपर्ने देखिन्छ। त्यस्तै बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान अनुरुप आन्तरिक ऋण उठाउँदै गर्दा आन्तरिक ऋण परिचालन गरिने योजनाको कार्यान्वयन स्थिति उल्लेख गर्नु जरुरी देखिन्छ। बागमती प्रदेश सरकारले आन्तरिक ऋण उठाएको देखिदैन। त्यसैगरी आयोगले स्थानीय सरकारको लागि आन्तरिक ऋणको सीमा सिफारिस गर्दै आएको तर सबै स्थानीय सरकारको बजेट विनियोजन आयोगमा उपलब्ध हुन नसकेकाले आन्तरिक ऋणको बजेटमा व्यवस्था भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन।

राजस्व बाँडफाँटतर्फ असार २० गते सम्मको मात्र बाँडफाँट गरेको देखिएको र असार २१ गतेदेखि असार मसान्तसम्म विभाज्य कोषमा जम्मा भएको राजस्व सोही आर्थिक वर्षभित्र विभाजन नगरी असार मसान्त पछि विभाजन गरी हस्तान्तरण गर्ने गरेको देखिएकोले सो अभ्यासबाट सम्बन्धित आर्थिक वर्षको वास्तविक राजस्व बाँडफाँटको परिमाण यकिन गर्न एवं प्रदेश तथा स्थानीय सरकारको राजस्व आम्दानी र स्रोतको प्रतिवेदन गर्न कठिन भएको अवस्था छ। त्यसैगरी सङ्घीय सरकारले राखेको राजस्वको लक्ष्य अनुसार असूली नभई लक्ष्य पुनरावलोकन गर्नुपर्दा वा गर्दा सो को जानकारी यथासमयमा प्रदेश तथा स्थानीय सरकारलाई पनि उपलब्ध गराउनका साथै प्रदेश तथा स्थानीय सरकारले आफ्नो राजस्व असुलीको लक्ष्यमा पुनरावलोकन गर्नुपर्ने देखिन्छ।

बागमती प्रदेश सरकारले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क को उपदफा (५) मा भएको व्यवस्था अनुसार मासिक रुपमा रकम बाँडफाँट गर्नु पर्नेमा द्वैमासिक रुपमा बाँडफाँट गरेको देखिन्छ। प्रदेश सरकारले सवारी साधन करबाट प्राप्त रकम सम्बन्धित प्रदेश र प्रदेश भित्रका स्थानीय सरकारमा मासिक रूपमा बाँडफाँट नगरी अर्को आर्थिक वर्षका लागि समेत बाँडफाँटका लागि बाँकी राखिएको पाइएकोले सवारी साधन करको बाँडफाँट आगामी दिनमा प्रचलित कानुनी व्यवस्था अनुरुप मासिक रुपमा बाँडफाँट गर्नुपर्ने देखिन्छ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा उल्लेख भए बमोजिम सङ्घीय विभाज्य कोषमा रहेको प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको बाँडफाँट वार्षिक रुपमा गर्ने व्यवस्था रहेको भए तापनि नेपाल सरकारले जुन आर्थिक वर्षमा संकलन भएको रोयल्टी हो सोही आर्थिक वर्षमा सम्बन्धित प्रदेश तथा स्थानीय सरकारको संचित कोषमा जम्मा गरेको देखिदैन। साथै, आयोगले सिफारिस गर्दा प्राकृतिक स्रोतको स्रोतगत रुपमा हिस्सा बाँडफाँट गरेको र सो अनुसार वितरणको

विस्तृत विवरण नेपाल सरकारबाट आयोगमा उपलब्ध हुन नसकेको हुँदा स्रोतगत बाँडफाँटको हिस्सा कार्यान्वयनको अवस्था विश्लेषण गर्न सकिएको छैन। प्राकृतिक स्रोतको परिचालनका लागि लगानी र प्रतिफल तथा लाभको बाँडफाँट सम्बन्धमा विभिन्न कानुनी प्रावधानहरु प्रचलनमा रहेकोले राष्ट्रिय प्राकृतिक स्रोत परिचालन सम्बन्धी एकीकृत कानुन तर्जुमा गर्न दिइएको सुझाव हालसम्म कार्यान्वयन भएको समेत देखिँदैन।

***अन्त्यमा,***

अन्तरसरकारी वित्तीय हस्तान्तरण माथिको अधिक निर्भरताले प्रदेश र स्थानीय तहको स्वायत्ततालाई संकुचन गर्न सक्दछ। आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गरी तहगत स्वायत्तता कायम राख्नु तल्ला संघीय इकाईहरुको लागि चुनौतिको रुपमा रहेको छ। राजस्व असूलीमा सुधार एवं खर्चमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता स्थापित गर्न सकिएमा विद्यमान वित्तीय न्यूनतालाई केही हदसम्म कम गर्न सकिन्छ। यस सम्बन्धमा आयोगले प्रदेश र स्थानीय सरकारले खर्च जिम्मेवारी र राजस्व असूलीमा गर्नुपर्ने सुधार सम्बन्धमा अध्ययन गरेको छ। खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान उपलब्ध गराउने संवैधानिक प्रावधान बमोजिम प्रदेश र स्थानीय तहको वित्तीय अन्तर पहिचान गरी वित्तीय समानीकरण अनुदानलाई वैज्ञानिक र वस्तुगत बनाउन आयोग प्रयत्नशील छ। राजस्व बाँडफाँटलाई सन्तुलित र पारदर्शि बनाउने; सङ्घ, प्रदेश र स्थानीय सरकारबीच प्राकृतिक स्रोतको परिचालन गर्दा सो उपर गरिने लगानी र प्रतिफलको हिस्सा निर्धारणको लागि वस्तुगत आधार तय गर्ने, सङ्घीय इकाईहरूबीच प्राकृतिक स्रोत सम्बन्धमा उठ्ने विवाद निवारणको लागि अध्ययन अनुसन्धान गरी सुझाव दिने जस्ता कार्य तर्फ आयोगको सघन प्रयत्न जारी रहने छ। आयोगको प्रथम रणनीतिक योजनाले यी विषयवस्तुहरु लगायत वित्तीय संघियता सवलीकरणका सवालहरुलाई योजनाबद्ध तरिकाले सम्बोधन गर्ने प्रयास गरेको छ।

# विषय सूची


कार्यकारी सारांश ........ i

विषय सूची ........ vi

तालिका सूची ........ viii

चित्र सूची ........ x

**परिच्छेद - एकः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको परिचय ........ १**

१.१ परिचय ........ १

१.२ गठन ........ १

१.३ काम, कर्तव्य र अधिकार ........ २

१.४ सङ्गठन संरचना र दरवन्दी विवरण ........ ६

१.५ प्रतिवेदन ........ ९

**परिच्छेद - दुईः आयोगको वार्षिक कार्यसम्पादन सम्बन्धी विवरण ........ १०**

२.१ आयोगको वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन सम्बन्धी विवरण ........ १०

२.२ आयोगले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई गरेका सिफारिस तथा दिइएका सुझावको विवरण ........ १३

२.३ आयोगबाट सम्पादन भएका अन्य काम कारवाहीको विवरण ........ १४

२.४ आयोगको भौतिक स्रोत साधन र त्यसको उपयोगको अवस्था ........ १५

२.५ समन्वय तथा सहयोग ........ १५

**परिच्छेद - तीनः आयोगले गरेका सिफारिस तथा सुझावहरू ........ १७**

३.१ सङ्घीय विभाज्य कोषबाट प्रदेश र स्थानीय तहमा हुने राजस्व बाँडफाँटसम्बन्धी सिफारिस ........ १७

३.२ वित्तीय समानीकरण अनुदान सम्बन्धी सिफारिस ........ ३७

३.३ सशर्त अनुदानको आधार सम्बन्धी सिफारिस ........ ६९

३.४ आन्तरिक ऋणको सीमा सम्बन्धी सिफारिस ........ ८५

३.५ सवारी साधन करको बाँडफाँट सम्बन्धी सिफारिस ........ १०५

३.६ प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस ........ ११३

३.७ आर्थिक वर्ष २०७८/७९ मा आयोगबाट उपलब्ध गराईएका राय सुझावहरू ........ १४९

**परिच्छेद - चारः सिफारिस तथा सुझाव कार्यान्वयनको अवस्था ........ १५०**

४.१ वित्तीय हस्तान्तरण सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था ........ १५०

४.२ आन्तरिक ऋणको सीमा सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था ....................................................... १५५

४.३ राजस्व बाँडफाँट सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था ................................................................ १५६

४.४ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था .................................. १५८

**परिच्छेद - पाँचः निष्कर्ष तथा सुझावहरू ........................................................................................ १६०**

५.१ निष्कर्ष ........................................................................................................................... १६०

५.२ सुझावहरू ........................................................................................................................ १६०

**अनुसूचीहरू ......................................................................................................................... १६९**

अनुसूची - १ः आयोगका पदाधिकारी तथा कर्मचारीहरूको विवरण ................................................................ १६९

अनुसूची - २ः आयोगका केही गतिविधिहरू तस्विरमा ........................................................................... १७१

# तालिका सूची


तालिका १.१ - आयोगको कार्यक्षेत्र तथा भूमिका.....५

तालिका १.२ - राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था.....८

तालिका २.१ - आर्थिक वर्ष २०७८/७९ मा विनियोजित बजेट र खर्चको विवरण.....१०

तालिका २.२ - आयोगको वार्षिक स्वीकृत कार्यक्रमः लक्ष्य तथा प्रगति.....१०

तालिका ३.१ - आर्थिक वर्ष २०७७/७८ का लागि नेपाल सरकारबाट बागमती प्रदेश सरकारले प्राप्त गर्ने राजस्व बाँडफाँटको हिस्सा.....३३

तालिका ३.२ - आर्थिक वर्ष २०७७/७८ का लागि नेपाल सरकारबाट बागमती प्रदेश भित्रका स्थानीय सरकारले प्राप्त गर्ने राजस्व बाँडफाँटको हिस्सा.....३३

तालिका ३.३ - आर्थिक वर्ष २०७९/८० का लागि नेपाल सरकारबाट बागमती प्रदेश सरकारलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सम्बन्धी सिफारिस.....५४

तालिका ३.४ - आर्थिक वर्ष २०७९/८० का लागि नेपाल सरकारबाट बागमती प्रदेश भित्र रहेका स्थानीय सरकारलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानसम्बन्धी सिफारिस.....५४

तालिका ३.५ - आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश कानुनबमोजिम प्रदेशले स्थानीय सरकारलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेश सरकार, बागमती प्रदेशलाई गरिएको सिफारिस.....६५

तालिका ३.६ - समष्टिगत आर्थिक सूचकहरूको विद्यमान अवस्था.....९०

तालिका ३.७ - अनुमानित बजेटमा ऋणको अंश र खर्चको तुलनामा ऋण परिचालनको अवस्था.....९५

तालिका ३.८ - विगत १० आर्थिक वर्षको नेपाल सरकारको सार्वजनिक ऋण प्राप्ति र भुक्तानीको विवरण.....९७

तालिका ३.९ - विगत ५ आर्थिक वर्षको नेपाल सरकारको कुल ऋण दायित्वको विवरण.....९८

तालिका ३.१० - विगत ५ आर्थिक वर्षको नेपाल सरकारको आन्तरिक ऋण निष्काशनको विवरण.....९९

तालिका ३.११ - विगत ५ आर्थिक वर्षको नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्वको विवरण.....१००

तालिका ३.१२ - प्रदेश सरकारले बजेट तर्जुमा गर्दा प्रस्ताव गरेको आन्तरिक ऋण रकम.....१०१

तालिका ३.१३ - प्रदेश सरकारहरूको राजस्वको स्थिति.....१०२

तालिका ३.१४ - स्थानीय सरकारहरूको राजस्वको स्थिति.....१०२

तालिका ३.१५ - आर्थिक वर्ष २०७९/८० का लागि एकल कर प्रशासनअन्तर्गत प्रदेश सरकार, बागमती प्रदेशले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करको स्थानीय सरकारबीच बाँडफाँटको हिस्सा.....१०९

तालिका ३.१६ - आर्थिक बर्ष २०७८/७९ को रोयल्टी बाँडफाँटको सिफारिस गर्दा बागमती प्रदेश सरकारले प्राप्त गर्ने रोयल्टी बाँडफाँटको हिस्सा.....१३२

तालिका ३.१७ - आर्थिक बर्ष २०७८/७९ को रोयल्टी बाँडफाँटको सिफारिस गर्दा बागमती प्रदेश भित्रका स्थानीय सरकारले प्राप्त गर्ने रोयल्टी बाँडफाँटको हिस्सा.....१३५

तालिका ४.१ - वित्तीय समानीकरण अनुदान सम्बन्धी सिफारिस तथा सोको कार्यान्वयनको अवस्था........................१५०

तालिका ४.२ - आर्थिक वर्ष २०७९/८० को बागमती प्रदेश सरकारलाई गरिएको वित्तीय समानीकरण अनुदान सम्बन्धी सिफारिस तथा सोको कार्यान्वयनको अवस्था.............................................................................१५२

तालिका ४.३ - आयोगबाट गरिएको सिफारिस तथा बजेट विनियोजन भन्दा फरक परेको बागमती प्रदेश भित्र रहेको स्थानीय सरकारको नाम तथा हस्तान्तरण भएको रकम.............................................................१५२

तालिका ४.४ - सङ्घीय विभाज्य कोष र सोको बाँडफाँटको विवरण..........................................................१५७

तालिका ४.५ - आर्थिक वर्ष २०७७/७८ मा सङ्घीय विभाज्य कोषमा जम्मा भएको रोयल्टी र बाँडफाँटको विवरण..१५८

तालिका ४.६ - आर्थिक वर्ष २०७७/७८ मा सङ्कलन भई बागमती प्रदेश सरकार र सो भित्रका स्थानीय सरकारले प्राप्त गरेको रोयल्टीको विवरण...............................................................................................१५९

# चित्र सूची

चित्र १.१ - सङ्गठन संरचना........................................................................................................७

चित्र ४.१ - सशर्त अनुदानको बजेट तथा हस्तान्तरण..................................................................१५४

# परिच्छेद - एकः
# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको परिचय

## १.१ परिचय

नेपालको संविधान जारी भएपछि मुलुक सङ्घीय प्रणालीमा रुपान्तरण भएसंगै मुलुकमा तीन तहका सरकार रहने र यी तीन तहका सरकारबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहने व्यवस्था छ। सङ्घीय शासन प्रणालीको कार्यान्वयनबाट जनताका भावना, आकांक्षा र आवश्यकता सम्बोधन गरी विकासको प्रतिफलमा जनताको सहज पहुँच सुनिश्चित गर्नको लागि सङ्घीय इकाईहरूको बीचमा गरिने प्राकृतिक स्रोतको स्रोत तथा प्रतिफल बाँडफाँट र वित्तीय हस्तान्तरणमा प्रभावकारी भूमिका निर्वाह गर्न नेपालको संविधानले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरेको छ।

सङ्घीयताको प्रभावकारी कार्यान्वयन गर्नका लागि देशमा उपलब्ध स्रोतहरूको न्यायोचित वितरण र परिचालन पूर्वशर्तका रूपमा रहने गर्दछ। यसै सन्दर्भमा मुलुकमा उपलब्ध प्राकृतिक एवम् वित्तीय स्रोतलाई तीन तहका सरकारहरूबीच सन्तुलित तथा समन्यायिक ढंगले बाँडफाँट एवं वितरणको सुनिश्चितता गर्ने महत्त्वपूर्ण भूमिका सहितको संवैधानिक निकायको रूपमा नेपालको संविधानको धारा २५० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको गठन र धारा २५१ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। आयोगको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ जारी भई कार्यान्वयनमा रहेका छन्।

आयोगले संविधान तथा कानुनको अधीनमा रहेर सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरूबीच मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनमा लाग्ने अन्तःशुल्कबाट सङ्कलित राजस्व बाँडफाँटको हिस्सा निर्धारण, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा निर्धारण, नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको रकम निर्धारण तथा सशर्त अनुदानको आधार तय र तीनवटै तहका सरकारले वार्षिक रूपमा लिन सक्ने आन्तरिक ऋणको अधिकतम सीमा निर्धारण गरी सिफारिस गरेको छ। साथै, प्रदेश तथा स्थानीय तहको एकल अधिकारको सूचीमा रहेको सवारी साधन करको प्रशासन प्रदेशले गर्ने र सङ्कलित कर रकमलाई प्रदेश तथा सम्बन्धित स्थानीय तहबीच बाँडफाँट गर्ने कानुनी व्यवस्था भएअनुरूप त्यस्तो करलाई प्रदेश भित्रका स्थानीय तहहरूबीच बाँडफाँटको हिस्सा निर्धारण गरी सम्बन्धित प्रदेश सरकारलाई सिफारिस गर्ने कार्य समेत आयोगले गरेको छ।

## १.२ गठन

नेपालको संविधानको धारा २५० को उपधारा (१) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको गठनसम्बन्धी व्यवस्था गरिएको छ। आयोगमा अध्यक्षसहित बढीमा पाँच जना सदस्यहरू रहने प्रावधान छ। राष्ट्रपतिबाट संवैधानिक परिषद्को सिफारिसमा आयोगमा अध्यक्ष र सदस्यहरूको नियुक्ति हुने व्यवस्था रहेको छ। आयोगका अध्यक्ष र सदस्यहरूको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने प्रावधान रहेको छ। यसरी नियुक्त अध्यक्ष तथा सदस्यको पुनः नियुक्ति हुन नसक्ने व्यवस्था भए पनि सदस्यलाई अध्यक्षको पदमा भने नियुक्ति गर्न सकिने छ। त्यसरी सदस्य अध्यक्षको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिने प्रावधान रहेको छ।

नेपालको संविधानको धारा २५० को उपधारा (६) बमोजिम आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्त हुनका लागि योग्यताका रुपमा मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक उपाधि हासिल गरी प्राकृतिक स्रोत वा वित्त व्यवस्थापन, अर्थशास्त्र, कानुन, व्यवस्थापनको क्षेत्रमा कम्तीमा बीस वर्ष क्रियाशील रही विशेषज्ञता हासिल गरेको, नियुक्ति हुदाँका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, पैतालीस वर्ष उमेर पूरा भएको र उच्च नैतिक चरित्र भएको हुनुपर्ने

भन्ने उल्लेख छ।

## १.३ काम, कर्तव्य र अधिकार

नेपालको संविधानले आयोगलाई मूलतः सङ्घ, प्रदेश र स्थानीय तहबीच हुने प्राकृतिक तथा वित्तीय स्रोतको बाँडफाँटको विषयमा सिफारिस गर्ने महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। आयोगको काम, कर्तव्य तथा अधिकारसम्बन्धी व्यवस्थाहरू नेपालको संविधानको धारा २५१ मा उल्लेख गरिएका छन्। त्यसैगरी, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ मा समेत आयोगको काम, कर्तव्य तथा अधिकारका सम्बन्धमा थप व्यवस्था गरिएको छ। आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा संवैधानिक तथा कानुनी व्यवस्थाहरू देहायअनुसार रहेका छन्।

### १.३.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा ६० को उपधारा (३) अनुसार प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ। नेपालको संविधानको धारा २५१ को उपधारा (१) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने गरी तोकिएको छः

(क) संविधान र कानुन बमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,

(ख) सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने,

(ग) राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने,

(घ) प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,

(ङ) सङ्घ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने र राजस्व असुलीमा सुधार गर्नु पर्ने उपायहरूको सिफारिस गर्ने,

(च) समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिनसक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने,

(छ) सङ्घ र प्रदेश सरकारको राजस्व बाँडफाँटका आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने,

(ज) प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने,

(झ) प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने।

त्यसैगरी धारा २५१ को उपधारा (२) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सो सँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नेछ भन्ने उल्लेख गरिएको छ। साथै, सोही धाराको उपधारा (३) ले आयोगको काम, कर्तव्य र अधिकार, प्राकृतिक स्रोतको परिचालन गर्दा वा राजस्व बाँडफाँट गर्दा अपनाउनु पर्ने विस्तृत आधार, आयोगका पदाधिकारीहरूको सेवाका शर्त

लगायत अन्य व्यवस्था सङ्घीय कानुन बमोजिम हुने व्यवस्था गरेको छ।

### १.३.२ कानुनी व्यवस्था

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेका छन्ः

(क) प्रदेश कानुन बमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेशलाई सिफारिस गर्ने,

(ख) प्रदेश कानुन बमोजिम प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानको आधार तयार गरी प्रदेशलाई सिफारिस गर्ने,

(ग) नेपाल सरकार, प्रदेश वा स्थानीय तहबीच राजस्वको बाँडफाँट सम्बन्धमा उठेको विवाद समाधान गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने,

(घ) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) नेपाल सरकार तथा प्रदेशले राजस्व बाँडफाँटका सम्बन्धमा कुनै सुझाव माग गरेमा आवश्यक सुझाव दिने,

(च) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले लगाउने करका सम्बन्धमा नेपाल सरकार, प्रदेश वा स्थानीय तहले सुझाव माग गरेमा आवश्यक सुझाव दिने,

(छ) प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई आवश्यक सुझाव दिने,

(ज) आयोगले संविधान र यस ऐन बमोजिम सुझाव वा सिफारिस दिंदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय तहको कार्यसम्पादनलाई समेत आधार लिने।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था रहेको छः

(क) मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको बाँडफाँटबाट प्राप्त राजस्वको बाँडफाँट सम्बन्धमा ऐनको दफा ६ को उपदफा (४) अनुसार उपदफा (३) बमोजिम प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा भएको राजस्व रकम संविधान र यस ऐनको अधीनमा रही राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रत्येक प्रदेश र स्थानीय तहलाई बाँडफाँट गर्ने,

(ख) सवारी साधन करको बाँडफाँट सम्बन्धमा ऐनको दफा ६क. को उपदफा (४) अनुसार उपदफा (३) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्ने,

(ग) रोयल्टी बाँडफाँट सम्बन्धमा ऐनको दफा ७ को उपदफा (२) मा उपदफा (१) बमोजिमको कोषमा रहेको रोयल्टीको बाँडफाँट नेपाल सरकारले अनुसूची-४ बमोजिम वार्षिक रूपमा गर्नेछ भन्ने व्यवस्था उल्लेख भएको र सोही दफा बमोजिमको अनुसूची-४ को द्रष्टव्य-१ मा नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट तथा वितरण गर्ने,

(घ) वित्तीय समानीकरण अनुदान सम्बन्धमा ऐनको दफा ८ को उपदफा (१) अनुसार नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने। त्यसैगरी उपदफा (२) अनुसार उपदफा (१) बमोजिम नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेश भित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानुन बमोजिम आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने,

(ङ) सशर्त अनुदानका सम्बन्धमा ऐनको दफा ९ को उपदफा (१) अनुसार नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने। त्यसैगरी उपदफा (३) अनुसार प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने,

(च) आन्तरिक ऋणको सम्बन्धमा ऐनको दफा १४ को उपदफा (१) अनुसार नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने,

(छ) आय व्ययको प्रक्षेपण सम्बन्धमा ऐनको दफा १८ को उपदफा (२) अनुसार नेपाल सरकारले आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको फागुन मसान्तभित्र दफा ६ बमोजिमको राजस्व बाँडफाँट र दफा ८ बमोजिमको वित्तीय समानीकरण अनुदान बापत आगामी आर्थिक वर्षमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अनुमानित स्रोतको विवरण प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने। त्यसैगरी, उपदफा (३) अनुसार प्रदेश सरकारले आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र संविधानको धारा ६० को उपधारा (५) बमोजिम स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय अनुदानको अनुमानित विवरण स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ मा आयोगले संविधान, ऐन तथा प्रचलित कानुनमा उल्लिखित काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा देहाय बमोजिमका कार्यहरू गर्ने गरी व्यवस्था गरिएको छः

(क) प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्न, गराउनका लागि आवश्यक अध्ययन, अनुसन्धान गर्ने, गराउने र सोको वस्तुगत आधार एवं मापदण्ड निर्धारण गर्ने, गराउने,

(ख) प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण निर्धारण गर्न आवश्यक अध्ययन, अनुसन्धान गर्ने गराउने,

(ग) प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको पहिचान गर्न आवश्यक अध्ययन, अनुसन्धान गर्ने र सोको वस्तुगत आधार एवम् मापदण्ड निर्धारण गर्ने, गराउने,

(घ) संविधान र प्रचलित कानुन बमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्वको बाँडफाँट गर्ने आधार र ढाँचा तय गर्ने विधि स्वीकृत गर्ने,

(ङ) सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहबाट आवश्यक सूचना, तथ्याङ्क एवम् विवरण नियमित रूपमा प्राप्त गर्ने,

(च) राजस्व बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व असुली, आन्तरिक ऋणको सीमा, प्राकृतिक स्रोतको परिचालन, बाँडफाँट, संरक्षण एवं उपयोग र प्रदेश तथा स्थानीय तहको कार्य सम्पादनका बारेमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने गराउने,

(छ) प्रचलित कानुन बमोजिम प्राकृतिक स्रोतको परिचालनमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले गर्ने लगानीको हिस्सा र प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा निर्धारणको आधार सम्बन्धी विधि तय गर्ने,

(ज) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबीच प्राकृतिक स्रोतको बाँडफाँट एवं परिचालनका सम्बन्धमा उठ्न सक्ने विवाद समाधान गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने,

(झ) कार्यसम्पादनको सिलसिलामा आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा अन्य सरकारी आयोग लगायतका निकायहरूबाट सुझाव वा सल्लाह लिने।

यसरी उल्लिखित ऐन तथा नियमावलीमा आयोगका संवैधानिक जिम्मेवारीहरूलाई थप प्रष्ट्याउनुका साथै तीन तहका सरकारहरू बीच स्रोतको बाँडफाँट गर्दा आयोगले लिनुपर्ने आधारहरूको समेत व्यवस्था गरिएको छ। आयोगका उल्लिखित काम, कर्तव्य र अधिकार बमोजिम आयोगको कार्यक्षेत्र र भूमिकाको सारांश तालिका १.१ मा रहेको छ।

**तालिका १.१ - आयोगको कार्यक्षेत्र तथा भूमिका**


| कार्य क्षेत्र | आयोगको भूमिका |
|---|---|
| खर्च जिम्मेवारी | • सङ्घ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने उपायहरूको सिफारिस गर्ने। |
| राजस्व जिम्मेवारी | • सङ्घ, प्रदेश र स्थानीय सरकारले राजस्व असुलीमा सुधार गर्नुपर्ने उपायहरूको सिफारिस गर्ने। |
| राजस्व बाँडफाँट | • सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्व बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,<br>• प्रदेश र स्थानीय सरकारबीच राजस्व बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,<br>• राजस्व बाँडफाँटका आधारहरुको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने,<br>• प्रदेश र स्थानीय तहबीच हुने सवारी साधन कर बाँडफाँटको आधार र ढाँचा निर्धारण गर्ने। |
| अन्तर-सरकारी वित्तीय हस्तान्तरण | • सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने,<br>• प्रदेश सञ्चित कोषबाट स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने,<br>• प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार तयार गरी सिफारिस गर्ने। |
| आन्तरिक ऋण | • सङ्घ, प्रदेश र स्थानीय सरकारले लिनसक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने। |
| प्राकृतिक स्रोतको परिचालन तथा बाँडफाँट | • प्राकृतिक स्रोतको परिचालन गर्दा सङ्घ, प्रदेश र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने,<br>• प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विवादको विषयमा अध्ययन अनुसन्धान गरी विवाद निवारण गर्न सुझाव दिने,<br>• प्राकृतिक स्रोतको बाँडफाँट गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनका सम्बन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिने,<br>• सङ्घ, प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने रोयल्टीको हिस्सा निर्धारण गरी सिफारिस गर्ने। |

## १.४ सङ्गठन संरचना र दरवन्दी विवरण

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा अध्यक्ष सहित बढीमा पाँचजना सदस्यहरू रहने र राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्ने संवैधानिक प्रावधान रहेको छ। मिति २०७५ साल चैत्र ७ गते सम्माननीय राष्ट्रपतिबाट आयोगको अध्यक्ष नियुक्त भई कार्यरत रहेकोमा मिति २०७७ साल माघ २१ गते दुईजना सदस्यहरू र मिति २०७८ साल असार १० गते थप एक जना सदस्य नियुक्त भई हाल अध्यक्ष सहित चार जना सदस्यहरू वहाल रहेको अवस्था छ।

आयोगको सचिवालयमा तीनवटा महाशाखा र विभिन्न १२ वटा शाखाहरू रहेका छन्। विशिष्ट प्रकृतिको कार्यक्षेत्र भएकाले आयोगको कार्यालयमा प्रशासन, इन्जिनियरिङ्, वन, न्याय, आर्थिक योजना तथा तथ्याङ्क र विविध सेवा समूहका कर्मचारीहरू रहने व्यवस्था छ। आयोगको सङ्गठन संरचना चित्र १.१ मा राखिएको छ।

चित्र १.१ - सङ्गठन संरचना




आयोगको कार्य सञ्चालनमा सहयोग पुऱ्याउनका लागि नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिवको नेतृत्वमा विभिन्न सेवा समूहका ४९ जना निजामती कर्मचारीहरू रहने गरी सङ्गठन संरचना स्वीकृत भएको छ। साथै, कार्यालय

सहयोगी र सवारी चालकका लागि २४ जना सेवा करारमा लिनसक्ने गरी दरबन्दी स्वीकृत भएको छ। आयोगको कर्मचारी दरबन्दी विवरण र पदपूर्तिको अवस्था तालिका १.२ मा देखाइएको छ।

**तालिका १.२ - राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था**

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह/ उपसमूह | दरबन्दी | पदपूर्ति अवस्था (२०७९ असारमा) |
|---|---|---|---|---|---|---|
| १. | सचिव | विशिष्ट | प्रशासन | | १ | १ |
| २. | सहसचिव | रा.प.प्रथम | प्रशासन | | २ | २ |
| ३. | सहसचिव | रा.प.प्रथम | ईन्जिनियरिङ्ग | सिभिल | १ | १ |
| ४. | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | ४ | ४ |
| ५. | उपसचिव | रा.प.द्वितीय | प्रशासन | राजस्व | २ | २ |
| ६. | उपसचिव | रा.प.द्वितीय | न्याय | कानुन | १ | - |
| ७. | व.तथ्याङ्क अधिकृत | रा.प.द्वितीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | १ | १ |
| ८. | सि.डि.ईन्जिनियर | रा.प.द्वितीय | इन्जिनियरिङ्ग | सिभिल / हाईड्रो पावर | १ | १ |
| ९. | सि.डि.जियोलोजिष्ट | रा.प.द्वितीय | इन्जिनियरिङ्ग | जियोलोजी / जनरल जियोलोजी | १ | १ |
| १०. | वन अधिकृत | रा.प.द्वितीय | वन | फरेष्ट्री | १ | - |
| ११. | वरिष्ठ अर्थशास्त्री | रा.प.द्वितीय | विविध | | १ | - |
| १२. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | १० | १० |
| १३. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | राजस्व | २ | २ |
| १४. | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | - |
| १५. | तथ्याङ्क अधिकृत | रा.प.तृतीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | १ | १ |
| १६. | सहायक वन अधिकृत | रा.प.तृतीय | वन | फरेष्ट्री | १ | १ |
| १७. | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ्ग | सिभिल / हाईड्रो पावर | १ | १ |
| १८. | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ्ग | जियोलोजी / जनरल जियोलोजी | १ | - |
| १९. | कम्प्यूटर इन्जिनियर | रा.प.तृतीय | विविध | | १ | १ |
| २०. | वातावरणविद् | रा.प.तृतीय | विविध | | १ | १ |
| २१. | समाजशास्त्री | रा.प.तृतीय | विविध | | १ | - |
| २२. | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | | | ५ | ५ |
| २३. | नायव सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र. | ७ | ६ |
| २४. | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ | १ |
| | | | | जम्मा | ४९ | ४१ |
| २५. | सेवा करारमा हलुका सवारी चालक | श्रेणीविहीन | | | १२ | ८ |
| २६. | सेवा करारमा कार्यालय सहयोगी | श्रेणीविहीन | | | १२ | ७ |
| | | | | **कुल जम्मा** | **७३** | **५६** |

## १.५ प्रतिवेदन

नेपालको संविधानको धारा २९४ मा संवैधानिक निकायको वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था गरिएको छ। उक्त धाराको उपधारा (३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीका सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्नेछ भन्ने व्यवस्था रहेको र उपधारा (२) मा वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरू सङ्घीय कानुन बमोजिम हुने व्यवस्था रहे अनुसार आयोगबाट आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका काम कारवाही समेटिएको चौथो वार्षिक प्रतिवेदन बागमती प्रदेशका माननीय प्रदेश प्रमुख समक्ष पेश गरिएको छ।

# परिच्छेद - दुईः
# आयोगको वार्षिक कार्यसम्पादन सम्बन्धी विवरण

## २.१ आयोगको वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन सम्बन्धी विवरण

आर्थिक वर्ष २०७८/७९ मा आयोगको वार्षिक कार्यक्रम सञ्चालन गर्नका लागि चालु खर्च तर्फ रु. ७ करोड ९३ लाख बजेट विनियोजन भएकोमा रु. ५ करोड ३५ लाख ७८ हजार र पुँजीगत तर्फ रु. ३६ लाख बजेट विनियोजन भएकोमा रु. ११ लाख ९४ हजार खर्च भएको छ। विनियोजित कुल रकममध्ये चालुतर्फ ६७.५६ प्रतिशत र पुँजीगततर्फ ३१.१७ प्रतिशत गरी समग्रमा ६६.०७ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ। यस सम्बन्धी विस्तृत विवरण तालिका २.१ मा उल्लेख गरिएको छ।

**तालिका २.१ - आर्थिक वर्ष २०७८/७९ मा विनियोजित बजेट र खर्चको विवरण**

*(रु. लाखमा)*

| क्र.सं. | ब.उ.शी.नं. | वार्षिक बजेट | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| १ | २२०००००१३ (रा.प्रा.स्रो. तथा वि.आ.) | ८४ | ५२.९३ | ६३.०१ |
| २ | २२००००११३ (रा.प्रा.स्रो. तथा वि.आ.) | ७०९ | ४८२.८५ | ६८.१० |
| | **चालु खर्च जम्मा** | **७९३** | **५३५.७८** | **६७.५६** |
| **पुँजीगत खर्च** | | | | |
| १ | २२००००११४ (रा.प्रा.स्रो. तथा वि.आ.) | ३६ | ११.९४ | ३३.१७ |
| | **पुँजीगत खर्च जम्मा** | **३६** | **११.९४** | **३३.१७** |
| | **कुल जम्मा** | **८२९** | **५४७.७२** | **६६.०७** |

आर्थिक वर्ष २०७८/७९ मा आयोगले अन्य प्रशासनिक शुल्क अन्तर्गत रु. २१ हजार राजस्व सङ्कलन गरेको छ। वर्षान्तमा विगतका आर्थिक वर्षदेखिको विभिन्न फर्म तथा कम्पनीहरूको नाममा रु. १ लाख २९ हजार ७ सय ५० धरौटी मौज्दात रहेको छ। आयोगमा हालसम्म बेरुजु शून्य रहेको छ।

आर्थिक वर्ष २०७८/७९ मा आयोगबाट कार्यान्वयन गरिएका कार्यक्रमहरू र तिनको प्रगति विवरण तालिका २.२ मा सूचीकृत गरिएको छ।

**तालिका २.२ - आयोगको वार्षिक स्वीकृत कार्यक्रमः लक्ष्य तथा प्रगति**

| क्र. सं. | कार्यक्रम (लक्ष्य) | कार्य प्रगति |
|---|---|---|
| १ | पदाधिकारी तथा कर्मचारीको क्षमता विकास कार्यक्रम | • आयोगका पदाधिकारी र कर्मचारीको उपस्थितिमा विज्ञहरूबाट दिगो विकास, Green Hydrogen Fuel को वर्तमान स्थिति, पर्वतारोहण सम्बन्धी समसामयिक विषय तथा राष्ट्रिय लेखा अनुमान सम्बन्धी विषयमा कार्यपत्र प्रस्तुति एवम् छलफल तथा अन्तरक्रिया सम्पन्न भएको।<br>• आयोगमा कार्यरत हलुका सवारी चालक र कार्यालय सहयोगीहरू १४ जनालाई NATHM बाट Hospitality Awareness विषयक तालिम प्रदान गरिएको। |

| क्र. सं. | कार्यक्रम (लक्ष्य) | कार्य प्रगति |
|---|---|---|
| २ | आयोगको वार्षिक उत्सव समारोह आयोजना | • आयोगको वार्षिकोत्सव मनाउने सम्बन्धमा प्रत्येक वर्षको आश्विन २७ गतेलाई वार्षिकोत्सव मनाउने गरी मिति २०७८/०९/१४ मा निर्णय भएको, सो निर्णय वार्षिकोत्सवको मिति समाप्त भईसकेपछि भएको हुँदा कार्यक्रम आयोजना हुन नसकेको। |
| ३ | आयोगको प्रतिक चिन्ह (Logo) निर्माण | • आयोगको लोगो निर्माणका लागि प्रतिस्पर्धाका आधारमा उत्कृष्ट लोगो सिफारिस गरी छनौटका लागि आयोग समक्ष मिति २०७९/०३/०८ गते पेश गरिएको। |
| ४ | आयोगको रणनीतिक योजना सम्बन्धमा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम | • विभिन्न सरोकारवाला निकायसँग दुईवटा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी आयोगबाट रणनीतिक योजना स्वीकृत भएको। |
| ५ | आयोगको वार्षिक प्रतिवेदन तयारी, प्रकाशन तथा वितरण | • आयोगको वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रस्तुत गरिएको र प्रकाशन / छपाइ कार्य सम्पन्न भएको।<br>• आयोगको प्रदेशगत वार्षिक प्रतिवेदन तयार गरी सात वटै प्रदेशका माननीय प्रदेश प्रमुखज्यू समक्ष प्रस्तुत गरिएको र प्रकाशन / छपाइ कार्य सम्पन्न भएको। |
| ६ | प्रदेश तथा स्थानीय तहमा विभिन्न सरोकारवाला व्यक्ति / निकायसँग आयोगको भूमिका तथा काम कारवाही सम्बन्धमा बृहत अन्तरक्रिया कार्यक्रम | • एघार वटा बृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको। |
| ७ | स्नातकोत्तर तथा विद्यावारिधि शोध अध्ययन सहयोग कार्यक्रम | • विद्यावारिधि शोध अध्ययनका लागि त्रिभुवन विश्वविद्यालयका दुई वटा विभागसँग समझदारी पत्रमा हस्ताक्षर भएको।<br>• त्रिभुवन विश्वविद्यालय, ईन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकबाट विद्यावारिधि शोध अध्ययनका लागि एक जना विद्यार्थी छनौट गरी पठाईएकोमा सम्झौता भई अध्ययन कार्य अगाडि बढेको।<br>• त्रिभुवन विश्वविद्यालयको दुई वटा विभाग र काठमाडौं विश्वविद्यालयसँग स्नातकोत्तर तहको शोधपत्र (Thesis) लेखनका लागि समझदारी पत्रमा हस्ताक्षर भएकोमा विद्यार्थीहरू छनौट भई नआएका। |
| ८ | विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि वित्तीय संघीयताका बिषयमा ईन्टर्नशिप अध्ययन कार्यक्रम | • त्रिभुवन विश्वविद्यालयका तीन वटा विभाग र काठमाडौं विश्वविद्यालयसँग समझदारी पत्रमा हस्ताक्षर भएकोमा त्रिभुवन विश्वविद्यालय, भूगर्भशास्त्र केन्द्रीय विभागबाट एक जना र काठमाडौं विश्वविद्यालय, स्कूल अफ म्यानेजमेण्टबाट दुई जना विद्यार्थीहरूबाट ईन्टर्नशिप कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको। |
| ९ | प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन सूचकहरु सम्बन्धी अध्ययन तथा अन्तरक्रिया | • सूचकहरुको प्रतिवेदन गर्न पोर्टल तयार भएको। |
| १० | प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन पोर्टल सञ्चालनका लागि तालिम/गोष्ठी/सेमिनार | • कर्णाली प्रदेशका दैलेख, रुकुम पश्चिम, जाजरकोट, मुगु र जुम्ला गरी पाँच वटा जिल्लाका ३६ वटा स्थानीय तहका कर्मचारीहरूलाई तालिम प्रदान गरिएको। |
| ११ | वित्तीय समानीकरण अनुदान राजस्व बाँडफाँट तथा रोयल्टी बाँडफाँटका लागि प्रयोग भएका विभिन्न निकाय तथा तहबाट प्राप्त तथ्यांकको field verification गरी अध्यावधिक गर्ने | • तथ्यांक verification कार्य सम्पन्न भई आयोगबाट गरिएको सिफारिसमा प्रयोग भएको। |

| क्र. सं. | कार्यक्रम (लक्ष्य) | कार्य प्रगति |
|---|---|---|
| १२ | आयोगको काम कारवाही सम्बद्ध कानुन/कार्यविधि/निर्देशिकाको तर्जुमा एवम् परिमार्जन कार्य (अध्ययन/सर्वेक्षण) | • आयोगको बैठक सञ्चालन कार्यविधि, २०७८ को मस्यौदा तयार भई छलफलको क्रममा रहेको।<br>• प्राकृतिक स्रोतको परिचालन सम्बन्धी एकीकृत कानुन तर्जुमा गर्ने सन्दर्भमा सैद्धान्तिक सहमतिका लागि अर्थ मन्त्रालयमा पत्राचार गरिएको।<br>• प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को संशोधन गर्ने सन्दर्भमा छलफलको क्रममा रहेको। |
| १३ | तहगत सरकारहरुबीच राजस्व बाँडफाँट सम्बन्धमा उठेका तथा उठ्न सक्ने विवाद समाधान सम्बन्धी अध्ययन (ढुङ्गा गिटी बालुवा, घरबहाल कर, सवारी साधन कर) | • कार्यक्रम नभएको। |
| १४ | प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँटको सम्भावना र आधार तथा ढाँचा निर्धारण सम्बन्धी अध्ययन | • कार्यक्रम नभएको। |
| १५ | केन्द्रीयस्तरमा विभिन्न सरोकारवाला व्यक्ति/निकायसँग आयोगको भूमिका तथा काम कारबाही सम्बन्धमा वृहत अन्तरक्रिया कार्यक्रम | • सशर्त अनुदानको सम्बन्धमा विभिन्न मन्त्रालयहरुसँग छलफल गरिएको। |
| १६ | सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान प्रयोजनार्थ प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमता तथा वित्तीय अन्तरको अध्ययन | • शिक्षा मन्त्रालयका प्रतिनिधिहरूसँग पहिलो छलफल भएको। |
| १७ | नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई र प्रदेश सरकारले स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदानको आधार निर्धारण तथा सोको कार्यान्वयन सम्बन्धी अध्ययन | • अध्ययन कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको। |
| १८ | समष्टिगत आर्थिक सूचकहरुको विश्लेषण तथा सङ्घ, प्रदेश र स्थानीय तहले लिन सक्ने आन्तरिक ऋणको सीमा सम्बन्धी अध्ययन | • अध्ययन कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको। |
| १९ | प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदान तथा राजस्व बाँडफाँट अन्तर्गतको न्यूनतम अनुदान सम्बन्धी सैद्धान्तिक आधार तथा अभ्यास सम्बन्धी अध्ययन | • अध्ययन कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको। |
| २० | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट एवं उपयोग सम्बन्धमा केन्द्रीयस्तरमा अन्तरक्रिया कार्यक्रम | • केन्द्रीयस्तरका सरोकारवाला निकायहरुसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको। |
| २१ | नेपालमा पानी तथा अन्य प्राकृतिक स्रोतहरुबाट हालसम्म उठेका र भविष्यमा प्राप्त हुन सक्ने रोयल्टी सम्बन्धमा अध्ययन | • अध्ययन कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको। |
| २२ | प्राकृतिक स्रोत परिचालनमा सङ्घ प्रदेश र स्थानीय तहको लगानी तथा प्रतिफल निर्धारणका आधार तय गर्ने सम्बन्धमा अध्ययन | • लगानी तथा प्रतिफल निर्धारणका आधार तय गर्ने सम्बन्धमा अध्ययन कार्यका लागि TOR, लागत अनुमान, RFP स्वीकृत पश्चात अन्य कार्य नभएको। |
| २३ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट भएका आयोजनाहरुको वातावरणिय प्रभाव मूल्याङ्कन प्रतिवेदन कार्यान्वयन सम्बन्धमा अध्ययन | • तादी खोला जलविद्युत आयोजना र त्रिशुली-३ए जलविद्युत आयोजनाका सम्बन्धी विवरण माग भई अध्ययन गरिएको। |

| क्र. सं. | कार्यक्रम (लक्ष्य) | कार्य प्रगति |
|---|---|---|
| २४ | वन क्षेत्रलगायतका प्राकृतिक स्रोतको क्षेत्रगत तथ्याङ्क तथा रोयल्टीको विवरण व्यवस्थापन सम्बन्धी सफ्टवेयर अद्यावधिक तथा तालिम | • सफ्टवेयर अद्यावधिक कार्य सम्पन्न गरिएको। |
| २५ | प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गर्ने | • चमेलिया जलविद्युत आयोजनाको स्थानीय तहबाट विद्युत रोयल्टी बाँडफाँट सम्बन्धमा स्थलगत अध्ययनका लागि अनुरोध भएबमोजिम स्थलगत अवलोकन गरिएको। |

## २.२ आयोगले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई गरेका सिफारिस तथा दिइएका सुझावको विवरण

आर्थिक वर्ष २०७८/७९ मा आयोगले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई देहायका विषयमा सिफारिस गरेको छः

### २.२.१ वित्तीय समानीकरण अनुदान सम्बन्धी सिफारिस

- सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरिएको।
- प्रदेश सञ्चित कोषबाट स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा सबै प्रदेश सरकारलाई सिफारिस गरिएको।

### २.२.२ आन्तरिक ऋणको सीमा सम्बन्धी सिफारिस

- सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण गरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई सिफारिस गरिएको।

### २.२.३ सशर्त अनुदानको आधार सम्बन्धी सिफारिस

- नेपाल सरकारबाट प्रदेश र स्थानीय तहमा प्रदान गरिने सशर्त अनुदानको आधार तयार गरी नेपाल सरकारलाई सिफारिस गरिएको।
- प्रदेश सरकारबाट स्थानीय तहमा प्रदान गरिने सशर्त अनुदानको आधार तयार गरी सबै प्रदेश सरकारलाई सिफारिस गरिएको।

### २.२.४ सवारी साधन करको बाँडफाँट सम्बन्धी सिफारिस

- प्रदेश र स्थानीय सरकारबीच सवारी साधन करको बाँडफाँटको आधार र ढाँचासहितको हिस्सा सम्बन्धमा सबै प्रदेश सरकारलाई सिफारिस गरिएको।

### २.२.५ प्राकृतिक स्रोतको रोयल्टी सम्बन्धी सिफारिस

- सङ्घ, प्रदेश र स्थानीय सरकारबीच प्राकृतिक स्रोत (पर्वतारोहण, वन, विद्युत र खानी तथा खनिज) बाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरिएको।

उपरोक्तानुसारका सिफारिसहरूको विस्तृत विवरण यसै प्रतिवेदनको परिच्छेद ३ मा उल्लेख गरिएको छ।

## २.३ आयोगबाट सम्पादन भएका अन्य काम कारवाहीको विवरण

आयोगबाट आर्थिक वर्ष २०७८/७९ मा सम्पादन गरिएका अन्य काम कारवाहीहरूको विवरण देहाय बमोजिम रहेको छः

### २.३.१ तेस्रो वार्षिक प्रतिवेदन

आयोगले आर्थिक वर्ष २०७७/७८ मा सम्पन्न गरेका काम कारवाहीहरू समेटी आयोगको एकमुष्ट तेस्रो वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपति समक्ष पेश गरिएको थियो। त्यसैगरी, प्रत्येक प्रदेशका अलग अलग प्रदेशगत तेस्रो वार्षिक प्रतिवेदन तयार गरी माननीय प्रदेश प्रमुख समक्ष प्रस्तुत गरिएको थियो।

### २.३.२ अध्ययन तथा अनुसन्धान

वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट एवंम् प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट र वितरण सम्बन्धमा आयोगबाट विभिन्न समयमा देहायका विषयहरूमा अध्ययनहरू गरिएको छः

- वित्तीय समानीकरण अनुदानको न्यूनतम अनुदान सम्बन्धी अध्ययन
- सशर्त अनुदानको आधार सिफारिसको लागि नेपाल सरकारबाट सञ्चालन भएका क्षेत्रगत कार्यक्रमहरूको पुनरावलोकन तथा मूल्याङ्कन सम्बन्धी अध्ययन
- समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण तथा आन्तरिक ऋणको सीमा सम्बन्धी अध्ययन
- नेपालमा पानी तथा अन्य प्राकृतिक स्रोतहरुबाट हालसम्म उठेका र भविष्यमा प्राप्त हुन सक्ने रोयल्टी सम्बन्धमा अध्ययन

आयोगबाट हुने सिफारिसहरुलाई विभिन्न अध्ययन अनुसन्धानमा आधारित भएर गर्दै आएकोमा यस अर्थिक वर्ष देखि विभिन्न विश्वविद्यालयहरूसँग शोध अनुसन्धानको सहकार्यको प्रारम्भ गरेको छ। अध्ययन अनुसन्धान कार्यलाई व्यवस्थित र विधिसम्मत ढंगले सञ्चालन गर्न आयोगले प्रशिक्षार्थी परिचालन तथा शोध वृत्ति सम्बन्धी कार्यविधी, २०७८ स्वीकृत गरिएको छ। साथै आफ्नो जिम्मेवारी भित्रका विषयमा अध्ययन अनुसन्धान गराउने कार्यलाई प्राथमिकतामा राख्दै काठमाण्डौ विश्वविद्यालय र त्रिभुवन विश्व विद्यालयका विभिन्न पाँच वटा विभाग/संकाय/संस्थानसँग समझदारीपत्रमा हस्ताक्षर गरिएको छ। त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थानका विद्यार्थीबाट विद्यावारिधि तहमा अध्ययन अनुसन्धान कार्य भइरहेको र दुई जना काठमाडौ विश्विवद्यालय र एक जना त्रिभुवन विश्विवद्यालय भूगर्भशास्त्र केन्द्रीय विभागका गरी जम्मा तीन जना विद्यार्थीबाट इन्टर्नशीप कार्य सम्पन्न भएको छ।

### २.३.३ संस्थागत सुधार

- आयोगको प्रथम रणनीतिक योजना स्वीकृत भई कार्यान्वयनमा आएको।
- आयोगको सञ्चार तथा बाह्य पहुँच रणनीति स्वीकृत भई कार्यान्वयनमा आएको।

### २.३.४ कार्यसम्पादनमा प्रविधिको प्रयोग

- आयोगबाट भएका सिफारिस एवम् अन्य काम कारवाहीहरू लगायतका जानकारीमूलक विषय तथा सूचनाहरू आयोगको वेभसाइट (https://www.nnrfc.gov.np) मा राखिएको।
- आयोगको कार्यसम्पादनलाई प्रविधिमैत्री बनाउन स्वचालित प्रणाली (Automated System) को प्रयोग गरिएको।

- प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन सूचकहरु सम्बन्धी पोर्टल तयार गरी प्रयोगमा ल्याइनुका साथै पाँचवटा जिल्लाका ३६ वटा स्थानीय तहका कर्मचारीहरूलाई पोर्टल सञ्चालन सम्बन्धी तालिम प्रदान गरिएको।

## २.४ आयोगको भौतिक स्रोत साधन र त्यसको उपयोगको अवस्था

आयोगको काम कारवाहीलाई व्यवस्थित एवं प्रभावकारी तुल्याउन आवश्यक भौतिक एवं वित्तीय स्रोत साधन र जनशक्ति उपलब्ध गराउने दायित्व नेपाल सरकारको रही आएको छ। सोही व्यवस्था अनुरूप आयोगको कार्यालय सञ्चालनका लागि सिंहदरबार परिसर भित्र आयोगको एक छुट्टै भवन उपलब्ध गराउने नेपाल सरकारको निर्णयका बाबजुद हालसम्म पनि उक्त भवनको आंशिक भाग मात्र आयोगले उपयोग गर्न पाएको अवस्था छ। पर्याप्त कार्य स्थलको अभावमा आयोगका पदाधिकारी र आयोगको सचिवालयमा कार्यरत कर्मचारीहरू छुट्टाछुट्टै भवनमा रही कार्य सम्पादन गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ। नेपालको संविधानमा उल्लेख भए बमोजिमको वित्तीय सङ्घीयताको मूल मर्म र भावनालाई सही अर्थमा कार्यान्वयनमा लैजानका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गरी गठन भएको यस राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग जस्तो संवैधानिक आयोगको काम कारवाहीहरू प्रभावकारी रूपमा सञ्चालन गर्न गराउनका लागि एउटा अलग्गै परिसर सहितको स्थायी भवन हुनु आवश्यक देखिन्छ। अतः आयोगको लागि भविष्यमा एउटा अलग्गै उपयुक्त भवन नेपाल सरकारबाट उपलब्ध हुनेमा आयोग विश्वस्त रहेको छ।

आयोगका पदाधिकारी तथा कर्मचारीहरूका लागि कार्यालय प्रयोजनार्थ आवश्यक सवारी साधन, कम्प्यूटर, फर्निचर लगायतका भौतिक स्रोत साधनहरू सीमित मात्रामा उपलब्ध रहेको अवस्था छ। आयोगका पदाधिकारी तथा कर्मचारी र कार्यालय प्रयोजनका लागि समेत गरी जम्मा १३ (तेह्र) वटा हलुका सवारी साधन र १९ (उन्नाईस) वटा मोटरसाइकल तथा स्कुटर रहेका छन्।

## २.५ समन्वय तथा सहयोग

यस आयोगको कार्यसम्पादनका सिलसिलामा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्य सरोकारवाला निकाय तथा पक्षहरूसँग आयोगले आवश्यकतानुसार सम्पर्क र समन्वय गरेको छ। आयोगबाट आर्थिक वर्ष २०७९/८० का लागि सिफारिसहरू गर्नुपूर्व प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, अन्य विषयगत मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैङ्क, पर्यटन विभाग, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, खानी तथा भू-गर्भ विभाग, विद्युत विकास विभाग तथा अन्य सङ्घ संस्था लगायतसँग आवश्यकतानुसार औपचारिक तथा अनौपचारिक रूपमा छलफल एवं परामर्श गरी सुझाव सङ्कलन गरिएको थियो। त्यसैगरी, सबै प्रदेशमा छलफल तथा अन्तर्क्रिया गरी प्रदेश तहबाट, प्रतिनिधिमूलक रूपमा केही स्थानीय तहबाट र सम्बन्धित क्षेत्रका विज्ञ तथा अन्य सरोकारवालाहरूबाट सुझाव सङ्कलन गरिएको थियो।

आयोगले राजस्व बाँडफाँट तथा अन्तर-सरकारी वित्तीय हस्तान्तरणको आधार तथा ढाँचा तयार गर्नुपर्ने, आन्तरिक ऋणको सीमा सिफारिस गर्नुपर्ने र प्राकृतिक स्रोत परिचालन तथा बाँडफाँटको आधार तयार गर्नुपर्ने भएको हुँदा यी कार्यहरूलाई वस्तुगत, न्यायोचित, निष्पक्ष, पारदर्शी र समन्यायिक तुल्याउन भरपर्दो तथ्याङ्कको आवश्यकता पर्दछ। यसका लागि राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, केन्द्रीय तथ्याङ्क विभाग, खानी तथा भू-गर्भ विभाग, पर्यटन विभाग, वन तथा भू-संरक्षण विभाग, विद्युत विकास विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, सडक विभाग, स्थानीय पूर्वाधार विभाग, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र लगायतका निकायहरूबाट प्रकाशित तथा अप्रकाशित स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको थियो। यसको अतिरिक्त प्रदेश र स्थानीय तहबाट आर्थिक वर्ष २०७८/७९ को बजेट तथा कार्यक्रमहरूको विवरण र अन्य सान्दर्भिक तथ्याङ्कहरू समेत सङ्कलन गरिएको थियो।

यसैगरी, विभिन्न समयमा सङ्घीय संसदका समितिहरू तथा सङ्घीय सरकारका विभिन्न मन्त्रालय, निकाय, अन्तर-सरकारी

वित्त परिषद्, प्रदेश समन्वय परिषद्, प्रदेश सरकार र स्थानीय तह लगायतले आयोजना गरेका अन्तर्क्रिया कार्यक्रमहरूमा आयोगका तर्फबाट सहभागिता जनाइएको थियो।

आयोगको कार्यालय सञ्चालन, अध्ययन तथा अनुसन्धान लगायतका विषयलाई आवश्यक पर्ने बजेट नेपाल सरकारले यस आयोगलाई उपलब्ध गराउदै आएको छ। तर आयोगको विशिष्ट प्रकृतिको कामकारवाहीका लागि तयार गरिएको सङ्गठन संरचना बमोजिम आयोगमा आवश्यक पर्ने दक्ष जनशक्ति खासगरी वरिष्ठ अर्थशास्त्री, वन अधिकृत, इन्जिनियर (जियोलोजिष्ट) र समाजशास्त्रीको दरबन्दी लामो समयसम्म रिक्त रहँदा आयोगले गर्नुपर्ने अध्ययन अनुसन्धानको कार्यमा असर पर्न गएको छ। त्यसैगरी, विशेष प्रकृतिको ज्ञान तथा विशेषता भएको जनशक्ति आवश्यक पर्ने यस आयोगमा नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायबाट सरुवा भई आएका कर्मचारीहरूलाई आयोगको कामको प्रकृति अनुसारको अनुशिक्षण प्रदान गरी कर्मचारीलाई कामप्रति प्रेरित गरिरहेको अवस्थामा अचानक आयोगसँग परामर्श नै नगरी तथा आयोगलाई जानकारी नै नगराई आयोगमा कार्यरत कर्मचारी अन्य निकायमा र अन्य निकायमा कार्यरत कर्मचारीलाई आयोगमा पटकपटक सरुवा गरिदिँदा आयोगको कार्यसम्पादनमा नकारात्मक रूपमा असर पर्न गएको विषयमा आयोग गम्भीर भएको हुँदा आयोगसँगको परामर्शमा वा जानकारीमा कर्मचारीको खटनपटन गर्ने गराउने तर्फ नेपाल सरकारलाई आयोग ध्यानाकर्षण गराउन चाहन्छ। साथै, आयोगलाई आवश्यक पर्ने विशेषज्ञको सेवा लिन समेत कठिनाइ हुँदा आयोगको विशिष्ट प्रकृतिको कार्यसम्पादनमा असर पर्न गएको स्थिति छ। तथापि, आयोगमा उपलब्ध जनशक्ति र सरोकारवाला निकायको सहयोग र परामर्शमा आयोगले आफूलाई प्राप्त संवैधानिक जिम्मेवारी उच्च लगन र इमान्दारीताका साथ सम्पादन गर्दै वित्तीय हस्तान्तरण लगायतका कार्यमा उल्लेखनीय कार्यसम्पादन गरी आएको छ।

# परिच्छेद - तीनः

# आयोगले गरेका सिफारिस तथा सुझावहरू

## ३.१ सङ्घीय विभाज्य कोषबाट प्रदेश र स्थानीय तहमा हुने राजस्व बाँडफाँटसम्बन्धी सिफारिस

| |
|---|
| आर्थिक वर्ष २०७७/७८ देखि लागु हुने गरी पाँच वर्ष (आर्थिक वर्ष २०८१/८२) सम्मका लागि संविधान र कानुनबमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश तथा स्थानीय सरकार बीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण एवम् निर्धारित ढाँचाबमोजिमको राजस्व बाँडफाँटको हिस्सा सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस |

आयोगबाट सिफारिस गरिएको मितिः २०७६/११/२९ गते।

### ३.१.१ पृष्ठभूमि

नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य संरचनामा रूपान्तरित भएको सन्दर्भमा नेपालको संविधानले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरेको र यस आयोगलाई वित्तीय सङ्घीयताको कार्यान्वयनमा सघाउ पुर्‍याउने उद्धेश्यले संवैधानिक जिम्मेवारी सुम्पिएको देखिन्छ। आफूलाई सुम्पिएको संवैधानिक जिम्मेवारीअनुरूप आयोगले राज्यमा उपलब्ध वित्तीय एवम् प्राकृतिक स्रोत साधनको समन्यायिक एवम् समतामूलक ढंगले बाँडफाँट र वितरण गर्नका लागि विभिन्न आधार र ढाँचा निर्धारण गरी तीनै तहका सरकारलाई सिफारिस गर्नुपर्ने हुन्छ।

संविधानको भाग २६ मा संवैधानिक निकायका रूपमा व्यवस्था गरिएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले वित्तीय सङ्घीयताका अवयवहरू (Dimensions of Fiscal Federalism) लाई मध्यनजर गर्दै आफूलाई प्रदान गरिएको संवैधानिक जिम्मेवारी र दायरा भित्र रही कार्य सम्पादन गर्दै आएको छ। संविधानले यस आयोगलाई राज्यमा उपलब्ध वित्तीय स्रोत र साधनको तीन तहका सरकारबीच समतामूलक वितरणको आधार तयार गर्ने कार्यादिश दिएको छ।

सङ्घीयता अन्तर्गत सार्वजनिक वित्तको महत्त्वपूर्ण अङ्गको रूपमा रहेको वित्तीय सङ्घीयताले सङ्घ, प्रदेश तथा स्थानीय तहबीच राज्यका आर्थिक स्रोत र साधनको न्यायोचित वितरणको आधार, ढाँचा र मार्गदर्शन प्रदान गर्ने गर्दछ।

सन् १९५९ मा प्रसिद्ध अमेरिकी अर्थशास्त्री रिचार्ड मुस्ग्रेभले वित्तीय सङ्घीयताको बारेमा बहस र पैरवी गर्दै तहगत सरकारहरू बीचको काम तथा वित्तीय स्रोतको सम्बन्ध नै वित्तीय सङ्घीयता हो भनी परिभाषित गरेका थिए। नेपालको परिवेशमा वित्तीय सङ्घीयताका अवयवहरूमा खर्च जिम्मेवारीको बाँडफाँट (Expenditure Assignment), राजस्व अधिकार (Revenue Authority), अन्तर-सरकारी वित्तीय हस्तान्तरण (Inter-Governmental Fiscal Transfer), आन्तरिक ऋण (Internal Borrowing) र प्राकृतिक स्रोतको परिचालन तथा बाँडफाँटलाई लिइन्छ। वित्तीय सङ्घीयताका अवयवहरूलाई देहायबमोजिम देखाइएको छः

**वित्तीय संघीयताका अवयवहरू**




सामान्यतया सङ्घीयता लागू भएका देशहरूमा माथिल्लो तहका सरकारमा राजस्व सङ्कलन गर्ने अधिकार र दायरा स्वभावतः बढी रहेको हुन्छ। अर्थात, राजस्व सङ्कलनको क्षमता एवम् दायराका दृष्टिकोणले नेपाल सरकारको तुलनामा प्रादेशिक र स्थानीय सरकारहरूको सक्षमता न्यून हुने गर्दछ। अतः सङ्घीयता लागू भएका मुलुकमा जस्तै गरी त्यसरी संकलित राजस्व रकम सैद्धान्तिक एवम् व्यवहारिक रूपमा नेपाल सरकारले तल्ला तहका सरकारहरूलाई निश्चित आधार, विधि र ढाँचाअनुरूप बाँडफाँट गर्नुपर्ने हुन्छ।

संवैधानिक तथा कानुनी व्यवस्थाअनुरूप आयोगले तीनै तहका सरकारलाई विभिन्न सिफारिसहरू गर्नुपर्ने हुन्छ जसमध्ये नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण हुने राजस्व बाँडफाँटका आधार र ढाँचासम्बन्धी सिफारिस मुख्य रूपमा रहेको छ। यसैअनुरूप नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ समेतका आधारमा आर्थिक वर्ष २०७७/७८ का लागि सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश तथा स्थानीय सरकार बीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा एवम् सोबमोजिम राजस्व बाँडफाँटको हिस्सा सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरिएको छ।

## ३.१.२ संवैधानिक व्यवस्था

नेपालको संविधानको प्रस्तावनाले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। तसर्थ, वर्तमान नेपालको सङ्घीय संरचनाबमोजिमको आर्थिक विकास र समुन्नतिका लागि समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा जनतालाई सामाजिक न्याय प्रदान गर्नका लागि पनि सङ्घमा संकलित राजस्व प्रदेश र स्थानीय तहमा समेत हस्तान्तरण गर्नुपर्ने हुन्छ।

नेपालको संविधानको भाग ५ मा राज्यको संरचना र राज्य शक्तिको बाँडफाँटका सम्बन्धमा व्यवस्था गर्दै धारा ५६ को उपधारा (१) मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश तथा स्थानीय तह गरी तीन तहको हुने स्पष्ट व्यवस्था गरेको छ भने सोही धाराको उपधारा (२) मा नेपालको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश तथा स्थानीय तहले यस संविधान तथा कानुनबमोजिम गर्नेछन् भन्ने उल्लेख गरेको छ।

यसै सन्दर्भमा संविधानको धारा २३२ को उपधारा (१) ले नेपालमा लागू भएको सङ्घीय संरचनाका सम्बन्धमा उल्लेख गर्दै

सङ्घ, प्रदेश तथा स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनी स्पष्ट मार्गदर्शन गरेको छ। सोही सिद्धान्तका आधारमा सङ्घ, प्रदेश (७ वटा) र स्थानीय सरकार (७५३ वटा) हरूले संविधानको मर्म र भावनाअनुसार एकआपसी सहयोग र समन्वयका आधारमा आ-आफ्ना क्षेत्रमा क्रियाशील भई एकले अर्कोलाई सघाउ पुऱ्याउनुपर्दछ।

त्यसैगरी संविधानको धारा ५९ को उपधारा (१) ले सङ्घ, प्रदेश तथा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने भनी स्पष्ट मार्गदर्शन गरेबमोजिम तीनै तहका सरकारहरूबाट उक्त कार्यहरू सम्पादन हुनुपर्ने हुन्छ।

साथै, संविधानको धारा ६० ले राजस्व स्रोतको बाँडफाँट सम्बन्धमा विशेष व्यवस्था गरेको छ जसअनुसार धारा ६० को उपधारा (१) ले सङ्घ, प्रदेश तथा स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने, तर साझासूची भित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने व्यवस्था गरेको छ। त्यसैगरी सोही धाराको उपधारा (२) मा नेपाल सरकारले सङ्कलन गरेको राजस्व सङ्घ, प्रदेश तथा स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउने छ भनी उल्लेख गरेको र उपधारा (३) मा प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुनेछ भनी व्यवस्था गरेबाट नेपालमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण र व्यवस्थापनमा यस आयोगको भूमिका र सिफारिस उल्लेखनीय र बाध्यकारी हुने देखिएको छ। साथै, उपधारा (७) ले सङ्घ, प्रदेश तथा स्थानीय तह बीच राजस्वको बाँडफाँट गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नुपर्ने भनी गरेको व्यवस्थालाई आयोग र नेपाल सरकारले उच्च प्राथमिकतामा राख्नुपर्ने हुन्छ।

यसका अलावा संविधानको धारा ६० को उपधारा (८) ले राजस्व बाँडफाँटसम्बन्धी सङ्घीय ऐन बनाउँदा राष्ट्रिय नीति, राष्ट्रिय आवश्यकता, प्रदेश तथा स्थानीय तहको स्वायत्तता, प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनुपर्ने सेवा र उनीहरूलाई प्रदान गरिएको आर्थिक अधिकार, राजस्व उठाउन सक्ने क्षमता, राजस्वको सम्भाव्यता र उपयोग, विकास निर्माणमा गर्नुपर्ने योगदान, क्षेत्रीय असन्तुलन गरिबी र असमानताको न्यूनीकरण, बञ्चितीकरणको अन्त्य, आकस्मिक कार्य र अस्थायी आवश्यकता पूरा गर्न सहयोग गर्नुपर्ने विषयहरूमा ध्यान दिनुपर्ने कुरा उल्लेख गरेको देखिन्छ। यस सन्दर्भमा वित्तीय सङ्घीयताको कार्यान्वयनको क्रममा सङ्घीय सञ्चित कोषबाट संकलित राजस्वको बाँडफाँट गर्ने विषयमा उल्लिखित विषय वस्तुहरूलाई नेपाल सरकार लगायत सम्बद्ध सरोकारवाला सबैले विशेष प्राथमिकता दिनुपर्ने र उच्च मूल्याङ्कन गर्नुपर्ने आयोगको धारणा रहेको छ।

यसैगरी संविधानको धारा ११६ मा सङ्घीय सञ्चित कोषको बारेमा व्यवस्था गर्दै गुठी रकम बाहेक नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जा, ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकारलाई प्राप्त हुने अन्य जुनसुकै रकम सङ्घीय ऐनद्वारा अर्को व्यवस्था नगरिएमा एक सरकारी कोषमा आम्दानी बाँधिने छ जसलाई सङ्घीय सञ्चित कोष भनिनेछ भनी व्यवस्था गरेको छ। त्यसरी नै संविधानको धारा २०४ मा प्रदेश सञ्चित कोषको व्यवस्था गर्दै गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जा, प्रदेश ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकारबाट प्राप्त हुने अनुदान एवम् ऋण रकम प्रदेश ऐन द्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक प्रदेश सरकारी कोषमा आम्दानी बाँधिने छ जसलाई प्रदेश सञ्चित कोष भनिनेछ भनी व्यवस्था गरेको छ। साथै, संविधानको धारा २२९ ले स्थानीय सञ्चित कोषको बारेमा व्यवस्था गरेको छ जसअनुसार स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहनेछ। त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले

लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ भन्ने व्यवस्था गरेको छ। यसरी तीनै तहका सरकारले आ-आफ्ना अलग अलग सञ्चित कोष खडा गरी प्राप्त रकम कोषमा जम्मा गर्नुपर्ने व्यवस्थालाई तीनै तहका सरकारले अनुसरण गरिरहेका छन् भन्ने आयोगको विश्वास रहेको छ।

यी सबै पक्षहरूलाई ख्याल राखी नेपालमा अन्तर-सरकारी वित्तीय सम्बन्धलाई परिभाषित गर्दै नेपालको संविधानको धारा २३२ को उपधारा (१) ले परिकल्पना गरेको तीन तहका सरकार बीचको सम्बन्धलाई एकआपसी समन्वय र सहकार्यको सिद्धान्तअनुकूल बनाउँदै लैजाने उद्धेश्यका साथ संविधानको धारा २५० ले यस आयोगको परिकल्पना गरेको देखिन्छ। संविधानको धारा २५१ ले यस आयोगको काम कर्तव्य र अधिकारको बारेमा स्पष्ट व्यवस्था गरेको छ। उक्त धारा २५१ को उपधारा (१) (क) ले संविधान र कानुनबमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश तथा स्थानीय सरकार बीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने अधिकार तथा जिम्मेवारी आयोगलाई प्रदान गरेबाट आयोगले माथि उल्लिखित समग्र विषय वस्तुलाई ख्याल राख्दै राजस्व बाँडफाँटसम्बन्धी सिफारिस गर्नुपर्ने अवस्था रहेको देखिन्छ।

### ३.१.३ कानुनी व्वयस्था

#### क. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

१. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ ले राजस्वको बाँडफाँट गर्दा लिइने आधार तोकेको छ जसअनुसार आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा देहायका आधारमा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्नुपर्नेछ:

   क. जनसङ्ख्या र जनसाङ्खिक विवरण

   ख. क्षेत्रफल

   ग. मानव विकास सूचकाङ्क

   घ. खर्चको आवश्यकता

   ङ. राजस्व सङ्कलनमा गरेको प्रयास

   च. पूर्वाधार विकास र

   छ. विशेष अवस्था।

२. आयोगले राजस्व बाँडफाँट सम्बन्धमा निर्धारण गरेको विस्तृत आधार र ढाँचा पाँच (५) वर्षको लागि मान्य हुने र आयोगले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने व्यवस्था उक्त ऐनको दफा १५ को उपदफा (२) मा गरेअनुसार आगामी आर्थिक वर्ष २०७७/७८ का लागि सिफारिस गरिएको राजस्व बाँडफाँटसम्बन्धी आधार र ढाँचा आगामी पाँच वर्षका लागि लागू हुनेछ।

३. तर सोही ऐनको दफा १५ को उपदफा (३) र (४) ले यस आयोगले निर्धारण गरेको विस्तृत आधार र ढाँचा विशेष कारणवस पाँच वर्ष आगावै पुनरावलोकन गर्न आवश्यक देखेमा नेपाल सरकारले आयोगलाई अनुरोध गर्न सक्ने र नेपाल सरकारले गरेको अनुरोध आयोगलाई मनासिव लागेमा उल्लिखित आधार र ढाँचामा पुनरावलोकन गरी नेपाल सरकारमा सिफारिस गर्न सक्नेछ। तर यसरी आयोगबाट पहिलो पटक निर्धारण भएको विस्तृत आधार र ढाँचा पाँच वर्षमा एक पटक भन्दा बढी पटक पुनरावलोकन हुनसक्ने देखिँदैन।

## ख. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

१. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (३) बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले कर, गैरकर तथा रोयल्टी लगाउन सक्ने कानुनी व्यवस्था गरेको छ जसअनुसार ऐनको अनुसूची-१ बमोजिम नेपाल सरकारले सङ्घीय कानुनबमोजिम करतर्फ भन्सार महशुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर र गैरकरतर्फ राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, जूवा/चिठ्ठा क्यासिनो, दण्ड-जरिवाना लगाउन र उठाउन सक्ने व्यवस्था गरेको छ।

२. त्यसैगरी सोही दफाको उपदफा (२) ले प्रदेश सरकारले प्रदेश कानुनबमोजिम करतर्फ घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर र गैरकरतर्फ सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड-जरिवाना लगाउन र उठाउन सक्ने व्यवस्था गरेको छ।

३. यसैगरी सोही दफाको उपदफा (३) ले स्थानीय तहले स्थानीय कानुनबमोजिम करतर्फ सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारीसाधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर, व्यवसाय कर र गैरकरतर्फ सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड-जरिवाना लगाउन र उठाउन सक्ने व्यवस्था गरेको छ।

४. प्रदेश तथा स्थानीय तहले कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल नहुने गरी लगाउनु पर्नेछ भने प्राकृतिक स्रोतमा रोयल्टी लगाउने सम्बन्धमा भने सङ्घीय कानुनबमोजिम मात्रै कर लगाउन र उठाउन सक्ने व्यवस्था रहेको छ।

५. राजस्व बाँडफाँटको सम्बन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ ले मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको बाँडफाँट सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ-

- दफा ६ (१) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहबीच मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गर्नुपर्नेछ।
- दफा ६ (२) बमोजिम सङ्घीय विभाज्य कोषमा जम्मा भएको रकम मध्ये ७० प्रतिशत नेपाल सरकारलाई, १५ प्रतिशत प्रदेशलाई र १५ प्रतिशत स्थानीय तहलाई बाँडफाँट गर्नुपर्ने हुन्छ।
- दफा ६(३) बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीच बाँडफाँट गरिने रकम मध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्ने र प्रदेशहरू तथा स्थानीय तहहरूलाई प्राप्त हुने रकम नेपाल सरकारले देहायको विभाज्य कोष खडा गरी त्यस्तो कोषमा जम्मा गर्नुपर्नेछ।
    - प्रदेशहरूले प्राप्त गर्ने रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने।
    - स्थानीय तहहरूले प्राप्त गर्ने रकम स्थानीय विभाज्य कोषमा जम्मा गर्नुपर्ने।
- दफा ६(४) बमोजिम प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचाबमोजिम प्रत्येक प्रदेश तथा स्थानीय तहलाई बाँडफाँट गर्नुपर्दछ।
- दफा ६(५) बमोजिमको बाँडफाँटबाट प्रत्येक प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी मासिक रूपमा उपलब्ध गराउनुपर्दछ।

- यसैगरी दफा ६(६) बमोजिम बाँडफाँट हुने रकम आर्थिक वर्षको अन्तिम महिनामा हिसाव मिलान गर्नुपर्दछ।

६. उक्त ऐनको दफा १८ को उपदफा (२) बमोजिम नेपाल सरकारले आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको फागुन मसान्तभित्र राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदान वापत् आगामी आर्थिक वर्षमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अनुमानित स्रोतको विवरण प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ भन्ने उल्लेख गरेबमोजिम आयोगले तोकिएको समयावधि भित्रै राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा एवम् सो ढाँचाबमोजिमको राजस्व बाँडफाँटको हिस्सा नेपाल सरकारलाई सिफारिस गरेको छ।

७. त्यसैगरी ऐनको दफा २१ को उपदफा (४) ले प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्नेछ भन्ने स्पष्ट व्यवस्था गरेको देखिन्छ। प्रदेश तथा स्थानीय तहले राजस्व सङ्कलनमा विशेष प्रयास गर्नुपर्ने, आ-आफ्नो आन्तरिक राजस्व परिचालनमा बढी भन्दा बढी प्राथमिकता दिनुपर्ने र आफू अन्तर्गतको प्रशासनिक खर्च आफ्नै आन्तरिक स्रोतबाट आपूर्ती गर्न प्रयत्न गर्नुपर्ने हुन्छ। यदि प्रदेश तथा स्थानीय तहले सङ्कलन गरेको आन्तरिक राजस्व रकमबाट प्रशासनिक खर्च धान्न नसक्ने अवस्था भएमा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च गरी बाँकी रकम विकास निर्माण र सेवा प्रवाहका कार्यमा खर्च गर्नुपर्नेतर्फ ऐनले निर्देशित गरेको देखिन्छ। ऐनको उल्लिखित व्यवस्था र मनसायलाई अवलम्वन गर्दै प्रदेश सरकार र स्थानीय सरकारबाट प्रशासनिक खर्चको किफायती व्यवस्थापन हुनेछ भने आयोगको अपेक्षा र विश्वास रहेको छ।

८. तर प्रदेश तथा स्थानीय तहले आफ्नो आन्तरिक राजस्व र सङ्घबाट प्राप्त राजस्वको कुल योगबाट प्रशासनिक खर्च गर्नुपर्ने अवस्थामा यदि कुनै प्रदेश तथा स्थानीय तहको प्रशासनिक खर्च उसको आन्तरिक राजस्व र केन्द्रबाट प्राप्त राजस्वको कुल रकमबाट समेत पूरा नहुने स्थिति देखा पर्न गएमा त्यस्ता प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता लगायत आवश्यक अन्य पक्षमा सुधार एवम् विशेष व्यवस्था गर्नुपर्ने तर्फ आवश्यक बन्दोबस्त गर्नुपर्ने एवम् सोका लागि सम्वद्ध सरोकारवालाहरूबाट विशेष ध्यान दिनुपर्ने आयोगको सुझाव रहेको छ।

९. उक्त ऐनको दफा ३६ ले तीनै तहका सरकार बीच राजस्वका दर तथा राजस्व सङ्कलन सम्बन्धमा एक आपसी समन्वय र सहयोग हुनुपर्ने व्यवस्था गरेको छ जसअनुसार नेपाल सरकार, प्रदेश वा स्थानीय तहले आपसमा समन्वय गरी आफ्नो जिम्मेवारी भित्रको राजस्व एक अर्का मार्फत उठाउन वा कुनै खास प्रकारका राजस्व एकद्वार प्रणालीबाट उठाउने व्यवस्था गर्न सक्ने तथा राजस्वका दर यथासम्भव समान रूपमा कायम गर्ने वा तत्सम्बन्धी अन्य विषयमा आवश्यक समन्वय गर्न सक्नेछन् भन्ने व्यवस्था उल्लेख रहेको छ। उल्लिखित प्रावधानहरूलाई नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारहरूले अवलम्वन गर्नेछन् भन्ने आयोगको अपेक्षा रहेको छ।

## ३.१.४ राजस्व बाँडफाँटका सैद्धान्तिक आधार

वित्तीय सङ्घीयताको कार्यान्वयनको महत्त्वपूर्ण पक्ष भनेको कुनै एक तहको सरकारले उठाएको राजस्व अन्य तहहरूमा समेत बाँडफाँट गर्नु हो। माथिल्ला तहका सरकारबाट तल्लो तहमा बाँडफाँट हुने राजस्व (Vertical Revenue Sharing) र तल्ला तहका सरकारबाट माथि प्रवाह हुने राजस्व (Upward Transfer of Revenue) प्रणाली गरी दुई प्रकारको राजस्व बाँडफाँट पद्धति रहेकोमा नेपालमा भने माथिल्ला तहका सरकारबाट तल्लो तहमा बाँडफाँट हुने पद्धति अपनाइएको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले मूल्य अभिवृद्धि कर तथा आन्तरिक अन्तःशुल्कबाट उठेको रकममध्ये ७० प्रतिशत सङ्घलाई र १५/१५ प्रतिशत प्रदेश तथा स्थानीय तहलाई बाँडफाँट हुने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (क) मा संविधान र कानुनबमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय

प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था रहेकोमा आयोगले सोही व्यवस्थाका आधारमा राजस्व बाँडफाँटको आधार र ढाँचा निर्धारण गरी सिफारिस गरेको छ। यसै सन्दर्भमा राजस्व बाँडफाँट सम्बन्धमा अवलम्बन गरिएका सैद्धान्तिक आधार निम्नानुसार रहेका छन्ः

१. सङ्घीयता लागू भएका मुलुकहरूको वित्तीय सङ्घीयतासम्बन्धी पक्ष विश्लेषण गर्दा सङ्घीय इकाईहरू मध्ये नेपाल सरकारसँग राजस्व सङ्कलन गर्ने दायरा बढी हुने हुँदा स्वभाविक रूपमा संकलित राजस्व समेत बढी हुने गर्दछ। तल्ला तहका सङ्घीय इकाईहरूसँग राजस्व सङ्कलनका स्रोतहरू न्यून हुने हुँदा सामाजिक न्यायको दृष्टिकोणले नेपाल सरकारले आफूले सङ्कलन गरेको राजस्व निश्चित आधार र ढाँचामा तल्ला तहका सरकारलाई बाँडफाँट गर्नुपर्ने हुन्छ। साथै, नेपालको परिवेशमा समेत संविधान र कानुनले प्रदेश सरकार र स्थानीय सरकारको तुलनामा नेपाल सरकारलाई बढी राजस्व उठाउन सक्ने अधिकार प्रत्याभूत गरेको छ। यसै सिद्धान्तको मर्मअनुसार आयोगबाट राजस्व बाँडफाँटसम्बन्धी विस्तृत आधार र ढाँचा सिफारिस गरिएको छ।

२. नेपालको संविधानको अनुसूचीमा व्यवस्था गरिएका अधिकारको सूचीअनुसारको कार्य गर्न सम्बन्धित प्रदेश तथा स्थानीय तहले कर्मचारी व्यवस्थापनको कार्य, प्रशासनिक कार्य एवम् अनिवार्य दायित्व पूरा गर्नुपर्ने हुन्छ। जसका लागि प्रदेश तथा स्थानीय तहले आफ्नो आन्तरिक स्रोतबाट उठेको राजस्वबाट मात्र संविधानको अनुसूचीमा उल्लिखित कार्यहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै मूर्त रुप दिन नसक्ने अवस्था रहन सक्छ। अतः संवैधानिक भावनालाई मूर्त रुप दिँदै प्रदेश तथा स्थानीय तहको प्रशासनिक व्यवस्थालाई सहजीकरण गर्न पनि तहहरूबीच राजस्व बाँडफाँट गर्नुपर्ने हुन्छ।

३. यसैगरी राष्ट्रिय नीतिको कार्यान्वयन गर्न, राष्ट्रिय आवश्यकता पूरा गर्न, प्रदेश तथा स्थानीय तहको स्वायत्ततालाई ध्यान दिन, प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनुपर्ने सेवा र उनीहरूलाई प्रदान गरिएको आर्थिक अधिकार सुनिश्चित गर्न, राजस्व उठाउन सक्ने क्षमतालाई ख्याल गर्न, विकास निर्माणमा सहयोग पुऱ्याउन, क्षेत्रीय असन्तुलन, गरीबी र असमानताको न्यूनीकरण गर्न, बञ्चितीकरणको अन्त्य गर्न तथा आकस्मिक कार्य र अस्थायी आवश्यकता पूरा गर्न समेत राजस्व बाँडफाँटबाट प्राप्त रकम उपयोग गर्नुपर्ने हुन्छ।

४. यसका अलावा नेपालको सन्दर्भमा स्थानीय निकायहरू लामो समयदेखि निर्वाचित जनप्रतिनिधीविहिन रहेको अवस्था, नेपाल र नेपालीका लागि नेपालले अपनाएको सङ्घीयता नौलो अनुभव भएको अवस्था, प्रदेश तथा स्थानीय तहको आ-आफ्नै भौगोलिक अवस्थिति पहिचान र विषमता रहेको अवस्था, प्रदेश तथा स्थानीय तहको राजस्व सङ्कलनको क्षमता र व्यवस्थापनको पक्ष कमजोर रहेको अवस्था जस्ता पक्षहरूलाई मध्यनजर गर्दै राजस्व सङ्कलनबाट प्राप्त रकम वस्तुपरक, यथार्थपरक, समन्यायिक र पारदर्शी ढंगले बाँडफाँट तथा उपयोग गर्नुपर्ने हुन्छ।

५. यसप्रकार संविधानको धारा ६० र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ समेतका आधारमा आयोगले तीनै तहका सरकार बीच राजस्वको बाँडफाँट गर्दा लिनुपर्ने विस्तृत आधार र ढाँचा निर्धारण गरी सो बमोजिमको राजस्व बाँडफाँटको हिस्सा सिफारिस गरेको छ।

### ३.१.५ राजस्व बाँडफाँटका लागि प्रक्षेपण गरिएको रकम

आगामी आर्थिक वर्ष २०७७/७८ का लागि नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण हुने राजस्व बाँडफाँटको प्रयोजनार्थ आर्थिक वर्ष २०७७/७८ का लागि मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट सङ्कलन हुने अन्तःशुल्क रकमको अनुमानित रकम खुलाई पठाई दिनहुन भनी नेपाल सरकार अर्थ मन्त्रालयलाई यस आयोगको च.नं. ४८० को मिति २०७६/११/०५ गतेको पत्रानुसार लेखी पठाइएकोमा नेपाल सरकार अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखाको मिति २०७६/११/२९ गतेको च.नं. ७९३ को पत्रानुसार मूल्य अभिवृद्धि कर तर्फ कुल अनुमानित रु. ३

खर्व १५ अर्व १३ करोडको ३० प्रतिशतले हुन आउने रु. ९४ अर्व ५४ करोड र आन्तरिक उत्पादनतर्फको अन्तःशुल्क तर्फ कुल अनुमानित रकम रु. ८१ अर्व ७६ करोडको ३० प्रतिशतले हुने रु. २४ अर्व ५३ करोड गरी रु. १ खर्व १९ अर्व ७ करोड राजस्व बाँडफाँट प्रयोजनको लागि सङ्कलन हुने प्रक्षेपण गरिएको छ। उक्त रकम मध्ये अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ को उपदफा (२) बमोजिम प्रदेशलाई रु. ५९ अर्व ५३ करोड ५० लाख र स्थानीय तहलाई रु. ५९ अर्व ५३ करोड ५० लाख बाँडफाँट गरिएको छ।

## ३.१.६ राजस्व बाँडफाँटका आधार एवम् ढाँचाको तथ्याङ्कको स्रोत

आयोगले राजस्व बाँडफाँटको आधार र ढाँचा तयार गर्नुपर्ने भएको हुँदा बाँडफाँटलाई वस्तुगत, न्यायोचित, निष्पक्ष र पारदर्शी तुल्याउन तथ्याङ्कको आवश्यकता पर्दछ। आगामी आर्थिक वर्ष २०७७/७८ का लागि राजस्व बाँडफाँट गर्दा निर्धारण गर्नुपर्ने विस्तृत आधार र ढाँचाका लागि विभिन्न निकाय तथा स्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ जसको विवरण यसप्रकार रहेको छः

| क.सं. | आधार (सूचक) | स्रोत | प्रयोग |
|---|---|---|---|
| १. | जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण<br>क. कुल जनसङ्ख्या,<br>ख. आश्रित जनसङ्ख्या (१५ वर्ष भन्दा कम र ६४ वर्ष भन्दा बढी उमेर)। | • राष्ट्रिय जनगणना, २०६८, केन्द्रीय तथ्याङ्क विभाग। | प्रदेश तथा स्थानीय तह। |
| २. | क्षेत्रफल (भूगोल) | • नापी विभाग। | |
| ३. | मानव विकास सूचकाङ्क | • नेपाल मानव विकास प्रतिवेदन २०१४, राष्ट्रिय योजना आयोग,<br>• राष्ट्रिय जनगणना, २०६८, केन्द्रीय तथ्याङ्क विभाग। | |
| ४. | खर्चको आवश्यकता | • महालेखा नियन्त्रक कार्यालय,<br>• सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,<br>• प्रदेश तथा स्थानीय तह,<br>• राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अध्ययन। | |
| ५. | राजस्व सङ्कलनमा गरेको प्रयास | • महालेखा नियन्त्रकको कार्यालय,<br>• सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,<br>• प्रदेश तथा स्थानीय तह,<br>• राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अध्ययन। | |
| ६. | पूर्वाधार विकास<br>क. सडकको घनत्व (सडकमा पहुँच),<br>ख. विद्युतको सुविधा (विद्युतमा पहुँच),<br>ग. सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच),<br>घ. खानेपानीको सुविधा (खानेपानीमा पहुँच),<br>ङ. सरसफाइ (शौचालयको उपलब्धता)। | • राष्ट्रिय जनगणना, २०६८, केन्द्रीय तथ्याङ्क विभाग,<br>• सडक विभाग, शहरी विकास तथा भवन निर्माण विभाग र स्थानीय पूर्वाधार विभाग,<br>• नेपाल विद्युत प्राधिकरण,<br>• नेपाल दूरसञ्चार कम्पनी लिमिटेड,<br>• खानेपानी मन्त्रालय। | |
| ७. | विशेष अवस्था<br>क. अपाङ्गता भएको जनसङ्ख्या,<br>ख. आर्थिक सामाजिक असमानता। | • राष्ट्रिय जनगणना, २०६८, केन्द्रीय तथ्याङ्क विभाग,<br>• राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको अध्ययन। | |

## ३.१.७ राजस्व बाँडफाँट गर्न लिइएका आधार र ढाँचा

यस आयोगले आगामी आर्थिक वर्ष २०७७/७८ का लागि नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने राजस्व बाँडफाँटको रकम देहायका विस्तृत आधार र ढाँचामा निर्धारण गरी सो बमोजिमको राजस्व बाँडफाँटको हिस्सा नेपाल सरकारलाई सिफारिस गरिएको छः

| क्र.सं. | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा) | ढाँचा (भार प्रतिशतमा) |
|---|---|---|---|
| १. | जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण<br>कुल जनसङ्ख्या,<br>आश्रित जनसङ्ख्या। | <br>७० %<br>३० % | ६० % |
| २. | क्षेत्रफल (भुगोल) | | १५ % |
| ३. | मानव विकास सूचकाङ्क | | ५ % |
| ४. | खर्चको आवश्यकता | | ५ % |
| ५. | राजस्व सङ्कलनमा गरेको प्रयास | | ३ % |
| ६. | पूर्वाधार विकास<br>सडकको घनत्व (सडकमा पहुँच),<br>विद्युतको सुविधा (विद्युतमा पहुँच),<br>सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच),<br>खानेपानीको सुविधा (खानेपानीमा पहुँच),<br>सरसफाइ (शौचालयको उपलब्धता)। | <br>६० %<br>१० %<br>१० %<br>१० %<br>१० % | १० % |
| ७. | विशेष अवस्था<br>अपाङ्गता भएको जनसङ्ख्या,<br>आर्थिक सामाजिक असमानता। | <br>२० %<br>८० % | २ % |
| **जम्मा** | | | **१०० %** |

## ३.१.८ राजस्व बाँडफाँटका आधार एवम् ढाँचाको व्याख्या तथा विश्लेषण

आगामी आर्थिक वर्ष २०७७/७८ का लागि निम्नानुसारका आधार, ढाँचा, सूचक एवम् उपसूचकका आधारमा राजस्व बाँडफाँटका विस्तृत आधार तथा ढाँचा निर्धारण गरी सो बमोजिमको राजस्व बाँडफाँटको हिस्सा सिफारिस गरिएको छ।

### क. जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण

प्रत्येक प्रदेश र स्थानीय तहको जनसङ्ख्याको विवरण राष्ट्रिय जनगणना, २०६८ बाट लिइएको छ। आश्रित जनसङ्ख्याको अनुपातका लागि सोही जनगणनाबमोजिम आर्थिक रूपले सक्रिय (१५-६४ वर्ष) उमेर समूहको जनसङ्ख्यासँग सो उमेर समूह बाहिरको जनसङ्ख्याको अनुपात निकालिएको छ। आगामी आर्थिक वर्ष २०७७/८८ का लागि राजस्व बाँडफाँट गर्दा लिइएका आधारहरू मध्ये प्रमुख आधारका रूपमा जनसङ्ख्या र जनसाङ्ख्यिक विवरणलाई ६० प्रतिशत् भार दिइएको छ। यस आधारलाई प्रदेश तथा स्थानीय तहको कुल जनसङ्ख्या तथा आश्रित जनसङ्ख्या भनी दुई भागमा विभाजित गरिएको छ।

जनसङ्ख्या र जनसांख्यिक विवरणलाई प्रदान गरिएको ६० प्रतिशत् भारलाई शत् प्रतिशत् मानी यसमध्ये कुल जनसङ्ख्यालाई ७० प्रतिशत भार दिइएको छ। नेपालको संविधानले प्रदेश तथा स्थानीय तहका सम्बन्धमा अनुसूचीमा व्यवस्था गरिएको कार्य जिम्मेवारीअनुसार प्रदेश तथा स्थानीय तहले आ-आफ्नो जनसङ्ख्यालाई विभिन्न सेवा प्रवाह गर्नुपर्ने

हुन्छ। कुल जनसङ्ख्याले प्रदेश तथा स्थानीय तहको सेवा प्रवाहको आकार र लागत निर्धारण गर्दछ। जति बढी जनसङ्ख्या भयो त्यतिनै बढी सेवा सुविधा प्रवाह गर्नुपर्ने, सार्वजनिक सेवा र विकास निर्माणका कार्यमा खर्च गर्नुपर्ने हुन्छ जसका कारणले प्रदेश तथा स्थानीय तहको प्रशासनिक खर्चको आकार समेत बढाउँछ। तसर्थ, राजस्व बाँडफाँट गर्दा प्रदेश तथा स्थानीय तहको जनसङ्ख्याको आकारलाई ७० प्रतिशत भार प्रदान गरी सिफारिस गरिएको छ।

यसैगरी, आश्रित जनसङ्ख्यालाई ३० प्रतिशत भार प्रदान गरिएको छ। आश्रित जनसङ्ख्या अन्तर्गत राष्ट्रिय जनगणना २०६८ अनुसार १५ वर्ष भन्दा मुनिका तथा ६४ वर्ष भन्दा माथिका उमेर भएका जनसङ्ख्यालाई आश्रित जनसङ्ख्याका रूपमा लिइएको छ। आश्रित जनसङ्ख्याले परनिर्भरताको अनुपात बढाउने तथा यस्ता जनसङ्ख्याका लागि सम्बन्धित प्रदेश तथा स्थानीय तहले विशेष सेवा सुविधाको व्यवस्था गर्नुपर्ने हुन्छ जसले प्रदेश तथा स्थानीय तहको थप आर्थिक भार सृजना गर्दै प्रदेश तथा स्थानीय तहको वित्तीय अन्तर (Fiscal Gap) बढाउने गर्दछ।

यस्तो अवस्थामा मूलतः संविधानको धारा ४२ र धारा ६० (८) का प्रावधानहरूलाई मूर्त रुप दिन पनि प्रदेश तथा स्थानीय तहहरूलाई न्यायोचित रूपमा रकम उपलब्ध गराउनु पर्दछ भन्ने मान्यताअनुरूप राजस्व बाँडफाँट गर्दा आश्रित जनसङ्ख्यालाई ३० प्रतिशत भार प्रदान गरिएको छ।

### ख. क्षेत्रफल (भूगोल)

देशको कुल क्षेत्रफलमा प्रदेश तथा स्थानीय तहले ओगटेको क्षेत्रफलको अनुपातलाई क्षेत्रफलको सूचकको रूपमा लिइएको छ। प्रदेश तथा स्थानीय तहले ओगटेको क्षेत्रफलले उक्त प्रदेश तथा स्थानीय तहले जनतालाई प्रवाह गर्नुपर्ने सेवाको गुणस्तर, सेवा प्रवाहको सहजता, प्रशासनिक खर्चको अवस्था, प्रशासनिक संरचना आदि पक्षमा प्रत्यक्ष रूपमा असर गर्दछ। यी पक्षहरूले उक्त प्रदेश तथा स्थानीय तहको प्रशासनिक खर्चको आकार बढाउँदछ। जुन प्रदेश तथा स्थानीय तहको क्षेत्रफल बढी हुन्छ, स्वभावतः उक्त प्रदेश तथा स्थानीय तहलाई बढी आर्थिक स्रोतको आवश्यकता पर्दछ। अतः राजस्व बाँडफाँटको सिफारिस गर्दा त्यहाँको भूगोल रहेको कुल क्षेत्रफललाई १५ प्रतिशत् भार प्रदान गरिएको छ। यस प्रयोजनका लागि प्रदेश तथा स्थानीय तहको क्षेत्रफल निर्धारण गर्न नापी विभाग, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र यस आयोग स्वयंले तयार पारेका तथ्याङ्कलाई स्रोतका रूपमा लिइएको छ।

### ग. मानव विकास सूचकाङ्क

सन् २०१४ मा प्रकाशित नेपाल मानव विकास प्रतिवेदनको आधारमा प्रदेश तथा स्थानीय तहको मानव विकास सूचकाङ्क निर्माण गरिएको छ। विश्वव्यापी रूपमा गुणस्तरयुक्त मानव जीवनस्तर (Quality of Human Life) निर्धारणको लागि प्रयोगमा लिइने मानव विकास सूचकाङ्कले शिक्षा (Education), स्वास्थ्य (मूलतः Life Expectancy) तथा प्रति व्यक्ति आय (Per Capita Income) लाई समेट्ने गर्दछ। प्रदेश तथा स्थानीय तहको मानव विकास सूचकाङ्कले उक्त प्रदेश तथा स्थानीय तहको गुणस्तरीय मानवीय जीवन (Quality of Human Life) का बारेमा जानकारी प्रदान गर्दछ। जुन प्रदेश तथा स्थानीय तहको मानव विकास सूचकाङ्क कमजोर छ, त्यस प्रदेश तथा स्थानीय तहले आफ्नो क्षेत्रका जनताको जीवनस्तर उकास्न प्रमुख रूपमा ध्यान दिनुपर्ने हुन्छ। जुन प्रदेश तथा स्थानीय तहमा शिक्षा, स्वास्थ्य तथा जीवनस्तर लगायतको मानव विकास सूचकाङ्क न्यून हुन्छ त्यस्ता प्रदेश तथा स्थानीय तहमा त्यहाँको मानव विकासको स्तर अभिवृद्धिका लागि सार्वजनिक सेवामा बढी खर्च गर्नुपर्ने हुन्छ जसले गर्दा प्रदेश तथा स्थानीय तहको सेवा प्रवाह लागत बढाउने गर्दछ। प्रदेश तथा स्थानीय तहको शिक्षा, स्वास्थ्य लगायतको आवश्यकतालाई सम्बोधन गर्नका लागि मानव विकास सूचकाङ्कलाई समावेश गरिएको हो।

यसप्रकार उल्लिखित पक्षहरूलाई ख्याल राख्दै राजस्व बाँडफाँट गर्दा मानव विकास सूचकाङ्क लाई ५ प्रतिशत भार प्रदान गरिएको छ। मानव विकास सूचकाङ्कसम्बन्धी तथ्याङ्क सन् २०१४ मा राष्ट्रिय योजना आयोगले तयार पारेको मानव विकास

प्रतिवेदन, २०१४ बाट लिइएको छ।

### घ. खर्चको आवश्यकता

नेपालको संविधानको धारा ६०(४) ले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय अन्तर (Fiscal Gap) पत्ता लगाई सो का आधारमा सम्बन्धित प्रदेश र स्थानीय तहलाई अन्तर-सरकारी वित्तीय हस्तान्तरण गर्नुपर्नेतर्फ मार्गदर्शन गरेको छ। सो वित्तीय अन्तर निर्धारणसम्बन्धी अध्ययनको कार्य आयोगबाट भइहेको हुँदा यसको पूर्ण प्रतिवेदनसहित प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकतासम्बन्धी तथ्याङ्कीय विवरण आउन समय लाग्ने भएको परिप्रेक्ष्यमा अन्तर-सरकारी वित्तीय व्यवस्थापन ऐनको दफा २१(४) मा उल्लिखित कानुनी प्रावधानलाई ख्याल राख्दै आगामी आर्थिक वर्ष २०७७/७८ को लागि राजस्व बाँडफाँटको सिफारिस गर्दा खर्चको आवश्यकता अन्तर्गत आर्थिक वर्ष २०७५/७६ मा प्रदेश तथा स्थानीय तहले गरेको कुल प्रशासनिक खर्चलाई प्रमुख आधारका रूपमा लिएर प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता निर्धारण गरिएको छ। सामान्यतः प्रत्येक प्रदेश तथा स्थानीय तहले आफूले सङ्कलन गरेको आम्दानी (राजस्व) बाटै प्रशासनिक खर्च व्यवस्थापन गर्नुपर्ने हुन्छ। तसर्थ, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम प्रशासनिक खर्चमा समेत उपयोग गर्नुपर्ने विषयलाई ख्याल राखी खर्चको आवश्यकता निर्धारण गरिएको छ।

उपरोक्त प्रयोजनका लागि जनप्रतिनिधिको सुविधा खर्च, कर्मचारीको तलब भत्ता खर्च, कार्यालय सञ्चालन खर्च, कर्मचारी दरबन्दी संख्याका आधारमा हुने खर्च, पालिका अन्तर्गतका वडाहरूको संख्याका आधारमा लाग्ने लागत लगायतका खर्च शीर्षकहरूका आधारमा प्रशासनिक खर्च निर्धारण गरिएको छ। यसरी खर्चको आवश्यकता सूचकाङ्कलाई ५ प्रतिशत भार प्रदान गरिएको छ। यसका लागि आवश्यक पर्ने तथ्याङ्क स्रोतका रूपमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रत्येक प्रदेश तथा स्थानीय तहको तहगत स्वीकृत कर्मचारी दरवन्दीको विवरण लिइएको छ। त्यस्तै, महालेखा नियन्त्रक कार्यालयबाट प्रत्येक प्रदेश तथा स्थानीय तहको कुल प्रशासनिक खर्चको तथ्याङ्क लिइएको छ।

प्रशासनिक खर्च गणना गर्दा निर्वाचित पदाधिकारीहरूका सम्बन्धमा प्रदेश तथा स्थानीय तहले जारी गरेको सेवा सुविधासम्बन्धी आर्थिक ऐनलाई समेत आधार मानिएको छ भने नेपाल सरकारले प्रयोगमा ल्याएको "एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४" अनुसार वर्गीकरण गरेका खर्च शीर्षकलाई समेत आधार लिइएको छ।

### ङ. राजस्व सङ्कलनमा गरेको प्रयास

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय तहले प्रत्येक वर्ष आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था गरेको छ जसको मूल ध्येय भनेको प्रदेश तथा स्थानीय तहले बढी भन्दा बढी आन्तरिक स्रोत (राजस्व) परिचालन गरी आफू अन्तर्गतको प्रशासनिक खर्च धान्न सक्नुपर्ने हुन्छ। राजस्व बाँडफाँटबाट प्राप्त रकम प्रशासनिक खर्चमा प्रयोग गर्नुका साथै अन्य विकासात्मक कार्यमा समेत खर्च गर्नुपर्ने हुन्छ।

यसै प्रयोजनका लागि आयोगले राजस्व बाँडफाँटको सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहले राजस्व सङ्कलनमा गरेको प्रयासलाई ३ प्रतिशत भार दिई सिफारिस गरेको छ। प्रदेश तथा स्थानीय तहले राजस्व सङ्कलनमा गरेको प्रयास अन्तर्गत निम्नानुसारका सूचकहरू निर्धारण गरी तथ्याङ्क सङ्कलन गरेको छ। संकलित तथ्याङ्क अनुसार प्रदेश तथा स्थानीय तहहरू संस्थागत संरचना निर्माणकै चरणमा रहेको अवस्था, जनशक्ति व्यवस्थापन पूर्णतः व्यवस्थित भइनसकेको अवस्था, ऐन नियम कार्यविधिहरू तर्जुमा हुँदै गरेको अवस्था र सबै प्रदेश तथा स्थानीय तहहरूले राजस्व सङ्कलनमा आ-आफ्नो तर्फबाट प्रयास गरेको पाइएको अवस्था समेतलाई ध्यानमा राखी सबै प्रदेश तथा स्थानीय तहलाई समान अङ्कभार प्रदान गरिएको छ।

**i. प्रदेशका सन्दर्भमा अवलम्बन गरिएका राजस्व सङ्कलनमा गरेको प्रयासका सूचकहरू**

अ. प्रदेशले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को उपदफा (१) को खण्ड (क) र ६ (क) बमोजिम सवारी साधन करबाट उठेको रकममध्ये ४०% रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी आयोगको सिफारिसबमोजिमको हिस्सा आफ्नो प्रदेश भित्रका स्थानीय तहहरूको सञ्चित कोषमा जम्मा गरेको वा नगरेको।

आ. प्रदेशले अघिल्लो आर्थिक वर्षको तुलनामा पछिल्लो आर्थिक वर्षमा राजस्व वृद्धि गरेको वा नगरेको।

इ. आफ्नो अधिकार क्षेत्र भित्रको राजस्व (कर तथा गैरकर) सङ्कलन गर्ने सन्दर्भमा प्रदेशले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची २ को खण्ड (ग) बमोजिमको राजस्व (अन्य कर तथा गैरकर) को दायरा विस्तार गरेको वा नगरेको।

**ii. स्थानीय तहका सन्दर्भमा अवलम्बन गरिएका राजस्व सङ्कलनमा गरेको प्रयासका सूचकहरू**

अ. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम घर जग्गा रजिष्ट्रेशन शुल्क वा मनोरञ्जन कर वा विज्ञापन करबाट उठेको रकम मध्ये ६०% रकम सम्बन्धित स्थानीय तहले आफ्नो स्थानीय सञ्चित कोषमा जम्मा गरी ४०% रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा दाखिला गरेको वा नगरेको।

आ. स्थानीय तहले अघिल्लो आर्थिक वर्षको तुलनामा पछिल्लो आर्थिक वर्षमा राजस्व वृद्धि गरेको वा नगरेको।

इ. आफ्नो अधिकारक्षेत्र भित्रको राजस्व (कर तथा गैरकर) सङ्कलन गर्ने सन्दर्भमा प्रदेशले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-३ को खण्ड (ग) बमोजिमको राजस्व (अन्य कर तथा गैरकर) को दायरा विस्तार गरेको वा नगरेको।

यसरी प्रदेश तथा स्थानीय तहले राजस्व सङ्कलनमा गरेको प्रयासका सम्बन्धमा उल्लिखित सूचकहरूका आधारमा भार दिई मूल्याङ्कन गरिएको छ।

## च. पूर्वाधार विकास

प्रदेश तथा स्थानीय तहमा उपलब्ध सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाइको पहुँच तथा उपलब्धततालाई आधार मानी पूर्वाधार सूचकाङ्क तयार गरिएको छ। विकासको पूर्वशर्तका रूपमा रहेको प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्थाले सो प्रदेश तथा स्थानीय तहको विकास खर्चको अवस्था निर्धारण गर्न मार्ग प्रशस्त गर्दछ। पूर्वाधार विकासको अवस्था कमजोर भएका प्रदेश तथा स्थानीय तहले जनतालाई संविधानले मार्गदर्शन गरे अनुसारका सेवा सुविधा प्रदान गर्न खर्च गर्नुपर्ने हुन्छ, जसले गर्दा सेवाको लागत वृद्धि गराउँदछ।

यसै परिप्रेक्ष्यमा राजस्व बाँडफाँटको सिफारिस गर्ने प्रयोजनका लागि पूर्वाधार विकास सूचकलाई १० प्रतिशत भार प्रदान गरिएको छ। पूर्वाधार विकास अन्तर्गत सडक घनत्व, विद्युत सुविधा, सूचना प्रविधि, खानेपानी सुविधा र सरसफाइलाई उपसूचकको रूपमा लिइएको छ। यी उपसूचकहरूले क्रमशः सडकको पहुँच, विद्युतको पहुँच, सूचना प्रविधिको पहुँच, खानेपानीको पहुँच तथा शौचालयको उपलब्धताका बारेमा जानकारी उपलब्ध गराउँदछन्।

सडक घनत्वले प्रदेश तथा स्थानीय तहको सडकको पहुँचका बारेमा चित्रण गर्दछ। भरपर्दो सडक सञ्जालले प्रदेश तथा स्थानीय तहमा आर्थिक क्रियाकलापमा वृद्धि ल्याउन सहयोग गर्दछ। सडक सञ्जालको पहुँचले कुनै पनि प्रदेश वा स्थानीय तहको विकासमा टेवा पुऱ्याउँदछ। प्रदेश तथा स्थानीय तहलाई आवश्यक पर्ने स्रोत सो तहको विकासको अवस्थामा समेत

निर्भर हुने भएकोले पूर्वाधार विकास सूचकलाई १० प्रतिशत भार दिइएको छ। यसरी पूर्वाधार विकासलाई दिइएको १० प्रतिशत भारलाई शत् प्रतिशत मानी सो शत् प्रतिशतबाट ६० प्रतिशत भार प्रदेश तथा स्थानीय तहको सडक घनत्वलाई दिइएको छ। सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउन र आम सर्वसाधारण जनतालाई सुगम तथा सहज ढंगले सेवा प्रवाह गर्नका लागि सडकको भूमिका महत्त्वपूर्ण हुने हुँदा सडकको घनत्वलाई बढी भार दिइएको छ। यस प्रयोजनका लागि सडक विभाग र स्थानीय पूर्वाधार विकास विभागले सन् २०१८ सम्ममा सडक घनत्वका सम्बन्धमा अध्यावधिक गरिएको तथ्याङ्क प्रयोग गरिएको छ।

विद्युत सुविधाले प्रदेश तथा स्थानीय तहको विद्युत माथिको पहुँचको अवस्थालाई उजागर गर्दछ। विकासको एउटा आवश्यकताको रूपमा लिइने विद्युतको सुविधाले प्रदेश तथा स्थानीय तहको आर्थिक विकासमा बहु-आयामिक भूमिका खेल्दछ। जुन प्रदेश तथा स्थानीय तहमा विद्युत सुविधाको पहुँच कमजोर रहेको छ, त्यस तहमा सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता वृद्धिका लागि प्रदेश तथा स्थानीय तहले सोहीबमोजिम बढी खर्च गर्नुपर्ने हुन्छ। यसका लागि थप आर्थिक व्ययभार आवश्यक पर्दछ। यसै परिप्रेक्ष्यमा प्रदेश तथा स्थानीय तहको विद्युत सुविधाको अवस्थालाई राजस्व बाँडफाँट गर्दा उपसूचकका रूपमा लिई पूर्वाधार विकासका लागि तोकिएको भारबाट १० प्रतिशत भार विद्युत सुविधाको पहुँचलाई दिइएको छ जसका लागि आवश्यक पर्ने तथ्याङ्क नेपाल विद्युत प्राधिकरण तथा राष्ट्रिय जनगणना, २०६८ (केन्द्रीय तथ्याङ्क विभाग)बाट लिइएको छ।

सूचना प्रविधिको पहुँचले प्रदेश तथा स्थानीय तहको सामाजिक, साँस्कृतिक तथा आर्थिक विकासमा महत्त्वपूर्ण टेवा पुऱ्याउँदछ। प्रदेश तथा स्थानीय तहले जनतालाई प्रदान गर्ने सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सूचना प्रविधिले प्रमुख भूमिका खेल्दछ। जुन प्रदेश तथा स्थानीय तहको सूचना प्रविधिको अवस्था कमजोर छ, त्यस्ता प्रदेश तथा स्थानीय तहले सूचना प्रविधिको स्तर माथि उकास्न यथोचित लगानी गर्नुपर्ने हुन्छ। यसले एकातर्फ प्रदेश तथा स्थानीय तहको आर्थिक व्ययभार बढाउने गर्दछ भने अर्कोतर्फ प्रशासनिक खर्चमा समेत वृद्धि ल्याउँछ। यी सबै पक्षहरूलाई ख्याल गर्दै पूर्वाधार विकासका लागि तोकिएको भारबाट सूचना प्रविधिको पहुँचलाई १० प्रतिशत भार दिइएको छ जसका लागि आवश्यक पर्ने तथ्याङ्क राष्ट्रिय जनगणना २०६८ (केन्द्रीय तथ्याङ्क विभाग) तथा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडबाट लिइएको छ।

खानेपानीको सुविधाले प्रदेश तथा स्थानीय तहमा जनताको खानेपानी सुविधा माथिको पहुँचको चित्रण गर्दै उक्त क्षेत्रका जनताको गुणस्तरीय जीवनयापनको अवस्था समेतलाई झल्काउँछ। खानेपानी सुविधाको पहुँच विस्तार गर्दै लैजाने विषय सरकारको अनिवार्य दायित्व अन्तर्गत पर्न आउँदछ। संविधानले परिकल्पना गरे अनुसारको लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्न अन्य कुराका अलावा प्रत्येक प्रदेश तथा स्थानीय तहले जनताले सजिलै खानेपानी सुविधा प्राप्त गर्ने वातावरणको सृजना गर्नेतर्फ प्रयास गर्नुपर्ने हुन्छ। प्रदेश तथा स्थानीय तहमा खानेपानी सुविधाको पहुँच बढाउन उल्लेख्य आर्थिक स्रोतको आवश्यकता पर्दछ। अतः यी पक्षहरूलाई ख्याल राख्दै पूर्वाधार विकास अन्तर्गतको भार प्रतिशतबाट खानेपानी सुविधा उपसूचकलाई १० प्रतिशत भार प्रदान गरिएको छ। यसका लागि आवश्यक पर्ने तथ्याङ्क राष्ट्रिय जनगणना २०६८ (केन्द्रीय तथ्याङ्क विभाग) र खानेपानी मन्त्रालयबाट लिइएको छ।

सरसफाइ व्यक्तिको गुणस्तरीय जीवनस्तर यापनका लागि आवश्यक पर्ने महत्त्वपूर्ण सूचक हो। शौचालय सहितको सरसफाइको अवस्था हुनुको अर्थ रोगव्याधीबाट सो क्षेत्र तथा स्थान विशेषमा रहने जनताहरू सुरक्षित रहनु हो। सरसफाइको अवस्था कमजोर रहेको प्रदेश तथा स्थानीय तहले सो सुविधा वृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ भने पर्याप्त सरसफाइको उपलब्धता भएको स्थानमा थप लगानीको आवश्यकता नपर्न सक्दछ। कमजोर सरसफाइको अवस्थाले गर्दा प्रदेश तथा स्थानीय तहले विभिन्न नकारात्मक असरहरू समेत सामना गर्नुपर्ने हुन्छ। तसर्थ, प्रदेश तथा स्थानीय तहमा हाल रहेका शौचालयहरूको उपलब्धतालाई सरसफाइ सूचक मानी पूर्वाधार विकास अन्तर्गतको भारबाट सरसफाइ

(शौचालय) सुविधा उपसूचकलाई १० प्रतिशत् भार प्रदान गरिएको छ। यसका लागि आवश्यक पर्ने तथ्याङ्क राष्ट्रिय जनगणना २०६८ (केन्द्रीय तथ्याङ्क विभाग)बाट लिइएको छ।

यसप्रकार पूर्वाधार विकाससम्बन्धी उल्लिखित सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाइसम्बन्धी सूचक राम्रो भएका स्थानमा कम लगानी गरी त्यस्ता सूचकहरूको उपलब्धता न्यून भएको स्थानमा बढी लगानी गर्ने गरी आयोगले राजस्व बाँडफाँटसम्बन्धी आधार र ढाँचा सिफारिस गरेको छ।

## छ. विशेष अवस्था

राजस्व बाँडफाँटको आधार र ढाँचा निर्धारण गर्ने सिलसिलामा माथि उल्लिखित विभिन्न आधारहरूका अलावा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐनको दफा १५ को उपदफा (१) को खण्ड (छ) मा "विशेष अवस्था" लाई समेत एउटा आधारको रूपमा उल्लेख गरिएकोले उक्त "विशेष अवस्था"लाई समेत मूल्याङ्कन गर्दै आयोगले राजस्वको हिस्सा सिफारिस गर्नुपर्ने मनसाय ऐनबाट देखिन्छ। यसका लागि आयोगले राजस्व बाँडफाँटका सम्बन्धमा संविधान र कानुनमा भएका विभिन्न विषयहरूलाई अध्ययन, मनन र विश्लेषण गर्दै विशेष अवस्थाको व्याख्या गर्नुपर्ने देखियो। यसरी विशेष अवस्थाको व्याख्या र मूल्याङ्कन गर्दा सबै प्रदेश र सबै तहसँग सम्बन्धित तथ्याङ्कको उपलब्धता हुनुपर्ने विषय पनि त्यतिकै महत्त्वपूर्ण हुन आउने देखियो। तसर्थ, आयोगले पहिलो पटक सिफारिस गरिसकेपछि पाँच वर्षसम्मका लागि मान्य हुने राजस्व बाँडफाँटको आधार र ढाँचा अन्तर्गत विशेष अवस्थालाई समेत समेटी राजस्व बाँडफाँटसम्बन्धी सिफारिस गरेको छ। यसका लागि २ प्रतिशत भार दिई विशेष अवस्थाको मूल्याङ्कन गरिएको छ। विशेष अवस्थाको मूल्याङ्कन गर्दा सबै प्रदेश र सबै स्थानीय तहको तथ्याङ्कको उपलब्धता हुनसक्ने सूचकको रूपमा रहेको अपाङ्गता भएको जनसङ्ख्या र आर्थिक सामाजिक असमानता सूचकलाई लिइएको छ। बढी अपाङ्गता हुनुको अवस्थाले प्रदेश तथा स्थानीय तहको सार्वजनिक सेवा प्रवाहमा बढी लगानी गर्नुपर्ने अवस्था सृजना गर्दछ जुन कुरा संविधानको मौलिक हकको कार्यान्वयनका दृष्टिकोणले समेत महत्त्वपूर्ण छ। आर्थिक सामाजिक असमानताको अवस्था उच्च रहेका प्रदेश तथा स्थानीय तहले जनतालाई सार्वजनिक सेवा प्रवाह गर्ने कार्यमा प्रभावकारिता ल्याउन थप खर्च गर्नुपर्ने हुन्छ। तसर्थ,, सबै प्रदेश र स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्ति र आर्थिक सामाजिक रूपमा विभेदमा परेका व्यक्तिहरूको जीवनस्तर उकास्नका लागि सघाउ पुर्‍याउने उद्देश्यले विशेष अवस्थालाई प्रदान गरिएको २ प्रतिशत भारलाई शत प्रतिशत मानी अपाङ्गतासम्बन्धी उपसूचकलाई २० प्रतिशत र आर्थिक सामाजिक असमानता उपसूचकलाई ८० प्रतिशत भार प्रदान गरिएको छ। यसका लागि आवश्यक पर्ने तथ्याङ्कको स्रोत क्रमशः राष्ट्रिय जनगणना, २०६८, (केन्द्रीय तथ्याङ्क विभाग) र आयोगले गरेको अध्ययनबाट लिइएको छ।

उल्लिखित आर्थिक सामाजिक सूचकका सम्बन्धमा प्रदेश र स्थानीय तहमा रहेको आर्थिक, सामाजिक असमानता मापन गर्नका लागि आर्थिक सामाजिक र जलवायु परिवर्तन जोखिम तथा विपद् क्षेत्रका ६ वटा आयामहरूका २९ वटा उप-सूचकहरूका आधारमा आर्थिक, सामाजिक असमानता सूचक निर्माण गरिएको छ। यस प्रयोजनका लागि लिइएका आयाम र उप-सूचकहरू देहायबमोजिम छन्:

**सामाजिक आर्थिक असमानता सूचकका आयाम र सूचकहरू**

| आयाम | उप-सूचकहरू |
|---|---|
| १. आर्थिक आयाम | (१) यातायातको पहुँच, (२) जिल्ला सदरमुकामदेखि स्थानीय तहको केन्द्रसम्मको दूरी, (३) सूचना प्रविधिको पहुँच, (४) विद्युतको उपलब्धता, (५) भौगोलिक क्षेत्र, (६) वनको घनत्व, (७) सम्पत्तिमाथि महिलाको स्वामित्व, (८) आर्थिक क्रियाकलापमा संलग्नता र (९) आर्थिक प्रतिष्ठानहरूमा महिला सहभागिता। |
| २. शैक्षिक आयाम | (१) विद्यालय वा उच्च शिक्षाको उपलब्धता, (२) कक्षा १ देखि ५ सम्मको विद्यालय छाड्ने दर, (३)प्रति विद्यालय विद्यार्थी सङ्ख्या, (४) कुल भर्नादर, (५) विद्यार्थी-शिक्षक अनुपात र (६) साक्षरता दर। |

| आयाम | उप-सूचकहरू |
|---|---|
| ३. स्वास्थ्य आयाम | (१) स्वास्थ्य सेवाको उपलब्धता र (२) जन्ममा औसत आयु। |
| ४. जनसाङ्ख्यिक आयाम | (१) महिला र पुरुषको जनसङ्ख्या अनुपात, (२) घरपरिवार सङ्ख्या, (३) जनघनत्व, (४) आश्रित जनसङ्ख्या र (५) विशेष क्षमता भएका जनसङ्ख्या। |
| ५. गुणस्तरीय जीवन यापनको आयाम | (१) विद्युत सेवा प्राप्त गर्ने घरपरिवारको सङ्ख्या, (२) धाराबाट खानेपानी प्राप्त गर्ने घरपरिवारको सङ्ख्या, (३) आफ्नै घर भएका घरपरिवारको सङ्ख्या र (४) कुनै प्रकारको सवारी साधन भएको घरपरिवारको सङ्ख्या। |
| ६.जलवायु परिवर्तनको जोखिमको आयाम | (१) विगत दुई वर्षमा विपद्‌बाट प्रभावित घरपरिवारको सङ्ख्या, (२) वार्षिक बर्षा र (३) जलवायु परिवर्तनको जोखिम सूचक। |

उल्लिखित आधार र सूचकका आधारमा राजस्व बाँडफाँटको सिफारिस गर्दा प्रत्येक स्थानीय तहले संवैधानिक जिम्मेवारी निर्वाह गर्न, अनिवार्य दायित्व पूरा गर्न तथा दैनिक प्रशासनिक खर्च बहन गर्न सक्ने गरी राजस्व बाँडफाँट समन्यायिक होस् भन्ने मनसायले कुनै पनि पालिकालाई न्यूनतम रु. ३ करोड ५० लाख नघट्ने गरी रकमको व्यवस्था र बाँडफाँट गरी सिफारिस गरिएको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनले समेत प्रदेश र स्थानीय तहले आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान गर्नुपर्ने उल्लेख गरेबाट पनि प्रत्येक पालिका प्रशासनिक खर्च बहन गर्नका लागि आफैमा आत्मनिर्भर हुनुपर्ने हुन्छ। तथापि, उनीहरूको दैनिक प्रशासनिक खर्च सञ्चालन गर्नका लागि राजस्व रकमबाट नपुग हुने अवस्था समेतलाई ख्याल राख्दै राजस्व बाँडफाँट सम्बन्धमा सिफारिस गरिएको छ। आफ्नो आयस्रोत ज्यादै कम भएका पालिकाहरूलाई कम्तीमा पनि न्यूनतम रकम राजस्व बाँडफाँटको रकमबाट बेहोर्नुपर्ने गरी बाँडफाँट गर्नुपर्ने देखियो। त्यसैले, पालिकाहरूको खर्च रकमको विश्लेषण गर्दा कम्तीमा पनि दश वटा पालिकाहरूले रु. ३ करोड ५० लाख भन्दा कम रकम राजस्व बाँडफाँटबाट प्राप्त गर्ने स्थिति देखिएकोले विशेष अवस्था स्वरूप त्यस्ता पालिकाहरूलाई प्रशासनिक खर्च धान्नका लागि उल्लिखित रु.३ करोड ५० लाख न्यूनतम रकम प्राप्त हुने गरी प्रस्ताव गरिएको छ। तर प्रदेशको हकमा विशेष व्यवस्था गर्नुपर्ने आवश्यकता नदेखिएकोले त्यस्तो न्यूनतम रकमको प्रस्ताव गरिएको छैन।

## ३.१.९ राजस्व बाँडफाँटबाट प्राप्त रकमको उपयोग र यससम्बन्धी सुझाव

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) ले "प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने छ" भन्ने व्यवस्था गरेको छ। यसरी ऐनको दफा २१ को उपदफा (४) ले प्रदेश तथा स्थानीय तहले मूलतः आफूले उठाएको आन्तरिक आयबाट नै प्रशासनिक खर्चको व्यवस्थापन गर्नुपर्नेछ भन्ने सन्देश स्पष्ट दिएको देखिन्छ।

यति हुँदा हुँदै पनि अत्यावश्यक प्रशासनिक र सञ्चालन खर्च आफ्नो आन्तरिक आयबाट अपुग भएमा मात्र मितव्ययी हिसावले राजस्व बाँडफाँटबाट प्राप्त रकम प्रशासनिक खर्चमा प्रयोग गर्नुपर्ने हुन्छ। यसरी उपयोग भएको रकम बाहेक बचत रकम प्रदेश तथा स्थानीय तहले आ-आफ्नो क्षेत्र अन्तर्गतका विकास निर्माणका क्रियाकलापमा उपयोग गर्नुपर्दछ। प्रदेश तथा स्थानीय तहले नेपाल सरकारबाट राजस्व बाँडफाँट मार्फत प्राप्त हुने रकम उद्देश्यपरक ढंगले मितव्ययीरूपमा खर्च गर्नु गराउनुपर्ने आयोगको स्पष्ट धारणा रहेको छ। तसर्थ,, प्रदेश तथा स्थानीय तहले राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको उपयोग निम्नानुसार हुने गरी गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सुझाव प्रदान गरेको छः

१. राजस्व बाँडफाँटबाट प्राप्त रकम प्रत्येक प्रदेश तथा स्थानीय तहले उद्देश्यपरक ढंगले तोकिएको कार्यमा खर्च गर्नुपर्ने।

२. राजस्व बाँडफाँटबाट प्राप्त रकम नतिजामूलक एवम् प्रभावकारी ढंगले खर्च गर्नुपर्ने।

३. राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम संविधानले सम्बन्धित प्रदेश र स्थानीय तहलाई प्रत्याभूत गरेको जिम्मेवारी सम्पादन गर्नका लागि उपयोग गर्नुपर्ने।

४. राजस्व बाँडफाँटबाट प्राप्त रकम सार्वजनिक सेवा र आर्थिक सामाजिक विकासका क्षेत्रमा उपयोग गर्नुपर्ने।

५. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा २१(४) बमोजिम हुने गरी राजस्व बाँडफाँटबाट प्राप्त रकम खर्च गर्नुपर्ने।

६. अत्यावश्यक प्रशासनिक र सञ्चालन खर्च सकभर सम्बन्धित प्रदेश वा स्थानीय तहको आफ्नो आन्तरिक राजस्व सङ्कलनको रकम (आन्तरिक आय)बाट नै मितव्ययी रूपमा व्यवस्थापन गर्नुपर्ने, सोले नपुगेमा मात्रै सङ्घबाट प्राप्त राजस्व बाँडफाँटको रकमबाट व्यहोरी बाँकी रकम सार्वजनिक सेवा र विकास निर्माणका कार्यमा खर्च गर्नुपर्ने।

७. राजस्व बाँडफाँटबाट प्राप्त रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहभित्र न्यायोचित, सन्तुलित र पारदर्शी रूपमा खर्च गर्नुपर्ने।

८. राजस्व बाँडफाँटबाट प्राप्त रकम प्रदेश र स्थानीय तहले जनतालाई पुऱ्याउनुपर्ने सेवा, विकास निर्माणका कार्य, प्रादेशिक क्षेत्रीय असन्तुलन, गरिबी एवम् आर्थिक सामाजिक असमानताको न्यूनीकरण, बञ्चितीकरणको अन्त्य, अपाङ्गता भएकाहरूको संरक्षण, मानवीय जीवनस्तरको अभिवृद्धि, आकस्मिक कार्य र कुनै अस्थायी आवश्यकता पूरा गर्न समेत उपयोग गर्नुपर्ने।

९. समष्टिगत रूपमा राजस्व बाँडफाँटबाट प्राप्त रकमको उपयोग प्रशासनिक खर्च, सार्वजनिक सेवा प्रवाह, पूर्वाधार विकास लगायतका प्रदेश तथा स्थानीय तहको सन्तुलित र समतामूलक विकास गर्ने उद्देश्यले उनीहरूको आवश्यकताका क्षेत्रमा खर्च गर्न उपयुक्त हुने।

१०. संविधानले प्रदेश तथा स्थानीय तहलाई प्रत्याभूत गरेको क्षेत्राधिकार भित्रको स्वायत्तता र उनीहरूको प्राथमिकतालाई समेत ध्यानमा राखी राजस्व बाँडफाँटबाट प्राप्त रकम खर्च गर्नुपर्ने।

११. प्रत्येक प्रदेश तथा स्थानीय तहले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको प्रावधानबमोजिम आ-आफ्नो तर्फबाट जम्मा गर्नुपर्ने कर प्रदेश विभाज्य कोष वा स्थानीय विभाज्य कोषमा जम्मा गरी एक अर्कोलाई प्रदान गर्नुपर्ने हिस्सा उपलब्ध गराउनुपर्ने।

१२. प्रत्येक प्रदेश तथा स्थानीय तहले संविधान र ऐनले तोकेको परिधिभित्र रही कर तथा गैरकर राजस्व सङ्कलन गर्नुका साथै उपयुक्त क्षेत्रमा राजस्वको दायरा विस्तार गर्नुपर्ने। यसरी दायरा विस्तार गर्दा तहहरूबीच करमा दोहोरोपना नहुनेतर्फ ध्यान दिनुपर्ने।

१३. प्रत्येक प्रदेश तथा स्थानीय तहले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन र स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐनको कानुनी प्रावधानबमोजिम तोकिएको समयावधि भित्रै राजस्व लगायतको विवरण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग लगायत तोकिएका निकाय समक्ष पेश गर्नुपर्ने।

१४. प्रत्येक प्रदेश तथा स्थानीय तहले राजस्व र खर्चको अभिलेख व्यवस्थित रूपमा राख्नुपर्ने।

१५. प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि एवम् संवद्ध कर्मचारीले आफूले गरेको खर्चको पारदर्शिता एवम् जवाफदेहिता निर्वाह हुने व्यवस्था मिलाउनुपर्ने।

१६. राजस्व बाँडफाँटबाट प्राप्त रकमको प्रयोग यसको उद्देश्य मुताविक हुनुपर्नेमा एउटै प्रकृतिको काममा तीन तहका सरकार र विभिन्न खर्च शीर्षकबाट रकम विनियोजन गरी खर्च गरेको देखिएको अवस्थामा तीनै तहका सरकारहरूले यस पक्षमा गम्भीरतापूर्वक ध्यान दिई आवश्यक सुधार गर्नुपर्ने।

१७. प्रदेश तथा स्थानीय तहका दोहोरो राजस्व अधिकार क्षेत्रभित्र पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करको सहज कार्यान्वयनका लागि नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई आवश्यक सहजीकरण गर्नुपर्ने।

१८. प्रदेश तथा स्थानीय तहले संवैधानिक जिम्मेवारी निर्वाह गर्न आफूले परिचालन गर्ने राजस्व र प्राप्त गर्ने राजस्व पूर्वानुमानयोग्य बनाउनुपर्ने।

१९. प्रत्येक प्रदेश तथा स्थानीय तहले आफूलाई संविधान र कानुनले दिएको परिधिभित्र रही आ-आफ्नो क्षेत्रभित्र राजस्व उठाउन सक्ने कुल सम्भाव्यता पहिचान गर्दै राजस्व सङ्कलनको प्रयास गर्नुपर्ने।

२०. संविधानको धारा ६० को आशय र भावनाबमोजिम नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको संयुक्त प्रयासबाट प्रत्येक प्रदेश तथा स्थानीय तहको संविधानको अनुसूचीमा दिइएको जिम्मेवारीअनुसारको खर्चको आवश्यकता र राजस्वको क्षमता निर्धारण गर्नुपर्ने।

*द्रष्टव्यः*

- आर्थिक वर्ष २०७७/७८ का लागि संविधान र प्रचलित कानुनबमोजिम आयोगबाट तयार गरिएको राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचाबमोजिम नेपाल सरकारबाट प्रदेश तथा स्थानीय सरकारलाई उपलब्ध गराउने राजस्वको बाँडफाँटको हिस्साको सिफारिस क्रमशः तालिका ३.१ र तालिका ३.२ मा समावेश गरिएको छ।
- संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (क) र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ को उपदफा (१) बमोजिमको राजस्व बाँडफाँटका सम्बन्धमा आर्थिक वर्ष २०७७/७८ का लागि सिफारिस गरिएको माथि उल्लिखित विस्तृत आधार र ढाँचा एवम् सो बमोजिम निर्धारण गरिएको राजस्व बाँडफाँटको हिस्सा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐनको दफा १५ को उपदफा (३) र (४) बमोजिम अर्को व्यवस्था नभएसम्म सोही ऐनको दफा १५ को उपदफा (१) बमोजिम निर्धारण गरी आयोगबाट नेपाल सरकारमा सिफारिस गरिएको उल्लिखित राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा (भार) एवम् सो बमोजिम निर्धारण गरिएको राजस्व बाँडफाँटको हिस्सा सोही ऐनको दफा १५ को उपदफा (२) बमोजिम आगामी ५ वर्षको लागि मान्य हुनेछ।

**तालिका ३.१ - आर्थिक वर्ष २०७७/७८ का लागि नेपाल सरकारबाट बागमती प्रदेश सरकारले प्राप्त गर्ने राजस्व बाँडफाँटको हिस्सा**

| क्र.सं. | प्रदेशको नाम | राजस्व बाँडफाँटको हिस्सा |
|---|---|---|
| १ | बागमती प्रदेश | ०.१५८८६७७ |

**तालिका ३.२ - आर्थिक वर्ष २०७७/७८ का लागि नेपाल सरकारबाट बागमती प्रदेश भित्रका स्थानीय सरकारले प्राप्त गर्ने राजस्व बाँडफाँटको हिस्सा**

| क्र. सं. | स्थानीय तहको कोड | जिल्ला | स्थानीय तहको नाम | राजस्व बाँडफाँटको हिस्सा |
|---|---|---|---|---|
| १ | ३०१०१ | दोलखा | गौरीशंकर गाउँपालिका | ०.००१३७४० |
| २ | ३०१०२ | दोलखा | बिगु गाउँपालिका | ०.००१४१२६ |

| क्र. सं. | स्थानीय तहको कोड | जिल्ला | स्थानीय तहको नाम | राजस्व बाँडफाँटको हिस्सा |
|---|---|---|---|---|
| ३ | ३०१०३ | दोलखा | कालिन्चोक गाउँपालिका | ०.००१२२२८ |
| ४ | ३०१०४ | दोलखा | वैतेश्वर गाउँपालिका | ०.००१०४३१ |
| ५ | ३०१०५ | दोलखा | जिरी नगरपालिका | ०.००११००२ |
| ६ | ३०१०६ | दोलखा | तामाकोशी गाउँपालिका | ०.००१०३३० |
| ७ | ३०१०७ | दोलखा | मेलुङ्ग गाउँपालिका | ०.००१०८०० |
| ८ | ३०१०८ | दोलखा | शैलुङ गाउँपालिका | ०.००११३०४ |
| ९ | ३०१०९ | दोलखा | भिमेश्वर नगरपालिका | ०.००१३८०७ |
| १० | ३०२०१ | सिन्धुपाल्चोक | भोटेकोशी गाउँपालिका | ०.००११३३८ |
| ११ | ३०२०२ | सिन्धुपाल्चोक | जुगल गाउँपालिका | ०.००१४२१० |
| १२ | ३०२०३ | सिन्धुपाल्चोक | पाँचपोखरी थाङपाल गाउँपालिका | ०.००१३८४१ |
| १३ | ३०२०४ | सिन्धुपाल्चोक | हेलम्बु गाउँपालिका | ०.००१२०४३ |
| १४ | ३०२०५ | सिन्धुपाल्चोक | मेलम्ची नगरपालिका | ०.००१६४९४ |
| १५ | ३०२०६ | सिन्धुपाल्चोक | इन्द्रावती गाउँपालिका | ०.००१२८५० |
| १६ | ३०२०७ | सिन्धुपाल्चोक | चौतारा साँगाचोकगढी नगरपालिका | ०.००१६८८१ |
| १७ | ३०२०८ | सिन्धुपाल्चोक | बलेफी गाउँपालिका | ०.०००९७०९ |
| १८ | ३०२०९ | सिन्धुपाल्चोक | बाह्रबिसे नगरपालिका | ०.००१२७८२ |
| १९ | ३०२१० | सिन्धुपाल्चोक | त्रिपूरासुन्दरी गाउँपालिका | ०.०००८८६९ |
| २० | ३०२११ | सिन्धुपाल्चोक | लिसंखु पाखर गाउँपालिका | ०.०००९२८९ |
| २१ | ३०२१२ | सिन्धुपाल्चोक | सुनकोशी गाउँपालिका | ०.०००९४९० |
| २२ | ३०३०१ | रसुवा | गोसाइकुण्ड गाउँपालिका | ०.०००९७७६ |
| २३ | ३०३०२ | रसुवा | आमाछोदिङमो गाउँपालिका | ०.०००७१८९ |
| २४ | ३०३०३ | रसुवा | उत्तरगया गाउँपालिका | ०.०००७५०८ |
| २५ | ३०३०४ | रसुवा | कालिका गाउँपालिका | ०.०००६७५२ |
| २६ | ३०३०५ | रसुवा | नौकुण्ड गाउँपालिका | ०.०००९०३७ |
| २७ | ३०४०१ | धादिङ | रुबी भ्याली गाउँपालिका | ०.००१००२८ |
| २८ | ३०४०२ | धादिङ | खनियाबास गाउँपालिका | ०.०००९२७२ |
| २९ | ३०४०३ | धादिङ | गंङ्गा जमुना गाउँपालिका | ०.००११८०८ |
| ३० | ३०४०४ | धादिङ | त्रिपूरासुन्दरी गाउँपालिका | ०.००११०१९ |
| ३१ | ३०४०५ | धादिङ | नेत्रावती डबजोङ गाउँपालिका | ०.०००८३८२ |
| ३२ | ३०४०६ | धादिङ | नीलकण्ठ नगरपालिका | ०.००१९२३२ |
| ३३ | ३०४०७ | धादिङ | ज्वालामुखी गाउँपालिका | ०.००११९७६ |
| ३४ | ३०४०८ | धादिङ | सिद्धलेक गाउँपालिका | ०.००११७४१ |
| ३५ | ३०४०९ | धादिङ | बेनीघाट रोराङ्ग गाउँपालिका | ०.००१४९१६ |
| ३६ | ३०४१० | धादिङ | गजुरी गाउँपालिका | ०.००१३११८ |
| ३७ | ३०४११ | धादिङ | गल्छी गाउँपालिका | ०.००१२३२९ |
| ३८ | ३०४१२ | धादिङ | थाक्रे गाउँपालिका | ०.००१३१५२ |
| ३९ | ३०४१३ | धादिङ | धुनीबेंशी नगरपालिका | ०.००१२५१४ |
| ४० | ३०५०१ | नुवाकोट | दुप्चेश्वर गाउँपालिका | ०.००११८४२ |
| ४१ | ३०५०२ | नुवाकोट | तादी गाउँपालिका | ०.०००९५२४ |
| ४२ | ३०५०३ | नुवाकोट | सूर्यगढी गाउँपालिका | ०.०००८९०२ |
| ४३ | ३०५०४ | नुवाकोट | विदुर नगरपालिका | ०.००१६७६३ |
| ४४ | ३०५०५ | नुवाकोट | किस्पाङ्ग गाउँपालिका | ०.०००९०८७ |
| ४५ | ३०५०६ | नुवाकोट | म्यगङ गाउँपालिका | ०.०००८८५२ |
| ४६ | ३०५०७ | नुवाकोट | तारकेश्वर गाउँपालिका | ०.०००९२२१ |

| क्र. सं. | स्थानीय तहको कोड | जिल्ला | स्थानीय तहको नाम | राजस्व बाँडफाँटको हिस्सा |
|---|---|---|---|---|
| ४७ | ३०५०८ | नुवाकोट | बेलकोटगढी नगरपालिका | ०.००१५५७१ |
| ४८ | ३०५०९ | नुवाकोट | लिखु गाउँपालिका | ०.०००८५३३ |
| ४९ | ३०५१० | नुवाकोट | पन्चकन्या गाउँपालिका | ०.०००८५८३ |
| ५० | ३०५११ | नुवाकोट | शिवपुरी गाउँपालिका | ०.००१०७६७ |
| ५१ | ३०५१२ | नुवाकोट | ककनी गाउँपालिका | ०.००११४५५ |
| ५२ | ३०६०१ | काठमाडौं | शंङ्खरापुर नगरपालिका | ०.००१०४६४ |
| ५३ | ३०६०२ | काठमाडौं | कागेश्वरी मनहरा नगरपालिका | ०.००१३०८५ |
| ५४ | ३०६०३ | काठमाडौं | गोकर्णेश्वर नगरपालिका | ०.००१९०८१ |
| ५५ | ३०६०४ | काठमाडौं | बुढानिलकण्ठ नगरपालिका | ०.००१७६७० |
| ५६ | ३०६०५ | काठमाडौं | टोखा नगरपालिका | ०.००१५१३४ |
| ५७ | ३०६०६ | काठमाडौं | तारकेश्वर नगरपालिका | ०.००१५४७० |
| ५८ | ३०६०७ | काठमाडौं | नागार्जुन नगरपालिका | ०.००१३७५७ |
| ५९ | ३०६०८ | काठमाडौं | काठमाडौं महानगरपालिका | ०.००४९०३० |
| ६० | ३०६०९ | काठमाडौं | कीर्तिपुर नगरपालिका | ०.००११७०७ |
| ६१ | ३०६१० | काठमाडौं | चन्द्रागिरी नगरपालिका | ०.००१६४२७ |
| ६२ | ३०६११ | काठमाडौं | दक्षिणकाली नगरपालिका | ०.०००९७५९ |
| ६३ | ३०७०१ | भक्तपुर | चाँगुनारायण नगरपालिका | ०.००१४५२९ |
| ६४ | ३०७०२ | भक्तपुर | भक्तपुर नगरपालिका | ०.००१२१४४ |
| ६५ | ३०७०३ | भक्तपुर | मध्यपुर थिमी नगरपालिका | ०.००१२९३४ |
| ६६ | ३०७०४ | भक्तपुर | सूर्यविनायक नगरपालिका | ०.००१५५२० |
| ६७ | ३०८०१ | ललितपुर | महालक्ष्मी नगरपालिका | ०.००१२९८४ |
| ६८ | ३०८०२ | ललितपुर | ललितपुर महानगरपालिका | ०.००२७६३१ |
| ६९ | ३०८०३ | ललितपुर | गोदावरी नगरपालिका | ०.००१७९५६ |
| ७० | ३०८०४ | ललितपुर | कोन्ज्योसोम गाउँपालिका | ०.०००६७५२ |
| ७१ | ३०८०५ | ललितपुर | महाङ्काल गाउँपालिका | ०.०००७३७४ |
| ७२ | ३०८०६ | ललितपुर | बाग्मती गाउँपालिका | ०.०००८९१९ |
| ७३ | ३०९०१ | काभ्रेपलाञ्चोक | चौरीदेउराली गाउँपालिका | ०.००१०९८५ |
| ७४ | ३०९०२ | काभ्रेपलाञ्चोक | भुम्लु गाउँपालिका | ०.००१०१६२ |
| ७५ | ३०९०३ | काभ्रेपलाञ्चोक | मण्डन देउपुर नगरपालिका | ०.००१२७६६ |
| ७६ | ३०९०४ | काभ्रेपलाञ्चोक | बनेपा नगरपालिका | ०.००१४४१२ |
| ७७ | ३०९०५ | काभ्रेपलाञ्चोक | धुलिखेल नगरपालिका | ०.००११५९० |
| ७८ | ३०९०६ | काभ्रेपलाञ्चोक | पाँचखाल नगरपालिका | ०.००१३७५७ |
| ७९ | ३०९०७ | काभ्रेपलाञ्चोक | तेमाल गाउँपालिका | ०.००१११२० |
| ८० | ३०९०८ | काभ्रेपलाञ्चोक | नमोबुद्ध नगरपालिका | ०.००१२४६३ |
| ८१ | ३०९०९ | काभ्रेपलाञ्चोक | पनौती नगरपालिका | ०.००१५१३४ |
| ८२ | ३०९१० | काभ्रेपलाञ्चोक | बेथानचोक गाउँपालिका | ०.०००९७०९ |
| ८३ | ३०९११ | काभ्रेपलाञ्चोक | रोशी गाउँपालिका | ०.००१३७४० |
| ८४ | ३०९१२ | काभ्रेपलाञ्चोक | महाभारत गाउँपालिका | ०.००११९०९ |
| ८५ | ३०९१३ | काभ्रेपलाञ्चोक | खानीखोला गाउँपालिका | ०.००१००९५ |
| ८६ | ३१००१ | रामेछाप | उमाकुण्ड गाउँपालिका | ०.००१२८३३ |
| ८७ | ३१००२ | रामेछाप | गोकुलगङ्गा गाउँपालिका | ०.००११९०९ |
| ८८ | ३१००३ | रामेछाप | लिखु तामाकोसी गाउँपालिका | ०.००११९९३ |
| ८९ | ३१००४ | रामेछाप | रामेछाप नगरपालिका | ०.००१४२९४ |
| ९० | ३१००५ | रामेछाप | मन्थली नगरपालिका | ०.००१७३३४ |

| क्र. सं. | स्थानीय तहको कोड | जिल्ला | स्थानीय तहको नाम | राजस्व बाँडफाँटको हिस्सा |
|---|---|---|---|---|
| ९१ | ३१००६ | रामेछाप | खाँडादेवी गाउँपालिका | ०.००१२८३३ |
| ९२ | ३१००७ | रामेछाप | दोरम्बा गाउँपालिका | ०.००१२१६१ |
| ९३ | ३१००८ | रामेछाप | सुनापती गाउँपालिका | ०.०००९९२७ |
| ९४ | ३११०१ | सिन्धुली | दुधौली नगरपालिका | ०.००२२६०९ |
| ९५ | ३११०२ | सिन्धुली | फिक्कल गाउँपालिका | ०.००११४३९ |
| ९६ | ३११०३ | सिन्धुली | तीनपाटन गाउँपालिका | ०.००१६६१२ |
| ९७ | ३११०४ | सिन्धुली | गोलन्जोर गाउँपालिका | ०.००११९२६ |
| ९८ | ३११०५ | सिन्धुली | कमलामाई नगरपालिका | ०.००२२८९४ |
| ९९ | ३११०६ | सिन्धुली | सुनकोशी गाउँपालिका | ०.००११९०९ |
| १०० | ३११०७ | सिन्धुली | घ्याङलेख गाउँपालिका | ०.००१०३४७ |
| १०१ | ३११०८ | सिन्धुली | मरिण गाउँपालिका | ०.००१५२३५ |
| १०२ | ३११०९ | सिन्धुली | हरिहरपुरगढी गाउँपालिका | ०.००१५७५५ |
| १०३ | ३१२०१ | मकवानपुर | इन्द्रसरोवर गाउँपालिका | ०.०००८८५२ |
| १०४ | ३१२०२ | मकवानपुर | थाहा नगरपालिका | ०.००१६१९२ |
| १०५ | ३१२०३ | मकवानपुर | कैलाश गाउँपालिका | ०.००१३६०५ |
| १०६ | ३१२०४ | मकवानपुर | राक्सिराङ्ग गाउँपालिका | ०.००१४३११ |
| १०७ | ३१२०५ | मकवानपुर | मनहरी गाउँपालिका | ०.००१५७८९ |
| १०८ | ३१२०६ | मकवानपुर | हेटौडा उपमहानगरपालिका | ०.००२९६३० |
| १०९ | ३१२०७ | मकवानपुर | भिमफेदी गाउँपालिका | ०.००१३१३५ |
| ११० | ३१२०८ | मकवानपुर | मकवानपुरगढी गाउँपालिका | ०.००१२६३१ |
| १११ | ३१२०९ | मकवानपुर | बकैया गाउँपालिका | ०.००१८३७६ |
| ११२ | ३१२१० | मकवानपुर | बाग्मती गाउँपालिका | ०.००१५७०५ |
| ११३ | ३१३०१ | चितवन | राप्ती नगरपालिका | ०.००१८९९७ |
| ११४ | ३१३०२ | चितवन | कालिका नगरपालिका | ०.००१५५७१ |
| ११५ | ३१३०३ | चितवन | इच्छाकामना गाउँपालिका | ०.००१२८८३ |
| ११६ | ३१३०४ | चितवन | भरतपुर महानगरपालिका | ०.००४१८९१ |
| ११७ | ३१३०५ | चितवन | रत्ननगर नगरपालिका | ०.००१६४९४ |
| ११८ | ३१३०६ | चितवन | खैरहनी नगरपालिका | ०.००१५५३७ |
| ११९ | ३१३०७ | चितवन | माडी नगरपालिका | ०.००१५६०४ |

## ३.२ वित्तीय समानीकरण अनुदान सम्बन्धी सिफारिस

### ३.२.१ सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस

सिफारिस मितिः २०७८/११/२७

### क. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने संवैधानिक व्यवस्था रहेको छ। तीन तहका सङ्घीय इकाइहरू बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहेको छ। नेपालको संविधानमा तीनै तहका सरकारका कार्य जिम्मेवारी र राजस्व अधिकारसहित राज्यशक्तिको बाँडफाँट गरिएको छ।

नेपालको संविधानको अनुसूचिमा उल्लिखित तहगत सरकारको अधिकारको विश्लेषण गर्दा प्रदेश तथा स्थानीय तहमा खर्च जिम्मेवारीको अनुपातमा राजस्व परिचालन गर्ने अधिकार न्यून रहेको छ भने संघ सरकारमा राजस्व परिचालनको अधिकार अधिक रहेको देखिन्छ। यसले खर्च र राजस्वका अधिकार हस्तान्तरण बीचमा बेमेल रहेको देखाउँछ। यस्तो परिस्थितिमा प्रदेश तथा स्थानीय सरकारहरूको खर्च आवश्यकता र राजस्व क्षमता बीचको वित्तीय अन्तरलाई न्यूनीकरण गर्न सङ्घ सरकारले प्रदेश तथा स्थानीय तहलाई अनुदान दिने अभ्यास रहेको हुन्छ। त्यसैगरी समान तहका सरकारहरू बीचमा रहने भौगोलिक तथा जनसाङ्ख्यिक विविधता र आर्थिक, सामाजिक तथा भौतिक विकासको असमान अवस्थाले पनि उनीहरूको खर्चको आवश्यकता र राजस्व परिचालन क्षमता बीचमा असमानता रहन्छ। त्यस्तो असमानतालाई न्यूनीकरण गर्दै उपलब्ध स्रोत र साधनको समन्यायिक वितरणलाई सुनिश्चित गर्न स्वतन्त्र संवैधानिक निकायको सिफारिसमा सङ्घ सरकारले प्रदेश तथा स्थानीय तहलाई अनुदान उपलब्ध गराउने व्यवस्था संविधान तथा कानूनद्वारा सुनिश्चित गरिएको हुन्छ।

नेपालको सन्दर्भमा पनि सङ्घीय सञ्चित कोषबाट नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। साथै, त्यस्तो अनुदान तय गरी सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था नेपालको संविधान र अन्य प्रचलित ऐनहरू समेतमा गरिएको छ। यसै व्यवस्थालाई कार्यान्वयन गर्ने क्रममा विगतका वर्षहरूमा जस्तै आगामी आ.व. २०७९/८० का लागि पनि नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदानको परिमाण (रकम) यस आयोगबाट निर्धारण गरी नेपाल सरकारसमक्ष सिफारिस गरिएको छ।

### ख. कानूनी व्यवस्था

#### i. नेपालको संविधान

नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदान सम्बन्धमा नेपालको संविधानमा देहायका व्यवस्थाहरू रहेका छन्:

- संविधानको धारा ६० को उपधारा (३) - प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ।
- संविधानको धारा ६० को उपधारा (४) - नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ।

- संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ख) - सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुनेछ।

**ii. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई प्रचलित कानून बमोजिम उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्दा आयोगले देहायका आधार लिई सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छः

(क) प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क,

(ख) अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था,

(ग) प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था,

(घ) प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता,

(ङ) प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा,

(च) प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,

(छ) प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता।

सोही ऐनको दफा १६ को उपदफा (३) मा आयोगले उपदफा (१) बमोजिम वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रत्येक प्रदेश र स्थानीय तहले प्राप्त गर्ने न्यूनतम अनुदान र उपदफा (१) बमोजिमका आधारहरू बमोजिम प्रत्येक प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा ३ को उपदफा (२) मा आयोगले संविधान तथा यस ऐन बमोजिम सुझाव वा सिफारिस दिँदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय तहको कार्य सम्पादनलाई समेत आधार लिने व्यवस्था रहेको छ।

**iii. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ को उपदफा (१) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा १८ को उपदफा (२) मा नेपाल सरकारले आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको फागुन मसान्तभित्र दफा ६ बमोजिमको राजस्व बाँडफाँट र दफा ८ बमोजिमको वित्तीय समानीकरण अनुदान बापत आगामी आर्थिक वर्षमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अनुमानित स्रोतको विवरण प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा २८ मा यस ऐन वा प्रचलित कानूनबमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ।

## ग. वित्तीय समानीकरण अनुदान सिफारिसमा तथ्याङ्कको स्रोत

आगामी आर्थिक वर्ष २०७९/८० का लागि वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा विभिन्न स्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ, जसको विवरण यसप्रकार रहेको छः

| क्र.सं. | सूचक | स्रोत |
|---|---|---|
| १. | जनसङ्ख्या | • राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग |
| २. | क्षेत्रफल (भूगोल) | • नापी विभाग |
| ३. | मानव विकास सूचकाङ्क | • नेपाल मानव विकास प्रतिवेदन २०२०, राष्ट्रिय योजना आयोग |
| ४. | प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक असमानता सूचकाङ्क | • राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७६) |
| ५. | पूर्वाधार विकास<br>सडकको घनत्व (सडकमा पहुँच),<br>विद्युतको सुविधा (विद्युतमा पहुँच),<br>सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच),<br>खानेपानीको सुविधा (खानेपानीमा पहुँच),<br>सरसफाइ (शौचालयको उपलब्धता) | • राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग,<br>• सडक विभाग, शहरी विकास तथा भवन निर्माण विभाग र स्थानीय पूर्वाधार विभाग,<br>• नेपाल विद्युत प्राधिकरण,<br>• खानेपानी मन्त्रालय |
| ६. | राजस्वको अवस्था | • राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन,<br>• महालेखा नियन्त्रक कार्यालय,<br>• प्रदेश तथा स्थानीय तह |
| ७. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | • राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७५) |
| ८. | कार्यसम्पादन मूल्याङ्कन सूचक | • महालेखा परीक्षकको कार्यालय,<br>• अर्थ मन्त्रालय,<br>• सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,<br>• वन तथा वातावरण मन्त्रालय,<br>• शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,<br>• महालेखा नियन्त्रक कार्यालय,<br>• राष्ट्रिय परीक्षा बोर्ड,<br>• प्रदेश तथा स्थानीय तह। |

## घ. वित्तीय समानीकरण अनुदान सिफारिस गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या एवम् विश्लेषण

### i. न्यूनतम वित्तीय समानीकरण अनुदान

आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदान कुल वित्तीय समानीकरण अनुदानको क्रमशः २५ प्रतिशत र २६.४ प्रतिशत हुने गरी सिफारिस गरिएको छ। यसरी न्यूनतम वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेशका हकमा जनसङ्ख्या र क्षेत्रफललाई ५०/५० प्रतिशत भार दिई प्रत्येक प्रदेशले प्राप्त गर्ने न्यूनतम अनुदानको हिस्सा निर्धारण गरिएको छ। त्यसैगरी स्थानीय तहको हकमा न्यूनतम अनुदान सिफारिस गर्दा जनसङ्ख्यालाई मुख्य आधार लिईएको छ। प्रत्येक स्थानीय तहलाई न्यूनतम अनुदान सिफारिस गर्दा १० हजारभन्दा कम जनसङ्ख्या भएका स्थानीय तहलाई कम्तीमा रू. २ करोड ७५ लाखमा नघट्ने गरी सो रकमको सीमालाई न्यूनतम आधार मानी तत्पश्चात् जनसङ्ख्यालाई मुख्य आधार लिई स्थानीय तहको वर्गीकरण समेतका आधारमा सिफारिस गरिएको छ। यसरी प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदान क्रमश: रू.१५ अर्ब ३५ करोड ८० लाख र रू.२६ अर्ब ४५ करोड २५ लाख समेत जम्मा रू.४१ अर्ब ८१ करोड ५ लाख

न्यूनतम वित्तीय समानीकरण अनुदानको रुपमा सिफारिस गरिएको छ। जसअनुसार बागमती प्रदेश सरकारले रु. २ अर्ब ७४ करोड ३६ लाख र प्रदेश भित्रका स्थानीय सरकारले देहाय बमोजिम प्राप्त गर्नेगरी न्यूनतम वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको छ।

**अ. न्यूनतम वित्तीय समानीकरण अनुदान (स्थानीय तहतर्फ)**

| क्र. सं. | सम्बद्ध स्थानीय सरकारको जनसङ्ख्या | जम्मा स्थानीय सरकारको सङ्ख्या | बागमती प्रदेश भित्रका स्थानीय सरकारको सङ्ख्या | न्यूनतम अनुदान (रू. लाखमा) | जम्मा (रू. लाखमा) |
|---|---|---|---|---|---|
| १ | १०,००० भन्दा कम | ४६ | ७ | २७५ | १९२५ |
| २ | १०,००० देखि २०,००० सम्म | १९१ | ३४ | ३०० | १०२०० |
| ३ | २०,००० देखि ३०,००० सम्म | २०६ | ३३ | ३२५ | १०७२५ |
| ४ | ३०,००० देखि ४०,००० सम्म | १२० | १२ | ३५० | ४२०० |
| ५ | ४०,००० देखि ५०,००० सम्म | ७३ | ७ | ३७५ | २६२५ |
| ६ | ५०,००० देखि ६०,००० सम्म | ४३ | ६ | ४०० | २४०० |
| ७ | ६०,००० देखि ७०,००० सम्म | २६ | ६ | ४२५ | २५५० |
| ८ | ७०,००० देखि ८०,००० सम्म | १४ | २ | ४५० | ९०० |
| ९ | ८०,००० देखि ९०,००० सम्म | ९ | ५ | ४७५ | २३७५ |
| १० | ९०,००० देखि १,००,००० सम्म | १ | ० | ५०० | ० |
| ११ | १,००,००० देखि १,१५,००० सम्म | ७ | ३ | ५२५ | १५७५ |
| १२ | १,१५,००० देखि १,४०,०००सम्म | २ | ० | ७७५ | ० |
| १३ | १,४०,००० देखि १,५०,००० सम्म | ६ | ० | ८२५ | ० |
| १४ | १,५०,००० देखि २,००,००० सम्म | ३ | १ | ८७५ | ८७५ |
| १५ | २,००,००० देखि ३,००,०००सम्म | ४ | २ | १००० | २००० |
| १६ | ३,००,००० देखि ५,००,००० सम्म | १ | ० | १०२५ | ० |
| १७ | ५,००,००० भन्दा बढी | १ | १ | ११२५ | ११२५ |
|  | **जम्मा न्यूनतम अनुदान** | **७५३** | **११९** |  | **४३४७५** |

**ii. सूत्रमा आधारित वित्तीय समानीकरण अनुदान**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) मा वित्तीय समानीकरण अनुदानको सिफारिसका लागि उल्लेख गरिएका आधारहरूलाई मानव विकास सूचकाङ्क, आर्थिक सामाजिक असमानता, पूर्वाधारको अवस्था, राजस्वको अवस्था र खर्चको आवश्यकता तथा राजस्व उठाउन सक्ने क्षमता गरी ५ वटा शीर्षकमा समेटी मूल्याङ्कन गरिएको छ। यसरी प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने सूत्रमा आधारित वित्तीय समानीकरण अनुदानको रकम क्रमशः रू. ४३ अर्ब ७७ करोड ३ लाख र रू.७० अर्ब ८ करोड ९९ लाख गरी कुल रू. १ खर्ब १३ अर्ब ८६ करोड २ लाख रहेको छ।

आगामी आर्थिक वर्ष २०७९/८० का लागि नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने वित्तीय समानीकरण अनुदान रकम यस आयोगबाट देहायका विस्तृत आधार र ढाँचामा निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरिएको छ।

| क्र.सं. | सूचक/उपसूचक | उपसूचकको भार | सूचकको भार |
|---|---|---|---|
| १. | मानव विकास सूचकाङ्क | | १० % |
| २. | आर्थिक सामाजिक असमानता | | ५ % |
| ३. | पूर्वाधार विकासको अवस्था<br>• सडकको घनत्व (सडकमा पहुँच),<br>• विद्युतको सुविधा (विद्युतमा पहुँच),<br>• सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच),<br>• खानेपानीको सुविधा (खानेपानीमा पहुँच),<br>• सरसफाइ (शौचालयको उपलब्धता) | <br>६० %<br>१० %<br>१० %<br>१० %<br>१० % | १० % |
| ४. | राजस्वको अवस्था | | ५ % |
| ५. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | | ७० % |
| | **जम्मा** | | **१०० %** |

**अ. मानव विकास सूचकाङ्क**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) मा वित्तीय समानीकरण अनुदानको एउटा आधारको रुपमा प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य जस्ता मानव विकास सूचकाङ्कलाई लिनुपर्ने उल्लेख छ। यस प्रयोजनका लागि सन् २०२० मा प्रकाशित नेपाल मानव विकास प्रतिवेदनको तथ्याङ्कलाई यस सूचकमा प्रयोग गरिएको छ। सो प्रतिवेदनले राष्ट्रिय तहको अतिरिक्त प्रदेश तहसम्मको मानव विकास सूचकाङ्क प्रकाशन गरेको भए तापनि स्थानीय तहगत रूपमा त्यस्तो सूचकाङ्क उल्लेख गरिएको छैन। ऐनको व्यवस्था कार्यान्वयन गर्ने क्रममा स्थानीय तहगत रूपमा नै मानव विकास सूचकाङ्क आवश्यक पर्ने हुँदा सो प्रतिवेदनमा उपलब्ध प्रादेशिक, भौगोलिक तथा शहरी र ग्रामीण सूचकाङ्क समेतलाई आधार बनाएर आयोगले सबै स्थानीय तहको मानव विकासको प्रतिविम्बित (Indicative) सूचकाङ्क विकास गरी अनुदान सिफारिसको प्रयोजनार्थ प्रयोगमा ल्याइएको छ। मानव विकास सूचकाङ्कले प्रदेश तथा स्थानीय तहमा बसोबास गर्ने मानिसको शिक्षा, स्वास्थ्य र आयको मापन गर्दछ। जुन प्रदेश तथा स्थानीय तहको मानव विकास सूचकाङ्क कम छ, त्यस प्रदेश तथा स्थानीय तहले आफ्नो क्षेत्रका जनताको जीवनस्तर उकास्नका लागि अतिरिक्त प्रयास गर्नुपर्ने हुन्छ, सोका लागि स्वभाविक रुपमा अतिरिक्त खर्चको आवश्यकता हुन्छ। यसै प्रयोजनका लागि कुल भार मध्ये मानव विकास सूचकाङ्कलाई १० प्रतिशत भार दिइएको छ।

**आ. आर्थिक सामाजिक असमानता**

आर्थिक सामाजिक असमानता सूचकाङ्क सम्बन्धमा प्रदेश र स्थानीय तहमा रहेको आर्थिक, सामाजिक असमानता मापन गर्नका लागि आर्थिक, सामाजिक र जलवायु परिवर्तन जोखिम तथा विपद् क्षेत्रका ६ वटा आयामहरूका २९ वटा उप-सूचकहरूका आधारमा आर्थिक, सामाजिक असमानता सूचकाङ्क निर्माण गरिएको छ। आर्थिक सामाजिक असमानताको अवस्था उच्च रहेका प्रदेश तथा स्थानीय तहले विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यमा प्रभावकारिता ल्याउन थप खर्च गर्नुपर्ने हुन्छ। यसै प्रयोजनका लागि आर्थिक सामाजिक असमानता सूचकाङ्कलाई ५ प्रतिशत भार दिइएको छ।

**इ. पूर्वाधार विकास**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) को देहाय (घ) अनुसार वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकतालाई आधार लिनुपर्ने व्यवस्था रहेको छ। प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्थाले सो प्रदेश तथा स्थानीय तहको विकासको अवस्था निर्धारण गर्ने आधार दिन्छ। पूर्वाधार विकासको अवस्था कमजोर भएका प्रदेश तथा स्थानीय तहले

जनतालाई संविधानले मार्गदर्शन गरे अनुसारका सेवा सुविधा प्रदान गर्न अतिरिक्त खर्च गर्नुपर्ने हुन्छ, जसले गर्दा सेवाको लागत वृद्धि गराउँदछ। आयोगले प्रदेश तथा स्थानीय तहमा उपलब्ध सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाइको पहुँच तथा उपलब्धतालाई आधार मानी पूर्वाधार सूचकाङ्क तयार गरेको छ र यसलाई १० प्रतिशत भार प्रदान गरेको छ। पूर्वाधार विकास अन्तर्गत सडक घनत्व, विद्युत सुविधा, सूचना प्रविधि सुविधा, खानेपानी सुविधा र सरसफाइलाई उपसूचकको रुपमा लिइएको छ।

- सडकको घनत्व (सडकमा पहुँच): सडक सञ्जालको पहुँचले प्रदेश वा स्थानीय तहको विकासलाई प्रभावित गर्नुका साथै उनीहरूले प्रवाह गर्नुपर्ने सेवा प्रवाहको लागतमा असर पार्दछ। सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउन र आम सर्वसाधारण जनतालाई सुगम तथा सहज ढङ्गले सेवा प्रवाह गर्नका लागि पनि सडकको भूमिका महत्वपूर्ण हुन्छ। अतः पूर्वाधार विकासलाई दिइएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट ६० प्रतिशत भार प्रदेश तथा स्थानीय तहको सडक घनत्वलाई दिइएको छ।

- विद्युतको सुविधा (विद्युतमा पहुँच): विकासको एउटा आवश्यकताको रुपमा लिइने विद्युतको सुविधाले प्रदेश तथा स्थानीय तहको आर्थिक विकासमा बहु-आयामिक भूमिका खेल्दछ। जुन प्रदेश तथा स्थानीय तहमा विद्युत सुविधाको पहुँच कमजोर रहेको छ, उसका लागि थप आर्थिक व्ययभार आवश्यक पर्दछ। यसै परिप्रेक्ष्यमा प्रदेश तथा स्थानीय तहको विद्युत सुविधाको अवस्थालाई उपसूचकका रुपमा लिई पूर्वाधार विकासलाई दिइएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार विद्युत सुविधाको पहुँचलाई दिइएको छ।

- सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच): जुन प्रदेश तथा स्थानीय तहको सूचना प्रविधिको पहुँचको अवस्था कमजोर छ, त्यस्ता प्रदेश तथा स्थानीय तहले सूचना प्रविधिको पहुँच स्तर माथि उकास्न यथोचित लगानी गर्नुपर्ने हुन्छ। यसले प्रदेश तथा स्थानीय तहको आर्थिक व्ययभार बढाउने गर्दछ। यसै पक्षलाई ख्याल गर्दै पूर्वाधार विकासका लागि तोकिएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार सूचना प्रविधिको पहुँचलाई दिइएको छ।

- खानेपानीको सुविधा (खानेपानीमा पहुँच): संविधानले परिकल्पना गरे अनुसारको लोक कल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्न अन्य कुराका अतिरिक्त प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउनुपर्ने हुन्छ। प्रदेश तथा स्थानीय तहमा खानेपानी सुविधाको पहुँच बढाउन थप आर्थिक स्रोतको आवश्यकता पर्दछ। अतः यसै पक्षलाई ख्याल राख्दै पूर्वाधार विकास अन्तर्गतको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार खानेपानी सुविधा उपसूचकलाई प्रदान गरिएको छ।

- सरसफाइ (शौचालयको उपलब्धता): नेपालको संविधानले नै प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। सरसफाइको अवस्था कमजोर रहेको प्रदेश तथा स्थानीय तहले सो सुविधा वृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ। प्रदेश तथा स्थानीय तहमा हाल रहेका शौचालयहरूको उपलब्धतालाई सरसफाइ सूचक मानी पूर्वाधार विकास अन्तर्गतको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार सरसफाइ (शौचालयको उपलब्धता) उपसूचकलाई प्रदान गरिएको छ।

यस प्रकार पूर्वाधार विकास सम्बन्धी उल्लिखित सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाइ सम्बन्धी सूचक राम्रो भएका स्थानमा कम लगानी र त्यस्ता सूचकहरूको उपलब्धता न्यून भएको स्थानमा बढी लगानी गर्ने गरी आयोगले वित्तीय समानीकरण अनुदान सिफारिस गरेको छ।

### ई. राजस्वको अवस्था

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) को देहाय (च) अनुसार वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमतालाई आधार लिनुपर्ने व्यवस्था रहेको छ। यस सूचकका लागि आयोगले प्रत्येक प्रदेश तथा स्थानीय तहले राजस्व सङ्कलनमा गरेका प्रयासहरू र उनीहरूले उठाएको राजस्वको अवस्थाको तथ्याङ्क विश्लेषण गर्दा प्रायः सबै प्रदेश तथा स्थानीय तहहरूले राजस्व सङ्कलन गरेको र राजस्व सङ्कलन गर्ने थप प्रयास समेत गरेको देखिएकोले सबै प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने प्रयोजनार्थ राजस्वको अवस्था सूचकका लागि समान अङ्कभार प्रदान गरिएको छ।

### उ. खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता

नेपालको संविधानको धारा ६० को उपधारा (४) ले नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ भन्ने व्यवस्था गरेको छ। त्यसैगरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) को देहाय (च) र (छ) अनुसार वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहको राजस्व उठाउन सक्ने क्षमता र खर्चको आवश्यकतालाई आधार लिनुपर्ने व्यवस्था रहेको छ। संवैधानिक तथा कानूनी व्यवस्थाअनुसार आयोगले वित्तीय समानीकरण अनुदानको सिफारिस गर्दा प्रत्येक प्रदेश तथा प्रत्येक स्थानीय तहको खर्चको आवश्यकताका अतिरिक्त राजस्वको क्षमता निर्धारण गरी वित्तीय अन्तर (Fiscal Gap) पत्ता लगाउनुपर्ने हुन्छ। खर्चको आवश्यकता आँकलन गर्नका निमित्त संविधानको अनुसूचीमा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकार बमोजिमका कार्य जिम्मेवारीको थप स्पष्टता हुनुपर्ने, कार्यजिम्मेवारी अनुरुपको कार्यसम्पादनका लागि प्रत्येक तहले सम्पादन गर्नुपर्ने अलग-अलग कार्यको स्पष्ट किटानी हुनुपर्ने, साथै प्रत्येक कामको न्यूनतम राष्ट्रिय मापदण्ड र राष्ट्रिय तथा उपराष्ट्रिय लक्ष्य तय हुनुपर्ने हुन्छ। तोकिएको मापदण्ड र लक्ष्य बमोजिमको कार्य सम्पादन गर्नका लागि उक्त कामको प्रति इकाइ लागत निकाली कुल लागत निर्धारण गर्नुपर्ने हुन्छ। हाल प्रदेश तथा स्थानीय तहले सम्पादन गर्नुपर्ने कतिपय कार्यको आधारभूत मापदण्ड तथा तहगत लक्ष्य निर्धारण भई नसकेको अवस्थामा खर्चको आवश्यकताको यथार्थ आँकलन गर्ने कार्य कठिन देखिन्छ। त्यसैगरी राजस्व उठाउन सक्ने क्षमताको आँकलन गर्दा प्रत्येक प्रदेश र प्रत्येक स्थानीय तहको राजस्व अधिकार, राजस्वको सम्भाव्य दायरा र दर तथा राजस्व उठाउँदा हुने लाभ-लागत अनुपात र भैरहेको राजस्व सङ्कलनको कुल आकार समेतको विश्लेषण गर्नुपर्ने हुन्छ। तर सङ्घीयता कार्यान्वयनको छोटो अवधिमा यस सम्बन्धी विस्तृत तथ्याङ्कहरू उपलब्ध भई नसकेको अवस्थामा यथार्थ राजस्व असुलीको सम्भाव्यता यकिन गर्नु पनि उत्तिकै चुनौतीपूर्ण रहेको छ। यी सबै सीमाहरूका बीचबाट आयोगले निश्चित सूचक र विश्लेषणका आधारमा प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आँकलन सम्बन्धी अध्ययन कार्य गरेको छ र आगामी दिनमा उक्त अध्ययनलाई अद्यावधिक गर्दै लगिने छ। आगामी आर्थिक वर्ष २०७९/८० को लागि वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा आयोगले गरेको अध्ययनबाट देखिएको प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमता बीचको वित्तीय अन्तरको सूचकलाई ७० प्रतिशत भार दिइएको छ।

### iii. कार्य सम्पादन मूल्याङ्कनका आधारमा वित्तीय समानीकरण अनुदान

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (२) को व्यवस्थाबमोजिम आर्थिक वर्ष २०७९/८० को लागि संघ सरकारबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा ती तहको कार्य सम्पादनको स्तरलाई पनि आधार लिइएको छ। प्रदेश तथा स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गर्नुपर्ने न्यूनतम प्रक्रियागत कार्यसम्पादन गरे/नगरेको, तोकिएबमोजिम लक्ष्य हासिल गरे/नगरेको, आर्थिक अनुशासन पालना गरे/नगरेको तथा बजेट विनियोजनबमोजिम खर्च गरे/नगरेको लगायतका विषयहरू समावेश गरी

आयोगको मिति २०७८/०२/१३ को बैठकबाट प्रदेश सरकारको कार्यसम्पादन मापनको लागि ११ वटा र स्थानीय तहको कार्यसम्पादन मापनको लागि १७ वटा सूचक तय गरी अंकभार समेत निर्धारण गरिएको थियो। यी सूचकहरूबमोजिम प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन गर्ने विधि तथा प्रक्रियालाई मार्गदर्शन गर्न "प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०७८" तर्जुमा गरिएको थियो। यसरी तयार गरिएका सूचकहरू र कार्यविधिलाई प्रदेश तथा स्थानीय तहको जानकारीको लागि आयोगको वेबसाइटमा प्रकाशन गरिनुका साथै सूचकहरू र प्रत्येक सूचकको अंकभारसम्बन्धी विवरण प्रदेश तथा स्थानीय तहलाई विद्युतीय माध्यमबाट प्रेषित गरिएको थियो।

उल्लिखित सूचक बमोजिमको कार्यसम्पादन विवरण उपलब्ध गराइदिन सबै प्रदेश सरकारका सम्बन्धित मन्त्रालय र स्थानीय तहलाई विद्युतीय माध्यमबाट पत्राचार गरी अनुरोध गरिनुका साथै आयोगका कर्मचारीबाट टेलिफोनमार्फत् सम्पर्क गरी सूचकसँग सम्बन्धित कार्यसम्पादन विवरण संकलन गरिएको थियो। यसै गरी प्राप्त हुन आएका विवरणअनुसार आयोगले तर्जुमा गरेको प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन कार्यविधि, २०७८ बमोजिम प्रदेश सरकार र स्थानीय तहको प्रारम्भिक कार्यसम्पादन मूल्याङ्कन गरी सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई पुनरावलोकन गर्न ७ दिनको समय उपलब्ध गराई आयोगको वेबसाइटमा सार्वजनिक गरिनुका साथै प्रदेश तथा स्थानीय तहलाई सोको जानकारी विद्युतीय माध्यमबाट गराइएको थियो। पुनरावलोकनको लागि दिइएको समयसीमाभित्र ४३ स्थानीय तहले आवश्यक प्रमाणसहित पुनरावलोकनको लागि पेश गरेको निवेदनसमेतको आधारमा प्रदेश तथा स्थानीय तहको अन्तिम कार्यसम्पादन मूल्याङ्कन गरिएको छ। यसै मूल्याङ्कनबाट कायम भएको अंकको आधारमा प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदानको कुल रकममध्ये न्यूनतम अनुदानका लागि सिफारिस गरिएको रकम कट्टी गरेर बाँकी हुन आउने रकमको ५ प्रतिशत रकम रू.२ अर्ब ३० करोड ३८ लाख (प्रदेशमा) र रू.३ अर्ब ६८ करोड ८९ लाख (स्थानीय तहमा) गरी जम्मा रू.५ अर्ब ९९ करोड २७ लाख कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको छ।

**अ. प्रदेशका सन्दर्भमा अवलम्बन गरिएका कार्यसम्पादन सूचकहरू**

| क्र.सं. | सूचक | अंकभार |
|---|---|---|
| १. | गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षणबाट औंल्याएको बेरुजुको अवस्था। | १५ |
| २. | प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार लागू गरी सशर्त अनुदान प्रदान गरे/नगरेको। | १० |
| ३. | सवारी साधन कर बापत बाँडफाँट गरिने ४० प्रतिशत रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय संचित कोषमा जम्मा गरे/नगरेको। | ५ |
| ४. | प्रदेशको गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्था।<br>(क) कुल विनियोजित रकममा कुल खर्चको प्रतिशतः<br>(ख) कुल विनियोजित पूँजीगत रकममा कुल पूँजीगत रकमको खर्चको प्रतिशतः | १५ |
| ५. | प्रदेशले आफ्नो अधिकार क्षेत्र भित्रको राजस्व परिचालन गरेको अवस्था।<br>(क) अनुमानित राजस्व प्रक्षेपणको तुलनामा राजस्व संकलनको अवस्थाः<br>(ख) गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व संकलनको अवस्थाः | २० |
| ६. | प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण स्थानीय तहलाई चैत्र मसान्तभित्र उपलब्ध गराएको/नगराएको। | ५ |
| ७. | प्रदेशले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको। | ५ |
| ८. | प्रदेशले आफ्नो बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको। | ५ |

| क्र.सं. | सूचक | अंकभार |
|---|---|---|
| ९. | प्रदेश तहको वायु गुणस्तर सुचकाङ्क (Air Quality Index)। | ५ |
| १०. | प्रदेश तहमा व्यवस्थित वनले ढाकेको क्षेत्रफलमा भएको वृद्धि प्रतिशत। | ५ |
| ११. | आयोगले कार्य सम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (Upload) गरे/नगरेको। | १० |
| | **जम्मा** | **१००** |

उल्लिखित सूचकहरूको आधारमा प्रदेश सरकारको कार्यसम्पादन मूल्याङ्कन गरिएको छः

- गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षणबाट औंल्याइएको बेरुजुको अवस्थाः महालेखा परीक्षकको कार्यालयको ५८औं वार्षिक प्रतिवेदनमा उल्लेख भए अनुसार आर्थिक वर्ष २०७६/७७ को लेखा परीक्षण गरिएको अंकमा कायम भएको बेरुजुको आधारमा यस सूचकको मूल्याङ्कन गरिएको छ। प्रदेश सरकारको औषत बेरुजुको प्रतिशतको गणना गरी औषत बेरुजु प्रतिशतभन्दा कम बेरुजु प्रतिशत कायम भएका ४ प्रदेश सरकारलाई प्रदेश सरकारको न्यून बेरुजु प्रतिशतको आधारमा समानुपातिक रुपमा अंक प्रदान गरिएको छ भने औषत बेरुजु प्रतिशतभन्दा बढी बेरुजु कायम भएका ३ प्रदेश सरकारलाई यस सूचक बापतको अंक प्रदान गरिएको छैन।

- प्रदेशले स्थानीय तहलाई प्रदेश कानूनबमोजिम आयोगले तोकेको आधार लागू गरी स-शर्त अनुदान प्रदान गरे/नगरेकोः यस आयोगले आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिने सशर्त अनुदान सिफारिस गर्दा तोकिएका ४ वटा आधार पालना गरी सशर्त अनुदान उपलब्ध गराएको वा नगराएको सन्दर्भमा प्रदेश क्षेत्रगत मन्त्रालय बजेट सूचना प्रणाली (PLMBIS) मा यस सम्बन्धी विवरण उपलब्ध हुने प्रणालीको विकास भई नसकेको हुँदा अद्यावधिक विवरण प्राप्त हुन सकेन। अतः सबै प्रदेशलाई यस सूचक बापत पूर्ण अंक प्रदान गरिएको छ।

- सवारी साधन कर बापत बाँडफाँट गरिने चालीस प्रतिशत रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गरे/नगरेकोः प्रदेश सरकारका आर्थिक विषय हेर्ने मन्त्रालयबाट प्राप्त तथ्याङ्कको आधारमा यस सूचकको मूल्याङ्कन गरिएको छ। आर्थिक वर्ष २०७७/७८ को अवधिमा कुनै पनि प्रदेश सरकारले संकलन गरेको सवारी साधन कर बापतको रकम बाँडफाँट गरी मासिक रुपमा स्थानीय तहलाई उपलब्ध गराएको नदेखिंदा यस सूचक बापत कुनै पनि प्रदेश सरकारलाई अंक प्रदान गरिएको छैन।

- प्रदेशको गत आर्थिक वर्षको विनियोजन र खर्चको अवस्थाः
  - कुल विनियोजित रकममा कुल खर्चको प्रतिशतः आर्थिक वर्ष २०७७/७८ मा सबै प्रदेश सरकारबाट विनियोजन भएको कुल बजेटमा प्रदेश सरकारको कुल खर्चको प्रतिशत गणना गर्दा प्रदेश सरकारको औषत खर्च प्रतिशतभन्दा बढी प्रतिशत खर्च गर्ने ३ प्रदेश सरकारलाई खर्च प्रगति प्रतिशतको आधारमा समानुपातिक रुपमा अंक प्रदान गरिएको छ भने औषत खर्च प्रतिशत भन्दा घटी प्रतिशत खर्च गर्ने ४ प्रदेशलाई अंक प्रदान गरिएको छैन।

- कुल विनियोजित पूँजीगत रकममा कुल पूँजीगत खर्चको प्रतिशतः आर्थिक वर्ष २०७७/७८ मा सबै प्रदेश सरकारबाट कुल विनियोजित पूँजीगत बजेटमा प्रदेश सरकारको कुल पूँजीगत खर्चको प्रतिशत गणना गर्दा प्रदेश सरकारको औषत पूँजीगत खर्च प्रतिशतभन्दा बढी प्रतिशत पूँजीगत खर्च गर्ने ३ प्रदेश सरकारलाई पूँजीगत खर्च प्रगति प्रतिशतको आधारमा समानुपातिक रुपमा अंक प्रदान गरिएको छ भने औषत पूँजीगत खर्च प्रतिशत भन्दा घटी प्रतिशत खर्च गर्ने ४ प्रदेश सरकारलाई अंक प्रदान गरिएको छैन।

- प्रदेशले आफ्नो अधिकार क्षेत्र भित्रको राजश्व परिचालन गरेको अवस्थाः

  - अनुमानित राजस्व प्रक्षेपणको तुलनामा राजस्व संकलनको अवस्थाः प्रदेश सरकारबाट आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको लागि प्रक्षेपण गरिएको लक्ष्य उपलब्ध हुन नसकेको कारणले प्रक्षेपित लक्ष्यको तुलनामा राजस्व संकलनको अवस्था यकिन गर्न सकिएन। अतः यस सूचक बापतको अंकभार सबै प्रदेशलाई प्रदान गरिएको छ।

  - गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व संकलनको तुलनामा गत आर्थिक वर्षको राजस्व संकलनको अवस्थाः आर्थिक वर्ष २०७६/७७ मा संकलन भएको राजस्वको तुलनामा आर्थिक वर्ष २०७७/७८ मा भएको राजस्व संकलनको वृद्धि प्रतिशत गणना गर्दा प्रदेश सरकारको औषत राजस्व वृद्धिदर भन्दा बढी प्रतिशत राजस्व संलकन गर्ने ६ प्रदेश सरकारलाई राजस्व संकलन प्रगति प्रतिशतको आधारमा समानुपातिक रुपमा अंक प्रदान गरिएको छ भने औषत राजस्व संकलन प्रगति प्रतिशत भन्दा कम प्रतिशत राजस्व संकलन गर्ने १ प्रदेशलाई यस सूचक बापतको अंक प्रदान गरिएको छैन।

- प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण स्थानीय तहलाई चैत्र मसान्तभित्र उपलब्ध गराएको/नगराएकोः आर्थिक वर्ष २०७७/७८ को चैत्र मसान्तभित्र प्रदेश सरकारले स्थानीय तहलाई आर्थिक वर्ष २०७८/७९ का लागि हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण उपलब्ध गराएका २ प्रदेश सरकारलाई यस सूचक बापतको अंक प्रदान गरिएको छ भने बाँकी ५ प्रदेश सरकारलाई अंक प्रदान गरिएको छैन।

- प्रदेशले आगामी आर्थिक वर्षको लागि आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण चालु आर्थिक वर्षभित्रको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश गरे/नगरेको: आर्थिक वर्ष २०७९/८० को लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण २०७८ पौष मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश गरेका ३ प्रदेश सरकारलाई यस सूचक बापतको अंक प्रदान गरिएको छ भने सो समयभित्र विवरण पेश नगरेका ४ प्रदेश सरकारलाई अंक प्रदान गरिएको छैन।

- प्रदेश सरकारले आफ्नो बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्त भित्र सार्वजनिक गरे/नगरेकोः आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण २०७८ कात्तिक मसान्तभित्र सार्वजनिक गरेका ५ प्रदेश सरकारलाई यस सूचक बापतको अंक प्रदान गरिएको छ भने नगरेका बाँकी २ प्रदेश सरकारलाई यस सूचक बापतको अंक प्रदान गरिएको छैन।

- प्रदेश तहको वायु गुणस्तर सूचाकाङ्क (Air Quality Index): यस सूचकको मूल्याङ्कनका लागि आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को सबै प्रदेशको वायु गुणस्तर सूचकाङ्क पूर्ण रुपमा उपलब्ध हुन नसकेकोले सबै प्रदेश सरकारलाई यस सूचक बापतको अंक प्रदान गरिएको छ।

- प्रदेश तहमा व्यवस्थित वनले ढाकेको क्षेत्रफलमा भएको वृद्धि प्रतिशतः सामुदायिक, साझेदारी, कबुलियतीलगायत समुदायमा आधारित माध्यमबाट वन व्यवस्थापन गर्न आ.व. २०७७/७८ मा राखिएको लक्ष्यको तुलनामा उक्त आ.व. मा असी प्रतिशतभन्दा बढी प्रगति हासिल गर्ने १ प्रदेश सरकारलाई यस सूचक बापतको पूर्ण अंक प्रदान गरिएको छ भने तोकिएको लक्ष्य प्राप्त नगरेका र यस सम्बन्धी तथ्याङ्क उपलब्ध नगराएका ६ प्रदेश सरकारलाई यस सूचक बापतको अंक प्रदान गरिएको छैन।
- आयोगले कार्य सम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (Upload) गरे/नगरेकोः आर्थिक वर्ष २०७८/७९ मा विद्युतीय अनलाईन पोर्टल तयार भई प्राविधिक रुपमा सञ्चालनमा आउने प्रक्रियामा रहेकोले सबै प्रदेश सरकारलाई यस सूचक बापतको अंक प्रदान गरिएको छ।

**आ. स्थानीय तहका सन्दर्भमा अवलम्बन गरिएका कार्यसम्पादन सूचकहरू**

| क्र.सं. | सूचक | अङ्कभर |
|---|---|---|
| १. | गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा र नगरसभामा पेश गरे/नगरेको। | ५ |
| २. | गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा र नगरसभामा पेश गरी असार मसान्तभित्र पारित गरे/नगरेको। | ५ |
| ३. | स्थानीय तहले घर जग्गा रजिस्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर बापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको। | ५ |
| ४. | स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको। | ५ |
| ५. | स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको। | ५ |
| ६. | स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था।<br>अनुमानित राजस्व प्रक्षेपण अनुसार राजस्व सङ्कलनको अवस्थाः<br>अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलनको अवस्थाः | १३ |
| ७. | स्थानीय तहको गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्था।<br>कुल विनियोजित रकममा कुल खर्चको प्रतिशतः<br>कुल विनियोजित पूँजीगत रकममा कुल पूँजीगत रकमको खर्चको प्रतिशतः | १५ |
| ८. | गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरिक्षणबाट औंल्याएको बेरुजुको अवस्था। | १५ |
| ९. | महालेखा नियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Subnational Treasury Regulating Application, SUTRA) को प्रयोग स्थानीय तहले पूर्ण रुपमा गरी आवश्यक विवरण प्रविष्ट गरे/नगरेको। | ५ |
| १०. | स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक योजना तर्जुमा गरे/नगरेको। | ३ |
| ११. | कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर। | ३ |
| १२. | कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर। | ३ |

| क्र.सं. | सूचक | अङ्कभर |
|---|---|---|
| १३. | सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अंक (GPA) १.६ वा सो भन्दा उच्च GPA मूल प्रमाणपत्र प्राप्त गरेका विद्यार्थी प्रतिशत | ३ |
| १४. | चार (४) पटक गर्भ जाँच गर्ने महिलाको अनुपात। | ३ |
| १५. | कुल गर्भवती महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात । | ३ |
| १६. | पूर्ण खोप (विसिजी, पोलियो, डिपिटि-हेपाटाइटिस बी-हिब (पेन्टाभ्यालेन्ट), पी.सी.भी., दादुरा-रुवेला, जापनिज इन्सेफिलाइटिस, कोलेरा ) सेवा लिएका जन्मेदेखि २४ महिनासम्म उमेर समूहका बालबालिकाको अनुपात । | ३ |
| १७. | आयोगले कार्य सम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (Upload) गरे/नगरेको। | ६ |
| | **जम्मा** | १०० |

उल्लिखित सूचकहरूको आधारमा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन गरिएको छः

- गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा र नगरसभामा पेश गरे/नगरेकोः गाउँ कार्यपालिका र नगर कार्यपालिकाले २०७८ असार १० गतेभित्र आर्थिक वर्ष २०७८/७९ को राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा र नगरसभामा पेश गरेका ६६२ स्थानीय तहलाई यस सूचक बापतको अंक प्रदान गरिएको छ भने समयमा बजेट पेश नगरेका बाँकी ९१ स्थानीय तहलाई यस सूचकबापत अंक प्रदान गरिएको छैन।
- गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा र नगरसभामा पेश गरी असार मसान्तभित्र पारित गरे/नगरेकोः गाउँ कार्यपालिका र नगर कार्यपालिकाले २०७८ असार १० गतेभित्र आर्थिक वर्ष २०७८/७९ को राजस्व र व्ययको अनुमान सम्बन्धित सभामा पेश गरी असार मसान्तभित्र पारित गरेका ६१४ स्थानीय तहलाई यस सूचक बापतको अंक प्रदान गरिएको छ भने असार १० गतेभित्र बजेट पेश गरी असार मसान्तभित्र पारित नगर्ने वा असार १० गतेभित्र बजेट पेश नगर्ने १३९ स्थानीय तहलाई यस सूचक बापतको अंक प्रदान गरिएको छैन।
- स्थानीय तहले घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करबापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेकोः घरजग्गा रजिष्ट्रेशन शुल्क संकलनको जिम्मेवारी स्थानीय तहको भए पनि हालसम्म सो शुल्कको प्रशासन गर्ने कार्य सङ्घीय सरकारबाट भई रहेको हुँदा यस्तो संकलन भएको शुल्कको रकम बाँडफाँट गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्ने कार्यमा स्थानीय तह सहभागी भई नसकेकोले यस सूचक बापतको अंक सबै स्थानीय तहलाई प्रदान गरिएको छ।
- स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पेश गरेको वा नगरेको: आर्थिक वर्ष २०७९/८० को लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण २०७८ पौष मसान्तभित्र नेपाल सरकार अर्थ मन्त्रालयमा पेश गरेका ९२ स्थानीय तहलाई यस सूचक बापतको अंक प्रदान गरिएको छ भने सो समयभित्र विवरण पेश नगरेका ६६१ स्थानीय तहलाई अंक प्रदान गरिएको छैन।

- स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेकोः आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण २०७८ कात्तिक मसान्तभित्र सार्वजनिक गरेका ३२३ स्थानीय तहलाई यस सूचक बापतको अङ्क प्रदान गरिएको छ भने वार्षिक समीक्षा नगरेका बाँकी ४३० स्थानीय तहलाई यस सूचक बापतको अंक प्रदान गरिएको छैन।

- स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्थाः

  - अनुमानित राजस्व प्रक्षेपणको तुलनामा राजस्व संकलनको अवस्थाः आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलनको लागि प्रक्षेपण गरिएको लक्ष्य तथा राजस्व संकलनसम्बन्धी तथ्याङ्क सबै स्थानीय तहबाट उपलब्ध हुन नसकेको साथै प्राप्त भएको तथ्याङ्क महालेखा नियन्त्रक कार्यालयको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदनमा उल्लेख भएको तथ्याङ्कसँग भिडान नभएको कारणले प्रक्षेपित लक्ष्यको तुलनामा राजस्व संकलनको अवस्था यकिन गर्न सकिएन। अतः यस सूचक बापतको अंकभार सबै स्थानीय तहलाई प्रदान गरिएको छ।

  - गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व संकलनको तुलनामा गत आर्थिक वर्षको राजस्व संकलनको अवस्थाः आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को राजस्व संकलनको विवरण सबै स्थानीय तहबाट उपलब्ध हुन नसकेको साथै प्राप्त भएको तथ्याङ्क महालेखा नियन्त्रक कार्यालयको उल्लिखित आर्थिक वर्षका वार्षिक प्रतिवेदनमा उल्लेख भएको तथ्याङ्कसँग भिडान नभएको कारणले यस सूचक बापतको अंकभार सबै स्थानीय तहलाई प्रदान गरिएको छ।

- स्थानीय तहको गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्थाः

  - कुल विनियोजित रकममा कुल खर्चको प्रतिशतः आर्थिक वर्ष २०७७/७८ मा सबै स्थानीय तहबाट विनियोजन भएको कुल बजेटमा स्थानीय तहको कुल खर्चको प्रतिशत गणना गर्दा स्थानीय तहको औषत खर्च प्रतिशतभन्दा बढी प्रतिशत खर्च गर्ने ५१९ स्थानीय तहलाई खर्च प्रगति प्रतिशतको आधारमा समानुपातिक रुपमा अंक प्रदान गरिएको छ भने औषत खर्च प्रतिशत भन्दा घटी प्रतिशत खर्च गर्ने २३४ स्थानीय तहलाई अंक प्रदान गरिएको छैन।

  - कुल विनियोजित पूँजीगत रकममा कुल पूँजीगत खर्चको प्रतिशतः आर्थिक वर्ष २०७७/७८ मा सबै स्थानीय तहबाट कुल विनियोजित पूँजीगत बजेटमा स्थानीय तहको कुल पूँजीगत खर्चको प्रतिशत गणना गर्दा स्थानीय तहको औषत पूँजीगत खर्च प्रतिशतभन्दा बढी प्रतिशत पूँजीगत खर्च गर्ने ५३९ स्थानीय तहलाई पूँजीगत खर्च प्रगति प्रतिशतको आधारमा समानुपातिक रुपमा अंक प्रदान गरिएको छ भने औषत पूँजीगत खर्च प्रतिशत भन्दा घटी प्रतिशत खर्च गर्ने २१४ स्थानीय तहलाई अंक प्रदान गरिएको छैन।

- गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षणबाट औंल्याइएको बेरुजुको अवस्थाः महालेखा परीक्षकको कार्यालयको ५८औं वार्षिक प्रतिवेदनमा उल्लेख भए अनुसार आर्थिक वर्ष २०७६/७७ को लेखा परीक्षण गरिएको अंकमा कायम भएको बेरुजुको आधारमा यस सूचकको मूल्याङ्कन गरिएको छ। स्थानीय तहको औषत बेरुजुको प्रतिशतको गणना गरी औषत बेरुजु प्रतिशतभन्दा कम बेरुजु प्रतिशत कायम भएका ४५९ स्थानीय तहलाई स्थानीय तहको न्यून बेरुजु प्रतिशतको आधारमा समानुपातिक रुपमा अंक प्रदान गरिएको छ भने औषत बेरुजु प्रतिशतभन्दा बढी बेरुजु कायम भएका २९४ स्थानीय तहलाई यस सूचक बापतको अंक प्रदान गरिएको छैन।

- महालेखा नियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) को प्रयोग स्थानीय तहले पूर्ण रुपमा गरी आवश्यक विवरण प्रविष्ट गरे/नगरेको: आर्थिक वर्ष २०७७/७८ को अवधिमा सबै स्थानीय तहले स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) को प्रयोग पूर्ण रुपमा गरेको देखिएकोले यस सूचक बापत सबै स्थानीय तहलाई अंक प्रदान गरिएको छ।

- स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरमा विकासका लागि आवधिक योजना तर्जुमा गरे/नगरेको: आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरमा विकासका लागि आवधिक योजना तर्जुमा गरेका ३०९ स्थानीय तहलाई यस सूचक बापतको अंक प्रदान गरिएको छ भने हालसम्म आवधिक योजना तर्जुमा नगरेका वा आवधिक योजना तर्जुमाको विवरण प्राप्त नभएका ४४४ स्थानीय तहलाई यस सूचक बापतको अंक प्रदान गरिएको छैन।

- कक्षा १ देखि ८ सम्मको खुद भर्ना दर: नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्राप्त शैक्षिक सत्र २०७७ को तथ्याङ्कको आधारमा विश्लेषण गर्दा कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर शत प्रतिशत भएका ११८ स्थानीय तहलाई यस सूचक बापतको पूर्ण अंक प्रदान गरिएको छ भने राष्ट्रिय औषत खुद भर्ना दर भन्दा बढी भर्ना दर भएका ३८८ स्थानीय तहलाई यस सूचक बापत तोकिएको अंक खुद भर्ना दरको समानुपातिक आधारमा प्रदान गरिएको छ। त्यसै गरी राष्ट्रिय औषत खुद भर्ना दर भन्दा कम खुद भर्ना दर भएका २४७ स्थानीय तहलाई यस सूचक बापत कुनै अंक प्रदान गरिएको छैन।

- कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर: नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्राप्त शैक्षिक सत्र २०७७ र २०७८ को तथ्याङ्कको आधारमा विश्लेषण गर्दा कक्षा ८ को तुलनामा कक्षा ९ मा भएको विद्यार्थीको टिकाउ दर शत प्रतिशत भएका २९७ स्थानीय तहलाई यस सूचक बापतको शत प्रतिशत अंक प्रदान गरिएको छ भने राष्ट्रिय औषत टिकाउ दर भन्दा बढी टिकाउ दर भएका ६१ स्थानीय तहलाई समानुपातिक आधारमा यस सूचक बापतको अंक प्रदान गरिएको छ। त्यसै गरी राष्ट्रिय औषत टिकाउ दर भन्दा कम टिकाउ दर भएका ३९५ स्थानीय तहलाई यस सूचक बापतको कुनै अंक प्रदान गरिएको छैन।

- सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अंक (GPA) १.६ वा सो भन्दा उच्च जि.पि.ए. मूल प्रमाण पत्र प्राप्त गरेका विद्यार्थीको प्रतिशत: राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गतको परीक्षा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणको आधारमा २०७७ सालमा एसईई परीक्षामा सहभागी भएका विद्यार्थी र १.६ जि.पि.ए. वा सो भन्दा उच्च अंक ल्याई उत्तीर्ण भएका विद्यार्थीको स्थानीय तहगत विवरण उपलव्ध नभएको हुँदा सबै स्थानीय तहलाई यस सूचक बापतको अंक प्रदान गरिएको छ।

- चार पटक गर्भ जाँच गर्ने महिलाको अनुपात: नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०७७/७८ मा स्थानीय तहभित्र रहेका कुल गर्भवती महिलामध्ये ४ पटक गर्भ जाँच गराउने महिलाको प्रतिशत शत प्रतिशत भएका १४ स्थानीय तहलाई यस सूचक बापतको पूर्ण अंक प्रदान गरिएको छ भने राष्ट्रिय औषत प्रतिशत भन्दा बढी प्रतिशतमा गर्भ जाँच गराउने २५२ स्थानीय तहलाई औषत गर्भ जाँच प्रतिशतको समानुपातिक आधारमा अंक प्रदान गरिएको छ। त्यसै गरी राष्ट्रिय औषत प्रतिशत भन्दा कम प्रतिशत गर्भ जाँच गराउने ४८७ स्थानीय तहलाई यस सूचक बापत कुनै अंक प्रदान गरिएको छैन।

- कुल गर्भवती महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपातः नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०७७/७८ मा स्थानीय तहभित्र रहेका कुल गर्भवती महिलामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको प्रतिशत शत प्रतिशत भएका ४७ स्थानीय तहलाई यस सूचक बापतको पूर्ण अंक प्रदान गरिएको छ भने राष्ट्रिय औषत प्रतिशत भन्दा बढी प्रतिशतमा स्वास्थ्य संस्थामा सुत्केरी गराउने १४३ स्थानीय तहलाई औषत स्वास्थ्य संस्थामा सुत्केरी हुने प्रतिशतको समानुपातिक आधारमा अंक प्रदान गरिएको छ। त्यसै गरी स्वास्थ्य संस्थामा सुत्केरी हुने राष्ट्रिय औषत प्रतिशत भन्दा कम प्रतिशत स्वास्थ्य संस्थामा सुत्केरी गराउने ५६३ स्थानीय तहलाई यस सूचक बापत कुनै अंक प्रदान गरिएको छैन।
- पूर्ण खोप (विसीजी, पोलियो, डिपिटि, हेपाटाईटिस बी, पेण्टाभ्यालेन्ट पी.सी.भी. दादुरा-रुबेला, जापानिज इन्सेफलाईटिस, कलेरा) सुविधा लिएका जन्मेदेखि २४ महिनाभित्र उमेर समूहका बालबालिकाको अनुपातः नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०७७/७८ मा स्थानीय तहभित्र रहेका जन्मेदेखि २४ महिनाभित्रका उमेर समूहका सबै बालबालिकालाई पूर्ण खोप सुविधा उपलब्ध गराउने ५ स्थानीय तहलाई यस सूचक बापतको पूर्ण अंक प्रदान गरिएको छ भने राष्ट्रिय औषत पूर्ण खोप प्रतिशत भन्दा बढी प्रतिशतमा पूर्ण खोप उपलब्ध गराउने ३५५ स्थानीय तहलाई औषत पूर्ण खोप प्रतिशतको समानुपातिक आधारमा अंक प्रदान गरिएको छ। त्यसै गरी पूर्ण खोप राष्ट्रिय औषत प्रतिशत भन्दा कम प्रतिशत पूर्ण खोप उपलब्ध गराउने ३९३ स्थानीय तहलाई यस सूचक बापत कुनै अंक प्रदान गरिएको छैन।
- आयोगले कार्य सम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (Upload) गरे/नगरेकोः आर्थिक वर्ष २०७८/७९ मा विद्युतीय अनलाईन पोर्टल तयार भई प्राविधिक रुपमा सञ्चालनमा आउने प्रक्रियामा रहेकोले सबै स्थानीय तहलाई यस सूचक बापतको अंक प्रदान गरिएको छ।

## ङ. वित्तीय समानीकरण अनुदानसम्बन्धी सिफारिस

नेपाल सरकारबाट प्रत्येक प्रदेश तथा स्थानीय सरकारलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान निर्धारण गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (३) को व्यवस्थाबमोजिम प्रत्येक प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने न्यूनतम अनुदान, सोही ऐनको दफा १६ को उपदफा (१) मा तोकिएका आधारहरू बमोजिम प्राप्त गर्ने सूत्रमा आधारित अनुदान र सोही ऐनको दफा ३ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम कार्य सम्पादन मूल्याङ्कनका आधारमा प्राप्त गर्ने अनुदान छुट्टाछुट्टै गणना गरी कुल वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको छ। यसरी प्राप्त हुने अनुदान रकम गणना गर्दा केही स्थानीय तहको हकमा त्यस्तो रकमले न्यूनतम रूपमा पनि संविधान प्रदत्त कार्यजिम्मेवारी पूरा गर्नका लागि अपर्याप्त हुने आयोगले महशुस गरी प्रत्येक स्थानीय तहले न्यूनतम अनुदान र सूत्रमा आधारित अनुदान गरी कम्तीमा रू.६ करोड ७५ लाख प्राप्त होस् भन्ने हेतुले सामान्य समायोजनसहित वित्तीय समानीकरण अनुदान रकम सिफारिस गरिएको छ। आर्थिक वर्ष २०७९/८० का लागि नेपाल सरकारले उपलब्ध गराउनुपर्ने वित्तीय समानीकरण अनुदानको रकम सात वटा प्रदेशहरूको हकमा जम्मा रू. ६१ अर्ब ४३ करोड २१ लाख र ७५३ स्थानीय तहहरूको हकमा जम्मा रू. १ खर्ब २३ करोड १३ लाख सहित कुल जम्मा रू. १ खर्ब ६१ अर्ब ६६ करोड ३४ लाख रहेको छ।

## च. वित्तीय समानीकरण अनुदानसम्बन्धी सुझाव

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) खण्ड (घ) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने काम, कर्तव्य र अधिकार यस आयोगको हुने व्यवस्था रहेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ मा उक्त ऐन वा प्रचलित कानुन बमोजिम प्राप्त भएको अनुदानको रकम

जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको छ। वित्तीय समानीकरण अनुदानको मूल उद्देश्य प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको फरकबाट सिर्जना हुने वित्तीय अन्तर घटाई सन्तुलन कायम गर्नु हो। नेपालको संविधान बमोजिम प्रदेश तथा स्थानीय तहलाई प्रदान गरिएको जिम्मेवारी पूरा गर्न आवश्यक पर्ने स्रोत अभावको समस्या घटाउन यो अनुदान हस्तान्तरण गरिन्छ। अतः प्रदेश तथा स्थानीय तहले वित्तीय समानीकरण अनुदानको प्रयोग गर्दा नेपालको संविधान अनुसार आफूलाई प्राप्त कार्य जिम्मेवारी पूरा गर्न यस अनुदानको प्रयोग गर्नुपर्दछ। त्यसरी अनुदानको प्रयोग गर्दा कुनै विषयगत क्षेत्रका कार्यहरूमा मात्र बढी रकम विनियोजन गर्ने र अन्य विषयगत क्षेत्रका कार्यहरूका लागि आवश्यक रकम विनियोजन नै नहुने अवस्था आउन दिनु हुँदैन। त्यसैगरी आफ्ना अधिकारक्षेत्र भित्रका विषयहरूको सन्तुलित एवम् नतिजामुखी कार्यान्वयनमा जोड दिनु पर्दछ। साथै, अनुदान सिफारिसका लागि लिइएका आधार तथा सूचकहरूले समावेश गरेका विषय तथा क्षेत्रहरूमा अपेक्षित विकास, सुधार तथा गुणस्तर कायम गर्ने गरी यस अनुदानको प्रयोग गरिनु पर्दछ।

उल्लिखित व्यवस्था बमोजिम नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदानको सम्बन्धमा देहाय बमोजिम सुझाव प्रदान गरिएको छ:

(१) सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानलाई संविधानको मर्म र भावनाबमोजिम वितरण गर्ने गरी व्यवस्थित गर्दै यस्ता अनुदानको परिमाणलाई न्यूनीकरण गर्दै त्यसबाट प्राप्त रकम समेतबाट परिपूर्ति हुन नसकेको प्रदेश तथा स्थानीय तहको वित्तीय अन्तर (Fiscal Gap) परिपूर्ति गर्न वित्तीय समानीकरण अनुदान रकम प्रयोग गर्नुपर्ने।

(२) नेपालको संविधानले सुरक्षित गरेका नागरिकका मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्न तथा राज्यका निर्देशक सिद्धान्त अनुरूपको दिशामा अगाडि बढ्ने गरी प्रदेश तथा स्थानीय तहको आर्थिक विकासमा योगदान पुऱ्याउन वित्तीय समानीकरण अनुदानको प्रयोग गर्नुपर्ने।

(३) राष्ट्रिय रुपमा पछाडि परेका प्रदेश तथा स्थानीय तहलाई राष्ट्रिय औषत स्तरको नजिक ल्याउन वित्तीय समानीकरण अनुदानको प्रयोग गर्नुपर्ने।

(४) समाजका सबै वर्ग, क्षेत्र, समुदाय, जातजाति, अल्पसङ्ख्यक, सीमान्तकृत, अशक्त र असहायहरूको सशक्तीकरण गर्न र प्रदेश तथा स्थानीय तहलाई विकासको मूल प्रवाहमा ल्याउन समानीकरण अनुदानको प्रयोग गर्नुपर्ने।

(५) प्रदेश र स्थानीय तहले राष्ट्रिय मानदण्ड र राष्ट्रिय लक्ष्य हासिल गर्ने दिशामा योगदान पुग्ने गरी वित्तीय समानीकरण अनुदानको रकम प्रयोग गर्नुपर्ने।

(६) सम्बन्धित प्रदेश र स्थानीय तहको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता अत्यावश्यक सेवा उपलब्ध गराउन, अन्य प्रदेश र अन्य स्थानीय तहसँग प्रतिस्पर्धा गर्दै सन्तुलित विकास गर्न गराउन, प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक सामाजिक असमानता न्यूनीकरण गर्न, सडक, सिँचाइ, विद्युत, सञ्चार लगायतका पूर्वाधार विकास गर्न तथा संविधानले प्रत्याभूत गरेको खर्चको जिम्मेवारी पूरा गर्न वित्तीय समानीकरण अनुदान रकमको प्रयोग गर्नुपर्ने।

(७) प्रदेश तथा स्थानीय तहहरूलाई सरकारी सेवाहरू न्यूनतम र समतामूलक रुपमा नागरिकहरूलाई बासस्थानको आधारमा भेदभाव नहुने गरी प्रदान गर्न उपयुक्त मात्रामा स्रोत साधनहरू उपलब्ध गराउन वित्तीय समानीकरण अनुदानको रकम प्रयोग गर्नुपर्ने।

(८) संविधानले प्रदेश तथा स्थानीय तहलाई दिएको संवैधानिक जिम्मेवारी अनुरुप सेवा प्रवाह र विकास निर्माण गर्नका लागि वित्तीय समानीकरण अनुदान प्रयोग गर्नुपर्ने।

(९) नेपालको संविधानको धारा ६० को उपधारा (४) बमोजिम नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। खर्चको आवश्यकता निर्धारणका लागि संविधान बमोजिम तहगत सरकारको कार्यजिम्मेवारीको अतिरिक्त तत् सम्बन्धी न्यूनतम मानदण्ड र आवधिक लक्ष्य तथा प्रति इकाइ लागत आवश्यक पर्दछ। आयोगले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमतालाई थप वस्तुपरक ढङ्गबाट आँकलन गर्ने गरी विगतको अध्ययनलाई अद्यावधिक गर्ने कार्य गरिरहेको छ। तर, कतिपय कार्य जिम्मेवारीहरूको सम्बन्धमा न्यूनतम मानदण्ड तथा राष्ट्रिय, प्रादेशिक र स्थानीय तहगत लक्ष्य निर्धारण भई नसकेको अवस्थामा खर्चको यथार्थ आवश्यकता आँकलन गर्न कठिनाइ भएको स्थिति छ। अतः तहगत सरकारको कार्य जिम्मेवारीहरूका विषय भित्रका सेवाको न्यूनतम मानदण्ड, लक्ष्य र लागत लगायतका विषयहरू मूलतः सङ्घ सरकारबाट निर्धारण गर्नुपर्ने।

(१०) प्रदेश तथा स्थानीय तहलाई संविधानको अनुसूचीले प्रत्याभूत गरेको एकल अधिकार अन्तर्गतका मुख्य कार्य जिम्मेवारीहरू सम्पादन गर्नका लागि उपलब्ध गराइने वित्तीय समानीकरण अनुदान रकम आयोगबाट निर्धारण गरी सिफारिस गर्ने अवस्थामा नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने अन्य अनुदान (सशर्त, समपूरक र विशेष) को रकमले के कति हद्सम्म समानीकरण अनुदानको मूल उद्देश्य (समानीकरण गर्ने कार्य) मा सघाउ एवम् योगदान पुऱ्याउँछ भन्ने विषय आयोगलाई जानकारी नभईकन समानीकरण अनुदानको रकम निर्धारण हुने विद्यमान पद्धतिमा सुधार ल्याउनुपर्ने।

(११) नेपाल सरकारबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिने सशर्त, समपूरक र विशेष अनुदानहरूबाट समानीकरण अनुदानको उद्देश्यमा पर्ने प्रभाव र असरका बारेमा सङ्घ सरकारका विषयगत मन्त्रालय तथा अन्य निकायहरूले पर्याप्त ध्यान दिनुपर्ने। साथै, यसरी अन्य अनुदान (सशर्त, समपूरक र विशेष) मार्फत् समानीकरणको मूल उद्देश्यमा सघाउ पुऱ्याउने गरी हाल नेपाल सरकारबाट हस्तान्तरण गरिएका योजना, कार्यक्रम र बजेट आगामी दिनमा क्रमशः समानीकरण अनुदानमार्फत् कार्यान्वयन गर्ने गरी बाँडफाँट, वितरण र हस्तान्तरण गर्दै जाने नीति अवलम्बन गर्नुपर्ने।

(१२) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र उक्त ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था रहेको हुँदा प्रदेश तथा स्थानीय तहले अध्ययन भ्रमण, वैदेशिक भ्रमण, प्रशासनिक एवम् कार्यालय सञ्चालन जस्ता शीर्षक वा विषयमा वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकमको प्रयोग गर्न नहुने।

द्रष्टव्य: आर्थिक वर्ष २०७९/८० का लागि नेपाल सरकारले बागमती प्रदेश सरकारलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानसम्बन्धी सिफारिस तालिका ३.३ मा र नेपाल सरकारले बागमती प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानसम्बन्धी सिफारिस तालिका ३.४ मा समावेश गरिएका छन्।

**तालिका ३.३ - आर्थिक वर्ष २०७९/८० का लागि नेपाल सरकारबाट बागमती प्रदेश सरकारलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सम्बन्धी सिफारिस**

| क्र.सं. | वित्तीय समानीकरण अनुदान | रकम रु लाखमा |
|---|---|---|
| १ | न्यूनतम | २७४३६ |
| २ | सूत्रमा आधारित | ५२८५२ |
| ३ | कार्य सम्पादनमा आधारित | ३७५८ |
| | **जम्मा** | ८४०४६ |

**तालिका ३.४ - आर्थिक वर्ष २०७९/८० का लागि नेपाल सरकारबाट बागमती प्रदेश भित्र रहेका स्थानीय सरकारलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानसम्बन्धी सिफारिस**

| क्र.सं. | जिल्ला | सङ्केत नं. | स्थानीय तहको नाम | वित्तीय समानीकरण अनुदान (रु.लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | न्यूनतम | सुत्रमा आधारित | कार्य सम्पादनमा आधारित | जम्मा |
| १ | दोलखा | ३०१०१ | गौरिशंकर गाउँपालिका | ३०० | ८५३ | ४९ | १२०२ |
| २ | दोलखा | ३०१०२ | बिगु गाउँपालिका | ३०० | ८९८ | ५७ | १२५५ |
| ३ | दोलखा | ३०१०३ | कालिन्चोक गाउँपालिका | ३२५ | १०७० | ५८ | १४५३ |
| ४ | दोलखा | ३०१०४ | बैतेस्वर गाउँपालिका | ३०० | ९८९ | ४९ | १३३८ |
| ५ | दोलखा | ३०१०५ | जिरी नगरपालिका | ३०० | ८१० | ५४ | ११६४ |
| ६ | दोलखा | ३०१०६ | तामाकोशी गाउँपालिका | ३०० | ९६९ | ५५ | १३२४ |
| ७ | दोलखा | ३०१०७ | मेलुङ्ग गाउँपालिका | ३२५ | ९७९ | ४३ | १३४७ |
| ८ | दोलखा | ३०१०८ | शैलुङ गाउँपालिका | ३०० | ९३१ | ५६ | १२८७ |
| ९ | दोलखा | ३०१०९ | भिमेश्वर नगरपालिका | ३५० | १४५७ | ६३ | १८७० |
| १० | सिन्धुपाल्चोक | ३०२०१ | भोटेकोशी गाउँपालिका | ३०० | ८५२ | ४४ | ११९६ |
| ११ | सिन्धुपाल्चोक | ३०२०२ | जुगल गाउँपालिका | ३०० | ८५४ | ४२ | ११९६ |
| १२ | सिन्धुपाल्चोक | ३०२०३ | पाँचपोखरी थाङपाल गाउँपालिका | ३२५ | ९१९ | ५१ | १२९५ |
| १३ | सिन्धुपाल्चोक | ३०२०४ | हेलम्बु गाउँपालिका | ३०० | ८५३ | ३५ | ११८८ |
| १४ | सिन्धुपाल्चोक | ३०२०५ | मेलम्ची नगरपालिका | ३७५ | १६७५ | ५१ | २१०१ |
| १५ | सिन्धुपाल्चोक | ३०२०६ | ईन्द्रावती गाउँपालिका | ३२५ | १२१८ | ४८ | १५९१ |
| १६ | सिन्धुपाल्चोक | ३०२०७ | चौतारा साँगाचोकगढी नगरपालिका | ३७५ | १७२३ | ४५ | २१४३ |
| १७ | सिन्धुपाल्चोक | ३०२०८ | बलेफी गाउँपालिका | ३०० | ९७५ | ४२ | १३१७ |
| १८ | सिन्धुपाल्चोक | ३०२०९ | बाह्रबिसे नगरपालिका | ३२५ | ११७७ | ५८ | १५६० |
| १९ | सिन्धुपाल्चोक | ३०२१० | त्रिपुरासुन्दरी गाउँपालिका | ३०० | ६९८ | ३४ | १०३२ |
| २० | सिन्धुपाल्चोक | ३०२११ | लिसंखु पाखर गाउँपालिका | ३०० | ८१० | ४५ | ११५५ |
| २१ | सिन्धुपाल्चोक | ३०२१२ | सुनकोशी गाउँपालिका | ३०० | ८९२ | ४६ | १२३८ |
| २२ | रसुवा | ३०३०१ | गोसाईकुण्ड गाउँपालिका | २७५ | ५६६ | ४६ | ८८७ |
| २३ | रसुवा | ३०३०२ | आमाछोदिङमो गाउँपालिका | २७५ | ४०० | ५४ | ७२९ |
| २४ | रसुवा | ३०३०३ | उत्तरगया गाउँपालिका | २७५ | ५४९ | ४८ | ८७२ |
| २५ | रसुवा | ३०३०४ | कालिका गाउँपालिका | २७५ | ५९१ | ४८ | ९१४ |
| २६ | रसुवा | ३०३०५ | नौकुण्ड गाउँपालिका | ३०० | ६०० | ४९ | ९४९ |
| २७ | धादिङ | ३०४०१ | रुबी भ्याली गाउँपालिका | २७५ | ४९८ | ४७ | ८२० |
| २८ | धादिङ | ३०४०२ | खनियाबास गाउँपालिका | ३०० | ६७६ | ४० | १०१६ |
| २९ | धादिङ | ३०४०३ | गंङ्गा जमुना गाउँपालिका | ३२५ | १००३ | ४५ | १३७३ |
| ३० | धादिङ | ३०४०४ | त्रिपुरासुन्दरी गाउँपालिका | ३२५ | १०७८ | ४२ | १४४५ |
| ३१ | धादिङ | ३०४०५ | नेत्रावती डबजोङ गाउँपालिका | ३०० | ७०१ | ४४ | १०४५ |
| ३२ | धादिङ | ३०४०६ | नीलकण्ठ नगरपालिका | ४०० | २०४३ | ४५ | २४८८ |
| ३३ | धादिङ | ३०४०७ | ज्वालामुखी गाउँपालिका | ३२५ | १०८८ | ५० | १४६३ |

| क्र.सं. | जिल्ला | सङ्केत नं. | स्थानीय तहको नाम | वित्तीय समानीकरण अनुदान (रु.लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | न्यूनतम | सुत्रमा आधारित | कार्य सम्पादनमा आधारित | जम्मा |
| ३४ | धादिङ | ३०४०८ | सिद्धलेक गाउँपालिका | ३२५ | १०८९ | ४५ | १४५९ |
| ३५ | धादिङ | ३०४०९ | बेनीघाट रोराङ्ग गाउँपालिका | ३५० | १३४४ | ४७ | १७४१ |
| ३६ | धादिङ | ३०४१० | गजुरी गाउँपालिका | ३२५ | १२३१ | ३३ | १५८९ |
| ३७ | धादिङ | ३०४११ | गल्छी गाउँपालिका | ३२५ | ११८७ | ४४ | १५५६ |
| ३८ | धादिङ | ३०४१२ | थाक्रे गाउँपालिका | ३५० | १३९१ | ३६ | १७७७ |
| ३९ | धादिङ | ३०४१३ | धुनीबेंशी नगरपालिका | ३५० | १३१६ | ५० | १७१६ |
| ४० | नुवाकोट | ३०५०१ | दुप्चेश्वर गाउँपालिका | ३२५ | ५७७ | ४२ | ९४४ |
| ४१ | नुवाकोट | ३०५०२ | तादी गाउँपालिका | ३०० | ५३३ | ४२ | ८७५ |
| ४२ | नुवाकोट | ३०५०३ | सुर्यगढी गाउँपालिका | ३०० | ५१० | ५६ | ८६६ |
| ४३ | नुवाकोट | ३०५०४ | बिदुर नगरपालिका | ४०० | १२५३ | ४९ | १७०२ |
| ४४ | नुवाकोट | ३०५०५ | किस्पाङ्ग गाउँपालिका | ३०० | ४६६ | ४६ | ८१२ |
| ४५ | नुवाकोट | ३०५०६ | म्यगङ गाउँपालिका | ३०० | ४२७ | ५१ | ७७८ |
| ४६ | नुवाकोट | ३०५०७ | तारकेश्वर गाउँपालिका | ३०० | ४८२ | ४६ | ८२८ |
| ४७ | नुवाकोट | ३०५०८ | बेलकोटगढी नगरपालिका | ३७५ | ९६१ | ४२ | १३७८ |
| ४८ | नुवाकोट | ३०५०९ | लिखु गाउँपालिका | ३०० | ५४६ | ५२ | ८९८ |
| ४९ | नुवाकोट | ३०५१० | पन्चकन्या गाउँपालिका | ३०० | ५०९ | ४९ | ८५८ |
| ५० | नुवाकोट | ३०५११ | शिवपुरी गाउँपालिका | ३२५ | ६०२ | ५४ | ९८१ |
| ५१ | नुवाकोट | ३०५१२ | ककनी गाउँपालिका | ३२५ | ७२३ | ४१ | १०८९ |
| ५२ | काठमाडौं | ३०६०१ | शंङ्खरापुर नगरपालिका | ३२५ | ७७८ | ४९ | ११५२ |
| ५३ | काठमाडौं | ३०६०२ | कागेश्वरी मनहरा नगरपालिका | ४२५ | १५०५ | ४८ | १९७८ |
| ५४ | काठमाडौं | ३०६०३ | गोकर्णेश्वर नगरपालिका | ५२५ | २२५४ | ६१ | २८४० |
| ५५ | काठमाडौं | ३०६०४ | बुढानिलकण्ठ नगरपालिका | ५२५ | २३५९ | ५५ | २९३९ |
| ५६ | काठमाडौं | ३०६०५ | टोखा नगरपालिका | ५२५ | २१७० | ५० | २७४५ |
| ५७ | काठमाडौं | ३०६०६ | तारकेश्वर नगरपालिका | ४७५ | १८५९ | ४९ | २३८३ |
| ५८ | काठमाडौं | ३०६०७ | नागार्जुन नगरपालिका | ४२५ | १६७५ | ४७ | २१४७ |
| ५९ | काठमाडौं | ३०६०८ | काठमाण्डौ महानगरपालिका | ११२५ | ६३७५ | ४९ | ७५४९ |
| ६० | काठमाडौं | ३०६०९ | किर्तिपुर नगरपालिका | ४२५ | १६९० | ४८ | २१६३ |
| ६१ | काठमाडौं | ३०६१० | चन्द्रागिरी नगरपालिका | ४७५ | १९४६ | ४२ | २४६३ |
| ६२ | काठमाडौं | ३०६११ | दक्षिणकाली नगरपालिका | ३२५ | ७८६ | ५३ | ११६४ |
| ६३ | भक्तपुर | ३०७०१ | चाँगुनारायण नगरपालिका | ४०० | १३९४ | ५५ | १८४९ |
| ६४ | भक्तपुर | ३०७०२ | भक्तपुर नगरपालिका | ४७५ | १८४५ | ४९ | २३६९ |
| ६५ | भक्तपुर | ३०७०३ | मध्यपुर थिमी नगरपालिका | ४७५ | १८९३ | ५१ | २४१९ |
| ६६ | भक्तपुर | ३०७०४ | सूर्यविनायक नगरपालिका | ४५० | १७७० | ५७ | २२७७ |
| ६७ | ललितपुर | ३०८०१ | महालक्ष्मी नगरपालिका | ४२५ | १५१६ | ५३ | १९९४ |
| ६८ | ललितपुर | ३०८०२ | ललितपुर महानगरपालिका | १००० | ४२५० | ४५ | ५२९५ |
| ६९ | ललितपुर | ३०८०३ | गोदावरी नगरपालिका | ४७५ | १७३५ | ४५ | २२५५ |
| ७० | ललितपुर | ३०८०४ | कोन्ज्योसोम गाउँपालिका | २७५ | ४०० | ४९ | ७२४ |
| ७१ | ललितपुर | ३०८०५ | महाङ्काल गाउँपालिका | २७५ | ४०० | ४५ | ७२० |
| ७२ | ललितपुर | ३०८०६ | बाग्मती गाउँपालिका | ३०० | ४७२ | ४२ | ८१४ |
| ७३ | काभ्रेपलाञ्चोक | ३०९०१ | चौरीदेउराली गाउँपालिका | ३२५ | ६१४ | ३३ | ९७२ |
| ७४ | काभ्रेपलाञ्चोक | ३०९०२ | भुम्लु गाउँपालिका | ३०० | ५७५ | ४४ | ९१९ |
| ७५ | काभ्रेपलाञ्चोक | ३०९०३ | मण्डन देउपुर नगरपालिका | ३५० | ८४९ | ४६ | १२४५ |
| ७६ | काभ्रेपलाञ्चोक | ३०९०४ | बनेपा नगरपालिका | ४०० | १३९० | ४९ | १८३९ |
| ७७ | काभ्रेपलाञ्चोक | ३०९०५ | धुलिखेल नगरपालिका | ३५० | ९३५ | ५५ | १३४० |
| ७८ | काभ्रेपलाञ्चोक | ३०९०६ | पाँचखाल नगरपालिका | ३५० | १०१५ | ५५ | १४२० |
| ७९ | काभ्रेपलाञ्चोक | ३०९०७ | तेमाल गाउँपालिका | ३२५ | ६५५ | ४४ | १०२४ |
| ८० | काभ्रेपलाञ्चोक | ३०९०८ | नमोबुद्ध नगरपालिका | ३२५ | ८०४ | ५८ | ११८७ |
| ८१ | काभ्रेपलाञ्चोक | ३०९०९ | पनौती नगरपालिका | ३७५ | ११७६ | ४९ | १६०० |

| क्र.सं. | जिल्ला | सङ्केत नं. | स्थानीय तहको नाम | वित्तीय समानीकरण अनुदान (रु.लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | न्यूनतम | सुत्रमा आधारित | कार्य सम्पादनमा आधारित | जम्मा |
| ८२ | काभ्रेपलाञ्चोक | ३०९१० | बेथानचोक गाउँपालिका | ३०० | ५५३ | ५२ | ९०५ |
| ८३ | काभ्रेपलाञ्चोक | ३०९११ | रोशी गाउँपालिका | ३२५ | ७७९ | ६० | ११६४ |
| ८४ | काभ्रेपलाञ्चोक | ३०९१२ | महाभारत गाउँपालिका | ३०० | ५५१ | ५८ | ९०९ |
| ८५ | काभ्रेपलाञ्चोक | ३०९१३ | खानीखोला गाउँपालिका | ३०० | ४७४ | ४८ | ८२२ |
| ८६ | रामेछाप | ३१००१ | उमाकुण्ड गाउँपालिका | ३०० | ९०१ | ४० | १२४१ |
| ८७ | रामेछाप | ३१००२ | गोकुलगङ्गा गाउँपालिका | ३२५ | ९९३ | ६१ | १३७९ |
| ८८ | रामेछाप | ३१००३ | लिखु तामाकोसी गाउँपालिका | ३२५ | १०६३ | ३७ | १४२५ |
| ८९ | रामेछाप | ३१००४ | रामेछाप नगरपालिका | ३२५ | १२५३ | ६४ | १६४२ |
| ९० | रामेछाप | ३१००५ | मन्थली नगरपालिका | ३७५ | १७२२ | ६० | २१५७ |
| ९१ | रामेछाप | ३१००६ | खाँडादेवी गाउँपालिका | ३२५ | ११६१ | ५२ | १५३८ |
| ९२ | रामेछाप | ३१००७ | दोरम्बा गाउँपालिका | ३२५ | ९९७ | ५५ | १३७७ |
| ९३ | रामेछाप | ३१००८ | सुनापती गाउँपालिका | ३०० | ८८७ | ४४ | १२३१ |
| ९४ | सिन्धुली | ३११०१ | दुधौली नगरपालिका | ४२५ | १३२१ | ६४ | १८१० |
| ९५ | सिन्धुली | ३११०२ | फिक्कल गाउँपालिका | ३०० | ५२६ | ५९ | ८८५ |
| ९६ | सिन्धुली | ३११०३ | तीनपाटन गाउँपालिका | ३५० | ९२० | ५५ | १३२५ |
| ९७ | सिन्धुली | ३११०४ | गोलन्जोर गाउँपालिका | ३०० | ५९७ | ५८ | ९५५ |
| ९८ | सिन्धुली | ३११०५ | कमलामाई नगरपालिका | ४२५ | १४२२ | ६० | १९०७ |
| ९९ | सिन्धुली | ३११०६ | सुनकोशी गाउँपालिका | ३२५ | ६५३ | ४० | १०१८ |
| १०० | सिन्धुली | ३११०७ | ध्याङलेख गाउँपालिका | ३०० | ४२८ | ४१ | ७६९ |
| १०१ | सिन्धुली | ३११०८ | मरिण गाउँपालिका | ३२५ | ७२० | ५७ | ११०२ |
| १०२ | सिन्धुली | ३११०९ | हरिहरपुरगढी गाउँपालिका | ३२५ | ७१२ | ५४ | १०९१ |
| १०३ | मकवानपुर | ३१२०१ | ईन्द्रसरोवर गाउँपालिका | ३०० | ४६६ | ४४ | ८१० |
| १०४ | मकवानपुर | ३१२०२ | थाहा नगरपालिका | ३७५ | १००० | ६१ | १४३६ |
| १०५ | मकवानपुर | ३१२०३ | कैलाश गाउँपालिका | ३२५ | ६४३ | ५० | १०१८ |
| १०६ | मकवानपुर | ३१२०४ | राक्सिराङ्ग गाउँपालिका | ३२५ | ७०० | ५२ | १०७७ |
| १०७ | मकवानपुर | ३१२०५ | मनहरी गाउँपालिका | ३५० | ९८९ | ३८ | १३७७ |
| १०८ | मकवानपुर | ३१२०६ | हेटौडा उपमहानगरपालिका | ८७५ | २६६० | ४० | ३५७५ |
| १०९ | मकवानपुर | ३१२०७ | भिमफेदी गाउँपालिका | ३२५ | ७४९ | ४९ | ११२३ |
| ११० | मकवानपुर | ३१२०८ | मकवानपुरगढी गाउँपालिका | ३२५ | ७३७ | ५७ | १११९ |
| १११ | मकवानपुर | ३१२०९ | बकैया गाउँपालिका | ३५० | ९३७ | ५४ | १३४१ |
| ११२ | मकवानपुर | ३१२१० | बाग्मती गाउँपालिका | ३५० | ७९४ | ४६ | ११९० |
| ११३ | चितवन | ३१३०१ | राप्ती नगरपालिका | ४०० | १३९५ | ५८ | १८५३ |
| ११४ | चितवन | ३१३०२ | कालिका नगरपालिका | ३७५ | ११३० | ५१ | १५५६ |
| ११५ | चितवन | ३१३०३ | इच्छाकामना गाउँपालिका | ३२५ | ७४६ | ४८ | १११९ |
| ११६ | चितवन | ३१३०४ | भरतपुर महानगरपालिका | १००० | ४१२५ | ४४ | ५१६९ |
| ११७ | चितवन | ३१३०५ | रत्ननगर नगरपालिका | ४५० | १६०४ | ४२ | २०९६ |
| ११८ | चितवन | ३१३०६ | खैरहनी नगरपालिका | ४०० | १३६९ | ४९ | १८१८ |
| ११९ | चितवन | ३१३०७ | माडी नगरपालिका | ३५० | ९९३ | ४९ | १३९२ |
| | | | **जम्मा** | **४३४७५** | **१३३२९७** | **५८३४** | **१८२६०६** |

## ३.२.२ आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश कानूनबमोजिम प्रदेशले स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेश सरकार, बागमती प्रदेशलाई गरिएको सिफारिस

सिफारिस मितिः २०७८/१२/२३ गते, बुधबार

### क. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। नेपालको संविधानमा तीनै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँट गरिएको छ। तहगत सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था संविधानले नै सुनिश्चित गरेको छ। तीन तह बीचको सहकारिताको एउटा महत्वपूर्ण अवयवको रूपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको छ।

स्थानीय तहहरू बीचमा रहने भौगोलिक तथा जनसाङ्ख्यिक विविधता र आर्थिक सामाजिक तथा भौतिक विकासको असमान अवस्थाले उनीहरूको खर्चको आवश्यकता र राजस्व परिचालन क्षमता बीचमा असमानता रहन्छ। त्यस्तो असमानतालाई न्यूनीकरण गर्दै उपलब्ध स्रोत र साधनको समन्यायिक वितरणलाई सुनिश्चित गर्न संविधान तथा कानूनद्वारा नै स्वतन्त्र संवैधानिक निकायको सिफारिसमा प्रदेश सरकारले स्थानीय तहलाई अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको हुन्छ।

नेपालको सन्दर्भमा पनि प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानूनबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। साथै, त्यस्तो अनुदानका सम्बन्धमा सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था नेपालको संविधान र अन्य प्रचलित ऐनहरू समेतमा गरिएको छ। यसै व्यवस्थालाई कार्यान्वयन गर्ने क्रममा विगतका वर्षहरूमा जस्तै आगामी आ.व. २०७९/८० का लागि पनि प्रदेश कानूनबमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदानको कुल परिमाणलाई यस आयोगबाट स्थानीय तहगत रुपमा बाँडफाँट गरी प्रदेश सरकार समक्ष सिफारिस गरिएको छ।

### ख. कानुनी व्यवस्था

#### i. नेपालको संविधान

प्रदेश कानूनबमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा नेपालको संविधानमा देहायका व्यवस्थाहरू रहेका छन्:

- संविधानको धारा ६० को उपधारा (३) - प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ।
- संविधानको धारा ६० को उपधारा (५) - प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानूनबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्नेछन्।

#### ii. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को खण्ड (क) मा प्रदेश कानूनबमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेशलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था रहेको छ ।

सोही ऐनको दफा ३ को उपदफा (२) मा आयोगले संविधान तथा यस ऐन बमोजिम सुझाव वा सिफारिस दिँदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय तहको कार्य सम्पादनलाई समेत आधार लिने व्यवस्था रहेको छ।

सोही ऐनको दफा १६ को उपदफा (१) मा प्रदेशले स्थानीय तहलाई प्रचलित कानूनबमोजिम उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानका सम्बन्धमा प्रदेशलाई सिफारिस गर्दा आयोगले देहायका आधार लिई सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छ:

(क) प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क,

(ख) अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था,

(ग) प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था,

(घ) प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता,

(ङ) प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनुपर्ने सेवा,

(च) प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,

(छ) प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता।

सोही ऐनको दफा १६ को उपदफा (३) मा आयोगले उपदफा (१) बमोजिम वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रत्येक प्रदेश र स्थानीय तहले प्राप्त गर्ने न्यूनतम अनुदान र उपदफा (१) बमोजिमका आधारहरू बमोजिम प्रत्येक प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने व्यवस्था रहेको छ।

**iii. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ को उपदफा (२) मा नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानूनबमोजिम आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा १८ को उपदफा (३) मा प्रदेश सरकारले आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको चैत मसान्तभित्र संविधानको धारा ६० को उपधारा (५) बमोजिम स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा २८ मा यस ऐन वा प्रचलित कानूनबमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ।

**iv. प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५**

प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ को दफा ४ को उपदफा (१) मा प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा ४ को उपदफा (२) मा प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्व समेतका आधारमा उपदफा (१) बमोजिम स्थानीय तहलाई बाँडफाँट हुने समानीकरण अनुदान रकम निर्धारण गर्ने व्यवस्था रहेको छ।

## ग. वित्तीय समानीकरण अनुदान सिफारिसमा तथ्याङ्कको स्रोत

आगामी आर्थिक वर्ष २०७९/८० का लागि वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा विभिन्न स्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ, जसको विवरण यसप्रकार रहेको छः

| क्र.सं. | सूचक | स्रोत |
|---|---|---|
| १. | जनसङ्ख्या | • राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग |
| २. | क्षेत्रफल (भूगोल) | • नापी विभाग |
| ३. | मानव विकास सूचकाङ्क | • नेपाल मानव विकास प्रतिवेदन २०२०, राष्ट्रिय योजना आयोग |
| ४. | प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक असमानता सूचकाङ्क | • राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७६) |
| ५. | पूर्वाधार विकास<br>सडकको घनत्व (सडकमा पहुँच),<br>विद्युतको सुविधा (विद्युतमा पहुँच),<br>सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच),<br>खानेपानीको सुविधा (खानेपानीमा पहुँच),<br>सरसफाइ (शौचालयको उपलब्धता) | • राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग,<br>• सडक विभाग, शहरी विकास तथा भवन निर्माण विभाग र स्थानीय पूर्वाधार विभाग,<br>• नेपाल विद्युत प्राधिकरण,<br>• खानेपानी मन्त्रालय |
| ६. | राजस्वको अवस्था | • राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन,<br>• महालेखा नियन्त्रक कार्यालय,<br>• प्रदेश तथा स्थानीय तह |
| ७. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | • राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७५) |

## घ. वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने लिइएका आधार र ढाँचा तथा सोको व्याख्या एवम् विश्लेषण

### i. न्यूनतम वित्तीय समानीकरण अनुदान

बागमती प्रदेशले प्रदेशभित्रका स्थानीय तहलाई उपलब्ध गराउने न्यूनतम वित्तीय समानीकरण अनुदान सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (३) बमोजिम प्रत्येक स्थानीय तहका लागि न्यूनतम अनुदान सिफारिस गरिएको छ। आर्थिक वर्ष २०७९/८० को लागि प्रत्येक स्थानीय तहलाई न्यूनतम अनुदान सिफारिस गर्दा स्थानीय तहको जनसङ्ख्यालाई आधार लिई देहायबमोजिम सिफारिस गरिएको छ।

| क्र.सं. | सम्बद्ध स्थानीय तहको जनसङ्ख्या | स्थानीय तहको संख्या | न्यूनतम अनुदान (रू. हजारमा) | जम्मा (रू. हजारमा) |
|---|---|---|---|---|
| १ | १० हजार भन्दा कम | ७ | १२५० | ८७५० |
| २ | १० देखि २० हजारसम्म | ३४ | १३७५ | ४६७५० |
| ३ | २० देखि ३० हजारसम्म | ३३ | १५०० | ४९५०० |
| ४ | ३० देखि ४० हजारसम्म | १२ | १६२५ | १९५०० |
| ५ | ४० देखि ५० हजारसम्म | ७ | १७५० | १२२५० |
| ६ | ५० देखि ६० हजारसम्म | ६ | १८७५ | ११२५० |
| ७ | ६० देखि ७० हजारसम्म | ६ | २००० | १२००० |

| क्र.सं. | सम्बद्ध स्थानीय तहको जनसङ्ख्या | स्थानीय तहको संख्या | न्यूनतम अनुदान (रू. हजारमा) | जम्मा (रू. हजारमा) |
|---|---|---|---|---|
| ८ | ७० देखि ८० हजारसम्म | २ | २१२५ | ४२५० |
| ९ | ८० देखि ९० हजारसम्म | ५ | २२५० | ११२५० |
| १० | ९० देखि १ लाखसम्म | ० | २३७५ | ० |
| ११ | १ लाख देखि १ लाख १५ हजारसम्म | ३ | २५०० | ७५०० |
| १२ | १ लाख १५ हजार देखि १ लाख ४० हजारसम्म | ० | ३८७५ | ० |
| १३ | १ लाख ४० हजार देखि १ लाख ५० हजारसम्म | ० | ४१२५ | ० |
| १४ | १ लाख ५० हजार देखि २ लाखसम्म | १ | ४३७५ | ४३७५ |
| १५ | २ लाख देखि ३ लाखसम्म | २ | ५००० | १०००० |
| १६ | ३ लाख देखि ५ लाखसम्म | ० | ५१२५ | ० |
| १७ | ५ लाख भन्दा बढी | १ | ५६२५ | ५६२५ |
| | जम्मा | ११९ | | २०३००० |

### ii. सुत्रमा आधारित वित्तीय समानीकरण अनुदान

बागमती प्रदेशले प्रदेश भित्रका स्थानीय तहलाई उपलब्ध गराउने कुल वित्तीय समानीकरण अनुदान रकममध्ये न्यूनतम अनुदान रकम छुट्याइसकेपछि बाँकी हुन आउने रकमलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) मा वित्तीय समानीकरण अनुदानको सिफारिसका लागि उल्लेख गरिएका आधारहरूलाई मानव विकास सूचकाङ्क, आर्थिक सामाजिक असमानता, पूर्वाधारको अवस्था, राजस्वको अवस्था र खर्चको आवश्यकता तथा राजस्व उठाउन सक्ने क्षमता गरी ५ वटा शीर्षकमा समेटी मूल्याङ्कन गरिएको छ। आगामी आर्थिक वर्ष २०७९/८० को लागि प्रदेश सरकारबाट प्रदेशभित्रका स्थानीय तहहरूलाई उपलब्ध गराउनुपर्ने वित्तीय समानीकरण अनुदान रकम यस आयोगबाट देहायका विस्तृत आधार र ढाँचामा निर्धारण गरी प्रदेश सरकारलाई सिफारिस गरिएको छ।

| क्र.सं. | सूचक/उपसूचक | उपसूचकको भार | सूचकको भार |
|---|---|---|---|
| १. | मानव विकास सूचकाङ्क | | १० % |
| २. | आर्थिक सामाजिक असमानता | | ५ % |
| ३. | पूर्वाधार विकासको अवस्था<br>• सडकको घनत्व (सडकमा पहुँच),<br>• विद्युतको सुविधा (विद्युतमा पहुँच),<br>• सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच),<br>• खानेपानीको सुविधा (खानेपानीमा पहुँच),<br>• सरसफाइ (शौचालयको उपलब्धता) | <br>६० %<br>१० %<br>१० %<br>१० %<br>१० % | १० % |
| ४. | राजस्वको अवस्था | | ५ % |
| ५. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | | ७० % |
| | जम्मा | | १०० % |

### अ. मानव विकास सूचकाङ्क

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) मा वित्तीय समानीकरण अनुदानको एउटा आधारको रुपमा प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य जस्ता मानव विकास सूचकाङ्कलाई लिनुपर्ने उल्लेख छ। यस प्रयोजनका लागि सन् २०२० मा प्रकाशित नेपाल मानव विकास प्रतिवेदनको तथ्याङ्कलाई यस सूचकमा

प्रयोग गरिएको छ। सो प्रतिवेदनले राष्ट्रिय तहको अलावा प्रदेश तहसम्मको मानव विकास सूचकाङ्क प्रकाशन गरेको भए तापनि स्थानीय तहगत रूपमा त्यस्तो सूचकाङ्क उल्लेख गरिएको छैन। ऐनको व्यवस्था कार्यान्वयन गर्ने क्रममा स्थानीय तहगत रूपमा नै मानव विकास सूचकाङ्क आवश्यक पर्ने हुँदा सो प्रतिवेदनमा उपलब्ध प्रादेशिक, भौगोलिक तथा शहरी र ग्रामिण सूचकाङ्क समेतलाई आधार बनाएर आयोगले सबै स्थानीय तहको मानव विकासको प्रतिविम्बित (Indicative) सूचकाङ्क विकास गरी अनुदान सिफारिसको प्रयोजनार्थ प्रयोगमा ल्याइएको छ। मानव विकास सूचकाङ्कले स्थानीय तहमा बसोबास गर्ने मानिसको शिक्षा, स्वास्थ्य र आयको मापन गर्दछ। जुन स्थानीय तहको मानव विकास सूचकाङ्क कम छ, त्यस स्थानीय तहले आफ्नो क्षेत्रका जनताको जीवनस्तर उकास्नका लागि अतिरिक्त प्रयास गर्नुपर्ने हुन्छ, सोका लागि स्वभाविक रुपमा अतिरिक्त खर्चको आवश्यकता हुन्छ। यसै प्रयोजनका लागि मानव विकास सूचकाङ्कलाई १० प्रतिशत भार दिइएको छ।

### आ. आर्थिक सामाजिक असमानता

आर्थिक सामाजिक असमानता सूचकाङ्क सम्बन्धमा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक असमानता मापन गर्नका लागि आर्थिक, सामाजिक र जलवायु परिवर्तन जोखिम तथा विपद् क्षेत्रका ६ वटा आयामहरूका २९ वटा उप-सूचकहरूका आधारमा आर्थिक, सामाजिक असमानता सूचकाङ्क निर्माण गरिएको छ। आर्थिक सामाजिक असमानताको अवस्था उच्च रहेका स्थानीय तहले विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यमा प्रभावकारिता ल्याउन थप खर्च गर्नुपर्ने हुन्छ। यसै प्रयोजनका लागि आर्थिक सामाजिक असमानता सूचकाङ्कलाई ५ प्रतिशत भार दिईएको छ।

### इ. पूर्वाधार विकासको अवस्था

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) अनुसार वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकतालाई आधार लिनुपर्ने व्यवस्था रहेको छ। स्थानीय तहको पूर्वाधार विकासको अवस्थाले सो स्थानीय तहको विकासको अवस्था निर्धारण गर्ने आधार दिन्छ। पूर्वाधार विकासको अवस्था कमजोर भएका स्थानीय तहले जनतालाई संविधानले मार्गदर्शन गरे अनुसारका सेवा सुविधा प्रदान गर्न अतिरिक्त खर्च गर्नुपर्ने हुन्छ, जसले गर्दा सेवाको लागत वृद्धि गराउँदछ। आयोगले स्थानीय तहमा उपलब्ध सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाइको पहुँच तथा उपलब्धतालाई आधार मानी पूर्वाधार सूचकाङ्क तयार गरेको छ र यसलाई १० प्रतिशत भार प्रदान गरेको छ। पूर्वाधार विकास अन्तर्गत सडक घनत्व, विद्युत सुविधा, सूचना प्रविधि सुविधा, खानेपानी सुविधा र सरसफाइलाई उपसूचकको रुपमा लिइएको छ।

- सडकको घनत्व (सडकमा पहुँच): सडक सञ्जालको पहुँचले स्थानीय तहको विकासलाई प्रभावित गर्दछ, उनीहरूले प्रवाह गर्नुपर्ने सेवा प्रवाहको लागतमा असर पार्दछ। सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउन र आम सर्वसाधारण जनतालाई सुगम तथा सहज ढङ्गले सेवा प्रवाह गर्नका लागि पनि सडकको भूमिका महत्वपूर्ण हुन्छ। अतः पूर्वाधार विकासलाई दिईएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट ६० प्रतिशत भार स्थानीय तहको सडक घनत्वलाई दिइएको छ।
- विद्युतको सुविधा (विद्युतमा पहुँच): विकासको एउटा आवश्यकताको रुपमा लिइने विद्युतको सुविधाले स्थानीय तहको आर्थिक विकासमा बहु-आयामिक भूमिका खेल्दछ। जुन स्थानीय तहमा विद्युत सुविधाको पहुँच कमजोर रहेको छ, उसका लागि थप आर्थिक व्ययभार आवश्यक पर्दछ। यसै परिप्रेक्ष्यमा स्थानीय तहको विद्युत सुविधाको अवस्थालाई उपसूचकका रुपमा लिई पूर्वाधार विकासलाई दिईएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार विद्युत सुविधाको पहुँचलाई दिईएको छ।

- सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच): जुन स्थानीय तहको सूचना प्रविधिको पहुँचको अवस्था कमजोर छ, त्यस्ता स्थानीय तहले सूचना प्रविधिको पहुँच स्तर माथि उकास्न यथोचित लगानी गर्नुपर्ने हुन्छ। यसले स्थानीय तहको आर्थिक व्ययभार बढाउने गर्दछ। यसै पक्षलाई ख्याल गर्दै पूर्वाधार विकासका लागि तोकिएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार सूचना प्रविधिको पहुँचलाई दिइएको छ।
- खानेपानीको सुविधा (खानेपानीमा पहुँच): संविधानले परिकल्पना गरे अनुसारको लोक कल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्न अन्य कुराका अलावा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउनुपर्ने हुन्छ। स्थानीय तहमा खानेपानी सुविधाको पहुँच बढाउन थप आर्थिक स्रोतको आवश्यकता पर्दछ। अतः यसै पक्षलाई ख्याल राख्दै पूर्वाधार विकास अन्तर्गतको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार खानेपानी सुविधा उपसूचकलाई प्रदान गरिएको छ।
- सरसफाइ (शौचालयको उपलब्धता): नेपालको संविधानले नै प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। सरसफाइको अवस्था कमजोर रहेको स्थानीय तहले सो सुविधा वृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ। स्थानीय तहमा हाल रहेका शौचालयहरूको उपलब्धतालाई सरसफाइ सूचक मानी पूर्वाधार विकास अन्तर्गतको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार सरसफाइ (शौचालयको उपलब्धता) उपसूचकलाई प्रदान गरिएको छ।

यसप्रकार पूर्वाधार विकास सम्बन्धी उल्लिखित सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाइसम्बन्धी सूचक उच्च भएका स्थानमा कम लगानी र त्यस्ता सूचकहरूको उपलब्धता न्यून भएको स्थानमा बढी लगानी गर्ने गरी आयोगले वित्तीय समानीकरण अनुदान सिफारिस गरेको छ।

### ई. राजस्वको अवस्था

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) ले वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमतालाई आधार लिनुपर्ने व्यवस्था गरेको छ। यस सूचकका लागि आयोगले प्रत्येक स्थानीय तहले राजस्व सङ्कलनमा गरेका प्रयासहरू र उनीहरूले उठाएको राजस्वको अवस्थाको तथ्याङ्क सङ्कलन गरी विश्लेषण गर्दा प्रायः सबै स्थानीय तहहरूले राजस्व सङ्कलन गरेको र राजस्व सङ्कलन गर्ने थप प्रयास समेत गरेको देखिएकोले सबै स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने प्रयोजनार्थ राजस्वको अवस्था सूचकका लागि समान अङ्कभार प्रदान गरिएको छ।

### उ. खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता

नेपालको संविधानको धारा ६० को उपधारा (५) ले प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानूनबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) ले वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता र प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकतालाई आधार लिनुपर्ने व्यवस्था गरेको छ। त्यसै गरी प्रदेश ऐनले पनि प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था गरेको छ। उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाअनुसार आयोगले वित्तीय समानीकरण अनुदानको सिफारिस गर्दा प्रत्येक स्थानीय तहको खर्चको आवश्यकताका अलावा राजस्वको क्षमता निर्धारण गरी वित्तीय अन्तर (Fiscal Gap) पत्ता लगाउनुपर्ने हुन्छ। खर्चको आवश्यकता आंकलन गर्नका निमित्त संविधानको अनुसूचीमा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा

अधिकार बमोजिमका कार्य जिम्मेवारीको थप प्रष्टता हुनुपर्ने, कार्य जिम्मेवारी अनुरुपको कार्यसम्पादनका लागि प्रत्येक तहले सम्पादन गर्नुपर्ने अलग अलग कार्यको स्पष्ट किटानी हुनुपर्ने, साथै प्रत्येक कामको न्यूनतम राष्ट्रिय तथा प्रादेशिक मानदण्ड र राष्ट्रिय तथा तहगत लक्ष्य तय हुनुपर्ने हुन्छ। तोकिएको मानदण्ड र लक्ष्य बमोजिमको कार्य सम्पादन गर्नका लागि उक्त कामको प्रति इकाई लागत निकाली कुल लागत निर्धारण गर्नुपर्ने हुन्छ। हाल स्थानीय तहले सम्पादन गर्नुपर्ने कतिपय कार्यको आधारभूत मानदण्ड तथा तहगत लक्ष्य निर्धारण भैनसकेको अवस्थामा खर्चको आवश्यकताको यथार्थ आंकलन गर्ने कार्य कठिन हुने देखिन्छ। त्यसैगरी राजस्व उठाउन सक्ने क्षमताको आंकलन गर्दा प्रत्येक स्थानीय तहको राजस्व अधिकार, राजस्वको सम्भाव्य दायरा र दर तथा राजस्व उठाउँदा हुने लाभ-लागत अनुपात र भैरहेको राजस्व सङ्कलनको कुल आकार समेतको विश्लेषण गर्नुपर्ने हुन्छ। तर सङ्घीयता कार्यान्वयनको छोटो अवधीमा यस सम्बन्धी विस्तृत तथ्याङ्कहरू उपलब्ध भइनसकेको अवस्थामा यथार्थ राजस्व असुलीको सम्भाव्यता यकिन गर्नु पनि उत्तिकै चूनौतीपूर्ण रहेको छ। यी सबै सीमाहरूका बीचबाट आयोगले निश्चित सूचक र विश्लेषणका आधारमा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आंकलन सम्बन्धी अध्ययन कार्य गरेको छ र आगामी दिनमा उक्त अध्ययनलाई अद्यावधिक गर्दै लगिने छ। आगामी आर्थिक वर्ष २०७९/८० को लागि वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा आयोगले गरेको अध्ययनबाट देखिएको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमता बीचको वित्तीय अन्तरको सूचकलाई ७० प्रतिशत भार दिईएको छ।

यसरी आर्थिक बर्ष २०७९/८० को लागि बागमती प्रदेशले प्रदेशभित्रका स्थानीय सरकारलाई प्रदान गर्ने सूत्रमा आधारित वित्तीय समानीकरण अनुदान रु.१ अर्ब ५४ करोड ७० लाख हुने गरी सिफारिस गरिएको छ।

## ङ. वित्तीय समानीकरण अनुदानसम्बन्धी सिफारिस

संविधान तथा कानूनतः प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय समानीकरण अनुदान उपलब्ध गराउँदा प्रदेश कानूनबमोजिम सिफारिस गर्नुपर्ने भनी उल्लेख गरिएको भएतापनि सो सम्बन्धमा प्रदेशका कानूनहरू अध्ययन गर्दा ती कानूनहरूमा पनि संविधान र सङ्घीय ऐनमा भएको व्यवस्थाभन्दा सो अनुदान सिफारिस गर्ने फरक र छुट्टै आधारहरू उल्लेख गरेको नपाईएकोले सङ्घीय ऐनकै आधार (सूचक) लाई अनुदान सिफारिसको आधारको रुपमा लिईएको छ। तसर्थ, नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र बागमती प्रदेश, प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ मा वित्तीय समानीकरण अनुदानका सम्बन्धमा भएका व्यवस्थाअनुसार प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सम्बन्धमा सिफारिस गरिएको छ।

प्रदेश सरकारबाट प्रदेशभित्रका प्रत्येक स्थानीय तहहरूमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान निर्धारण गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (३) को व्यवस्थाबमोजिम प्रत्येक स्थानीय तहले प्राप्त गर्ने न्यूनतम अनुदान र सोही ऐनको दफा १६ को उपदफा (१) मा तोकिएका आधारहरू बमोजिम प्राप्त गर्ने सुत्रमा आधारित अनुदान छुट्टाछुट्टै गणना गरी कुल वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको छ।

यसरी आर्थिक बर्ष २०७९/८० को लागि बागमती प्रदेशले प्रदेशभित्रका स्थानीय सरकारलाई प्रदान गर्ने न्यूनतम अनुदान रु.२० करोड ३० लाख र सुत्रमा आधारित अनुदान रु. १ अर्ब ५४ करोड ७० लाख समेत कुल वित्तीय समानीकरण अनुदान रु.१ अर्ब ७५ करोड हुने गरी सिफारिस गरिएको छ।

## च. वित्तीय समानीकरण अनुदानसम्बन्धी सुझाव

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ मा उक्त ऐन वा प्रचलित कानूनबमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको छ। वित्तीय

समानीकरण अनुदानको मूल उद्देश्य स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको फरकबाट सिर्जना हुने वित्तीय अन्तर घटाई सन्तुलन कायम गर्नु हो। नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्रदान गरिएको जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत अभावको समस्या घटाउन यो अनुदान हस्तान्तरण गरिन्छ। अतः स्थानीय तहले वित्तीय समानीकरण अनुदानको प्रयोग गर्दा नेपालको संविधान अनुसार आफूलाई प्राप्त कार्य जिम्मेवारी पुरा गर्न यस अनुदानको प्रयोग गर्नुपर्दछ। त्यसरी अनुदानको प्रयोग गर्दा कुनै विषयगत क्षेत्रका कार्यहरूमा मात्र बढी रकम विनियोजन गर्ने र अन्य विषयगत क्षेत्रका कार्यहरूका लागि आवश्यक रकम विनियोजन नै नहुने अवस्था आउन दिनु हुँदैन। त्यसैगरी आफ्ना अधिकारक्षेत्र भित्रका विषयहरूको सन्तुलित एवम् नतिजामुखी कार्यान्वयनमा जोड दिनुपर्दछ। साथै, अनुदान सिफारिसका लागि लिइएका आधार तथा सूचकहरूले समावेश गरेका विषय तथा क्षेत्रहरूमा अपेक्षित विकास, सुधार तथा गुणस्तर कायम गर्ने गरी यस अनुदानको प्रयोग गरिनु पर्दछ।

उल्लिखित संवैधानिक व्यवस्था र कानूनमा तोकिएका आधारहरू बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदान सम्बन्धमा देहाय बमोजिमका सुझावहरू उपलब्ध गराईएको छः

(१) सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानलाई संविधानको मर्म र भावनाबमोजिम वितरण गर्ने गरी व्यवस्थित गर्दै यस्ता अनुदानको परिमाणलाई न्यूनीकरण गर्ने र स्थानीय तहको वित्तीय अन्तर (Fiscal Gap) परिपूर्ति गर्न वित्तीय समानीकरण अनुदानलाई क्रमशः बढाउँदै लाने नीति लिनुपर्ने।

(२) नेपालको संविधानले सुरक्षित गरेका नागरिकका मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्न तथा राज्यका निर्देशक सिद्धान्त अनुरूपको दिशामा अगाडि बढ्ने गरी स्थानीय तहको आर्थिक विकासमा योगदान पुऱ्याउन वित्तीय समानीकरण अनुदानको प्रयोग गर्नुपर्ने।

(३) प्रादेशिक रुपमा पछाडि परेका स्थानीय तहलाई प्रादेशिक औसत स्तरको नजिक ल्याउन वित्तीय समानीकरण अनुदानको प्रयोग गर्नुपर्ने।

(४) समाजका सबै वर्ग, क्षेत्र, समुदाय, जातजाति, अल्पसङ्ख्यक, सीमान्तकृत, अशक्त र असहायहरूको सशक्तिकरण गर्न र स्थानीय तहलाई विकासको मूलप्रवाहमा ल्याउन समानीकरण अनुदानको प्रयोग गर्नुपर्ने।

(५) स्थानीय तहले राष्ट्रिय तथा प्रादेशिक मानदण्ड र राष्ट्रिय तथा प्रादेशिक लक्ष्य हासिल गर्ने दिशामा योगदान पुग्ने गरी वित्तीय समानीकरण अनुदानको रकम प्रयोग गर्नुपर्ने।

(६) सम्बन्धित स्थानीय तहको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता अत्यावश्यक सेवा उपलब्ध गराउन, अन्य स्थानीय तहसँग प्रतिस्पर्धा गर्दै सन्तुलित विकास गर्न गराउन, स्थानीय तहमा रहेको आर्थिक सामाजिक असमानता न्यूनीकरण गर्न, सडक, सिँचाइ, विद्युत, सञ्चार लगायतका पूर्वाधार विकास गर्न तथा संविधानले प्रत्याभूत गरेको खर्चको जिम्मेवारी पूरा गर्न वित्तीय समानीकरण अनुदान रकमको प्रयोग गर्नुपर्ने।

(७) नागरिकहरूलाई बासस्थानको आधारमा भेदभाव नहुने गरी सरकारी सेवाहरू न्यूनतम र समतामूलक (Minimum and Equitable) रुपमा प्रदान गर्न उपयुक्त मात्रामा स्रोत साधनहरू उपलब्ध गराउन वित्तीय समानीकरण अनुदानको रकम प्रयोग गर्नुपर्ने।

(८) संविधानले स्थानीय तहलाई दिएको संवैधानिक जिम्मेवारी अनुरुप सेवा प्रवाह र विकास निर्माण गर्नका लागि वित्तीय समानीकरण अनुदान प्रयोग गर्नुपर्ने।

(९) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र उक्त ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था रहेको हुँदा स्थानीय तहले अध्ययन भ्रमण, वैदेशिक भ्रमण, प्रशासनिक एवम् कार्यालय सञ्चालन जस्ता शीर्षक वा विषयमा वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकमको प्रयोग गर्न नहुने।

(१०) प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानूनबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने संवैधानिक व्यवस्था रहेको छ। आगामी दिनमा प्रदेशले स्थानीय तहलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानको परिमाण तय गर्दा संविधानको मर्म अनुरुप थप वस्तुनिष्ठ बनाउनुपर्नेतर्फ ध्यान दिनुपर्ने।

द्रष्टव्य : आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश सरकारले स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानसम्बन्धी सिफारिस तालिका ३.५ मा समावेश गरिएको छ।

**तालिका ३.५ - आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश कानुनबमोजिम प्रदेशले स्थानीय सरकारलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेश सरकार, बागमती प्रदेशलाई गरिएको सिफारिस**

*रकम रू. हजारमा*

| क्र.सं. | जिल्ला | सङ्केत नं. | स्थानीय सरकारको नाम | न्यूनतम | सुत्रमा आधारित | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | दोलखा | ३०१०१ | गौरिशंकर गाउँपालिका | १३७५ | ९९७५ | ११३५० |
| २ | दोलखा | ३०१०२ | बिगु गाउँपालिका | १३७५ | १०५०९ | ११८८४ |
| ३ | दोलखा | ३०१०३ | कालिन्चोक गाउँपालिका | १५०० | १२५१७ | १४०१७ |
| ४ | दोलखा | ३०१०४ | बैतेस्वर गाउँपालिका | १३७५ | ११५६० | १२९३५ |
| ५ | दोलखा | ३०१०५ | जिरी नगरपालिका | १३७५ | ९४६९ | १०८४४ |
| ६ | दोलखा | ३०१०६ | तामाकोशी गाउँपालिका | १३७५ | ११३३४ | १२७०९ |
| ७ | दोलखा | ३०१०७ | मेलुङ्ग गाउँपालिका | १५०० | ११४५२ | १२९५२ |
| ८ | दोलखा | ३०१०८ | शैलुङ गाउँपालिका | १३७५ | १०८९२ | १२२६७ |
| ९ | दोलखा | ३०१०९ | भिमेश्वर नगरपालिका | १६२५ | १७०३० | १८६५५ |
| १० | सिन्धुपाल्चोक | ३०२०१ | भोटेकोशी गाउँपालिका | १३७५ | ९९६८ | ११३४३ |
| ११ | सिन्धुपाल्चोक | ३०२०२ | जुगल गाउँपालिका | १३७५ | ९९९१ | ११३६६ |
| १२ | सिन्धुपाल्चोक | ३०२०३ | पाँचपोखरी थाङपाल गाउँपालिका | १५०० | १०७५२ | १२२५२ |
| १३ | सिन्धुपाल्चोक | ३०२०४ | हेलम्बु गाउँपालिका | १३७५ | ९९७७ | ११३५२ |
| १४ | सिन्धुपाल्चोक | ३०२०५ | मेलम्ची नगरपालिका | १७५० | १९५६४ | २१३१४ |
| १५ | सिन्धुपाल्चोक | ३०२०६ | ईन्द्रावती गाउँपालिका | १५०० | १४२४६ | १५७४६ |
| १६ | सिन्धुपाल्चोक | ३०२०७ | चौतारा साँगाचोकगढी नगरपालिका | १७५० | २०१३० | २१८८० |
| १७ | सिन्धुपाल्चोक | ३०२०८ | बलेफी गाउँपालिका | १३७५ | ११३९९ | १२७७४ |
| १८ | सिन्धुपाल्चोक | ३०२०९ | बाह्रबिसे नगरपालिका | १५०० | १३७५६ | १५२५६ |
| १९ | सिन्धुपाल्चोक | ३०२१० | त्रिपुरासुन्दरी गाउँपालिका | १३७५ | ८१६७ | ९५४२ |
| २० | सिन्धुपाल्चोक | ३०२११ | लिसंखु पाखर गाउँपालिका | १३७५ | ९४६८ | १०८४३ |
| २१ | सिन्धुपाल्चोक | ३०२१२ | सुनकोशी गाउँपालिका | १३७५ | १०४२४ | ११७९९ |
| २२ | रसुवा | ३०३०१ | गोसाईकुण्ड गाउँपालिका | १२५० | ६६२५ | ७८७५ |
| २३ | रसुवा | ३०३०२ | आमाछोदिङमो गाउँपालिका | १२५० | ४४२९ | ५६७९ |
| २४ | रसुवा | ३०३०३ | उत्तरगया गाउँपालिका | १२५० | ६४२६ | ७६७६ |

| क्र.सं. | जिल्ला | सङ्केत नं. | स्थानीय सरकारको नाम | न्यूनतम | सुत्रमा आधारित | जम्मा |
|---|---|---|---|---|---|---|
| २५ | रसुवा | ३०३०४ | कालिका गाउँपालिका | १२५० | ६९१४ | ८१६४ |
| २६ | रसुवा | ३०३०५ | नौकुण्ड गाउँपालिका | १३७५ | ७०२० | ८३९५ |
| २७ | धादिङ | ३०४०१ | रुबी भ्याली गाउँपालिका | १२५० | ५८२३ | ७०७३ |
| २८ | धादिङ | ३०४०२ | खनियाबास गाउँपालिका | १३७५ | ७९०५ | ९२८० |
| २९ | धादिङ | ३०४०३ | गंङ्गा जमुना गाउँपालिका | १५०० | ११७३५ | १३२३५ |
| ३० | धादिङ | ३०४०४ | त्रिपुरासुन्दरी गाउँपालिका | १५०० | १२६०४ | १४१०४ |
| ३१ | धादिङ | ३०४०५ | नेत्रावती डबजोङ गाउँपालिका | १३७५ | ८१९४ | ९५६९ |
| ३२ | धादिङ | ३०४०६ | नीलकण्ठ नगरपालिका | १८७५ | २३८८४ | २५७५९ |
| ३३ | धादिङ | ३०४०७ | ज्वालामुखी गाउँपालिका | १५०० | १२७२० | १४२२० |
| ३४ | धादिङ | ३०४०८ | सिद्धलेक गाउँपालिका | १५०० | १२७४२ | १४२४२ |
| ३५ | धादिङ | ३०४०९ | बेनीघाट रोराङ्ग गाउँपालिका | १६२५ | १५७२३ | १७३४८ |
| ३६ | धादिङ | ३०४१० | गजुरी गाउँपालिका | १५०० | १४३९३ | १५८९३ |
| ३७ | धादिङ | ३०४११ | गल्छी गाउँपालिका | १५०० | १३८८६ | १५३८६ |
| ३८ | धादिङ | ३०४१२ | थाक्रे गाउँपालिका | १६२५ | १६२६३ | १७८८८ |
| ३९ | धादिङ | ३०४१३ | धुनीबेंशी नगरपालिका | १६२५ | १५३९१ | १७०१६ |
| ४० | नुवाकोट | ३०५०१ | दुप्चेश्वर गाउँपालिका | १५०० | ६७४८ | ८२४८ |
| ४१ | नुवाकोट | ३०५०२ | तादी गाउँपालिका | १३७५ | ६२३६ | ७६११ |
| ४२ | नुवाकोट | ३०५०३ | सुर्यगढी गाउँपालिका | १३७५ | ५९६१ | ७३३६ |
| ४३ | नुवाकोट | ३०५०४ | बिदुर नगरपालिका | १८७५ | १४६५० | १६५२५ |
| ४४ | नुवाकोट | ३०५०५ | किस्पाङ्ग गाउँपालिका | १३७५ | ५४५४ | ६८२९ |
| ४५ | नुवाकोट | ३०५०६ | म्यगङ गाउँपालिका | १३७५ | ४९९३ | ६३६८ |
| ४६ | नुवाकोट | ३०५०७ | तारकेश्वर गाउँपालिका | १३७५ | ५६३७ | ७०१२ |
| ४७ | नुवाकोट | ३०५०८ | बेलकोटगढी नगरपालिका | १७५० | ११२३४ | १२९८४ |
| ४८ | नुवाकोट | ३०५०९ | लिखु गाउँपालिका | १३७५ | ६३८१ | ७७५६ |
| ४९ | नुवाकोट | ३०५१० | पन्चकन्या गाउँपालिका | १३७५ | ५९५७ | ७३३२ |
| ५० | नुवाकोट | ३०५११ | शिवपुरी गाउँपालिका | १५०० | ७०४० | ८५४० |
| ५१ | नुवाकोट | ३०५१२ | ककनी गाउँपालिका | १५०० | ८४५८ | ९९५८ |
| ५२ | काठमाडौं | ३०६०१ | शंङ्खरापुर नगरपालिका | १५०० | ९०९१ | १०५९१ |
| ५३ | काठमाडौं | ३०६०२ | कागेश्वरी मनहरा नगरपालिका | २००० | १७५८५ | १९५८५ |
| ५४ | काठमाडौं | ३०६०३ | गोकर्णेश्वर नगरपालिका | २५०० | २६३४५ | २८८४५ |
| ५५ | काठमाडौं | ३०६०४ | बुढानिलकण्ठ नगरपालिका | २५०० | २७५७३ | ३००७३ |
| ५६ | काठमाडौं | ३०६०५ | टोखा नगरपालिका | २५०० | २५३५४ | २७८५४ |
| ५७ | काठमाडौं | ३०६०६ | तारकेश्वर नगरपालिका | २२५० | २१७२१ | २३९७१ |
| ५८ | काठमाडौं | ३०६०७ | नागार्जुन नगरपालिका | २००० | १९५७८ | २१५७८ |
| ५९ | काठमाडौं | ३०६०८ | काठमाण्डौ महानगरपालिका | ५६२५ | ८१४४५ | ८७०७० |
| ६० | काठमाडौं | ३०६०९ | किर्तिपुर नगरपालिका | २००० | १९७३४ | २१७३४ |
| ६१ | काठमाडौं | ३०६१० | चन्द्रागिरी नगरपालिका | २२५० | २२७३८ | २४९८८ |
| ६२ | काठमाडौं | ३०६११ | दक्षिणकाली नगरपालिका | १५०० | ९१९३ | १०६९३ |
| ६३ | भक्तपुर | ३०७०१ | चाँगुनारायण नगरपालिका | १८७५ | १६२८० | १८१५५ |

| क्र.सं. | जिल्ला | सङ्केत नं. | स्थानीय सरकारको नाम | न्यूनतम | सुत्रमा आधारित | जम्मा |
|---|---|---|---|---|---|---|
| ६४ | भक्तपुर | ३०७०२ | भक्तपुर नगरपालिका | २२५० | २१५६० | २३८१० |
| ६५ | भक्तपुर | ३०७०३ | मध्यपुर थिमी नगरपालिका | २२५० | २२१३० | २४३८० |
| ६६ | भक्तपुर | ३०७०४ | सूर्यविनायक नगरपालिका | २१२५ | २०६८८ | २२८१३ |
| ६७ | ललितपुर | ३०८०१ | महालक्ष्मी नगरपालिका | २००० | १७७२२ | १९७२२ |
| ६८ | ललितपुर | ३०८०२ | ललितपुर महानगरपालिका | ५००० | ४०७०० | ४५७०० |
| ६९ | ललितपुर | ३०८०३ | गोदावरी नगरपालिका | २२५० | २०२८१ | २२५३१ |
| ७० | ललितपुर | ३०८०४ | कोन्ज्योसोम गाउँपालिका | १२५० | ४३४० | ५५९० |
| ७१ | ललितपुर | ३०८०५ | महाङ्काल गाउँपालिका | १२५० | ४५८४ | ५८३४ |
| ७२ | ललितपुर | ३०८०६ | बाग्मती गाउँपालिका | १३७५ | ५५२२ | ६८९७ |
| ७३ | काभ्रेपलाञ्चोक | ३०९०१ | चौरीदेउराली गाउँपालिका | १५०० | ७१७६ | ८६७६ |
| ७४ | काभ्रेपलाञ्चोक | ३०९०२ | भुम्लु गाउँपालिका | १३७५ | ६७२२ | ८०९७ |
| ७५ | काभ्रेपलाञ्चोक | ३०९०३ | मण्डन देउपुर नगरपालिका | १६२५ | ९९२३ | ११५४८ |
| ७६ | काभ्रेपलाञ्चोक | ३०९०४ | बनेपा नगरपालिका | १८७५ | १६२४४ | १८११९ |
| ७७ | काभ्रेपलाञ्चोक | ३०९०५ | धुलिखेल नगरपालिका | १६२५ | १०९२९ | १२५५४ |
| ७८ | काभ्रेपलाञ्चोक | ३०९०६ | पाँचखाल नगरपालिका | १६२५ | ११८५९ | १३४८४ |
| ७९ | काभ्रेपलाञ्चोक | ३०९०७ | तेमाल गाउँपालिका | १५०० | ७६५९ | ९१५९ |
| ८० | काभ्रेपलाञ्चोक | ३०९०८ | नमोबुद्ध नगरपालिका | १५०० | ९४०१ | १०९०१ |
| ८१ | काभ्रेपलाञ्चोक | ३०९०९ | पनौती नगरपालिका | १७५० | १३७४९ | १५४९९ |
| ८२ | काभ्रेपलाञ्चोक | ३०९१० | बेथानचोक गाउँपालिका | १३७५ | ६४६७ | ७८४२ |
| ८३ | काभ्रेपलाञ्चोक | ३०९११ | रोशी गाउँपालिका | १५०० | ९११३ | १०६१३ |
| ८४ | काभ्रेपलाञ्चोक | ३०९१२ | महाभारत गाउँपालिका | १३७५ | ६४५२ | ७८२७ |
| ८५ | काभ्रेपलाञ्चोक | ३०९१३ | खानीखोला गाउँपालिका | १३७५ | ५५४८ | ६९२३ |
| ८६ | रामेछाप | ३१००१ | उमाकुण्ड गाउँपालिका | १३७५ | १०५३४ | ११९०९ |
| ८७ | रामेछाप | ३१००२ | गोकुलगङ्गा गाउँपालिका | १५०० | ११६१७ | १३११७ |
| ८८ | रामेछाप | ३१००३ | लिखु तामाकोसी गाउँपालिका | १५०० | १२४२६ | १३९२६ |
| ८९ | रामेछाप | ३१००४ | रामेछाप नगरपालिका | १५०० | १४६४१ | १६१४१ |
| ९० | रामेछाप | ३१००५ | मन्थली नगरपालिका | १७५० | २०१३५ | २१८८५ |
| ९१ | रामेछाप | ३१००६ | खाँडादेवी गाउँपालिका | १५०० | १३५७५ | १५०७५ |
| ९२ | रामेछाप | ३१००७ | दोरम्बा गाउँपालिका | १५०० | ११६६१ | १३१६१ |
| ९३ | रामेछाप | ३१००८ | सुनापती गाउँपालिका | १३७५ | १०३७४ | ११७४९ |
| ९४ | सिन्धुली | ३११०१ | दुधौली नगरपालिका | २००० | १५४५५ | १७४५५ |
| ९५ | सिन्धुली | ३११०२ | फिक्कल गाउँपालिका | १३७५ | ६१४७ | ७५२२ |
| ९६ | सिन्धुली | ३११०३ | तीनपाटन गाउँपालिका | १६२५ | १०७५६ | १२३८१ |
| ९७ | सिन्धुली | ३११०४ | गोलन्जोर गाउँपालिका | १३७५ | ६९८३ | ८३५८ |
| ९८ | सिन्धुली | ३११०५ | कमलामाई नगरपालिका | २००० | १६६३१ | १८६३१ |
| ९९ | सिन्धुली | ३११०६ | सुनकोशी गाउँपालिका | १५०० | ७६३८ | ९१३८ |
| १०० | सिन्धुली | ३११०७ | ध्याङलेख गाउँपालिका | १३७५ | ५००१ | ६३७६ |
| १०१ | सिन्धुली | ३११०८ | मरिण गाउँपालिका | १५०० | ८४२० | ९९२० |
| १०२ | सिन्धुली | ३११०९ | हरिहरपुरगढी गाउँपालिका | १५०० | ८३२८ | ९८२८ |

| क्र.सं. | जिल्ला | सङ्केत नं. | स्थानीय सरकारको नाम | न्यूनतम | सुत्रमा आधारित | जम्मा |
|---|---|---|---|---|---|---|
| १०३ | मकवानपुर | ३१२०१ | ईन्द्रसरोवर गाउँपालिका | १३७५ | ५४४५ | ६८२० |
| १०४ | मकवानपुर | ३१२०२ | थाहा नगरपालिका | १७५० | ११६८७ | १३४३७ |
| १०५ | मकवानपुर | ३१२०३ | कैलाश गाउँपालिका | १५०० | ७५२७ | ९०२७ |
| १०६ | मकवानपुर | ३१२०४ | राक्सिराङ्ग गाउँपालिका | १५०० | ८१९० | ९६९० |
| १०७ | मकवानपुर | ३१२०५ | मनहरी गाउँपालिका | १६२५ | ११५६७ | १३१९२ |
| १०८ | मकवानपुर | ३१२०६ | हेटौडा उपमहानगरपालिका | ४३७५ | ३११०४ | ३५४७९ |
| १०९ | मकवानपुर | ३१२०७ | भिमफेदी गाउँपालिका | १५०० | ८७६५ | १०२६५ |
| ११० | मकवानपुर | ३१२०८ | मकवानपुरगढी गाउँपालिका | १५०० | ८६२३ | १०१२३ |
| १११ | मकवानपुर | ३१२०९ | बकैया गाउँपालिका | १६२५ | १०९६४ | १२५८९ |
| ११२ | मकवानपुर | ३१२१० | बाग्मती गाउँपालिका | १६२५ | ९२८५ | १०९१० |
| ११३ | चितवन | ३१३०१ | राप्ती नगरपालिका | १८७५ | १६३१३ | १८१८८ |
| ११४ | चितवन | ३१३०२ | कालिका नगरपालिका | १७५० | १३२०४ | १४९५४ |
| ११५ | चितवन | ३१३०३ | इच्छाकामना गाउँपालिका | १५०० | ८७२४ | १०२२४ |
| ११६ | चितवन | ३१३०४ | भरतपुर महानगरपालिका | ५००० | ३९५२५ | ४४५२५ |
| ११७ | चितवन | ३१३०५ | रत्ननगर नगरपालिका | २१२५ | १८७५० | २०८७५ |
| ११८ | चितवन | ३१३०६ | खैरहनी नगरपालिका | १८७५ | १५९८४ | १७८५९ |
| ११९ | चितवन | ३१३०७ | माडी नगरपालिका | १६२५ | ११६०९ | १३२३४ |
| | | | **जम्मा** | **२०३०००** | **१५४७०००** | **१७५००००** |

## ३.३ सशर्त अनुदानको आधार सम्बन्धी सिफारिस

## ३.३.१ आर्थिक वर्ष २०७९/८० का लागि नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानका आधार सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस

सिफारिस मितिः २०७८/१२/२१ गते, सोमबार

### क. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। नेपालको संविधानमा तीनै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँट गरिएको छ। तहगत सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था संविधानले नै सुनिश्चित गरेको छ। तीन तह बीचको सहकारिताको एउटा महत्वपूर्ण अवयवको रूपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको छ। संघीय प्रणालीलाई गतिशील बनाउने कार्य वित्तीय संघीयताले गर्दछ र यसको सबैभन्दा महत्वपूर्ण कडीको रुपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको हुन्छ। अन्तर-सरकारी वित्तीय हस्तान्तरणअन्तर्गत सङ्घीय संरचना भएका मुलुकहरूमा विशिष्ट राष्ट्रिय उद्देश्य प्राप्तिका साथै बहुतहगत सरकारहरू बीचमा नीतिगत समन्वय कायम गर्न र सार्वजनिक सेवाको मानक तथा गुणस्तर हासिल गर्न सङ्घ सरकारले प्रदेश तथा स्थानीय तहलाई शर्त सहितको वित्तीय अनुदान उपलब्ध गराउने अभ्यास रहेको पाइन्छ।

प्रदेश तथा स्थानीय तहमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने एवं राष्ट्रिय नीति र कार्यक्रम तथा मानकको प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन गर्ने र प्रदेश तथा स्थानीय तहको वित्तीय स्वायत्तता कायम गरी यी दुई पक्ष बीचमा सन्तुलन कायम गर्ने विषय आफैमा अत्यन्त महत्वपूर्ण रहेको छ। अतः वित्तीय समानीकरण अनुदान र सशर्त अनुदान बीच सन्तुलन कायम गरी प्रदेश वा स्थानीय तहको कार्यगत स्वायत्ततालाई अक्षुण्ण राख्ने चुनौती पनि रहेकै हुन्छ। सङ्घीय शासन प्रणालीको लामो अनुभव भएका मुलुकहरू समेत अन्तर-सरकारी वित्त व्यवस्थापनका यस्ता समस्याबाट पूर्ण रूपमा मुक्त भएको पाइँदैन। नेपालको सन्दर्भमा पनि सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने संवैधानिक र कानुनी व्यवस्था रहेको छ। त्यसरी सशर्त अनुदान प्रदान गर्दा एकातर्फ अनुदान वितरणमा समन्यायिकता होस् र अर्कोतर्फ प्रदेश तथा स्थानीय तहको स्वायत्ततालाई पनि अक्षुण्ण राख्न सकियोस् भन्ने हेतुले नै सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने र ती आधारहरू कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था नेपालको संविधान र अन्य प्रचलित ऐनहरू समेतमा गरिएको छ। सोही व्यवस्थाबमोजिम आर्थिक वर्ष २०७९/८० को लागि नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार यस आयोगबाट तयार गरी नेपाल सरकारसमक्ष सिफारिस गरिएको छ।

### ख. कानुनी व्यवस्था

#### i. नेपालको संविधान

नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदान सम्बन्धमा नेपालको संविधानमा देहायका व्यवस्थाहरू रहेका छन्:

- धारा ६० को उपधारा (३) - प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ।

- धारा ६० को उपधारा (६) - नेपाल सरकारले सङ्घीय सञ्चित कोषबाट प्रदान गर्ने सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरण सम्बन्धी व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ।
- धारा २५१ को उपधारा (१) देहाय (ग) - राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुनेछ।

**ii. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) देहाय (घ) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने काम, कर्तव्य र अधिकार यस आयोगको हुने व्यवस्था रहेको छ।

सोही ऐनको दफा १६ को उपदफा (२) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रचलित कानुन बमोजिम उपलब्ध गराउने सशर्त अनुदानका सम्बन्धमा नेपाल सरकार तथा प्रदेशलाई सिफारिस गर्दा आयोगले संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) र सोही ऐनको दफा १६ को उपदफा (१) मा उल्लिखित विषयहरूलाई आधार लिई गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त उपदफा (१) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रचलित कानुन बमोजिम उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानका सम्बन्धमा नेपाल सरकार तथा प्रदेशलाई सिफारिस गर्दा आयोगले देहायका आधार लिई सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छः

(क) प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क,

(ख) अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था,

(ग) प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था,

(घ) प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता,

(ङ) प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा,

(च) प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,

(छ) प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता।

**iii. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (१) मा नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) अनुसार आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ भन्ने व्यवस्था रहेको छ। साथै, सोही दफाको उपदफा (२) मा उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ।

## ग. सशर्त अनुदान सम्बन्धमा आयोगले गरेको अध्ययन, अनुसन्धान तथा विश्लेषण

सशर्त अनुदानको आधार तयार गर्ने क्रममा संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) ले मार्गदर्शन गरेबमोजिम आयोगले आवश्यक अध्ययन अनुसन्धानको कार्य सम्पादन गरेको छ। यस क्रममा सशर्त अनुदानको सैद्धान्तिक आधार एवम् नीतिगत व्यवस्थाको सूक्ष्म विश्लेषण गर्नुका साथै हालसम्मको कार्यान्वयनको अवस्था र अन्तर्राष्ट्रिय अभ्यासलाई

समेतसँगै राखेर विश्लेषण गरिएको छ। सशर्त अनुदान प्रदान गर्ने पक्ष अर्थात् नेपाल सरकारका विभिन्न मन्त्रालयका उच्च पदस्थ कर्मचारीहरू तथा त्यस्तो अनुदान प्राप्त गरी कार्यान्वयन गर्ने पक्ष अर्थात् प्रदेश र स्थानीय तहका पदाधिकारी तथा अधिकृत कर्मचारीहरूसँग छलफल अन्तर्क्रिया सम्पन्न गरी सशर्त अनुदान कार्यान्वयनको अवस्था सम्बन्धमा जानकारी लिने र सुधारका उपायहरूको खोजी गर्ने कार्य भएको छ। सङ्घीय शासन प्रणालीमा वित्तीय सङ्घीयतासम्बन्धी विषयविज्ञहरूसँग अन्तरक्रियाको माध्यमबाट राय परामर्श लिइएको छ। सशर्त अनुदान वितरण सम्बन्धमा आयोगले विगतमा सिफारिस गरेका आधारहरू र सोको कार्यान्वयन अवस्था समेतलाई हेरेर तिनको औचित्य र प्रभावकारिता परीक्षण गरिएको छ। साथै, यस सम्बन्धमा बाह्य विज्ञमार्फत् स्वतन्त्र अध्ययन, अनुसन्धान गराएर समेत आयोगले पृष्ठपोषण प्राप्त गरेको छ।

सशर्त अनुदान सम्बन्धमा आयोगले गरेको अध्ययन, अनुसन्धान तथा सरोकारवाला निकायहरूसँग गरेको अन्तरक्रियाको क्रममा सहभागीहरूबाट औंल्याईएको विद्यमान अवस्था र सुधारका लागि प्राप्त सुझावको संक्षिप्त विवरण देहायबमोजिम रहेको छः

**i. सशर्त अनुदानको तथ्याङ्कीय प्रवृत्ति विश्लेषण**

सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहका लागि हस्तान्तरण गर्न विनियोजन गरिएको वित्तीय समानीकरण तथा सशर्त अनुदानको प्रवृत्तिको विश्लेषण देहायबमोजिम रहेको छ।

**अ. प्रदेशमा हस्तान्तरणको लागि विनियोजन गरिएको सशर्त अनुदानको विश्लेषण**

*रकम रु. करोडमा*

| आर्थिक वर्ष | संघीय सरकारको कुल बजेट रकम रू. | प्रदेशमा हस्तान्तरणको लागि विनियोजन गरिएको कुल अनुदान | | प्रदेशमा हस्तान्तरणको लागि विनियोजन गरिएको सर्शत अनुदान | | प्रदेशमा हस्तान्तरणको लागि विनियोजन गरिएको वित्तीय समानीकरण अनुदान | |
|---|---|---|---|---|---|---|---|
| | | रकम रू. | कुल बजेटमा प्रतिशत | रकम रू. | कुल अनुदानमा प्रतिशत | रकम रू. | कुल अनुदानमा प्रतिशत |
| २०७५/७६ | १३१५१६ | ११३४३ | ८.६२ | ६३१३ | ५५.६६ | ५०३० | ४४.३४ |
| २०७६/७७ | १५३२९६ | ९९८४ | ६.५१ | ४४५४ | ४४.६१ | ५५३० | ५५.३९ |
| २०७७/७८ | १४७४६४ | ९९८७ | ६.७७ | ३६३५ | ३६.४० | ५५१९ | ५५.२६ |
| २०७८/७९ | १६३२८३ | १०३७० | ६.३५ | ३५८७ | ३४.५९ | ५७९५ | ५५.८८ |

*(स्रोत: बजेट वक्तव्य/अन्तर-सरकारी वित्त हस्तान्तरण पुस्तिका, अर्थ मन्त्रालय)*

संघीय सरकारको कुल बजेटमा प्रदेशमा हस्तान्तरणको लागि विनियोजन गरिएको कुल अनुदानको हिस्सा आर्थिक वर्ष २०७५/७६ देखि २०७८/७९ सम्म घट्दो क्रममा रहेको छ। प्रदेशमा हस्तान्तरणको लागि विनियोजन गरिएको सशर्त अनुदान रकम आर्थिक वर्ष २०७५/७६, २०७६/७७, २०७७/७८ र २०७८/७९ मा क्रमशः रू.६३१३, ४४५४, ३६३५ र ३५८७ करोड रहेको देखिन्छ। सो अनुसार सशर्त अनुदानको अनुपात आर्थिक वर्ष २०७६/७७, २०७७/७८ र २०७८/७९ मा अघिल्लो आर्थिक वर्षहरूको तुलनामा क्रमशः २९.४ प्रतिशत, १८.४ प्रतिशत र १.३२ प्रतिशतले घटेको छ भने वित्तीय समानीकरण अनुदानको रकम सामान्य वृद्धि हुँदै गएको देखिन्छ। प्रदेशको खर्चको आवश्यकता र राजस्व क्षमता बीचको वित्तीय अन्तर कम भएको स्पष्ट देखिने आधार बिना नै कुल अनुदानको रकम घटाउँदा प्रादेशिक योजना र कार्यक्रम कार्यान्वयनमा वित्तीय स्रोतको थप अभाव हुन सक्ने हुँदा यसतर्फ विशेष ध्यान पुऱ्याउनु आवश्यक देखिएको छ।

### आ. स्थानीय तहमा हस्तान्तरणको लागि विनियोजन गरिएको सशर्त अनुदानको विश्लेषण

*रकम रु. करोडमा*

| आर्थिक वर्ष | संघीय सरकारको कुल बजेट रकम रू. | स्थानीय तहमा हस्तान्तरणको लागि विनियोजन गरिएको कुल अनुदान | | स्थानीय तहमा हस्तान्तरणको लागि विनियोजन गरिएको सर्शत अनुदान | | स्थानीय तहमा हस्तान्तरणको लागि विनियोजन गरिएको वित्तीय समानीकरण अनुदान | |
|---|---|---|---|---|---|---|---|
| | | रकम रू. | कुल बजेटमा प्रतिशत | रकम रू. | कुल अनुदानमा प्रतिशत | रकम रू. | कुल अनुदानमा प्रतिशत |
| २०७५/७६ | १३१५१६ | १९५०५ | १४.८३ | १०९८४ | ५६.३१ | ८५२० | ४३.६८ |
| २०७६/७७ | १५३२९६ | २१३८२ | १३.९५ | १२३८७ | ५७.९३ | ८९९४ | ४२.०६ |
| २०७७/७८ | १४७४६४ | २६२७५ | १७.८२ | १६१०८ | ६१.३१ | ९००५ | ३४.२७ |
| २०७८/७९ | १६३२८३ | २८३०१ | १७.३३ | १७३४९ | ६१.३० | ९४५५ | ३३.४१ |

*(स्रोतः बजेट वक्तव्य/अन्तर सरकारी वित हस्तान्तरण पुस्तिका, अर्थ मन्त्रालय)*

संघीय सरकारको कुल बजेटमा स्थानीय तहमा हस्तान्तरणको लागि विनियोजन गरिएको कुल अनुदानको परिमाण आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०७८/७९ सम्म निरन्तर रूपमा बढ्दो क्रममा रहेको देखिन्छ। तर आर्थिक वर्ष २०७६/७७ र २०७८/७९ मा बजेटसँग सशर्त अनुदानको हिस्सा तुलना गर्दा सामान्य घटेको देखिन्छ। स्थानीय तहमा हस्तान्तरणको लागि विनियोजन गरिएको कुल वित्तीय हस्तान्तरणमा सशर्त अनुदानको हिस्सा आर्थिक वर्ष २०७५/७६ मा ५६.३१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा ६१.३० प्रतिशत पुगेको छ। यसै गरी स्थानीय तहमा हस्तान्तरणको लागि विनियोजन गरिएको कुल वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको हिस्सा आर्थिक वर्ष २०७५/७६ मा ४३.६८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा ३३.४१ प्रतिशतमा सीमित हुन पुगेको छ। यसरी स्थानीय तहमा हस्तान्तरणको लागि विनियोजन गरिएको कुल वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको हिस्सा घट्नु तथा सशर्त अनुदानको हिस्सा बढ्नुले स्थानीय तहको वित्तीय स्वायत्तता, विनियोजन कुशलता र नतिजामा नकारात्मक असर पर्न सक्ने हुँदा आगामी दिनमा वित्तीय समानीकरण अनुदानको हिस्सा वृद्धितर्फ विशेष पहलको आवश्यकता देखिएको छ।

### इ. प्रदेशमा हस्तान्तरणको लागि विनियोजन गरिएको वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानको अनुपात

*रकम रु. करोडमा*

| प्रदेशको नाम | आर्थिक वर्ष२०७७/७८ | | | | आर्थिक वर्ष २०७८/७९ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वित्तीय समानीकरण अनुदान | | सशर्त अनुदान | | वित्तीय समानीकरण अनुदान | | सशर्त अनुदान | |
| | रकम रू. | प्रतिशत* | रकम रू. | प्रतिशत* | रकम रू. | प्रतिशत* | रकम रू. | प्रतिशत* |
| प्रदेश नं १ | ७९९ | १४.४९ | ५७३ | १५.७८ | ८५६ | १४.७८ | ५९६ | १६.६३ |
| मधेश | ७०२ | १२.७३ | ५९४ | १६.३५ | ७३९ | १२.७६ | ५५७ | १५.५४ |
| वागमती | ७७१ | १३.९८ | ५८४ | १६.०८ | ७८५ | १३.५५ | ५७३ | १५.९९ |
| गण्डकी | ७११ | १२.८९ | ४२० | ११.५६ | ७४२ | १२.८१ | ४१८ | ११.६६ |
| लुम्बिनी | ७६३ | १३.८३ | ५७३ | १५.७८ | ८०२ | १३.८५ | ६२३ | १७.३८ |
| कर्णाली | ९६३ | १७.४६ | ४४९ | १२.३६ | १०१४ | १७.५१ | ३९८ | ११.११ |
| सुदुरपश्चिम | ८०७ | १४.६३ | ४३९ | १२.०९ | ८५४ | १४.७४ | ४१९ | ११.६९ |

*नोटः * प्रदेशलाई हस्तान्तरणको लागि विनियोजन गरिएको कुल सशर्त/वित्तीय समानीकरण अनुदानको आधारमा प्रदेशगत प्रतिशतलाई तालिकामा देखाइएको छ।*

*(स्रोतः बजेट वक्तव्य/अन्तर सरकारी वित हस्तान्तरण पुस्तिका, अर्थ मन्त्रालय)*

प्रदेश तथा स्थानीय तहलाई यस आयोगले संविधान तथा कानुनबमोजिम उनीहरूको खर्चको आवश्यकता र राजस्व क्षमता समेतको विश्लेषणका आधारमा वित्तीय समानीकरण अनुदान रकम उपलब्ध गराउन सिफारिस गर्दै आएको छ। त्यस्तो

अनुदान रकमलाई प्रदेश-प्रदेशबीच तथा स्थानीय तहहरूबीचको क्षितीजीय वित्तीय अन्तर (Horizontal Fiscal Gap) सम्बोधनका लागि आदर्श अनुपातमा अनुदान वितरणको रूपमा लिंदा ती प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने सशर्त अनुदानको अनुपातमा ठूलो उतार-चढाव देखिन्छ। आर्थिक वर्ष २०७७/७८ र आर्थिक वर्ष २०७८/७९ मा प्रदेश नं.१, मधेश प्रदेश, बागमती प्रदेश र लुम्बिनी प्रदेशले कुल वित्तीय समानीकरण अनुदान हस्तान्तरणमा प्राप्त गरेको प्रादेशिक हिस्साको तुलनामा कुल सशर्त अनुदान वितरणमा प्राप्त गरेको प्रादेशिक हिस्सा अधिक रहेको छ भने अन्य तीन प्रदेशले प्राप्त गर्ने सशर्त अनुदानको प्रादेशिक हिस्सा वित्तीय समानीकरण अनुदानको तुलनामा घटी देखिन्छ।

**ई. स्थानीय तहमा हस्तान्तरणको लागि विनियोजन गरिएको वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानको रकम र अनुपात**

*रकम रू. करोडमा*

| आर्थिक वर्ष | वित्तीय समानीकरण अनुदान रकम | सशर्त अनुदान रकम | वित्तीय समानीकरण र सशर्त अनुदानको अनुपात |
|---|---|---|---|
| २०७७/७८ | ९००५ | १६१०८ | १:१.७९ |
| २०७८/७९ | ९४५५ | १७३४९ | १:१.८३ |

*स्रोत: बजेट वक्तव्य/अन्तर सरकारी वित हस्तान्तरण पुस्तिका, अर्थ मन्त्रालय)*

स्थानीय तहहरूलाई प्रदान गरिएको कुल वित्तीय समानीकरण अनुदान र कुल सशर्त अनुदानको अनुपात आर्थिक वर्ष २०७७/७८ मा १:१.७९ रहेकोमा त्यस्तो अनुपात वृद्धि भई आर्थिक वर्ष २०७८/७९ मा १:१.८३ हुन पुगेको छ।

यसले गर्दा प्रदेश-प्रदेशहरू बीचमा तथा स्थानीय तहहरू बीचमा रहेको क्षितीजीय वित्तीय अन्तर (Horizontal Fiscal Gap) लाई वित्तीय समानीकरण अनुदानमार्फत् समानुपातिक रूपमा सम्बोधन गर्न गरिएको प्रयासलाई सशर्त अनुदानको कारण असर परेको अनुमान गर्न सकिन्छ। अतः आगामी दिनमा सशर्त अनुदान वितरण गर्दा यसलाई वित्तीय समानीकरण अनुदानसँग प्रतिस्पर्धी (Competitive) नभई परिपुरक (Complementary) को रूपमा निश्चित आधारहरुमा आधारित रहेर वितरण गर्नु आवश्यक देखिएको छ।

**ii. नेपाल सरकारका मन्त्रालयहरूसँगको छलफल एवम् अन्तरक्रियाबाट प्राप्त राय/सुझाव**

- विगतमा नेपाल सरकारबाट दायित्व सिर्जना भइसकेका प्रादेशिक तथा स्थानीय तहका क्रमागत (अधुरा) कार्यक्रम तथा आयोजनाहरूलाई निश्चित अवधिभित्र सम्पन्न गर्न सशर्त अनुदान प्रदान गर्नुपर्ने, सो अवधि पश्चात त्यस्ता अधुरा आयोजनाहरू प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरी वित्तीय समानीकरण अनुदानको रकमबाट सम्बन्धित प्रदेश र स्थानीय तहले आवश्यकतानुसार कार्यान्वयन गर्ने,
- सशर्त अनुदानको रकम क्षेत्रगत उपलब्धीहरू तोकी एकमुष्ट अनुदान (Block Grants) उपलब्ध गराउने,
- सङ्घ, प्रदेश र स्थानीय तहबाट एउटै वा उस्तै प्रकृतिका कार्यक्रम तथा आयोजनाहरू सँगसँगै सञ्चालन गर्ने अवस्थाको अन्त्य गर्नुपर्ने,
- मन्त्रालगत बजेट सूचना प्रणाली (LMBIS) मा बजेट प्रविष्टि गर्दा आयोगले सिफारिस गरेका सशर्त अनुदानको आधारहरू खुलाउनुपर्ने,
- प्रदेश तथा स्थानीय तहमा समायोजन भई गएका कर्मचारीहरूको तलबभत्ता लगायतका सुविधाहरू वित्तीय समानीकरण अनुदानबाट पठाउने,
- सशर्त अनुदान प्रदान गर्दा आयोजना नतोकी एकमुष्ट अनुदान (Block Grants) को व्यवस्था गरी नतिजासँग आबद्ध गर्नुपर्ने।

**iii. प्रदेश सरकारका मन्त्रालयसँगको छलफल एवम् अन्तरक्रियाबाट प्राप्त राय/सुझाव**

- सशर्त अनुदानमा सञ्चालन हुने आयोजना प्रदेश तथा स्थानीय तहको प्राथमिकतामा आधारित हुनुपर्ने,
- सबै किसिमका अनुदानहरूको बजेट सीमा निर्धारित समयभित्र प्रदेश तथा स्थानीय तहले पाउनुपर्ने,
- आयोजना बैंकमा समावेश भएका आयोजनाहरूबाट सम्भाव्य आयोजना छनौट गरी सशर्त अनुदान परिचालन गर्नुपर्ने,
- सरकारका तहहरू बीचको अन्तर सरकारी वित्त हस्तान्तरणलाई पारदर्शी र उत्तरदायी बनाउनुपर्ने,
- टुक्रे बजेट र योजना नियन्त्रण गरी नतिजामूखी योजना कार्यान्वयन गर्नुपर्ने,
- सशर्त अनुदानको न्यूनतम र अधिकतम सीमा तोकिनुपर्ने, साथै निश्चित सूचकको प्रगतिको आधारमा सशर्त अनुदान प्रदान गर्नुपर्ने,
- प्रदेश तथा स्थानीय तहको विकासको आवश्यकता, पूर्वाधारको अवस्था, आन्तरिक स्रोतको उपलब्धता तथा कार्यान्वयन क्षमताको आधारमा सशर्त अनुदान प्रदान गर्नुपर्ने,
- नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरी सिफारिस गरेका सशर्त अनुदानका आधार र सुझावहरू पूर्ण रूपमा पालना गर्नुपर्ने।

**iv. स्थानीय तहसँगको छलफल एवम् अन्तरक्रियाबाट प्राप्त राय/सुझाव**

- नेपाल सरकारले प्रदान गर्ने सशर्त अनुदानका आयोजना तथा कार्यक्रम स्थानीय तहको आवश्यकता र प्राथमिकता अनुकुलको हुनुपर्ने,
- संघ, प्रदेश र स्थानीय तहका आयोजनाहरूको थ्रेसहोल्ड निर्धारण हुनुपर्ने,
- समग्र अनुदानमा वित्तीय समानीकरणको हिस्सा बढी र सशर्तको हिस्सा कम हुनुपर्ने,
- संविधानतः स्थानीय तहको एकल अधिकार भित्रको विषय र आफ्नै स्रोत विनियोजनमार्फत् आयोजना वा कार्यक्रम कार्यान्वयन गरिरहेको क्षेत्रमा पनि सशर्त अनुदान प्राप्त हुँदा आयोजना वा कार्यक्रममा दोहोरोपना हुन गई उपलब्ध स्रोतसाधनको सन्तुलित वितरण र मितव्ययीपूर्ण उपयोगमा चुनौती सिर्जना भएको हुँदा सशर्त अनुदान प्रदान गर्ने क्षेत्र, आधार र मानदण्ड स्पष्ट हुनुपर्ने,
- स्थानीय तहमा उपलब्ध जनशक्ति तथा प्राविधिक क्षमताभन्दा बाहिरका कार्यक्रममा समेत सशर्त अनुदान प्राप्त हुने गरेबाट त्यस्ता कार्यक्रम कार्यान्वयन हुन नसकी स्थानीय तहको कार्य प्रगतिको अवस्था कमजोर देखिन गएको हुँदा क्षमता विकासमा जोड दिनुपर्ने,
- सशर्त अनुदानको रकमलाई क्रमशः कम गर्दै त्यस्तो रकमलाई वित्तीय समानीकरण अनुदानमा थप गर्नुपर्ने जसले गर्दा स्थानीय तहले आफ्नो आवश्यकता र प्राथमिकताका आयोजनामा कुशलतापूर्वक रकम विनियोजन र कार्यान्वयन गर्नसक्ने।

## घ. आर्थिक वर्ष २०७९/८० का लागि नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधारहरू

संवैधानिक व्यवस्था, कानुनमा तोकिएका आधारहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई दृष्टिगत गर्दै मुख्यतयाः देशव्यापी रूपमा राष्ट्रिय नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, राष्ट्रिय मानक स्थापित गर्ने वा सोको सुनिश्चितता गर्ने र प्रदेश तथा स्थानीय तहमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने विषयहरूलाई मार्गदर्शनका रूपमा लिई आयोगद्वारा

गरिएका अध्ययन अनुसन्धान समेतका आधारमा नेपालको संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) बमोजिम आर्थिक वर्ष २०७९/८० को लागि सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदानका सम्बन्धमा देहायका आधारहरू तयार गरी नेपाल सरकारसमक्ष सिफारिस गरिएको छः

(१) **नेपाल सरकारको अधिकारको सूची भित्रका कुनै विषय वा कार्यक्रम र आयोजना प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गर्नुपर्ने अवस्थाः** नेपालको संविधानको अनुसूची-५ बमोजिम नेपाल सरकारको अधिकार क्षेत्रभित्र रहेका कुनै विषय सम्बन्धी आयोजना वा कार्यक्रम कुनै प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गराउँदा लागतका दृष्टिले मितव्ययी, सेवा प्रवाहका दृष्टिले प्रभावकारी एवं दीगोपना हुने देखिएमा त्यस्तो आयोजना तथा कार्यक्रमका लागि आवश्यक सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

(२) **राष्ट्रिय नीति तथा कार्यक्रमलाई प्रदेश तथा स्थानीय तहमार्फत् कार्यान्वयन गर्नुपर्ने अवस्थाः** नेपाल सरकारले जारी गरेको राष्ट्रिय नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा मूलतः नेपाल सरकारको कार्य जिम्मेवारीमा रहेको कुनै आयोजना वा कार्यक्रमलाई प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गर्नुपर्ने अवस्था भएमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

(३) **प्रदेश तथा स्थानीय तहमा राष्ट्रिय मानक स्थापना वा कार्यान्वयन गर्नुपर्ने अवस्थाः** नागरिकका मौलिक हकको कार्यान्वयन तथा राज्यको तर्फबाट आम नागरिकलाई उपलब्ध गराउनुपर्ने आधारभूत सेवा सुविधाको सम्बन्धमा नेपाल सरकारबाट तय भएका न्यूनतम राष्ट्रिय मानकलाई प्रदेश वा स्थानीय तहमा उपलब्ध अन्य वित्तीय स्रोतबाट कार्यान्वयन वा स्थापित गराउन नसकिने अवस्थामा त्यस्ता राष्ट्रिय मानकको कार्यान्वयन गराउन आवश्यक रकम सम्बन्धित प्रदेश वा स्थानीय तहलाई सशर्त अनुदानको रूपमा उपलब्ध गराउन सक्ने।

(४) **पूर्वाधारसम्बन्धी क्रमागत वा अधुरा आयोजनालाई पूर्णता दिन आवश्यक अवस्थाः** साविकमा नेपाल सरकारबाट निर्माण कार्य आरम्भ भएका र सङ्घीयता कार्यान्वयनसँगै प्रदेश वा स्थानीय तहको अधिकार क्षेत्रमा परेका पूर्वाधार निर्माणसम्बन्धी क्रमागत वा अधुरा आयोजनालाई पूर्णता दिन आवश्यक रकम सशर्त अनुदानको रूपमा सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउन सक्ने। तर, संविधानले गरेको व्यवस्था अनुरूप प्रदेश वा स्थानीय तहको एकल अधिकारको विषय अन्तर्गतका कुनै पनि नयाँ आयोजना वा कार्यक्रमलाई पूरानो क्रमागत आयोजना वा कार्यक्रमको निरन्तरताको रूपमा लिएर कार्यविस्तार गर्दै सशर्त अनुदान प्रदान हुन सक्ने सम्भावनालाई नियन्त्रण गर्नुपर्ने। अधुरा आयोजना पूर्णता दिनको लागि विगत ४ वर्षसम्म आयोजना तोकी सशर्त अनुदान उपलब्ध गराई कार्यान्वयन गरिएको हुँदा आर्थिक वर्ष २०७९/८० मा एकमुष्ट सशर्त अनुदान (Conditional block grants) बजेट हस्तान्तरण गरी आयोजना कार्यान्वयन गर्ने र आर्थिक वर्ष २०८०/८१ देखि त्यस्ता आयोजनाहरूका लागि वित्तीय समानीकरण अनुदानमा एकमुष्ट अनुदान (Block grants) को रुपमा बजेट हस्तान्तरण गर्ने।

(५) **अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन भएका कार्यक्रम वा आयोजना प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गर्नुपर्ने अवस्थाः** नेपाल सरकार र अन्तर्राष्ट्रिय दातृ निकाय वा मुलुकसँग भएको सम्झौताबमोजिम प्राप्त हुने वैदेशिक सहायताबाट सञ्चालन हुने कुनै आयोजना वा कार्यक्रम प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गराउँदा लागतका दृष्टिले मितव्ययी एवम् सेवा प्रवाहका दृष्टिले प्रभावकारी हुने देखिएमा त्यस्तो आयोजना वा कार्यक्रमका लागि उपलब्ध वित्तीय स्रोत सशर्त अनुदानको रूपमा उपलब्ध गराउन सक्ने।

(६) **नेपाल सरकारको अनिवार्य दायित्व रहने खर्च भुक्तानी गर्नुपर्ने अवस्थाः** साविकमा नेपाल सरकारबाट नियुक्ति पाई हाल प्रदेश वा स्थानीय तहको कार्यक्षेत्र भित्रको सेवामा संलग्न रहेका शिक्षक, स्वास्थ्यकर्मी तथा अन्य राष्ट्रसेवक कर्मचारीहरूको पारिश्रमिक र सेवा सुविधाबापतको रकम सम्बन्धित प्रदेश वा स्थानीय तहमा उपलब्ध अन्य वित्तीय स्रोतबाट व्यवस्थापन हुने अवस्था नरहेको पर्याप्त पुष्ट्याइँ र आधार रहेको अवस्थामा त्यस्ता राष्ट्रसेवक कर्मचारीहरूको पारिश्रमिक र सेवा सुविधाबापत आवश्यक पर्ने रकम सम्बन्धित प्रदेश वा स्थानीय तहलाई सशर्त अनुदानको रूपमा उपलब्ध गराउन सक्ने र आर्थिक वर्ष २०८०/८१ देखि प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरूको पारिश्रमिक र सेवा सुविधाको रकम वित्तीय समानीकरण अनुदानमा उपलब्ध गराउने।

(७) **सन्तुलित विकासका निमित्त आवश्यक रणनीतिक महत्वका परियोजनाहरूः** आर्थिक, सामाजिक तथा पूर्वाधार विकासको राष्ट्रिय औषत स्तरभन्दा सारभूत रूपमा पछाडि रहेका प्रदेश वा स्थानीय तहमा विकासको त्यस्तो निश्चित विषय क्षेत्रलाई सम्बोधन गर्ने रणनीतिक महत्वका आयोजना वा कार्यक्रम सञ्चालन गर्न नतिजा सूचकमा आधारित रहेर सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

## ङ. सशर्त अनुदान सम्बन्धी सुझावहरू

नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदान सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) देहाय (घ) ले गरेको व्यवस्था बमोजिम आयोगको तर्फबाट नेपाल सरकारलाई निम्न बमोजिमका सुझावहरू उपलब्ध गराइएको छः

(१) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने सबै किसिमका वित्तीय हस्तान्तरणको परिमाण निर्धारणमा नेपालको संविधानको धारा ६० को उपधारा (३) बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका सुनिश्चित हुने गरी विद्यमान ऐन, कानुन र कार्यप्रणालीमा आवश्यक संशोधन गरिनुपर्ने।

(२) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानको सम्बन्धमा यस आयोगले तयार गरी कार्यान्वयनका लागि सिफारिस गरेका आधारहरूको पूर्ण पालनाको सुनिश्चितता हुनुपर्ने। यसका निमित्त सिफारिस भएका आधारहरू नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट सबै सरोकारवाला निकायहरूलाई सञ्चार हुनुपर्ने, साथै बजेट तथा कार्यक्रम तयारीको चरणदेखि नै सशर्त अनुदान अन्तर्गत प्रस्तावित कुनै पनि आयोजना वा कार्यक्रम आयोगले सिफारिस गरेको कुन आधार अनुरूपको हो भनी प्रविष्टि, अभिलेख र प्रतिवेदन गर्ने प्रणालीको स्थापना हुनुपर्ने। नेपाल सरकारले सशर्त अनुदानबाट कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमहरूको लागि शर्तहरू तय गर्दा आयोगले तोकेका आधारहरूको प्रतिकुल नहुने गरी तोक्ने।

(३) सशर्त अनुदानलाई समेत मुलुकको सन्तुलित विकासको लक्ष्यसँग आवद्ध गरी निश्चित नीति, सूचक र मानदण्डमा आधारित रहेर पारदर्शी रूपमा प्रदान गर्नुपर्ने।

(४) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्दा राष्ट्रिय नीति, प्राथमिकता, दीर्घकालीन लाभ र फराकिलो तथा समतामूलक आर्थिक वृद्धिलाई प्रत्यक्ष टेवा दिने प्रकृतिका ठूला तथा मझौला र रणनीतिक महत्वका आयोजनाको कार्यान्वयनमा जोड दिनुपर्ने; तर प्रदेश तथा स्थानीय तहको एकल अधिकार र जिम्मेवारी भित्रका विषयमा वा स-साना आयोजना र कार्यक्रममा यस्तो अनुदान उपलब्ध नगराउने।

(५) प्रदेश तथा स्थानीय तहको वित्तीय स्वायत्तता र व्यवस्थापकीय क्षमतालाई बलियो बनाउँदै लैजाने उद्देश्यसहित कुल अनुदानमा सशर्त अनुदानको हिस्सा क्रमशः कम गर्दै लैजाने र त्यसको परिपूर्ति वित्तीय समानीकरण अनुदानमार्फत् गर्दै जाने।

(६) सशर्त अनुदानबाट सञ्चालन हुने आयोजनाप्रति सम्बन्धित तहको अधिकतम् स्वामित्व कायम गर्न र कार्यान्वयन प्रक्रियामा व्यवस्थापकीय कुशलता र खर्च दक्षता समेत सुनिश्चित गर्नका लागि नेपाल सरकारले सशर्त अनुदान उपलब्ध गराउँदा आयोजना भित्रका खर्च शीर्षक वा उपशीर्षक नै नतोकी त्यस किसिमको स्वायत्तता सम्बन्धित प्रदेश वा स्थानीय तहलाई नै हुने गरी क्षेत्रगत आयोजना वा कार्यक्रम र लक्ष्य तथा अपेक्षित उपलब्धी जस्ता विषयहरू मात्र तोकेर एकमुष्ट अनुदान (Block Grants ) हस्तान्तरण गर्ने।

(७) नेपालको संविधानको अनुसूची-६ (प्रदेशको अधिकारको सूची) र अनुसूची - ८ (स्थानीय तहको अधिकारको सूची) का विषयहरू कुनै निश्चित राष्ट्रिय नीति तथा कार्यक्रम र मानदण्डभित्र रही कार्यान्वयन गर्नुपर्ने अवस्थामा मात्र निश्चित अवधि वा सीमाभित्र रहेर सशर्त अनुदान प्रदान गर्ने, सो बाहेकका निरन्तर रुपमा कार्यान्वयन गर्नुपर्ने विषयलाई सशर्त अनुदानबाट सम्बोधन नगर्ने।

(८) प्रदेश वा स्थानीय तहको अधिकारका विषयसम्बन्धी साविकमा सङ्घबाट बहुवर्षीय ठेक्का स्वीकृत भई कार्यान्वयन भइरहेका क्रमागत अधुरा कार्यक्रम वा आयोजनालाई पूर्णता दिनको लागि आर्थिक वर्ष २०७९/८० मा एकमुष्ट सशर्त अनुदान (Conditional block grants) बजेट हस्तान्तरण गरी आयोजना कार्यान्वयन गर्ने र आर्थिक वर्ष २०८०/८१ देखि त्यस्ता आयोजनाहरूका लागि वित्तीय समानीकरण अनुदानमा एकमुष्ट अनुदान (Block Grants) को रुपमा बजेट हस्तान्तरण गर्ने। तर, प्रदेश वा स्थानीय तहले सालबसाली रूपमा खर्च गर्नुपर्ने, चालु प्रकृतिका वा विद्यमान पूर्वाधारको मर्मत सम्भार र सञ्चालनसँग सम्बन्धित तथा उपभोक्ता समितिको सहभागिता वा लागत साझेदारीमा निरन्तर रूपमा सञ्चालन हुने परियोजना वा कार्यक्रमको हकमा सशर्त अनुदान विनियोजन नगरी सम्बन्धित प्रदेश वा स्थानीय तहको आन्तरिक स्रोत विनियोजनलाई प्रश्रय दिने।

(९) समान प्रकृतिका उद्देश्य प्राप्तिका लागि विभिन्न विषयगत मन्त्रालयहरूबाट तर्जुमा गरिएका कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सशर्त अनुदान प्रदान गर्दा त्यस्ता कार्यक्रम वा आयोजनामा दोहोरोपना नपर्ने गरी एकीकृत रुपमा सशर्त अनुदान प्रदान गर्ने।

(१०) सशर्त अनुदानअन्तर्गत हस्तान्तरण हुने कार्यक्रम कार्यान्वयनका शर्तहरू स्पष्ट, मापनयोग्य र कार्यान्वयनयोग्य हुनुपर्ने।

(११) एकमुष्ट सशर्त अनुदान (Conditional block grants) को रुपमा बजेट विनियोजन भई सञ्चालन हुने कार्यक्रमहरू तर्जुमा गर्दा नेपाल सरकारका विषयगत मन्त्रालय र सम्बन्धित प्रदेश तथा स्थानीय तहको संलग्नता र समन्वयमा गर्ने। यसबाट प्रदेश र स्थानीय तहलाई आयोजना प्राथमिकीकरण गर्न र बजेट विनियोजनलाई यथार्थपरक बनाउन सहयोग पुग्ने।

(१२) सशर्त अनुदानबाट सञ्चालन भएका योजना, कार्यक्रम तथा आयोजनाको प्रगति विवरण नेपाल सरकारका सम्बन्धित विषयगत मन्त्रालयमा नियमित रूपमा प्रतिवेदन हुने सुनिश्चितता गर्नुपर्ने।

(१३) नेपाल सरकारले बजेट तर्जुमा गर्दा मन्त्रालयगत रुपमा अबण्डा राखी आर्थिक वर्षको बीच बीचमा रकम बाँड्ने प्रवृत्तिको अन्त्य गरी सशर्त अनुदानको सबै रकम बजेट तर्जुमाकै बखत विनियोजन गर्नुपर्ने। विपद्जन्य अवस्था, महामारी वा अन्य आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण तथा प्रतिकार्य र पुनर्स्थापना गर्नुपरेको अवस्थामा बाहेक आर्थिक वर्षको बीचमा कुनै पनि नयाँ कार्यक्रम वा आयोजनाहरू कार्यान्वयन गर्न थप सशर्त अनुदान हस्तान्तरण नगर्ने।

(१४) आगामी वर्षको सशर्त अनुदान बजेट कार्यान्वयन गर्न छुट्टै कार्यविधि आवश्यक पर्ने अवस्थामा त्यस्तो कार्यविधि स्वीकृत गरी चालु आर्थिक वर्षको असार मसान्तभित्र प्रदेश तथा स्थानीय तहमा उपलब्ध गराउनुपर्ने।

## ३.३.२ आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानका आधार सम्बन्धमा प्रदेश सरकारलाई गरिएको सिफारिस

सिफारिस मितिः २०७८/१२/२१ गते, सोमबार

### क. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। नेपालको संविधानमा तीनै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँट गरिएको छ। तहगत सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था संविधानले नै सुनिश्चित गरेको छ। तीन तह बीचको सहकारिताको एउटा महत्वपूर्ण अवयवको रूपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको छ। संघीय प्रणालीलाई गतिशील बनाउने कार्य वित्तीय संघीयताले गर्दछ र यसको सबैभन्दा महत्वपूर्ण कडीको रुपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको हुन्छ। अन्तर-सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सङ्घीय संरचना भएका मुलुकहरूमा विशिष्ट राष्ट्रिय उद्देश्य प्राप्तिका साथै बहुतहगत सरकारहरू बीचमा नीतिगत समन्वय कायम गर्न र सार्वजनिक सेवाको मानक तथा गुणस्तर हासिल गर्न सङ्घ सरकारले प्रदेश तथा स्थानीय तहलाई शर्त सहितको वित्तीय अनुदान उपलब्ध गराउने अभ्यास रहेको पाइन्छ।

स्थानीय तहमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने एवं प्रादेशिक नीति र कार्यक्रम तथा मानकको स्थानीय तहमा कार्यान्वयन गर्ने र स्थानीय तहको वित्तीय स्वायत्तता कायम गरी यी दुई पक्ष बीचमा सन्तुलन कायम गर्ने विषय आफैमा अत्यन्त महत्वपूर्ण रहेको छ। अतः वित्तीय समानीकरण अनुदान र सशर्त अनुदान बीच सन्तुलन कायम गरी प्रदेश वा स्थानीय तहको कार्यगत स्वायत्ततालाई अक्षुण्ण राख्ने चुनौती पनि रहेकै हुन्छ। सङ्घीय शासन प्रणालीको लामो अनुभव भएका मुलुकहरू समेत अन्तर-सरकारी वित्त व्यवस्थापनका यस्ता समस्याबाट पूर्ण रूपमा मुक्त भएको पाइँदैन। नेपालको सन्दर्भमा पनि प्रादेशिक सञ्चित कोषबाट सम्बन्धित प्रदेशले स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने संवैधानिक र कानुनी व्यवस्था रहेको छ। त्यसरी सशर्त अनुदान प्रदान गर्दा एकातर्फ अनुदान वितरणमा समन्यायिकता होस् र अर्कोतर्फ स्थानीय तहको स्वायत्ततालाई पनि अक्षुण्ण राख्न सकियोस् भन्ने हेतुले नै सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने र ती आधारहरू कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था नेपालको संविधान र अन्य प्रचलित ऐनहरू समेतमा गरिएको छ। सोही व्यवस्था बमोजिम आर्थिक वर्ष २०७९/८० को लागि प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिने सशर्त अनुदानको आधार यस आयोगबाट तयार गरी प्रदेश सरकारसमक्ष सिफारिस गरिएको छ।

### ख. कानुनी व्यवस्था

#### i. नेपालको संविधान

प्रदेश सरकारले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदान सम्बन्धमा नेपालको संविधानमा देहायका व्यवस्थाहरू रहेका छन्:

- धारा ६० को उपधारा (३) - प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ।
- धारा २५१ को उपधारा (१) देहाय (ग) - राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुनेछ।

**ii. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को देहाय (ख) मा प्रदेश कानुन बमोजिम प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानको आधार तयार गरी प्रदेशलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार यस आयोगको हुने व्यवस्था रहेको छ।

सोही ऐनको दफा १६ को उपदफा (२) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रचलित कानुन बमोजिम उपलब्ध गराउने सशर्त अनुदानका सम्बन्धमा नेपाल सरकार तथा प्रदेशलाई सिफारिस गर्दा आयोगले संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) र सोही ऐनको दफा १६ को उपदफा (१) मा उल्लिखित विषयहरूलाई आधार लिई गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त उपदफा (१) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रचलित कानुन बमोजिम उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानका सम्बन्धमा नेपाल सरकार तथा प्रदेशलाई सिफारिस गर्दा आयोगले देहायका आधार लिई सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छः

(क) प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क,

(ख) अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था,

(ग) प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था,

(घ) प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता,

(ङ) प्रदेश तथा स्थानीय तहले जनतालाई पुर्‍याउनु पर्ने सेवा,

(च) प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,

(छ) प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता।

**iii. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (३) मा प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम आयोगले तोकेको आधार वमोजिम सशर्त अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ।

**iv. प्रदेश कानुन**

वित्तीय हस्तान्तरण सम्बन्धमा प्रदेश सरकारले बनाएका ऐनहरूमा सशर्त अनुदानका सम्बन्धमा देहाय बमोजिमका व्यवस्थाहरू गरिएको पाइन्छः

- प्रदेश सरकारले स्थानीय तह वा प्रदेश सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ।
- सशर्त अनुदान प्रदान गर्दा प्रदेश सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्नेछ।

## ग. सशर्त अनुदान सम्बन्धमा आयोगले गरेको अध्ययन अनुसन्धान तथा विश्लेषण

सशर्त अनुदानको आधार तयार गर्ने क्रममा संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) ले मार्गदर्शन गरे बमोजिम आयोगले आवश्यक अध्ययन अनुसन्धानको कार्य सम्पादन गरेको छ। यस क्रममा सशर्त अनुदानको सैद्धान्तिक आधार एवम् नीतिगत व्यवस्थाको सूक्ष्म विश्लेषण गर्नुका साथै हालसम्मको कार्यान्वयनको अवस्था र अन्तर्राष्ट्रिय अभ्यासलाई समेत सँगै राखेर विश्लेषण गरिएको छ। प्रदेश सरकारले विगतका वर्षहरूमा स्थानीय तहलाई उपलब्ध गराएको सशर्त अनुदानका सम्बन्धमा प्रदेश र

स्थानीय तहका पदाधिकारी तथा अधिकृत कर्मचारीहरूसँग छलफल, अन्तर्क्रिया सम्पन्न गरी सशर्त अनुदान कार्यान्वयनको अवस्था सम्बन्धमा जानकारी लिने र सुधारका उपायहरूको खोजी गर्ने कार्य भएको छ। सङ्घीय शासन प्रणालीमा वित्तीय सङ्घीयता र सशर्त अनुदानको भूमिका सम्बन्धमा विषयविज्ञहरूसँग अन्तर्क्रियाको माध्यमबाट राय परामर्श लिईएको छ। सशर्त अनुदान वितरण सम्बन्धमा आयोगले विगतमा सिफारिस गरेका आधारहरू र सोको कार्यान्वयन अवस्था समेतलाई हेरेर तिनको औचित्य र प्रभावकारिता परीक्षण गरिएको छ। साथै, यस सम्बन्धमा बाह्य विज्ञमार्फत् स्वतन्त्र अध्ययन/अनुसन्धान गराएर समेत आयोगले पृष्ठपोषण प्राप्त गरेको छ।

सशर्त अनुदान सम्बन्धमा आयोगले गरेको अध्ययन अनुसन्धान तथा सरोकारवाला निकायहरूसँग गरेको अन्तरक्रियाको क्रममा सहभागीहरूबाट औंल्याइएको विद्यमान अवस्था र सुधारका लागि प्राप्त सुझावको संक्षिप्त विवरण देहायबमोजिम रहेको छः

**i. आयोगले गराएको अध्ययन/अनुसन्धानको निष्कर्ष तथा प्राप्त सुझाव**

- अन्तर-सरकारी वित्तीय हस्तान्तरण अन्तर्गतको सशर्त अनुदानलाई अधिकतम उपलब्धिमूलक बनाउने अवसर संविधानले प्रदान गरेको छ। संविधानको धारा ६० को उपधारा (३) मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था छ भने धारा २५१ को उपधारा (१) देहाय (ग) ले राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने काम, कर्तव्य र अधिकार स्वतन्त्र संवैधानिक निकायको रूपमा रहने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था गरेको छ। समानीकरण र सशर्त अनुदानको आकार वा अनुपात सम्बन्धमा समेत अध्ययन अनुसन्धानमा आधारित भई स्वतन्त्र, निष्पक्ष र वस्तुगत ढङ्गबाट निर्क्योल गर्ने एक मात्र संवैधानिक निकायको रूपमा आयोग रहन सक्ने परिकल्पना गरेको देखिन्छ।
- अन्तर-सरकारी वित्तीय हस्तान्तरणको एक मात्र प्रमुख उद्देश्य भनेको तहगत सरकारहरूबीचको लम्बीय तथा क्षितिजीय वित्तीय अन्तर (Vertical and Horizontal Fiscal Gap) लाई सम्बोधन गर्नु हो। नेपालको वित्तीय सङ्घीयताको हालसम्मको अभ्यासमा वित्तीय समानीकरण अनुदानलाई त्यस्ता दुवै अन्तरहरू न्यूनीकरणसँग प्रत्यक्षरूपमा आबद्ध गरिएको भए तापनि अन्य अनुदानलाई वित्तीय अन्तरसँग आबद्ध गर्न सकिएको छैन। साथै वित्तीय समानीकरण अनुदानको रकम यकिन भइसके पश्चात् मात्र सशर्त लगायत अन्य अनुदानको विनियोजन रकम तय हुने र सो कार्यमा आयोगको प्रत्यक्ष भूमिका समेत नरहने व्यवस्थाले गर्दा वित्तीय समानीकरण अनुदानले कायम गर्न खोजेको समन्यायिकतामा अन्य अनुदानका कारण प्रतिकुल असर पर्न सक्ने जोखिम कायमै रहेको छ। यस्तो जोखिमको अन्त्यका लागि संविधानको धारा ६० को उपधारा (३) अनुरूप स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण निर्धारणमा आयोगको भूमिका रहनुपर्ने, साथै अनुदान वितरणको उद्देश्य र वस्तुगत अवस्थालाई दृष्टिगत गर्दै विभिन्न किसिमका अनुदानहरू बीचको अनुपात निर्धारणमा समेत आयोगको भूमिका रहनुपर्ने देखिन्छ। सशर्त रूपमा दिईने अनुदानले समानीकरणको क्षितिजीय समता (Horizontal Equity) मा तात्विक परिवर्तन गर्नु हुँदैन।
- प्रदेशले स्थानीय तहलाई उपलब्ध गराउने चार किसिमका अनुदानको कार्यगत उद्देश्यमा स्पष्टता नहुँदा एउटै प्रकृतिको वा एउटै कार्यका लागि पनि एकभन्दा बढी किसिमका अनुदानहरू प्रयोग भइरहेको अवस्था छ, जसले गर्दा उपलब्ध स्रोत साधनको कुशल विनियोजन तथा प्रभावकारी कार्यान्वयनमा चुनौती सिर्जना भएको छ।

- सशर्त अनुदानको कार्यान्वयन गर्दा अनुदान प्रदान गर्ने र प्राप्त गर्ने दुवै पक्षबीचमा दोहोरो कार्यात्मक सम्बन्ध वा सम्झौता हुनु आवश्यक छ। तर हालको सशर्त अनुदान हस्तान्तरणमा न त अनुदान प्रदान गर्ने तहले अनुदान प्राप्त गर्ने तहसँग आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि सम्झौता गर्छ, न त अनुदान प्राप्त गरी आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने पक्षले आफ्नो आवश्यकता, प्राथमिकता र क्षमताभित्रका आयोजना वा कार्यक्रम प्रस्ताव गर्ने अवसर नै प्राप्त गर्दछ। यसले गर्दा एकातर्फ उत्तरदायित्व र जवाफदेहिताको प्रश्न उठ्छ भने अर्कोतर्फ आवश्यकता र आपूर्तिबीच बेमेलको अवस्था रहन्छ। यसलाई सम्बोधन गर्न आवश्यक नीतिगत तथा कार्यप्रणालीगत सुधार गर्नु आवश्यक देखिएको छ।
- प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानको निश्चित उद्देश्य निर्धारण गरी उक्त उद्देश्य प्राप्तिका लागि मात्र अनुदान दिने नीति अवलम्बन गर्नुपर्ने देखिन्छ।
- स्थानीय तहको सन्तुलित विकासका लागि आवश्यक पर्ने पूर्वाधार निर्माणका निमित्त नतिजामा आधारित सूचकसहित सशर्त अनुदान उपलब्ध गराउनु उपयुक्त हुनेछ भने निर्माण सम्पन्न भएको आयोजना सञ्चालन तथा मर्मत सम्भारका लागि सम्बन्धित तहको सरकारलाई नै वित्तीय रूपमा जिम्मेवार बनाउनु उपयुक्त हुनेछ।
- सबै स्थानीय तहको आन्तरिक कार्यक्षमता समानरूपमा विकसित भइनसकेको र कतिपय स्थानीय तहहरूको हकमा सेवाप्रवाहका लागि अत्यावश्यक आधारभूत बन्दोबस्ती समेत पूरा नभएको अवस्थामा तत् सम्बन्धी न्यूनतम बन्दोबस्तीका लागि नतिजा सूचकसहित सशर्त अनुदान उपलब्ध गराउनु उपयुक्त हुनेछ।
- राष्ट्रिय तथा प्रदेशस्तरका विषयगत नीति अन्तर्गत स्थानीय तहबाट सञ्चालन हुनुपर्ने कार्यक्रम कार्यान्वयनको लागि राष्ट्रिय तथा प्रादेशिक मानक पूरा गर्न सशर्त अनुदान दिनु उपयुक्त हुनेछ।
- प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रहेका, तर स्थानीय तहबाट कार्यान्वयन गराउँदा लागतका दृष्टिले मितव्ययी एवम् सेवा प्रवाहका दृष्टिले प्रभावकारी हुने आयोजना तथा कार्यक्रमका लागि सशर्त अनुदान दिनु उपयुक्त हुनेछ।

**ii. प्रदेश सरकारका मन्त्रालयसँगको छलफल एवम् अन्तरक्रियाबाट प्राप्त राय/सुझाव**

- सशर्त अनुदानमा सञ्चालन हुने आयोजना प्रदेश तथा स्थानीय तहको प्राथमिकतामा आधारित हुनुपर्ने,
- सबै किसिमका अनुदानहरूको बजेट सीमा निर्धारित समयभित्र प्रदेश तथा स्थानीय तहले पाउनुपर्ने,
- आयोजना बैंकमा समावेश भएका आयोजनाहरूबाट सम्भाव्य आयोजना छनौट गरी सशर्त अनुदान परिचालन गर्नुपर्ने,
- सरकारका तहहरू बीचको अन्तर सरकारी वित्त हस्तान्तरणलाई पारदर्शी र उत्तरदायी बनाउनुपर्ने,
- टुक्रे बजेट र योजना नियन्त्रण गरी नतिजामूखी योजना कार्यान्वयन गर्नुपर्ने,
- सशर्त अनुदानको न्यूनतम र अधिकतम सीमा तोकिनुपर्ने, साथै निश्चित सूचकको प्रगतिको आधारमा सशर्त अनुदान प्रदान गर्नुपर्ने,
- प्रदेश तथा स्थानीय तहको विकासको आवश्यकता, पूर्वाधारको अवस्था, आन्तरिक स्रोतको उपलब्धता तथा कार्यान्वयन क्षमताको आधारमा सशर्त अनुदान प्रदान गर्नुपर्ने,
- नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरी सिफारिस गरेका सशर्त अनुदानका आधार र सुझावहरू पूर्ण रूपमा पालना गर्नुपर्ने।

**iii. स्थानीय तहसँगको छलफल एवम् अन्तरक्रियाबाट प्राप्त राय सुझाव**

- नेपाल सरकारले प्रदान गर्ने सशर्त अनुदानका आयोजना तथा कार्यक्रम स्थानीय तहको आवश्यकता र प्राथमिकता अनुकुलको हुनुपर्ने,
- संघ, प्रदेश र स्थानीय तहका आयोजनाहरूको थ्रेसहोल्ड निर्धारण हुनुपर्ने,
- समग्र अनुदानमा वित्तीय समानीकरणको हिस्सा बढी र सशर्तको हिस्सा कम हुनुपर्ने,
- संविधानतः स्थानीय तहको एकल अधिकार भित्रको विषय र आफ्नै स्रोत विनियोजनमार्फत् आयोजना वा कार्यक्रम कार्यान्वयन गरिरहेको क्षेत्रमा पनि सशर्त अनुदान प्राप्त हुँदा आयोजना वा कार्यक्रममा दोहोरोपना हुन गई उपलब्ध स्रोतसाधनको सन्तुलित वितरण र मितव्ययीपूर्ण उपयोगमा चुनौती सिर्जना भएको हुँदा सशर्त अनुदान प्रदान गर्ने क्षेत्र, आधार र मानदण्ड स्पष्ट हुनुपर्ने,
- स्थानीय तहमा उपलब्ध जनशक्ति तथा प्राविधिक क्षमताभन्दा बाहिरका कार्यक्रममा समेत सशर्त अनुदान प्राप्त हुने गरेबाट त्यस्ता कार्यक्रम कार्यान्वयन हुन नसकी स्थानीय तहको कार्य प्रगतिको अवस्था कमजोर देखिन गएको हुँदा क्षमता विकासमा जोड दिनुपर्ने,
- सशर्त अनुदानको रकमलाई क्रमशः कम गर्दै त्यस्तो रकमलाई वित्तीय समानीकरण अनुदानमा थप गर्नुपर्ने जसले गर्दा स्थानीय तहले आफ्नो आवश्यकता र प्राथमिकताका आयोजनामा कुशलतापूर्वक रकम विनियोजन र कार्यान्वयन गर्नसक्ने।

## घ. आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिने सशर्त अनुदानको आधारहरू

संविधान तथा प्रचलित ऐनमा भएका व्यवस्था र तोकिएका आधारहरूलाई दृष्टिगत गर्दै मुख्यतया देशव्यापी रूपमा राष्ट्रिय तथा प्रादेशिक नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, राष्ट्रिय तथा प्रादेशिक मानक स्थापित गर्ने वा सोको सुनिश्चितता गर्ने र स्थानीय तहमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने विषयहरूलाई मार्गदर्शनका रूपमा लिई आयोगद्वारा गरिएको अध्ययन अनुसन्धान समेतका आधारमा नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम आर्थिक वर्ष २०७९/८० को लागि प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानको सम्बन्धमा देहायका आधारहरू तयार गरी प्रदेश सरकारसमक्ष सिफारिस गरिएको छः

(१) **प्रदेश सरकारको अधिकारको सूची भित्रका कुनै विषय वा कार्यक्रम र आयोजना स्थानीय तहबाट कार्यान्वयन गर्नुपर्ने अवस्था :** नेपालको संविधानको अनुसूची-६ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रहेका कुनै विषयसम्बन्धी आयोजना वा कार्यक्रम कुनै स्थानीय तहबाट कार्यान्वयन गराउँदा लागतका दृष्टिले मितव्ययी, सेवा प्रवाहका दृष्टिले प्रभावकारी एवम् दीगोपना हुने देखिएमा त्यस्तो आयोजना तथा कार्यक्रमका लागि आवश्यक सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

(२) **प्रादेशिक नीति तथा कार्यक्रमलाई स्थानीय तहमार्फत् कार्यान्वयन गर्नुपर्ने अवस्थाः** प्रदेश सरकारले जारी गरेको प्रादेशिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा मूलतः प्रदेश सरकारको कार्य जिम्मेवारीमा रहेको कुनै आयोजना वा कार्यक्रमलाई स्थानीय तहबाट कार्यान्वयन गर्नुपर्ने अवस्था भएमा सोको लागि प्रदेश सरकारले सम्बन्धित स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

(३) **स्थानीय तहमा प्रादेशिक मानक स्थापना वा कार्यान्वयन गर्नुपर्ने अवस्थाः** नागरिकका मौलिक हकको कार्यान्वयन तथा राज्यको तर्फबाट आम नागरिकलाई उपलब्ध गराउनुपर्ने आधारभूत सेवा सुविधाको सम्बन्धमा तय भएका न्यूनतम प्रादेशिक मानकलाई स्थानीय तहमा उपलब्ध अन्य वित्तीय स्रोतबाट कार्यान्वयन वा स्थापित गराउन नसकिने अवस्थामा त्यस्ता प्रादेशिक मानकको कार्यान्वयन गराउन आवश्यक रकम सम्बन्धित स्थानीय तहलाई एकमुष्ट सशर्त अनुदान (Conditional block grants) को रुपमा उपलब्ध गराउन सक्ने।

(४) **सन्तुलित विकासका निमित्त आवश्यक रणनीतिक महत्वका परियोजनाहरूः** आर्थिक, सामाजिक तथा पूर्वाधार विकासको प्रादेशिक औषत स्तरभन्दा सारभूत रूपमा पछाडि रहेका स्थानीय तहमा विकासको त्यस्तो निश्चित विषय क्षेत्रलाई सम्बोधन गर्ने रणनीतिक महत्वका आयोजना वा कार्यक्रम सञ्चालन गर्न नतिजा सूचकमा आधारित रहेर सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

## ङ. सशर्त अनुदान सम्बन्धी सुझावहरू

संवैधानिक व्यवस्था र कानुनमा तोकिएका आधारहरूलाई दृष्टिगत गर्दै सिफारिस गरिएका सशर्त अनुदानको उल्लिखित आधारहरूको कार्यान्वयनका लागि आयोगको तर्फबाट प्रदेश सरकारलाई निम्न बमोजिमका सुझावहरू उपलब्ध गराईएको छः

(१) प्रदेशले स्थानीय तहलाई उपलब्ध गराउने सबै किसिमका वित्तीय हस्तान्तरणको परिमाण निर्धारणमा नेपालको संविधानको धारा ६० को उपधारा (३) बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका सुनिश्चित हुने गरी विद्यमान ऐन कानुन र कार्य प्रणालीमा आवश्यक संशोधन गरिनुपर्ने।

(२) प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानको सम्बन्धमा यस आयोगले तयार गरी कार्यान्वयनका लागि सिफारिस गरेका आधारहरूको पूर्ण पालनाको सुनिश्चितता हुनुपर्ने। यसका निमित्त सिफारिस भएका आधारहरू प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयबाट सबै सरोकारवाला निकायहरूलाई सञ्चार हुनुपर्ने, साथै बजेट तर्जुमाको चरणदेखि नै सशर्त अनुदान अन्तर्गत प्रस्तावित कुनै पनि आयोजना वा कार्यक्रम आयोगले सिफारिस गरेको कुन आधार अनुरूपको हो भनी प्रविष्टि, अभिलेख र प्रतिवेदन गर्ने प्रणालीको स्थापना हुनुपर्ने। प्रदेश सरकारले सशर्त अनुदानबाट कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमहरूको लागि शर्तहरू तय गर्दा आयोगले तोकेका आधारहरूको प्रतिकुल नहुने गरी तोक्ने।

(३) सशर्त अनुदानलाई समेत मुलुकको सन्तुलित विकासको लक्ष्यसँग आवद्ध गरी निश्चित सूचक, मानदण्ड र सूत्रमा आधारित रहेर पारदर्शी रूपमा प्रदान गर्नुपर्ने।

(४) प्रदेशले स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्दा प्रादेशिक नीति, प्राथमिकता, दीर्घकालीन लाभ र फराकिलो तथा समतामूलक आर्थिक वृद्धिलाई प्रत्यक्ष टेवा दिने प्रकृतिका ठूला तथा मझौला र रणनीतिक महत्वका आयोजनाको कार्यान्वयनमा जोड दिनुपर्ने; तर स्थानीय तहको एकल अधिकार र जिम्मेवारीभित्रका विषयमा वा स-साना आयोजना र कार्यक्रममा यस्तो अनुदान उपलब्ध नगराउने।

(५) स्थानीय तहको वित्तीय स्वायत्तता र व्यवस्थापकीय क्षमतालाई बलियो बनाउँदै लैजाने उद्देश्य सहित कुल अनुदानमा सशर्त अनुदानको हिस्सा क्रमशः कम गर्दै लैजाने र त्यसको परिपूर्ति वित्तीय समानीकरण अनुदान वृद्धि मार्फत गर्दै जाने।

(६) सशर्त अनुदानबाट सञ्चालन हुने योजनाप्रति सम्बन्धित स्थानीय तहको अधिकतम स्वामित्व कायम गर्न र कार्यान्वयन प्रक्रियामा व्यवस्थापकीय कुशलता र खर्च दक्षता समेत सुनिश्चित गर्नका लागि प्रदेश सरकारले सशर्त अनुदान उपलब्ध गराउँदा योजना भित्रका क्रियाकलापहरू नतोकी त्यस किसिमको स्वायत्तता सम्बन्धित स्थानीय तहलाई नै हुने गरी क्षेत्रगत योजना वा कार्यक्रम र लक्ष्य तथा अपेक्षित उपलब्धी जस्ता विषयहरू मात्र तोकेर एकमुष्ट अनुदान (Block Grants ) हस्तान्तरण गर्ने।

(७) नेपालको संविधानको अनुसूची - ८ (स्थानीय तहको अधिकारको सूची) का विषयहरू कुनै निश्चित प्रादेशिक नीति तथा कार्यक्रम र मानदण्ड भित्र रही कार्यान्वयन गर्नुपर्ने अवस्थामा मात्र निश्चित अवधि वा सीमा भित्र रहेर सशर्त अनुदान प्रदान गर्ने, सो बाहेकका निरन्तर रुपमा कार्यान्वयन गर्नुपर्ने विषयलाई सशर्त अनुदानबाट सम्बोधन नगर्ने।

(८) समान प्रकृतिका उद्देश्य प्राप्तिका लागि विभिन्न विषयगत मन्त्रालयहरूबाट तर्जुमा गरिएका कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सशर्त अनुदान प्रदान गर्दा त्यस्ता कार्यक्रम वा आयोजनामा दोहोरोपना नपर्ने गरी एकीकृत रुपमा सशर्त अनुदान प्रदान गर्ने।

(९) सशर्त अनुदान अन्तर्गत हस्तान्तरण हुने कार्यक्रम कार्यान्वयनका शर्तहरू स्पष्ट, मापनयोग्य, र कार्यान्वयन योग्य हुनुपर्ने।

(१०) एकमुष्ट सशर्त अनुदान (Conditional block grants) को रुपमा बजेट विनियोजन भई सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरू तर्जुमा गर्दा प्रदेश सरकारका विषयगत मन्त्रालय र सम्बन्धित स्थानीय तहको संलग्नता र समन्वयमा गर्नुपर्ने।

(११) सशर्त अनुदानबाट सञ्चालन भएका योजना तथा कार्यक्रमको प्रगति विवरण प्रदेश सरकारका सम्बन्धित विषयगत मन्त्रालयमा नियमित रूपमा प्रतिवेदन हुने सुनिश्चितता गर्नुपर्ने।

(१२) प्रदेश सरकारले बजेट तर्जुमा गर्दा मन्त्रालयगत रुपमा अबण्डा राखी आर्थिक वर्षको बीच बीचमा रकम बाँड्ने प्रवृत्तिको अन्त्य गरी सशर्त अनुदानको सबै रकम बजेट तर्जुमाकै बखत विनियोजन गर्नुपर्ने। विपद्जन्य अवस्था, महामारी वा अन्य आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण तथा प्रतिकार्य र पुनर्स्थापना गर्नुपरेको अवस्थामा बाहेक आर्थिक वर्षको बीचमा कुनै पनि नयाँ कार्यक्रम वा आयोजनाहरू कार्यान्वयन गर्न थप सशर्त अनुदान हस्तान्तरण नगर्ने।

(१३) प्रदेशले स्थानीय तहलाई सशर्त अनुदान हस्तान्तरण गर्दा एकमुष्ट अनुदान (Block Grants) दिने व्यवस्था गर्नुपर्ने।

(१४) आगामी वर्षको सशर्त अनुदान बजेट कार्यान्वयन गर्न छुट्टै कार्यविधि आवश्यक पर्ने अवस्थामा त्यस्तो कार्यविधि स्वीकृत गरी चालु आर्थिक वर्षको असार मसान्तभित्र स्थानीय तहमा उपलब्ध गराउनुपर्ने।

## ३.४ आन्तरिक ऋणको सीमा सम्बन्धी सिफारिस

### ३.४.१ आर्थिक वर्ष २०७९/८० का लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई गरिएको सिफारिस

सिफारिस मितिः २०७९/०१/१६ गते, शुक्रबार

### क. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। तीनै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँट गरिएको छ। सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो क्षेत्राधिकारभित्र रही आर्थिक अधिकारसम्बन्धी विषयमा कानून बनाउने, नीति तथा योजना तयार गर्ने, वार्षिक बजेट तर्जुमा र कार्यक्रम कार्यान्वयन लेखाङ्कन तथा प्रतिवेदन गर्ने र लेखापरीक्षण गराउने कार्य गर्नुपर्दछ। बजेट अनुमान गर्दा अनुमानित आयभन्दा व्यय बढी हुने अवस्थामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले घाटा बजेट ल्याउन सक्ने र बजेट घाटा व्यवस्थापन सङ्घीय कानूनबमोजिम हुने व्यवस्था छ। घाटा बजेट पेश गर्दा तीनै तहका सरकारले घाटा पूर्ति गर्ने स्रोतको स्पष्ट आधार समेत खुलाउनु पर्ने व्यवस्था अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा रहेको छ। संविधानतः तीनै तहका सरकारले बजेट घाटा पूर्तिका लागि कानूनबमोजिम ऋण लिन सक्छन्।

घाटा बजेटको पूर्ति आन्तरिक तथा बाह्य गरी दुई स्रोतबाट हुने गर्दछ। ऋण घाटा बजेट पूर्तिकै स्रोतको रुपमा रहने गर्दछ। समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने संवैधानिक व्यवस्था रहेको छ। उल्लिखित व्यवस्थाबमोजिम आर्थिक वर्ष २०७९/८० को लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा यस आयोगबाट निर्धारण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारसमक्ष सिफारिस गरिएको छ।

### ख. कानुनी व्यवस्था

#### i. नेपालको संविधान

सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सम्बन्धमा नेपालको संविधानमा देहायका व्यवस्थाहरू रहेका छन्ः

- धारा ५९ को उपधारा (१) - सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार भित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने छन्।
- धारा ५९ को उपधारा (७) - सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा वित्तीय अनुशासनसम्बन्धी व्यवस्था सङ्घीय कानूनबमोजिम हुनेछ।
- धारा ११५ को उपधारा (२) - सङ्घीय कानूनबमोजिम बाहेक नेपाल सरकारले कुनै ऋण लिने र जमानत दिने छैन।
- धारा २०३ को उपधारा (२) - सङ्घीय कानूनबमोजिम बाहेक प्रदेश सरकारले कुनै ऋण लिने र जमानत दिने छैन।

- धारा २२८ को उपधारा (१) - कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन पाइने छैन।
- धारा २३० को उपधारा (१) – गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानूनबमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्नेछ।
- धारा २३० को उपधारा (२) – गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नुपर्ने भएमा सङ्घीय कानून र प्रदेश कानूनबमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्नेछ।
- धारा २५१ को उपधारा (१) को खण्ड (च) - समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुनेछ।

**ii. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४**

नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले लिन सक्ने आन्तरिक ऋणको सीमा, नेपाल सरकारले ऋण दिन सक्ने र घाटा बजेट पेश गर्न सक्ने सम्बन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा देहायका व्यवस्थाहरू रहेका छन्ः

- दफा १४: आन्तरिक ऋण

  (१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्नेछ।

  तर प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिनु अघि नेपाल सरकारको सहमति लिनु पर्नेछ।

  (२) नेपाल सरकार तथा प्रदेशले प्रचलित कानूनको अधीनमा रही ऋणपत्र जारी गरी आन्तरिक ऋण उठाउन सक्नेछ।

  (३) प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिन नेपाल सरकारको सहमति माग गर्दा आन्तरिक ऋण लिन खोजिएको योजना, योजनाबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, ऋण भुक्तानी योजना, ऋण दिने संस्थाको विवरण सहितको प्रस्ताव अर्थ मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

  (४) उपदफा (३) बमोजिम पेश भएको प्रस्ताव कार्यान्वयनयोग्य देखिएमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई आन्तरिक ऋण लिन सहमति दिन सक्नेछ।

- दफा १५: नेपाल सरकारले ऋण दिन सक्ने

  (१) नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई ऋण दिन सक्नेछ।

  (२) प्रदेश वा स्थानीय तहले ऋण रकमको उपयोग, भुक्तानीको तरिका तथा समय सीमा समेत उल्लेख गरी ऋणको लागि मन्त्रालय समक्ष अनुरोध गर्न सक्नेछ।

  (३) उपदफा (२) बमोजिम प्राप्त अनुरोध मनासिब देखिएमा नेपाल सरकारले ऋण प्रदान गर्ने स्वीकृति दिन सक्नेछ।

  (४) उपदफा (३) बमोजिम नेपाल सरकारबाट ऋण प्रदान गर्ने स्वीकृति भएमा मन्त्रालयले सम्बन्धित प्रदेश वा स्थानीय तहसँग सम्झौता गर्नेछ।

(५) नेपाल सरकारबाट प्राप्त ऋण प्रदेश वा स्थानीय तहले सम्झौतामा उल्लिखित अवधिभित्र चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट त्यस्तो ऋण रकम असुली गर्न सक्नेछ।

- दफा २३: घाटा बजेट पेश गर्न सक्ने

(१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले सम्बन्धित व्यवस्थापिकामा आवश्यकता अनुसार घाटा बजेट पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घाटा बजेट पेश गर्दा बजेट घाटा पूर्ति गर्ने स्रोतको स्पष्ट आधार समेत खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदेश तथा स्थानीय तहले घाटा बजेट पेश गर्दा नेपाल सरकारले संविधान र प्रचलित कानून बमोजिम कुनै सुझाव वा निर्देशन दिएको भए सोको पालना गर्नु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रशासनिक खर्च व्यहोर्न घाटा बजेट पेश गर्न सकिने छैन।

## ग. उद्देश्य

सार्वजनिक ऋण व्यवस्थापनको प्राथमिक उद्देश्य सरकारको वित्तीय आवश्यकता पूरा गर्नका लागि न्यून लागत र जोखिममा स्रोत व्यवस्थापन गर्नुका साथै समयमै ऋण दायित्व भुक्तान गर्न सक्ने कुराको सुनिश्चितता गर्नु हो भने सहायक उद्देश्य सरकारी ऋणपत्रहरूका लागि कार्यदक्षता (efficiency) भएको आन्तरिक ऋण बजारको विकास गर्नु हो।

त्यसैगरी कार्यसञ्चालनस्तरका उद्देश्यहरूमा समयमै र अविच्छिन्न रूपले ऋण सेवाको भुक्तानी सुनिश्चित गर्नु, ऋणसेवा भुक्तानीको अनुमानयोग्यता बढाउनु, ऋणको लागत घटाउनु, आर्थिक सङ्कट वा झड्का (economic crisis and shocks) को अवस्थामा सार्वजनिक ऋणको जोखिमपना घटाउनु (मेच्युरिटी संरचनामा परिवर्तन, व्याज वा मुद्राको संरचनामा परिवर्तन, अन्तर्राष्ट्रिय पुँजी बजारमा पहुँच वृद्धि आदि) र ऋणको दीगोपना सुनिश्चित गर्नु हो।

तीन तहका सरकारले आन्तरिक ऋण लिनुको मूल उद्देश्य घाटा बजेटको व्यवस्थापन गर्नु वा बजेट घाटा पूर्ति गर्ने स्रोत जुटाउनु नै हो। तसर्थ, आन्तरिक ऋण परिचालनलाई सरकारी वित्त व्यवस्थापनको एक महत्वपूर्ण औजारको रूपमा प्रयोग गरिन्छ।

## घ. सैद्धान्तिक आधार

सार्वजनिक ऋण परिचालन गर्ने सम्बन्धमा अर्थशास्त्रीहरूबीच मतैक्यता रहेको देखिँदैन। शास्त्रीय अर्थशास्त्रीहरू एडम स्मिथ, डेविड रिकार्डो, जे.एस्. मिल्स लगायतले सरकारले सार्वजनिक ऋण परिचालन गर्दा निजी क्षेत्रको पुँजी परिचालन प्रभावित हुने र त्यसले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न नसक्ने उल्लेख गरेका छन्। अर्थशास्त्री एडम स्मिथका अनुसार सार्वजनिक ऋण समग्र अर्थतन्त्रको लागि हानिकारक हुने हुँदा सरकारले घाटा वित्त परिचालन गर्नु हुँदैन। सार्वजनिक ऋणले आन्तरिक पुँजी निर्माण प्रभावित हुने र ऋण परिचालनको लागि राजस्व वृद्धि गरिँदा मुद्राको अवमूल्यन हुने तर्क अगाडि सार्दै सार्वजनिक ऋण समग्र अर्थतन्त्रको लागि स्वस्थकर नहुने टिप्पणी गरेका छन्। अर्का शास्त्रीय अर्थशास्त्री डेविड रिकार्डोले सरकारले सन्तुलित बजेट ल्याउनुपर्ने र सरकारी खर्च राजस्वबाटै धानिनुपर्ने तर्क गरेका छन्, जसलाई रिकार्डको समतुल्य सिद्धान्त (Ricardian Equivalence Theory) समेत भन्ने गरिन्छ। उनले घाटा बजेट परिचालन युद्धजस्तै आकस्मिक अवस्थामा मात्र सही मान्न सकिने अन्यथा सार्वजनिक ऋणले निजी पुँजी परिचालन निरुत्साहित गर्दै अर्थतन्त्रको वृद्धि र विकास रोक्ने विचार अगाडि सारेका छन्। अर्का शास्त्रीय अर्थशास्त्री जे.एस. मिल्सले आफ्नो पुस्तक Principles of Political

Economy मा सार्वजनिक ऋण अर्थतन्त्रको लागि स्वस्थकर नहुने अवधारणा अगाडि सारेका छन्। उनका अनुसार सरकारले निजी क्षेत्रसँग स्रोतका लागि प्रतिस्पर्धा गर्दा व्याजदर बढ्ने बाहेक केही हुन नसक्ने जिकिर गरेका छन् । यसरी शास्त्रीय अर्थशास्त्रीहरूले सार्वजनिक ऋणको परिचालनबाट अर्थतन्त्रको उनन्नयन हुन नसक्ने तर्क अगाडि सार्दै सार्वजनिक ऋण अर्थतन्त्रको लागि हानिकारक हुने बताएका छन्।

सार्वजनिक ऋणसम्बन्धी शास्त्रीय अर्थशास्त्रीहरूको टिप्पणी गलत भएको भनी प्रखर आलोचना गर्ने अर्थशास्त्री जे.एम. किन्स हुन्। सन् १९३० को दशकको आर्थिक महामन्दीको समाधान खोज्ने क्रममा उनले प्रतिपादन गरेको The General Theory मा युद्ध वित्तका लागि सार्वजनिक ऋण सही भएको तर्क अगाडि सारेका छन्। किन्स तथा किन्सवादी आर्थिक दृष्टिकोणका पक्षधरहरू अल्भिन हान्सेन, ए.पि. लर्नर, रिचार्ड मसग्रेभ, पल स्यामुएल्सन, पल क्रुगमेन लगायतले सार्वजनिक ऋणले अर्थतन्त्रमा रहेको निष्क्रिय बचत परिचालन हुने र यसले समग्र माग बढाउन मद्दत गर्ने हुँदा सार्वजनिक ऋण नकारात्मक नहुने टिप्पणी गरेका छन्। किन्सियन सिद्धान्त (Keynesian Theory) ले सार्वजनिक ऋण र आर्थिक वृद्धिका बीचमा सकारात्मक सम्बन्ध रहने दाबी गर्दछ। सार्वजनिक ऋणले समग्र मागमा वृद्धि हुने हुँदा आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पर्छ भन्ने तर्क यो सिद्धान्तले अघि सार्दछ।

सन् १९७० को दशकको मुद्रास्फीति र सुस्त आर्थिक वृद्धि (Stagflation) पश्चपात किन्सको सार्वजनिक खर्च वृद्धिका लागि सार्वजनिक ऋण बढाउन सकिने अवधारणामाथि मिल्टन फ्रेडम्यानले आलोचनात्मक टिप्पणी गरी मुद्राको परिमाणात्मक सिद्धान्त (Quantitative Theory of Money) अगाडि सारे। उनले सरकारको असफलता बजारको असफलताभन्दा खराब हुने भन्दै सरकारले बजारमाथि नियन्त्रण कायम गर्नुहुन्न भन्ने अवधारणा ल्याए। मुद्रास्फीति वित्त नीतिको प्रभाव नभई मौद्रिक नीतिको प्रभाव हो भन्ने उनको निष्कर्ष थियो। अतः उनले खुला बजारको सिद्धान्त अगाडि सार्दै सार्वजनिक ऋण घटाउँदै जानुपर्ने तर्क गरेका छन्। नवशास्त्रीय सिद्धान्त (Neo-Classical Theory) ले सार्वजनिक ऋण र आर्थिक वृद्धिको बीचमा व्युत्क्रमानुपातिक सम्बन्ध (Inversely Proportional Relationship) रहने उल्लेख गरेको पाइन्छ भने नव-किन्सियन सिद्धान्त (Neo-Keynesian Theory) ले बढ्दो सार्वजनिक खर्च धान्न सार्वजनिक ऋण अत्यावश्यक रहेको उल्लेख गरेको देखिन्छ। ऋण अधिकता सिद्धान्त (Debt Overhang Theory) ले सार्वजनिक ऋण परिचालन जब एउटा महत्तम विन्दुमा पुग्दछ त्यो भन्दा अधिक ऋण परिचालनले आर्थिक विकास तथा स्थायित्वमा कमी ल्याउनुका साथै ऋणीको ऋण तिर्ने क्षमतामा पनि ह्रास ल्याउँछ भन्ने तर्क अघि सारेको पाइन्छ। अन्तःविकसित वृद्धि सिद्धान्त (Endogenous Growth Theory) अनुसार सार्वजनिक ऋणबाट पूर्वाधार निर्माण, मानव पुँजी र अनुसन्धान तथा विकासमा लगानी बढ्न गई उत्पादकत्व बढ्नुका साथै समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्दछ। बृहत् अर्थशास्त्रीय असन्तुलनको सिद्धान्त (Macroeconomic Imbalance Theory) अनुसार सार्वजनिक ऋणले मुद्रास्फीति बढाउने, निजी क्षेत्रको लगानी साँघुरिने, मुद्रा विनिमय दर र भुक्तानी सन्तुलनमा असर गर्ने तथा ऋणको पासोमा पर्न सक्ने अवस्था सिर्जना हुन गई कुनै न कुनै रूपमा समष्टिगत अर्थतन्त्रमा असन्तुलन सिर्जना गर्दछ। अन्तर-पुस्ता समता सिद्धान्त (Intergeneration Equity Theory) अनुसार ऋण परिचालन गर्दा अन्तर पुस्ताको आदर्श तहमा रहेर ऋण परिचालन गर्न सकिएन भने त्यसको नकारात्मक प्रभाव पर्दछ। यो सिद्धान्तले सार्वजनिक ऋण परिचालनबाट ऋण लिने पुस्ताको उपभोग्य क्षमतामा बृद्धि भई आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पार्ने देखिए तापनि ऋण भुक्तानी गर्नुपर्ने पुस्ताको लागि ऋणको नकारात्मक प्रभाव पर्न सक्छ भन्ने तर्क अघि सारेको छ।

यी सिद्धान्तले गरेका दावीहरूलाई प्रायोगिक परीक्षण (Empirical Test) को कसीमा राखेर हेर्दा अर्थतन्त्रपिच्छे फरकफरक नतिजा समेत देखा पर्ने गरेको पाइन्छ, तर पनि निष्कर्षमा के भन्न सकिन्छ भने दीर्घकालीन आर्थिक स्थायित्वमा असर पर्ने गरी कुनै पनि तहका सरकारले ऋण लिनु हुँदैन। निश्चित अवधिपछि सावाँ ब्याजसहित भुक्तानी दिनुपर्ने हुनाले बजेट घाटा पूर्ति गर्न ऋण लिनु भनेको भविष्यमा प्राप्त हुने राजस्वलाई वर्तमानमा खर्च गर्नु सरह हो। त्यसैले जुनसुकै तहका सरकारले लिएको ऋणको उपयोग भावी पुस्ताले उपयोग गर्न पाउनु पर्ने राजस्वको हिस्साको क्षतिपूर्ति हुने गरी थप प्रतिफल सिर्जना

गर्ने खालका क्रियाकलापहरू सञ्चालन गर्नका लागि हुनुपर्दछ।

## ङ. सार्वजनिक ऋणको प्रभाव र नीतिगत अन्तरसम्बन्ध

सार्वजनिक ऋणको हिस्सा निर्धारण गर्दा ऋण भारसँग जोडिन आउने विभिन्न लागत (ब्याज खर्च, सञ्चालन लागत आदि) र जोखिमहरू (ब्याजदर, विनिमयदर, मूल्य जस्ता बजारसँग सम्बन्धित जोखिमहरू, ऋण नवीकरण, तरलता, ऋण तिर्ने क्षमता, साख जोखिम (credit risk) जस्ता वित्तीय जोखिमहरू, सम्झौता र सञ्चालनसम्बन्धी जोखिमहरू) को अध्ययन तथा विश्लेषण हुनु उत्तिकै जरुरी हुन्छ। जोखिम बढ्दै जाँदा निजी क्षेत्रका लगानीकर्ताले सरकारलाई भरोसा गर्ने स्थिति पनि कमजोर हुँदै जाने हुँदा प्रदेश सरकार वा स्थानीय सरकारले लिने आन्तरिक ऋणको भार सँगसँगै साख सम्बन्धी जोखिम पनि बढ्छ। अझ प्राकृतिक प्रकोप वा विपद्को व्यवस्थापन गर्नुपर्ने अवस्थामा सूचना प्रणालीमा असर पर्न सक्ने र ऋण भुक्तानीका लागि स्रोत व्यवस्थापन गर्न थप कठिन हुने हुँदा अर्थतन्त्र वित्तीय भीर (fiscal cliff) तर्फ जाने सम्भावना रहन्छ।

अत्यधिक ऋणभारले आर्थिक वृद्धि र विकासमा नकारात्मक असर पार्दछ। ऋण भुक्तानी सेवाका लागि राजस्वको ठूलो हिस्सा छुट्याउनु पर्ने हुन्छ, जसले गर्दा सरकारले चाहेका नीतिहरू कार्यान्वयन गर्ने क्षमता कमजोर हुँदै जान्छ। त्यसैगरी केन्द्रीय बैंकबाट अत्यधिक ऋण लिने खालको उच्च स्फीतिकारी मौद्रिक नीतिले स्थिर ब्याजदरको दीर्घकालीन ऋणको लागत बढाउँछ भने मुद्रा सञ्चितिको अवस्थाले जोखिम प्रिमियम (risk premium) वा ऋण रकमको नवीकरणमा असर पार्दछ।

ऋण भुक्तानी गर्ने बेला भएपछि ऋण तिर्न नसक्ने र ऋण नवीकरण (rollover) पनि गर्न सकिएन भने लगानीकर्तामाझ र वित्त बजारमा पनि विश्वासको अवस्था धरमराउँदै जान्छ। पर्याप्त तरल सम्पत्तिको अभावमा बजार समेत फ्रिज हुने अवस्था सिर्जना हुन्छ। आन्तरिक ऋण लिँदा निजी क्षेत्रको ऋण महँगो नहोस् भन्नेतर्फ विचार पुऱ्याउनु पर्छ। निजी क्षेत्रको ऋण महङ्गिनु भनेको आयकरको आधार पनि साँघुरिनु हो। त्यसैले आन्तरिक ऋणले कर्पोरेट क्षेत्रको ऋण लिने प्रकृयालाई कत्तिको महङ्गो पारेको छ भन्ने कुराको तथ्याङ्कशास्त्रीय अध्ययन गरी ऋण संकुचनको असर यकिन गर्नु आवश्यक हुन्छ।

आन्तरिक ऋण लिंदा सरकारी खर्चको कार्यदक्षता बढाउन सकिने आधारहरू खोज्नु अत्यावश्यक हुन्छ। उत्पादनशील कार्यदक्षताको मूल्याङ्कनबाट सार्वजनिक क्षेत्रका उद्देश्यहरू उपयुक्त लागतमा हासिल गर्ने र विनियोजन कार्यदक्षताले कुनै कार्यक्रममा गरिएको अतिरिक्त खर्चको सीमान्त सामाजिक फाइदामा वृद्धि हुने कुराको परीक्षण गर्ने हुँदा यस्ता खाले मूल्याङ्कन सुनिश्चित गर्नु आवश्यक हुन्छ।

पछि फिर्ता दिने लिने शर्तमा आन्तरिक ऋण लिइने हुँदा भविष्यमा प्रतिफलसहित सो ऋणको भुक्तानी गर्नुपर्ने हुन्छ। ऋणको भुक्तानी गर्दा अतिरिक्त बोझ महसुस गर्नु नपर्ने गरी र भावी पुस्ताले समेत भुक्तानी गर्नुपर्दा पनि असहजता महसुस गर्न नपर्ने गरी आर्थिक विकासका लागि आवश्यक योजनाहरूको कार्यान्वयनमा सहयोग पुऱ्याउन आन्तरिक ऋणको परिचालन गर्नुपर्दछ। अनुत्पादक क्षेत्रमा आन्तरिक ऋणको परिचालन हुन नपाओस् भन्ने विषयमा त्यतिकै सजग हुनु पर्दछ।

सार्वजनिक ऋण व्यवस्थापन गर्दा वित्तीय क्षेत्रको विकास, वास्तविक अर्थतन्त्रमा पर्ने प्रभाव, वित्त नीति, मौद्रिक नीति र बाह्य क्षेत्रमा पर्ने प्रभावको अध्ययन गर्नु आवश्यक हुन्छ। सरकारी वण्ड जारी गर्दा संस्थागत क्षेत्रले थप उत्पादनशील क्षेत्रमा गर्नुपर्ने लगानीमा असर नपरोस् भन्ने कुरामा ध्यान दिनु आवश्यक हुन्छ भने सार्वजनिक ऋणले वास्तविक अर्थतन्त्रमा पार्ने प्रभावको पनि अध्ययन आवश्यक हुन्छ, किनभने वास्तविक क्षेत्रको प्रतिनिधित्व गर्ने व्यक्ति तथा संस्थाले तिर्ने ब्याज दर, उपलब्ध लगानी कोष र लगानीको सम्भाव्य प्रतिफल तथा जोखिम बहन गर्ने क्षमता बीचको अन्तरक्रियाले अर्थतन्त्रमा प्रभाव पारिरहेको हुन्छ। वित्तीय बजारमा वण्डको किसिम निर्धारण गर्नमा र वित्त बजारको विकासमा आन्तरिक ऋणले सकारात्मक प्रभाव पार्ने भएतापनि वित्तीय बजारको प्रशोचन क्षमतामा ध्यान दिनु उत्तिकै आवश्यक छ।

घाटा बजेट पूर्ति, पुँजी निर्माण, पूर्वाधार विकास र समग्र आर्थिक वृद्धिमा सार्वजनिक ऋणको परिचालन प्रमुख विकल्प भएता

पनि अधिक ऋणको परिचालन गर्नु जोखिमपूर्ण हुन्छ। देशको समष्टिगत आर्थिक स्थायित्वसँग सार्वजनिक ऋणको सोझो सम्बन्ध हुने हुँदा यसको समष्टिगत आर्थिक सूचकहरूसँगको सम्बन्धको मात्रा थाहा पाउनु अति आवश्यक हुन्छ। लागत लाभको विश्लेषण गरेर, उत्पादनमूलक क्षेत्रमा परिचालन गरी अन्तर-पुस्ता न्याय सुनिश्चित गर्दै पुँजी निर्माणलाई बढावा दिने र ऋणका नकारात्मक प्रभाव पर्नबाट जोगिने गरी ऋणको कुशलतापूर्वक व्यवस्थापन गर्नका लागि पर्याप्त प्रयोगसिद्ध अनुसन्धान (empirical study) हुनु आवश्यक देखिन्छ। पुँजी निर्माण र दीर्घकालीन लाभ दिने प्रकृतिका उत्पादनशील, रोजगारमूलक तथा आन्तरिक आय बढाउने क्षेत्रमा स्पष्ट प्राथमिकतासहित आन्तरिक ऋणको परिचालन गर्न आवश्यक पर्ने कानुनी, संरचनात्मक र प्रक्रियात्मक व्यवस्था नभई सरकारका विभिन्न तहमा प्रभावकारी ऋण व्यवस्थापन गर्न सकिँदैन।

## च. समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण

आन्तरिक ऋणको सीमा निर्धारण गर्ने क्रममा आयोगले यस सम्बन्धमा आवश्यक अध्ययन गरी संविधानको धारा २५१ को उपधारा (१) खण्ड (च) बमोजिम केही समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरेको छ। यस क्रममा ऋणको सैद्धान्तिक अवधारणा एवं नीतिगत व्यवस्थाको अध्ययन गर्नुका साथै नेपालमा हालसम्मको ऋण व्यवस्थापनको अवस्थालाई विश्लेषण गरिएको छ। समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण र आन्तरिक ऋणको सीमा सम्बन्धमा सरोकारवाला निकाय तथा विज्ञहरूसँग अन्तरक्रिया सम्पन्न गरी आन्तरिक ऋणको व्यवस्थापन, परिचालनको अवस्था र समष्टिगत आर्थिक सूचकहरूका सम्बन्धमा जानकारी लिने र सुधारका उपायहरूको खोजी गर्ने कार्य आयोगले गरेको छ।

सार्वजनिक ऋणको सीमा तय गर्दा विश्लेषण गर्न आवश्यक अन्तर्राष्ट्रिय रूपमा मान्य सूचकहरूमा आर्थिक वृद्धिदर, कुल राष्ट्रिय उत्पादन, कुल गार्हस्थ्य बचत तथा लगानी, रोजगारी, सरकारी राजस्व र खर्च, उपभोक्ता मूल्य सूचकाङ्क, मानव विकास सूचकाङ्क, भुक्तानी सन्तुलन, विप्रेषण आय आदि पर्दछन्। प्रस्तुत सिफारिस गर्ने क्रममा देहायका सूचकहरूको विश्लेषण गरिएको छः

**तालिका ३.६ - समष्टिगत आर्थिक सूचकहरूको विद्यमान अवस्था**

| सि. नं. | सूचकहरू | आर्थिक वर्ष २०७६/७७ | आर्थिक वर्ष २०७७/७८ | चालु आर्थिक वर्ष २०७८/७९ को प्रथम आठ महिनाको अवस्था (*वार्षिक अनुमानित बाहेकको) |
|---|---|---|---|---|
| १. | **वास्तविक क्षेत्र** | | | |
| | प्रचलित मूल्यको कुल ग्राहस्थ उत्पादन (उपभोक्ताको मूल्यमा) (रू. अर्ब) | ३,८८८.७० | ४,२७७.३० | ४८५१.६३* |
| | कुल ग्राहस्थ उत्पादन (वार्षिक वृद्धि प्रतिशत) | (२.३७) | ४.२५ | ५.८४* |
| | मुद्रास्फीति (वार्षिक वृद्धि प्रतिशत) | ६.१५ | ३.६० | ७.१४ |
| | प्रति व्यक्ति आय रू. | १,३४,५०१ | १,४६,५२१ | १,६४,५९८ |
| | कुल स्थिर पुँजी लगानी (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | २८.४३ | २७.२६ | २९.३७* |
| | कुल स्थिर पुँजीमा सरकारी लगानी (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | ७.६६ | ७.०१ | |
| | कुल स्थिर पुँजीमा निजी लगानी (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | २०.७७ | २०.२५ | |
| | कुल ग्राहस्थ बचत (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | ६.३५ | ६.६२ | ९.३* |
| | कुल राष्ट्रिय बचत (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | ३२.६१ | ३१.४० | ३१.९५* |

| सि. नं. | सूचकहरू | आर्थिक वर्ष २०७६/७७ | आर्थिक वर्ष २०७७/७८ | चालु आर्थिक वर्ष २०७८/७९ को प्रथम आठ महिनाको अवस्था (*वार्षिक अनुमानित बाहेकको) |
|---|---|---|---|---|
| २. | **सार्वजनिक वित्त** | | | |
| | कुल राजस्व रकम (रू. अर्ब) | ८४१.३१ | ९७६.३२ | ६८४.७# |
| | नेपाल सरकारको कुल खर्च रकम (रू. अर्ब) | १,०९१.३३ | १,१९६.६७ | ६७५.३# |
| | चालु खर्च (रू. अर्ब) | ७८४.२९ | ८४६.२१ | ५३८.४४# |
| | पुँजीगत खर्च (रू. अर्ब) | १८९.१४ | २२८.८३ | ७७.१५# |
| | वित्तीय व्यवस्था (रू. अर्ब) | ११७.९० | १२१.६२ | ५९.७१# |
| | कुल तिर्न बाँकी ऋण रकम (रू. अर्ब) | १,४२७.१९ | १,७२८.४४ | |
| | कुल तिर्न बाँकी आन्तरिक ऋण (रू. अर्ब) | ६१३.२१ | ८००.३२ | |
| | कुल तिर्न बाँकी बाह्य ऋण (रू. अर्ब) | ८१३.९७ | ९२८.१२ | |
| | तिर्न बाँकी प्रतिव्यक्ति ऋण रकम रू. | ४७,४९९ | ५८,९९० | |
| | कुल राजस्व रकम (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | २१.४९ | २२.८८ | |
| | नेपाल सरकारको कुल खर्च रकम (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | २७.८८ | २८.०५ | |
| | चालु खर्च (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | २०.०३ | १९.८३ | |
| | पुँजीगत खर्च (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | ४.८३ | ५.३६ | |
| | वित्तीय व्यवस्था (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | ३.०१ | २.८५ | |
| | कुल तिर्न बाँकी ऋण रकम (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | ३६.४६ | ४०.५१ | |
| | कुल तिर्न बाँकी आन्तरिक ऋण (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | १५.६६ | १८.७६ | |
| | कुल तिर्न बाँकी बाह्य ऋण (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | २०.७९ | २१.७५ | |
| ३. | **मौद्रिक क्षेत्र** | | | |
| | कुल आन्तरिक कर्जा (वार्षिक वृद्धि प्रतिशत) | १३.३६ | २६.८४ | १०.५# |
| | निजी क्षेत्रमाथिको दावी (वार्षिक वृद्धि प्रतिशत) | १२.६० | २६.३३ | १३.९# |
| | सरकारी क्षेत्रमाथिको खुद दावी (वार्षिक वृद्धि प्रतिशत) | ४२.४३ | ३६.५१ | (१२.६)# |
| | संकुचित मुद्रा प्रदाय (वार्षिक वृद्धि प्रतिशत) | १७.८० | २२.५६ | (१०.७)# |
| | विस्तृत मुद्रा प्रदाय (वार्षिक वृद्धि प्रतिशत) | १८.१० | २१.८४ | ३.१# |
| | कुल आन्तरिक कर्जा (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | ९६.८८ | ११२.७६ | |
| | निजी क्षेत्रमाथिको दावी (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | ८३.७१ | ९७.०३ | |
| | सरकारी क्षेत्रमाथिको खुद दावी (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | १३.६८ | १७.१३ | |
| | संकुचित मुद्रा प्रदाय (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | २१.८७ | २४.६० | |
| | विस्तृत मुद्रा प्रदाय (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | १०८.०८ | १२०.८३ | |
| ४. | **बाह्य क्षेत्र** | | | |
| | चालु खाता सन्तुलन | (३३.७६) | (३३३.६७) | (४६२.९३)# |
| | शोधानान्तर स्थिति | २८२.४१ | १.२३ | (२५८.६४)# |
| | विप्रेषण आय | ८७५.०३ | ९६१.०५ | ६३१.१९# |
| | निर्यात | ९७.७१ | १४१.१२ | १४७.७५# |
| | आयात | १,१९६.८० | १,५३९.८४ | १३०८.७३# |
| | व्यापार सन्तुलन | (१,०९९.०९) | (१,३९८.७२) | (११६०.९८)# |
| | विप्रेषण आय (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | २२.३५ | २२.५३ | १९.८* |
| | निर्यात (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | २.५० | ३.३१ | ६.६* |
| | आयात (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | ३०.५७ | ३६.०९ | ४१.५* |
| | व्यापार सन्तुलन (कुल ग्राहस्थ उत्पादनको प्रतिशतमा) | २८.०८ | ३२.७९ | ३४.९* |

नोटः
* चालु आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रारम्भिक अनुमानित विवरण।
# चालु आर्थिक वर्ष २०७८/७९ को प्रथम आठ महिनाको विवरण।

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, महालेखा नियन्त्रक कार्यालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालय*

आर्थिक वर्ष २०७७/७८ मा देशको समष्टिगत आर्थिक स्थिति देहाय अनुसार रहेको देखिन्छः-

- केन्द्रीय तथ्याङ्क विभागले तयार गरेको समष्टिगत आर्थिक सूचकहरूको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७७/७८ को कुल ग्राहस्थ उत्पादनको वार्षिक वृद्धिदर ४.२५ प्रतिशत रही प्रचलित मूल्यको कुल ग्राहस्थ उत्पादन रु.४२७७.३० अर्ब पुगेको देखिन्छ। सो आर्थिक वर्षमा निजी क्षेत्रको कुल स्थिर पुँजी लगानी कुल ग्राहस्थ उत्पादनको २०.२५ प्रतिशत र सरकारी क्षेत्रको कुल स्थिर पुँजी लगानी कुल ग्राहस्थ उत्पादनको ७.०१ प्रतिशत रही कुल स्थिर पुँजी लगानी कुल ग्राहस्थ उत्पादनको २७.२६ प्रतिशत पुगेको देखिन्छ। सोही आर्थिक वर्षमा कुल ग्राहस्थ बचत कुल ग्राहस्थ उत्पादनको ६.६२ प्रतिशत र कुल राष्ट्रिय बचत कुल ग्राहस्थ उत्पादनको ३१.४० प्रतिशत रहन गएको देखिन्छ।

- नेपाल राष्ट्र बैंकबाट प्रकाशित आर्थिक वर्ष २०७७/७८ को देशको आर्थिक तथा वित्तीय स्थिति विवरण बमोजिम सो आर्थिक वर्षको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.६० प्रतिशत रहेको देखिन्छ। त्यसैगरी चालु आर्थिक वर्ष २०७८/७९ को प्रथम आठ महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति विवरणबमोजिम वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.१४ प्रतिशत पुगेको देखिन्छ।

- महालेखा नियन्त्रक कार्यालयले तयार गरेको आर्थिक वर्ष २०७७/७८ को नेपाल सरकारको आय र व्ययको वार्षिक विवरण बमोजिम कुल सरकारी खर्च (वित्तीय व्यवस्था समेत) रु. ११९६ अर्ब ६७ करोड ५९ लाख रहेको देखिन्छ। वार्षिक बजेट रु. १४७४ अर्ब ६४ करोड ५४ लाखको तुलनामा खर्च ८१.१५ प्रतिशत रहेको देखिन्छ। वार्षिक बजेट र वार्षिक खर्चको स्थिति हेर्दा चालु खर्चतर्फ रु.९४७ अर्ब ६ करोड ८० लाख बजेट विनियोजन रहेकोमा खर्च रु.८४६ अर्ब २१ करोड ७३ लाख, पुँजीगत बजेटको विनियोजन रु.३५३ अर्ब ७४ करोड ७ लाख रहेकोमा खर्च रु.२२८ अर्ब ८३ करोड ६० लाख र वित्तीय व्यवस्थातर्फ रु.१७३ अर्ब ८३ करोड ६६ लाख विनियोजन रहेकोमा रु.१२१ अर्ब ६२ करोड २५ लाख खर्च भएको देखिन्छ। विनियोजनको तुलनामा चालु, पुँजीगत र वित्तीय व्यवस्थामा क्रमशः ८९.३५ प्रतिशत, ६४.६९ प्रतिशत र ६९.९६ प्रतिशत खर्च भएको देखिन्छ। कुल बजेट मध्ये चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थामा क्रमशः ६४.२२ प्रतिशत, २३.९९ प्रतिशत र ११.७९ प्रतिशत बजेट बिनियोजन भएकोमा कुल खर्चको तुलनामा चालु खर्च ७०.७१ प्रतिशत, पुँजीगत खर्च १९.१२ प्रतिशत र वित्तीय व्यवस्था तर्फको खर्च १०.१६ प्रतिशत रहेको देखिन्छ।

- स्रोत व्यवस्थापनतर्फ राजस्वको सुरु अनुमान रु.१०११ अर्ब ७५ करोड रहेकोमा यथार्थ रु.९७६ अर्ब ३२ करोड मात्र सङ्कलन हुन सकेको छ जुन सुरु अनुमानको तुलनामा ९६.५० प्रतिशत रहेको देखिन्छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ मा आन्तरिक ऋण परिचालन सुरु अनुमान रु.२२५ अर्ब रहेकोमा रु. २२४ अर्ब ९१ लाख ऋण लिइएको छ जुन सुरु अनुमानको तुलनामा ९९.६० प्रतिशत रहेको देखिन्छ।

- महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/७९ को प्रथम आठ महिनाको अवधिमा नेपाल सरकारको चालु खर्च रु. ५३८ अर्ब ४४ करोड, पुँजीगत खर्च रु. ७७ अर्ब १४ करोड र वित्तीय व्यवस्था अन्तर्गतको खर्च रु. ५९ अर्ब ७१ करोड गरी कुल रु. ६७५ अर्ब ३० करोड खर्च भएको देखिन्छ। राजस्व परिचालनमा कर राजस्व रु.६२७ अर्ब ९० करोड र गैर कर राजस्व रु. ५६ अर्ब ७९ करोड गरी कुल राजस्व रु.६८४ अर्ब ६९ करोड (प्रदेश तथा स्थानीय तहमा बाँडफाँट हुने रकम समेत) परिचालन भएको देखिन्छ। चालु आर्थिक वर्षमा न्यून पुँजीगत खर्चका कारण सार्वजनिक आयले यस अवधिमा सार्वजनिक खर्च धानेको जस्तो देखिए पनि पुँजीगत खर्च बढ्दै जाँदा र प्रदेश तथा स्थानीय तहमा हुने बाँडफाँटको रकम घटाउँदा चालू आर्थिक वर्षमा पनि सार्वजनिक आयले खर्च धान्न सक्ने अवस्था देखिँदैन।

- नेपाल राष्ट्र बैंकले तयार पारेको आर्थिक वर्ष २०७७/७८ को वार्षिक तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति विवरणअनुसार कुल आन्तरिक कर्जाको वृद्धिदर २६.८४ प्रतिशत रही कुल ग्राहस्थ उत्पादनमा सोको अनुपात ११२.७६ प्रतिशत पुगेको देखिन्छ। निजी क्षेत्रमाथिको दावीको वृद्धिदर २६.३३ प्रतिशत रहन पुगेको र कुल ग्राहस्थ उत्पादनमा यसको प्रतिशत ९७.०३ कायम भएको देखिन्छ। सरकारी क्षेत्रमाथिको खुद दावीको वृद्धिदर ३६.५१ प्रतिशत रहन गई कुल ग्राहस्थ उत्पादनमा यसको प्रतिशत १७.१३ कायम भएको देखिन्छ। त्यसै गरी संकुचित मुद्रा प्रदाय तथा विस्तृत मुद्रा प्रदायको वार्षिक वृद्धिदर क्रमशः २२.५६ र २१.८४ प्रतिशत रही कुल ग्राहस्थ उत्पादनमा ती दुईको अनुपात क्रमशः २४.६० र १२०.८३ प्रतिशत रहन गएको देखिन्छ।

- नेपाल राष्ट्र बैंकद्वारा प्रकाशित चालु आर्थिक वर्ष २०७८/७९ को प्रथम आठ महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति विवरणबमोजिम कुल आन्तरिक कर्जाको वृद्धिदर १०.५ प्रतिशत, निजी क्षेत्रमाथिको दावीको वृद्धिदर १३.९ प्रतिशत रहेको देखिन्छ भने सरकारी क्षेत्रमाथिको खुद दावी भने १२.६ प्रतिशतले खुम्चिन पुगेको देखिन्छ। त्यसै गरी यस अवधिमा संकुचित मुद्रा प्रदायको वृद्धिदर १०.७ प्रतिशतले ऋणात्मक रहेको छ भने विस्तृत मुद्रा प्रदाय ३.१ प्रतिशतले बढ्न पुगेको देखिन्छ।

- नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ मा कुल वस्तु निर्यात ४४.४ प्रतिशतले वृद्धि भई रु. १४१ अर्ब १२ करोड पुगेको देखिन्छ भने कुल वस्तु आयात २८.७ प्रतिशतले बढेर रु. १५३९ अर्ब ८४ करोड कायम भएको देखिन्छ। कुल वस्तु व्यापार घाटा २७.३ प्रतिशतले वृद्धि भई रु.१३९८ अर्ब ७१ करोड पुगेको देखिन्छ। उक्त आर्थिक वर्षमा शोधनान्तर स्थिति रु.१ अर्ब २३ करोडले बचतमा रहेको देखिन्छ भने चालु खाता रू.३३३ अर्ब ६७ करोडले घाटा रहेको देखिन्छ। सोही अवधिमा विप्रेषण आप्रवाहमा ९.५ प्रतिशतले वृद्धि भई रु.९६१ अर्ब ५ करोड कायम भएको देखिन्छ।

- नेपाल राष्ट्र बैंकद्वारा प्रकाशित चालु आर्थिक वर्ष २०७८/७९ को प्रथम आठ महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति विवरणबमोजिम कुल वस्तु निर्यात ८२.९ प्रतिशतले वृद्धि भई रु.१४७ अर्ब ७५ करोड पुगेको देखिन्छ भने आयात ३८.६ प्रतिशतले वृद्धि भई रु.१३०८ अर्ब ७३ करोड कायम भएको देखिन्छ। कुल वस्तु व्यापार घाटा ३४.५ प्रतिशतले वृद्धि भई रु.११६० अर्ब ९९ करोड पुगेको देखिन्छ। शोधनान्तर स्थिति रु.२५८ अर्ब ६८ करोडले घाटामा रहेको छ भने चालु खाताको घाटा रू.४६२ अर्ब ९३ करोड पुगेको देखिन्छ। विप्रेषण आप्रवाहमा १.७ प्रतिशतले कमी आई रु. ६३१ अर्ब १९ करोडमा सीमित हुन पुगेको देखिन्छ।

- माथिको तथ्याङ्कहरूको विश्लेषणबाट सेवा क्षेत्रको योगदान र ट्रान्स्फर आप्रवाहले समेत शोधनान्तर स्थिति धान्न सकेको देखिँदैन। अतः आयात निर्यातको समुचित व्यवस्थापन नगरिएमा भविष्यमा अर्थतन्त्रको बाह्य सन्तुलन कायम गर्न अझै कठिन हुने देखिन्छ।

- नेपाल राष्ट्र बैंकको तथ्याङ्कअनुसार केही सूचकहरूको आर्थिक वर्ष २०३९/४० देखिको प्रवृत्ति विश्लेषण गर्दा आर्थिक वर्ष २०४७/४८ मा खूद ऋणभार (total outstanding debt) कुल गार्हस्थ्य उत्पादनको ६६.८ प्रतिशतसम्म पुगेकोमा त्यस पछिका वर्षहरूमा क्रमशः घट्दै आएर आर्थिक वर्ष २०७१/७२ मा २२.३ प्रतिशत भई न्यूनतमस्तरमा ओर्लेको तर आर्थिक वर्ष २०७७/७८ मा आईपुग्दा बढेर ४०.५ प्रतिशत हुन पुगेको देखिन्छ। उच्च ऋण भार भएकै आर्थिक वर्षमा कुल राजस्वको तुलनामा खूद ऋणभार ७४९ प्रतिशतले बढी देखिन्छ। सो अनुपात आर्थिक वर्ष ०७३/७४ मा घटेर ११४.५ प्रतिशतमा आइपुगेको देखिन्छ भने आर्थिक वर्ष २०७७/७८ मा बढेर १७६.६० प्रतिशत पुगेको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ को कुल निर्यातको तुलनामा खूद ऋणभार ११२४ प्रतिशतले बढी र सो वर्षको विप्रेषणको १७९.८ प्रतिशत रहेको देखिन्छ। वास्तविक आन्तरिक ऋणतर्फ आर्थिक वर्ष २०३९/४० मा सर्वाधिक ( वास्तविक कुल गार्हस्थ्य उत्पादनको ६.१ प्रतिशत) रहेकोमा आर्थिक वर्ष २०६९/७० मा उक्त अनुपात घटेर सो आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको १ प्रतिशत हुँदै आर्थिक वर्ष २०७७/७८ मा आइपुग्दा पुनः बढ्दै गएर ५.३ प्रतिशत पुगेको देखिन्छ।
- विगत ४७ आर्थिक वर्षहरूको वास्तविक सार्वजनिक ऋण र पुँजीगत खर्चको अनुपात हेर्दा पुँजीगत खर्चको तुलनामा सार्वजनिक ऋणको हिस्सा करिब २० प्रतिशतबाट क्रमशः बढ्दै गएर १६४ प्रतिशत पुगेको देखिन्छ। सार्वजनिक ऋणले मावन विकास सूचकाङ्कमा पारेको प्रभावको प्रयोगसिद्ध अध्ययन (Empirical Study) नगरिएको भए तापनि विगत ३० वर्षमा नेपालको मानव विकास सूचकाङ्क ०.३८७ बाट उल्लेख्य रूपले सुधार हुँदै ०.६०२ मा पुगेको देखिन्छ।
- विगत ४७ आर्थिक वर्षहरूको राजस्व आम्दानी र चालु खर्च एवं वित्तीय व्यवस्था समेतको खर्च जोडी तुलना गर्दा आर्थिक वर्ष २०५७/५८ सम्म राजस्व आयले चालु खर्च तथा वित्तीय व्यवस्थाको खर्च धानेको देखिन्छ भने तत् पश्चातका २१ आर्थिक वर्षहरूमा (अपवाद आर्थिक वर्ष २०७२/७३ र आर्थिक वर्ष २०७७/७८ बाहेक) राजस्व आयले चालु खर्च र वित्तीय व्यsवस्थाको खर्च धान्न सकेको देखिँदैन। यसरी हेर्दा ऋण तिर्नकै लागि समेत ऋण लिनुपरेको अवस्था देखिन्छ।
- केन्द्रीय तथ्याङ्क विभागले तयार गरेको आर्थिक वर्ष २०७८/७९ को राष्ट्रिय लेखा तथ्याङ्क बमोजिम चालू मूल्य अनुसार कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.४८५१ अर्ब ६३ करोड पुग्ने प्रारम्भिक अनुमान रहेको देखिन्छ जस अनुसार आर्थिक वर्ष २०७७/७८ को कुल गार्हस्थ्य उत्पादनको संशोधित अनुमानमा वार्षिक वृद्धिदर ५.८४ प्रतिशत रहने अनुमान रहेको छ।

नेपाल सरकारले विगत ५ वर्षको अवधिमा गरेको आन्तरिक ऋणको परिचालनको अवस्थालाई तालिका नं. ३.७ मा उल्लेख गरिएको छः

## तालिका ३.७ - अनुमानित बजेटमा ऋणको अंश र खर्चको तुलनामा ऋण परिचालनको अवस्था

*रकम रु. अर्बमा*

| आर्थिक वर्ष | बजेट विनियोजन रकम | | | | वास्तविक खर्च रकम | | | | अनुमानको तुलनामा खर्च प्रतिशत | बजेटमा प्रस्तावित ऋण रकम | | | परिचालन गरिएको ऋण रकम | | | अनुमानको तुलनामा आन्तरिक ऋण परिचालन प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल बजेट | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | | आन्तरिक ऋण | वैदेशिक ऋण | जम्मा | आन्तरिक ऋण | वैदेशिक ऋण | जम्मा | |
| २०७३.७४ | **१०४८.९२** | ६१७.१६ | ३११.९५ | ११९.८१ | **८३१.१५** | ५१८.६१ | २०८.७५ | १०३.७९ | **७९.२४** | १११.०० | १९५.७१ | **३०६.७१** | ८८.३४ | ५८.०१ | **१४६.३५** | **७९.५९** |
| २०७४.७५ | **१,२७८.९८** | ८०३.५३ | ३३५.१७ | १४०.२८ | **१०८७.२७** | ६९६.९२ | २७०.७१ | ११९.६४ | **८५.०१** | १४५.०० | २४७.७३ | **३९२.७३** | १४४.७५ | ९३.४५ | **२३८.२०** | **९९.८३** |
| २०७५.७६ | **१,३१५.१४** | ८४५.४४ | ३१३.९९ | १५५.७१ | **१११०.४५** | ७१६.४२ | २४१.५६ | १५२.४७ | **८४.४४** | १७२.०० | २५३.०२ | **४२५.०२** | ९६.३८ | ९४.४० | **१९०.७८** | **५६.०३** |
| २०७६.७७ | **१,५३२.९६** | ९५७.१० | ४०८.०० | १६७.८६ | **१०९१.१०** | ७८४.१२ | १८९.०८ | ११७.९० | **७१.१८** | १९५.०० | २९८.८३ | **४९३.८३** | १९४.९० | १६२.६१ | **३५७.५१** | **९९.९५** |
| २०७७.७८ | **१,४७४.६४** | ९४७.०६ | ३५३.७४ | १७३.८४ | **११९६.६७** | ८४६.२२ | २२८.८३ | १२१.६२ | **८१.१५** | २२५.०० | ३०९.२९ | **५३४.२९** | २२४.०० | १२७.१८ | **३५१.१८** | **९९.५६** |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालय*

- पछिल्लो पाँच वर्षको तथ्याङ्क विश्लेषण गर्दा बजेट अनुमानको तुलनामा खर्चको प्रतिशत आर्थिक वर्ष २०७४/७५, २०७६/७७ र २०७७/७८ मा क्रमशः ८५.०१ प्रतिशत, ७१.१८ प्रतिशत र ८१.१५ प्रतिशत भए पनि तत् तत् आर्थिक वर्षमा आन्तरिक ऋण परिचालन सुरु लक्ष्यको तुलनामा करिब शत प्रतिशत भएको देखिन्छ। यसले आन्तरिक ऋणको परिचालन उत्पादनमूलक परियोजनामा मात्र सीमित छैन कि भन्ने आशंकामा बल पुऱ्याएको छ। एकातिर अनुमानित बजेट पूर्ण रुपमा परिचालन हुन नसक्ने तर अर्कोतर्फ सार्वजनिक आयका अन्य औजारमा यथोचित प्रयास नगरी सहज रुपमा ऋणमा मात्र केन्द्रित हुँदै जाँदा ऋणको परिचालन ऋणको सैद्धान्तिक धारभन्दा बाहिर जान सक्ने हुँदा यसतर्फ चनाखो बन्नुपर्ने देखिन्छ। उल्लिखित तथ्याङ्कको विश्लेषण गर्दा कमजोर पुँजीगत खर्च र लक्ष्यको आधा भन्दा पनि कम बाह्य स्रोत परिचालनले आन्तरिक ऋणको प्रवाह चालू प्रकृतिका खर्चमा केन्द्रित हुने, समग्र खर्च घट्दा पनि आन्तरिक ऋण नघट्ने र वैदेशिक सहायता परिचालनको प्रभावकारिता तथा अनुमानयोग्यता समेत कमजोर हुँदै जाने देखिन्छ। यसले वैदेशिक सहायता अन्तर्गतका परियोजनाको तयारी र कार्यान्वयन क्षमतामा थप सुधारको आवश्यकता प्रष्ट्याउँछ।
- अर्थ मन्त्रालयको स्रोत अनुसार आर्थिक वर्ष २०७६/७७ मा वैदेशिक अनुदानतर्फ रु. ४ अर्ब र ऋणतर्फ रु. २८ अर्ब १२ करोड गरी कुल रु. ३२ अर्ब १२ करोड वैदेशिक सहायतातर्फ कायम गरिएको स्रोतलाई स्रोतान्तर गरी नेपाल सरकारतर्फ सारिएको छ तर त्यो रकम राजस्व वा ऋण के बाट ब्यहोरिएको हो खुलाएको पाइँदैन।

### तालिका ३.८ - विगत १० आर्थिक वर्षको नेपाल सरकारको सार्वजनिक ऋण प्राप्ति र भुक्तानीको विवरण

(रकम रु. करोडमा)

| विवरण | आर्थिक वर्ष | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| कुल गार्हस्थ्य उत्पादन | **१७५,८३८** | **१९४,९२९** | **२२३,२५३** | **२४२,३६४** | **२६०,८१८** | **३०७,७१४** | **३४५,५९५** | **३८५,८९३** | **३९१,४७१** | **४२६,६३२** |
| आन्तरिक ऋण प्राप्ति | ३,६४२ | १,९०४ | १,९९८ | ४,२४२ | ८,७७७ | ८,८३४ | १४,४७५ | ९,६३८ | १९,४९० | २२,४०० |
| कुल गार्हस्थ्य उत्पादनसँग आन्तरिक ऋणको अनुपात | २.०७ | ०.९८ | ०.८९ | १.७५ | ३.३७ | २.८७ | ४.१९ | २.५० | ४.९८ | ५.२५ |
| वैदेशिक ऋण प्राप्ति | १,५७० | १,६५८ | २,११३ | २,९२६ | ४,३७७ | ५,८०१ | ९,३४५ | ९,४४० | १६,२६१ | १२,७१८ |
| कुल गार्हस्थ्य उत्पादनसँग वैदेशिक ऋणको अनुपात | ०.८९ | ०.८५ | ०.९५ | १.२१ | १.६८ | १.८९ | २.७० | २.४५ | ४.१५ | २.९८ |
| कुल सार्वजनिक ऋण प्राप्ति | ५,२१२ | ३,५६२ | ४,१११ | ७,१६८ | १३,१५४ | १४,६३५ | २३,८२० | १९,०७८ | ३५,७५१ | ३५,११८ |
| कुल गार्हस्थ्य उत्पादनसँग कुल ऋणको अनुपात | २.९६ | १.८३ | १.८४ | २.९६ | ५.०४ | ४.७६ | ६.८९ | ४.९४ | ९.१३ | ८.२३ |
| साँवा फिर्ता खर्च | २,०१६ | ३,५१३ | ४,१८८ | ६,४४७ | ६,८१३ | ६,१२७ | ५,५६७ | ५,४३५ | ५,७५४ | ६,०१७ |
| व्याज खर्च (प्रतिवद्धता शुल्क र कमिशन समेत) | १,५१६ | १,३७४ | १,२०४ | ९२७ | ८६७ | १,००२ | १,६२५ | २,०७२ | २,६०६ | ३,४८४ |
| कुल ऋण भुक्तानी (ऋण सेवा खर्च ) | ३,५३२ | ४,८८७ | ५,३९२ | ७,३७४ | ७,६८० | ७,१२९ | ७,१९२ | ७,५०७ | ८,३६० | ९,५०१ |
| कुल गार्हस्थ्य उत्पादनसँग ऋण सेवा भुक्तानी अनुपात | २.०१ | २.५१ | २.४२ | ३.०४ | २.९४ | २.३२ | २.०८ | १.९५ | २.१४ | २.२३ |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, महालेखा नियन्त्रक कार्यालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालय*

- वि. सं. २०७२ को महाभूकम्प अघिका ४ वर्षको सामान्य अवस्था र त्यसपछिका ६ आर्थिक वर्षहरूको सार्वजनिक ऋणको तथ्याङ्कको विश्लेषण गर्दा महाभूकम्प पश्चातको पुनर्निर्माणका लागि आवश्यक स्रोत व्यवस्थापन गर्न तथा विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीका कारण आन्तरिक राजस्वमा लक्ष्य अनुरूप प्राप्ति हुन नसक्दा सो को भार सार्वजनिक ऋणमा परेको स्पष्ट देखिन्छ। महाभूकम्पभन्दा अघिका ४ आर्थिक वर्षहरूमा कुल गार्हस्थ्य उत्पादन र आन्तरिक ऋणको अनुपात न्यूनतम ०.८९ प्रतिशत देखि उच्चतम २.७२ प्रतिशत रहेकोमा महाभूकम्प पश्चातको पुनर्निर्माण र कोभिड-१९ को विश्वव्यापी महामारीको अवधिमा न्यूनतम २.५ प्रतिशत देखि उच्चतम ५.३ प्रतिशतसम्म पुगेको देखिन्छ। वैदेशिक ऋणतर्फ सो अनुपात भूकम्प अघिका ५ वर्षमा उच्चतम १.२१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७६/७७ मा त्यो अनुपात ४.१५ प्रतिशत पुगेको र आर्थिक वर्ष २०७७/७८ मा २.९८ प्रतिशत कायम भएको छ। यसरी प्राकृतिक प्रकोप तथा महामारीको सामना गर्नका लागि ऋणभार थपिँदै गएको अवस्था देखिन्छ।
- माथिको तालिकाबाट स्पष्ट हुन्छ कि आर्थिक वर्ष २०७२/७३ मा कुल गार्हस्थ्य उत्पादनको ५.०४ प्रतिशत सार्वजनिक ऋण प्राप्ति भएकोमा आर्थिक वर्ष २०७६/७७ मा सो अनुपात बढेर ९.१३ प्रतिशत पुगेको र आर्थिक वर्ष २०७७/७८ मा सो अनुपात ८.२३ प्रतिशत कायम भएको देखिन्छ। वि. सं. २०७२ को महाभूकम्प र विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारी र सोका लहरहरूले पनि सार्वजनिक ऋणमा बढोत्तरी भएको अवस्था छ। ऋण भुक्तानी (ऋण सेवा खर्च) तर्फ साँवा भुक्तानीको प्रवृत्ति लगातार चार वर्ष घट्दो क्रममा रहेर पाँचौं वर्षदेखि बढेको छ भने व्याज भुक्तानीको प्रवृत्ति प्रत्येक वर्ष बढ्दो क्रममा रहेको देखिन्छ।

**तालिका ३.९ - विगत ५ आर्थिक वर्षको नेपाल सरकारको कुल ऋण दायित्वको विवरण**

*(रु. करोडमा)*

| ऋण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| आन्तरिक ऋण | २,८३,७१ | ३,९१,१६ | ४,५३,२३ | ६,१३,७४ | ८०,०३२.०१ |
| वैदेशिक ऋण | ४,१३,९८ | ५,२६,१५ | ५,९४,९३ | ८,०६,१४ | ९२,८११.७७ |
| कुल ऋण | ६,९७,६९ | ९,१५,३१ | १०,४८,१६ | १४,१९,८८ | १७२,८४३.७८ |
| कुल गार्हस्थ उत्पादन# | ३०,७७,१५ | ३४,५५,९५ | ३८,५८,९३ | ३९,१४,७१ | ४२६,६३२.०० |
| तिर्न बाँकी कुल ऋणको कुल गार्हस्थ उत्पादनसँगको अनुपात | २२.६७ | २६.४९ | २७.१६ | ३६.२७ | ४०.५१ |

*स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय (आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन)*

माथिको तालिकाबाट स्पष्ट देखिन्छ कि आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनको २२.६७ प्रतिशत रहेको सार्वजनिक ऋण बाँकी आर्थिक वर्षहरूमा कुल गार्हस्थ्य उत्पादनसँग ऋणको अनुपात बढ्दै गएर आर्थिक वर्ष २०७७/७८ मा ४०.५१ प्रतिशत पुगेको देखिन्छ।

### छ. आन्तरिक ऋणका उपकरणहरूको प्रयोग

विकासका लागि पुँजीगत लगानीको आवश्यकतालाई पूर्ति गर्न लिएको ऋणले प्रतिफल र उपलब्धी सुनिश्चित गर्नु पर्दछ। आन्तरिक ऋणको दिगो व्यवस्थापनका लागि नयाँ ऋण लिएर पुरानो ऋण तिर्ने अवस्था सिर्जना हुन नदिई आन्तरिक राजस्वबाटै तिर्न सक्ने अवस्था हुनुपर्छ। प्रदेश र स्थानीय तहले ऋण प्राप्त गर्न सक्ने क्षमता वृद्धि गर्न नीतिगत र कानूनी औजारहरू समेत निर्माण हुनु पर्दछ। उपकरणहरूको छनौट गर्दा वैकल्पिक रणनीतिहरूको समेत विश्लेषण गर्नु आवश्यक हुन्छ। नेपाल सरकारले ट्रेजरी बिल, विकास ऋणपत्र, राष्ट्रिय बचतपत्र, नागरिक बचतपत्र र वैदेशिक रोजगार

बचतपत्रजस्ता आन्तरिक ऋणका उपकरणहरूको प्रयोग गरी ऋण उठाउने गरेको छ।

**तालिका ३.१० - विगत ५ आर्थिक वर्षको नेपाल सरकारको आन्तरिक ऋण निष्काशनको विवरण**

*(रु. करोडमा)*

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| **कुल निष्काशन** | **८८,३३.७८** | **१,४४,७५.०९** | **९६,३८.२०** | **१,९४,६४.२३** | **२२,४००.९२** |
| ट्रेजरी बिल | ३३,००.०० | ७१,९५.८७ | २६,४३.५० | ९३,००.०० | ९,०००.०० |
| विकास ऋणपत्र | ५५,००.०० | ७२,००.०० | ६९,९४.७० | १,००,००.०० | १३,०००.०० |
| राष्ट्रिय बचतपत्र | ० | ० | ० | ० | ० |
| नागरिक बचतपत्र | २८.५७ | ७५.११ | ० | १,६०.५२ | ३९५.३९ |
| बैदेशिक रोजगार बचतपत्र | ५.२१ | ४.१२ | ० | ३.७१ | ५.५२ |
| कुल गार्हस्थ्य उत्पादन | ३०,७७,१५.०० | ३४,५५,९५.०० | ३८,५८,९३.०० | ३९,१४,७१.०० | ४२६,६३२.०० |
| कुल निष्काशनको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात | २.८७ | ४.१९ | २.५ | ४.९७ | ५.२५ |
| **कुल भुक्तानी** | **३८,७८.५१** | **३७,५६.२९** | **३४,३१.३१** | **३४,३९.७९** | **३,६९०.११** |
| ट्रेजरी बिल | ३८,६४.९९ | ३७,५२.०० | २४,४९.०० | २४,५७.४८ | २,५६२.६६ |
| विकास ऋणपत्र | ० | ० | ८,५०.०० | ७,४०.०० | ६००.०० |
| राष्ट्रिय बचतपत्र | ० | ० | ९०.६५ | ० | ० |
| नागरिक बचतपत्र | १२.६६ | ० | ३४.०२ | २३३.९४ | ५००.०० |
| बैदेशिक रोजगार बचतपत्र | ०.८७ | ४.२९ | ७.६४ | ८.३७ | २७.४५ |
| **खुद निष्कासन** | **४९,५५.२७** | **१,०७,१८.८१** | **६२,०६.८९** | **१,६०,२४.४४** | **१८,७१०.८०** |
| ट्रेजरी बिल | -५,६४.९९ | ३४,४३.८७ | १,९४.५० | ६८,४२.५२ | ६,४३७.३४ |
| विकास ऋणपत्र | ५५,००.०० | ७२,००.०० | ६१,४४.७० | ९२,६०.०० | १२,४००.०० |
| राष्ट्रिय बचतपत्र | ० | ० | -९०.६५ | ० | ० |
| नागरिक बचतपत्र | १५.९१ | ७५.११ | -३४.०२ | -७३.४२ | -१०४.६१ |
| बैदेशिक रोजगार बचतपत्र | ४.३४ | -०.१७ | -७.६४ | -४.६६ | -२१.९३ |

*स्रोतः नेपाल राष्ट्र बैंक*

आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनसँगको अनुपातमा २.८७ प्रतिशत आन्तरिक ऋण निष्कासन भएकोमा आर्थिक वर्ष २०७७/७८ मा सो अनुपात बढेर ५.३ प्रतिशत निष्कासन भएको देखिन्छ। आन्तरिक ऋण निष्कासनको रकम आर्थिक वर्ष २०७५/७६ बाहेकका अन्य आर्थिक वर्षहरुमा बढ्दै गएको देखिन्छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार गरेको आर्थिक वर्ष २०७७/७८ को नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन बमोजिम आन्तरिक ऋणतर्फ रु.२२४ अर्ब ९१ लाख र वैदेशिक ऋणतर्फ रु.१२७ अर्ब १८ करोड गरी कुल रु.३५१ अर्ब १८ करोड बराबरको सार्वजनिक ऋण प्राप्ति गरेको देखिन्छ, जुन सोही आर्थिक वर्षको संशोधित कुल गार्हस्थ्य उत्पादनको ८.२३ प्रतिशत हुन आउँछ। उक्त सार्वजनिक ऋण मध्ये आन्तरिक ऋण कुल गार्हस्थ्य उत्पादनको ५.२५ प्रतिशत र वैदेशिक ऋण कुल गार्हस्थ्य उत्पादनको २.९८ प्रतिशत रहेको देखिन्छ। आर्थिक बर्ष २०७७/७८ को अन्त्य सम्ममा नेपाल सरकारको कुल ऋण दायित्व रु.१७२८ अर्ब ४३ करोड पुगेको छ, जुन सो आर्थिक वर्षको संशोधित कुल गार्हस्थ्य उत्पादनको ४०.५१ प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०७३/७४ सम्मको भुक्तानी गर्न बाँकी आन्तरिक ऋणको रकम रु. २८३ अर्ब ७१ करोड एवं कुल गार्हस्थ्य उत्पादनसँगको अनुपातमा ९.२२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ सम्म आईपुग्दा तिर्न बाँकी कुल सार्वजनिक ऋण मध्ये आन्तरिक ऋण रु. ८०० अर्ब ३२ करोड र वैदेशिक

ऋण रु.९२८ अर्ब ११ करोड पुगेको छ, जुन सोही आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको आन्तरिक ऋण १८.७६ प्रतिशत र वैदेशिक ऋण २१.७५ प्रतिशत हुन आउँछ। भुक्तानी गर्न बाँकी कुल आन्तरिक ऋण रकमको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात हरेक आर्थिक वर्षमा बढ्दै गएको तथ्य देहायको तालिकाले प्रष्ट पार्दछः-

**तालिका ३.११ - विगत ५ आर्थिक वर्षको नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्वको विवरण**

*(रु. करोडमा)*

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| ट्रेजरी बिल | १,१०,४१ | १,४४,८५ | १,४६,७९ | २,१५,२२ | २,७९,५९ |
| विकास ऋणपत्र | १,६३,९० | २,३५,९० | २,९७,३५ | ३,८९,९५ | ५,१३,९५ |
| राष्ट्रिय बचतपत्र | ९०.६५ | ९०.६५ | ० | ० | ० |
| नागरिक बचतपत्र | ७,९७ | ८,७१ | ८,३८ | ७,६४ | ६,६० |
| वैदेशिक रोजगार बचतपत्र | ५३ | ५३ | ४५ | ४१ | १८ |
| **कुल आन्तरिक ऋण दायित्व** | **२,८३,७१** | **३,९०,९०** | **४,५२,९७** | **६,१३,२१** | **८,००,३२** |
| कुल गार्हस्थ्य उत्पादन # | ३०,७७,१५ | ३४,५५,९५ | ३८,५८,९३ | ३९,१४,७१ | ४२,६६,३२ |
| कुल आन्तरिक ऋणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात | ९.२२ | ११.३१ | ११.७४ | १५.६६ | १८.७६ |

*स्रोतः नेपाल राष्ट्र बैंक*

नेपाल राष्ट्र बैंकबाट प्रकाशित आर्थिक वर्ष २०७८/७९ को प्रथम आठ महिनाको तथ्याङ्क अनुसार यो अवधिमा नेपाल सरकारले रु. ३५ अर्बको ट्रेजरी बिल, रु. ५४ अर्ब ५० करोडको विकास ऋणपत्र गरी कुल रु. ८९ अर्ब ५० करोड आन्तरिक ऋण परिचालन गरेको छ।

सार्वजनिक ऋण परिचालन गरेका अन्य विकासशील मुलुकहरूको तुलनामा नेपालको कुल गार्हस्थ्य उत्पादनसँग तिर्न बाँकी सार्वजनिक ऋणको अनुपात सन्तोषजनक रहेको सन्दर्भमा नेपाल सरकारसँग थप ऋण परिचालनका लागि वित्तीय आधार (fiscal space) रहेको छ। नेपालको संविधान तथा प्रचलित कानूनले तीनै तहका सरकारले आन्तरिक ऋण लिन सक्ने व्यवस्था गरेकाले देशभित्र उपलब्ध वित्तीय स्रोतको अवस्था अनुसार ऋण परिचालन गर्न सकिन्छ। तर तीनै तहले परिचालन गर्ने ऋणका लागि उपलब्ध बजार भने एउटै रहेको र सोही बजारबाट निजी क्षेत्रले समेत ऋण लिने भएकाले सरकारले मात्र ठूलो ऋण उठाउन उपयुक्त हुँदैन। देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी पुँजी निर्माण र दीर्घकालीन लाभ दिने प्रकृतिका उत्पादनशील कार्यका लागि आन्तरिक ऋणको परिचालन गर्ने तथा अनुत्पादक क्षेत्रमा आन्तरिक ऋणको परिचालन हुन नपाओस् भन्ने विषयमा त्यतिकै सजग हुनु पर्ने हुन्छ। सामान्यतया समग्र वित्तीय अवस्था खल्बलिन नदिनका लागि देहायका कारणले सरकारले ठूलो मात्रामा आन्तरिक ऋण परिचालन गर्न कठिन हुन्छः

- आन्तरिक मुद्रा बजारमा उतार चढाव रहने र समय समयमा बैंक तथा वित्तीय संस्थाहरूसँग तरलताको समस्या रहने,
- सरकारले बढी ऋण लिंदा सोको प्रभाव बैंक तथा वित्तीय संस्थाको ब्याजदरमा पर्न गई समग्र वित्तीय प्रणालीमा समस्या देखिन सक्ने,
- देशमा हुने लगानीको अधिकतम हिस्सा निजी क्षेत्रको हुने भएकाले सरकारले मात्र बढी ऋण उठाउँदा निजी क्षेत्रको लगानी संकुचनको सम्भावना रहने,
- वित्तीय आधार (Fiscal Space) लाई मात्र दृष्टिगत गरी ऋण लिँदा ऋणको अनुत्पादक उपयोगको डर रहने।

प्रदेश तथा स्थानीय सरकारको खर्च आवश्यकता पूरा गर्न प्रदेशको हकमा सङ्घीय सञ्चित कोषबाट उपलब्ध हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँट एवं आफ्नो आन्तरिक आय तथा स्थानीय तहको हकमा सङ्घीय सञ्चित कोष र प्रदेश सञ्चित कोषबाट उपलब्ध हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँट एवं आफ्नो आन्तरिक आयका अतिरिक्त ती सङ्घीय इकाईहरूले संविधान तथा प्रचलित कानून बमोजिम आन्तरिक ऋण परिचालन गर्न सक्दछन्।

**तालिका ३.१२ - प्रदेश सरकारले बजेट तर्जुमा गर्दा प्रस्ताव गरेको आन्तरिक ऋण रकम**

*(रकम रु.लाखमा)*

| प्रदेश ऋण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|
| प्रदेश १ | - | - | ५०००० | - |
| मधेश प्रदेश | १०००० | १३००० | १०००० | १०००० |
| बागमती प्रदेश | - | - | - | - |
| गण्डकी प्रदेश | ८००० | ९८८३ | २०००० | २०००० |
| लुम्बिनी प्रदेश | - | - | - | २०७०० |
| कर्णाली प्रदेश | १०००० | ७५०० | - | - |
| सुदुर-पश्चिम प्रदेश | - | - | - | - |

*स्रोतः सम्बन्धित प्रदेश सरकारका बजेट वक्तव्यहरू*

प्रदेशगत रूपमा हेर्दा आर्थिक वर्ष २०७५/७६ का लागि मधेश प्रदेशले रु. १ अर्ब, गण्डकी प्रदेशले रू. ८० करोड र कर्णाली प्रदेशले रु. १ अर्ब आन्तरिक ऋणबाट खर्च व्यहोर्ने गरी  बजेटमा अनुमान गरेको देखिन्छ। त्यसैगरी आर्थिक वर्ष २०७६/७७ मा मधेश प्रदेशले रू.१ अर्ब ३० करोड, गण्डकी प्रदेशले रू. ९८ करोड ८३ लाख ९२ हजार र कर्णाली प्रदेशले रू.७५ करोड, आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं. १ ले रू. ५ अर्ब, मधेश प्रदेशले रू.१ अर्ब, गण्डकी प्रदेशले रू.२ अर्ब एवं आर्थिक वर्ष २०७८/७९ मा मधेश प्रदेशले रू.१ अर्ब, लुम्बिनी प्रदेशले रू.२ अर्ब ७ करोड तथा गण्डकी प्रदेशले रू.२ अर्ब आन्तरिक ऋणबाट खर्च व्यहोर्ने गरी बजेटमा अनुमान गरेको देखिन्छ। यसरी प्रदेश सरकारले आन्तरिक ऋण परिचालनको लक्ष्यसहित आय-व्यय विवरण पेश गरे पनि हालसम्म आन्तरिक ऋण उठाएको भने देखिँदैन।

केही स्थानीय तहहरूको वार्षिक बजेट तर्जुमा गर्दा खर्च व्यहोर्ने स्रोत शीर्षकमा आन्तरिक ऋण उल्लेख गरे तापनि आन्तरिक ऋण परिचालन गर्न कानून बमोजिम नेपाल सरकारको सहमति लिनुपर्ने र हालसम्म नेपाल सरकारले आन्तरिक ऋण परिचालन गर्ने गरी कुनै पनि स्थानीय तहलाई सहमति नदिएको हुँदा यस अवधिमा कुनै पनि स्थानीय सरकारले खुला बजारबाट आन्तरिक ऋण परिचालन गरेको देखिँदैन। तथापि स्वायत्त वित्तीय मध्यस्थकर्ता संस्थाको रूपमा रहेको नगर विकास कोषबाट विभिन्न ४४ स्थानीय तहहरूले वि. सं. २०५९ देखि नै शहरी पूर्वाधार सम्बन्धी विभिन्न परियोजनाहरू कार्यान्वयन गर्न ऋण लिएको देखिन्छ। त्यस्तो ऋणको परिमाण उक्त कोषबाट प्राप्त २०७८ चैत्र मसान्त सम्मको तथ्याङ्क अनुसार रु. ३ अर्ब ५३ करोड ५ लाख रहेको छ। सो कोषबाट विभिन्न स्थानीय तहले न्यूनतम रु. ३ लाख ४१ हजार देखि अधिकतम रु. ५५ करोड ९९ लाख सम्म ऋण लिएको देखिन्छ। त्यस्तो ऋणको अवधि न्यूनतम ५ वर्षदेखि अधिकतम २० वर्षसम्म कायम भएको पाइन्छ। त्यसै गरी कोषले पालिकाहरूको जमानीमा खानेपानी सम्बन्धी परियोजनाहरूमा ८४ वटा पालिकामा रु.५ अर्ब ५८ करोड ३५ लाख लगानी गरेको छ। अन्य निकायबाट त्यस्तो खालको ऋण लिएको तथ्याङ्क आयोगमा प्राप्त भएको छैन।

एकातिर प्रदेश तथा स्थानीय सरकारसँग विश्लेषणका लागि पर्याप्त आर्थिक सूचकहरूको कमी रहेको छ भने अर्कोतर्फ आन्तरिक ऋण लिन आवश्यक पर्ने थप कानूनी, संरचनात्मक र प्रक्रियागत व्यवस्था भइसकेको अवस्था छैन। समग्र अर्थतन्त्रलाई प्रतिनिधित्व गर्ने आर्थिक सूचकहरूमा प्रदेश तथा स्थानीय तहको हिस्सा रहेको भए तापनि त्यो हिस्सालाई तत्काल विश्लेषण गर्न आवश्यक पर्ने प्रदेश तथा स्थानीय तह स्तरीय खण्डीकृत आर्थिक सूचकहरू व्यवस्थित भइनसकेको

अवस्थामा त्यसको विश्लेषण गरेर प्रदेश तथा स्थानीय सरकारहरूको ऋण उठाउन सक्ने क्षमता आँकलन गर्न कठिन हुने देखिन्छ। खण्डीकृत तथ्याङ्कहरूको अभावमा प्रदेश तथा स्थानीय सरकारहरूले आय अनुमानभन्दा बाहेकका आधारमा ऋण उठाउने र ऋणको सावाँ ब्याज भुक्तानी गर्ने विषय यकिन गर्न सकिने अवस्था पनि छैन। तसर्थ प्रदेश तथा स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा ती सरकारहरुले परिचालन गर्न सक्ने राजस्व रकमको आधारमा तिर्न सक्ने क्षमता समेत आँकलन गरी निर्धारण गर्नुपर्ने देखिन्छ। प्रदेश तथा स्थानीय सरकारको आफ्नो आन्तरिक स्रोत सबल भइनसकेको अवस्थामा ऋण मात्र लिने तर भुक्तानी गर्न नसकी ऋणको थप बोझमा पर्न सक्ने अवस्था आउन नपाओस् भन्ने विषयमा त्यतिकै सजग हुनुपर्ने हुन्छ ।

**तालिका ३.१३ - प्रदेश सरकारहरूको राजस्वको स्थिति**

(रु. लाखमा)

| आर्थिक वर्ष २०७५/७६ को राजस्व आय# | आर्थिक वर्ष २०७६/७७ को राजस्व आय# | आर्थिक वर्ष २०७७/७८ को राजस्व आय# | आर्थिक वर्ष २०७८/७९ को राजस्व आयको अनुमान* | आर्थिक वर्ष २०७९/८० को राजस्व आयको अनुमान* |
|---|---|---|---|---|
| ६८,७२,२० | ७०,४५,१५ | ९२,१७,९९ | १,०७,८५,०४ | १,२६,१८,५० |

*# महालेखा नियन्त्रक कार्यालयले तयार गरेको वार्षिक विवरण बमोजिमको प्रदेश सरकारहरुको आन्तरिक आय र राजस्व बाँडफाँटबाट प्राप्त रकम समेतको राजस्व आय गणना गरिएको।*

** आर्थिक वर्ष २०७५/७६, २०७६/७७ तथा २०७७/७८ मा भएको वृद्दि प्रतिशतका आधारमा आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को राजस्व आयको अनुमान गरिएको।*

**तालिका ३.१४ - स्थानीय सरकारहरूको राजस्वको स्थिति**

(रु. लाखमा)

| आर्थिक वर्ष २०७५/७६ को राजस्व आय# | आर्थिक वर्ष २०७६/७७ को राजस्व आय# | आर्थिक वर्ष २०७७/७८ को राजस्व आय # | आर्थिक वर्ष २०७८/७९ को राजस्व आयको अनुमान* | आर्थिक वर्ष २०७९/८० को राजस्व आयको अनुमान* |
|---|---|---|---|---|
| ७५,५१,१७ | ८४,६८,२१ | १,०९,०२,७३ | १,२७,५६,१९ | १,४९,२४,७५ |

*# महालेखा नियन्त्रक कार्यालयले तयार गरेको वार्षिक विवरण बमोजिमको स्थानीय सरकारहरुको आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकम समेतको राजस्व आय ।*

** आर्थिक वर्ष २०७५/७६, २०७६/७७ तथा २०७७/७८ मा भएको वृद्दि प्रतिशतका आधारमा आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को राजस्व आयको अनुमान गरिएको।*

## ज. आर्थिक वर्ष २०७९/८० को लागि आन्तरिक ऋणको सीमा सिफारिस

नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, प्रदेश सरकार, केही स्थानीय सरकार र यस सम्बन्धी विषय विज्ञ लगायतसँग भएको छलफल तथा राय परामर्श एवं माथि विश्लेषित तथ्याङ्क समेतका आधारमा आर्थिक वर्ष २०७९/८० को लागि अनुमानित कुल गार्हस्थ्य उत्पादनको ५.५ प्रतिशतको सीमा भित्र रही आन्तरिक ऋण परिचालन हुनु बाञ्छनीय हुने देखिन्छ। तदनुरूप सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा देहाय अनुसार निर्धारण गरी सिफारिस गरिएको छः

**i. नेपाल सरकार**

नेपाल सरकारले तत्कालको समष्टिगत आर्थिक स्थिति, प्रदेश तथा स्थानीय तहले परिचालन गर्ने आन्तरिक ऋणको परिमाण र बजारको स्थिति समेत विश्लेषण गरी तीनै तहले उठाउने कुल आन्तरिक ऋण आर्थिक वर्ष २०७९/८० को अनुमानित गार्हस्थ्य उत्पादनको ५.५ प्रतिशतमा नबढ्ने सुनिश्चित गरी परिचालन गर्ने।

**ii. प्रदेश सरकार**

प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउने।

**iii. स्थानीय सरकार**

स्थानीय सरकारले आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र स्थानीय तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउने।

## झ. आन्तरिक ऋण उठाउने सम्बन्धमा आयोगका सुझावहरू

संवैधानिक व्यवस्था र कानुनी प्रावधानहरूलाई दृष्टिगत गर्दै सिफारिस गरिएको सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको उल्लिखित सीमाको कार्यान्वयनका सन्दर्भमा आयोगको तर्फबाट निम्न बमोजिमका सुझावहरू दिइएको छः

१. सार्वजनिक ऋणको उद्देश्य स्पष्ट हुनुपर्दछ। आन्तरिक ऋण उठाउँदा उच्च तथा दीगो आर्थिक वृद्धि, रोजगारी सिर्जना र उत्पादकत्व वृद्धिका लागि हुनुपर्छ। अनुत्पादक अनुदान वा चालू खर्चका लागि आन्तरिक ऋणको प्रयोग गर्नु उपयुक्त हुँदैन।

२. देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी पुँजी निर्माण र दीर्घकालीन लाभ दिने प्रकृतिका उत्पादनशील कार्यका लागि आन्तरिक ऋणको परिचालन देहाय अनुसार गर्नु पर्दछः

   १. पुँजी निर्माण र दीर्घकालीन लाभ दिने प्रकृतिका उत्पादनशील, रोजगारमूलक तथा आन्तरिक आय बढाउने क्षेत्रमा आन्तरिक ऋणको परिचालन गर्ने।

   २. ऋण लगानी गरी सञ्चालन हुने योजनाबाट प्राप्त हुने प्रतिफलबाट सो योजनामा गरिएको ऋण लगानीको साँवा र ब्याज भुक्तानी गर्ने सुनिश्चित भएका योजनामा आन्तरिक ऋण परिचालन गर्ने।

   ३. "समृद्ध नेपाल, सुखी नेपाली" को अवधारणा सहितको तीव्र फराकिलो आर्थिक विकास र समृद्धिको दीर्घकालीन सोच बमोजिमका राष्ट्रिय लक्ष्य हासिल गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारले समन्वयात्मक रूपमा आर्थिक तथा भौतिक पूर्वाधार निर्माण गर्ने कार्यका लागि आन्तरिक ऋणको परिचालन गर्ने।

   ४. आन्तरिक ऋणको परिचालन कुन योजनाका लागि कुन खर्च शीर्षकमा गर्ने वा कुन खर्च शीर्षकमा गरियो भनेर बजेट विनियोजन गर्दा कार्यक्रमगत र आयोजनागत रूपमा व्यय अनुमानको विवरण (खर्च शीर्षकगत र स्रोतगत समेत) मा स्पष्ट उल्लेख गर्ने व्यवस्था गर्नु पर्ने।

   ५. चालू प्रकृतिका एवं प्रशासनिक खर्च र अनुत्पादक क्षेत्रमा आन्तरिक ऋण परिचालन नगर्ने।

३. राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने कार्यमा सार्वजनिक, निजी, सहकारी र अन्य क्षेत्र बीचको सहभागिता तथा साझेदारी बढाउन मद्दत पुग्ने गरी तीनै तहका सरकारबीच समन्वय कायम गरी आन्तरिक ऋणको परिचालन गर्नु पर्दछ।

४. ऋण व्यवस्थापन रणनीतिको आधारमा जोखिम र लागतको विश्लेषण गर्नु पर्दछ। त्यसको लागि मुख्य नीतिगत क्षेत्रका जोखिमहरू र आधाररेखा अनुमान (Baseline Projection) तयार गर्नुपर्दछ। साथै यसका लागि विभिन्न नीतिहरूबीच समन्वय हुनुपर्दछ।

५. लागत र जोखिमका आधारमा वैकल्पिक रणनीतिहरूको पहिचान, विश्लेषण र श्रेणीक्रम यकिन गर्नुपर्दछ।

६. स्थानीय शहरी पूर्वाधारका क्षेत्रमा ऋण प्रवाह गर्ने प्रयोजनका साथ स्थापना भएका नगर विकास कोष जस्ता विशिष्टीकृत वित्तीय मध्यस्थकर्ता संस्था र अन्य कानूनबमोजिम ऋण परिचालन गर्न सक्ने निकायले गर्ने ऋण लगानीको रकमलाई आयोगले सिफारिस गरेको सम्बन्धित सङ्घीय इकाईको आन्तरिक ऋणको सीमाभित्र व्यवस्थित गर्नु पर्दछ।

७. बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान अनुरूप आन्तरिक ऋण उठाउँदा ऋण परिचालन गरिने योजनाको कार्यान्वयन स्थिति (खर्चको अवस्था) सँग तादात्म्यता कायम गर्नु पर्दछ।

८. सार्वजनिक वित्त नीतिले भविष्यको वित्तीय आवश्यकता र ऋण व्यवस्थापकको व्यवस्थापन क्षमतालाई प्रभाव पार्ने हुँदा बढ्दो आन्तरिक ऋणभारले ऋण भुक्तानी क्षमताको विश्वासको स्तर (credit rating) बढाउन वा जोखिम प्रिमियम (risk premium) घटाउन कठिन भै भविष्यमा ऋणको लागत अझ बढ्न जाने हुन्छ। विभिन्न सार्वजनिक संस्थानहरूका लागि ऋण लिन जमानी बसेको कारणले सिर्जना भएको प्रासङ्गिक दायित्व (contingent liabilities) को परिमाण बढ्दै जाने तर ती संस्थानहरूको ऋण तिर्ने क्षमता अझ कमजोर हुँदै गएको परिस्थितिमा भविष्यमा यस्ता दायित्व बहन गर्ने कुरामा थप सचेत हुनु आवश्यक छ।

९. नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारले आन्तरिक ऋण लिन आवश्यक पर्ने थप कानुनी, संरचनात्मक र प्रक्रियात्मक व्यवस्था गर्नु पर्दछ।

१०. नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारले लिने आन्तरिक ऋणको एकीकृत व्यवस्थापन, लेखाङ्कन र प्रतिवेदन प्रणालीको विकास गरी कार्यान्वयन गर्नु जरुरी छ। सबै सम्वद्ध निकायले राख्ने आन्तरिक ऋणको विवरण तथा तथ्याङ्कमा एकरूपता कायम गर्नु पर्दछ।

११. आन्तरिक ऋणको परिचालनले अर्थतन्त्रमा अनुकुल एवं प्रतिकुल दुबै प्रभाव पार्न सक्ने हुँदा आन्तरिक ऋणको परिचालन गर्दा अर्थतन्त्रमा अनुकुल प्रभाव पार्ने गरी लागत लाभको विश्लेषण (cost benefit analysis) समेत गरेर आन्तरिक ऋणको परिचालन गर्नु पर्दछ।

१२. ऋणको भुक्तानी गर्दा अतिरिक्त बोझ महसुस गर्नु नपर्ने गरी तथा भावी पुस्ताले भुक्तानी गर्नुपर्दा पनि असहजता महसुस गर्न नपर्ने गरी उपयुक्त उपकरण छनौट गरी आन्तरिक ऋणको परिचालन गर्नुपर्दछ।

१३. सार्वजनिक ऋण परिचालनको प्रवृत्ति बढ्दो क्रममा रहेको छ। साँवा भुक्तानीको प्रवृत्ति कुनै वर्ष घट्ने र कुनै वर्ष बढ्ने गरेको देखिन्छ भने व्याज भुक्तानीको प्रवृत्ति निरन्तर बढ्दो क्रममा देखिन्छ। यसले ऋणको दायित्वमा झनै बढोत्तरी ल्याउने हुन्छ। तसर्थ ऋण सेवा खर्चमा कमी ल्याउने गरी साँवा भुक्तानी पनि सोही अनुसार व्यवस्थित गर्ने व्यवस्था मिलाउनु पर्दछ।

१४. ऋण व्यवस्थापनको पारदर्शिता र उत्तरदायित्व निर्धारण गरी वित्तीय बजार र ऋण लिने बीचमा विश्वासको वातावरण अझ सुदृढ बनाउनु जरुरी हुन्छ।

१५. बजेट अङ्क समायोजन हुँदा यथासम्भव आन्तरिक ऋणको सीमाङ्क समेत समायोजन गर्नेतर्फ ध्यान दिनु पर्दछ।

१६. नेपाल सरकारको जमानीमा सार्वजनिक संस्थानहरू लगायतले लिने ऋण भुक्तानीको परोक्ष दायित्व नेपाल सरकारमै रहने हुँदा सो को दिगो व्यवस्थापनमा समेत ध्यान पुऱ्याउँदै जानुपर्ने हुन्छ।

## ३.५ सवारी साधन करको बाँडफाँट सम्बन्धी सिफारिस

### ३.५.१ आर्थिक वर्ष २०७९/८० का लागि एकल कर प्रशासन अन्तर्गत बागमती प्रदेश सरकारले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करलाई स्थानीय सरकारबीच बाँडफाँट सम्बन्धमा प्रदेश सरकार, बागमती प्रदेशलाई गरिएको सिफारिस

सिफारिस मिति: २०७८/१२/२२ गते, मंगलबार

#### क. पृष्ठभूमि

सङ्घीय शासन प्रणालीको महत्वपूर्ण आधारस्तम्भको रूपमा वित्तीय सङ्घीयता रहेको हुन्छ। वित्तीय सङ्घीयताका विभिन्न अवयवहरू मध्येको एक भनेको सङ्घीय इकाइहरू बीचमा राजस्व अधिकारको बाँडफाँट हो। तहगत सरकार बीचमा एकातर्फ खर्चको आवश्यकताका आधारमा राजस्व अधिकारको बाँडफाँट गरिन्छ भने अर्कोतर्फ समग्र राजस्व प्रशासनलाई मितव्ययी एवम् प्रभावकारी बनाउन र करदाताहरूको कर कानुन पालनालाई सहज तुल्याउन पनि तहगत सरकार बीच राजस्व प्रशासन सम्बन्धमा आवश्यक समन्वय तथा सहकार्यको आवश्यकता पर्दछ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय सरकारको एकल तथा साझा अधिकारका विषयहरू सूचीकृत गर्नुका साथै तीनै तहको आर्थिक कार्यप्रणाली सम्बन्धमा समेत छुट्टाछुट्टै व्यवस्था गरेको छ। साथै, तहगत सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने समेत स्पष्ट उल्लेख गरिएको छ। संविधानको उल्लिखित व्यवस्थालाई आत्मसात गर्दै प्रदेश र स्थानीय सरकारको एकल अधिकार क्षेत्रभित्र परेका घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन कर उठाउने अधिकारलाई अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको दायरामा ल्याई त्यसरी सङ्कलित राजस्व आयलाई प्रदेश र स्थानीय तह बीचमा बाँडफाँटको व्यवस्था गरेको छ।

एकल कर प्रशासन अन्तर्गत सवारी साधन करको दर निर्धारण र सङ्कलनको कार्य प्रदेश सरकारले गर्दछ भने त्यसरी सङ्कलित कर रकमको ६० प्रतिशतले हुने रकम प्रदेश सरकारलाई र ४० प्रतिशतले हुने रकम स्थानीय सरकारलाई बाँडफाँट गर्ने व्यवस्था अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. को उपदफा (२) ले गरेको छ। साथै, स्थानीय सरकारलाई बाँडफाँट हुने कुल रकमलाई प्रदेशभित्र रहेका स्थानीय सरकार बीचमा बाँडफाँटको आधार र ढाँचा निर्धारणको अधिकार तथा जिम्मेवारी संवैधानिक निकायको रूपमा रहेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको रहेको छ। यसै व्यवस्थालाई कार्यान्वयन गर्ने क्रममा विगतका वर्षहरूमा जस्तै आगामी आर्थिक वर्ष २०७९/८० का लागि पनि प्रदेश सरकारले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करलाई स्थानीय सरकारबीच बाँडफाँटको आधार, ढाँचा र हिस्सा यस आयोगबाट निर्धारण गरी प्रदेश सरकारसमक्ष सिफारिस गरिएको छ।

#### ख. कानुनी व्यवस्था

**i. नेपालको संविधान**

- **धारा ६०. राजस्व स्रोतको बाँडफाँट:**

  (१) सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्नेछन्। तर साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

  (७) सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्वको बाँडफाँट गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नु पर्नेछ।

- **अनुसूची ६ - प्रदेशको अधिकारको सूचीः** क्र.सं.४ मा सवारी साधन कर समेत रहेको।
- **अनुसूची ८ - स्थानीय तहको अधिकारको सूचीः** क्र.सं.४ मा सवारी साधन कर समेत रहेको।

**ii. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

- **दफा ५. एकल कर प्रशासनः**

(१) यस ऐन तथा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको अनुसूचीमा प्रदेश र स्थानीय तह दुबैको अधिकारसूचीमा रहेका देहायको कर देहाय बमोजिम लगाइने र उठाइनेछः

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने,

तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ।

- **दफा ६क. सवारी साधन करको बाँडफाँटः**

(१) दफा ५ उपदफा (१) को खण्ड (क) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन करबाट उठेको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशत प्रदेश सरकारलाई र चालीस प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिनेछ।

(३) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये प्रदेश सरकारले प्राप्त गर्ने रकम प्रदेश सञ्चित कोषमा दाखिला गरिनेछ र स्थानीय तहलाई प्रदान गरिने रकम स्थानीय विभाज्य कोषमा जम्मा गरिनेछ।

(४) उपदफा (३) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्नेछ।

(५) उपदफा (४) बमोजिम बाँडफाँटबाट प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम प्रदेश सरकारले मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम बाँडफाँट हुने रकम आर्थिक वर्षको अन्तिम महिनामा हिसाब मिलान गरिनेछ।

## ग. सवारी साधन कर बाँडफाँटको सिफारिसमा प्रयोग गरिएका तथ्याङ्कको स्रोत

सवारी साधन करलाई प्रदेश भित्रका स्थानीय सरकारबीचमा बाँडफाँटको हिस्सा निर्धारण गर्दा विभिन्न स्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ, जसको विवरण यसप्रकार रहेको छः

| क्र.सं. | सूचक | स्रोत |
|---|---|---|
| १. | जनसङ्ख्या | राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग |
| २. | सडकको लम्बाइ | सडक विभाग, शहरी विकास तथा भवन निर्माण विभाग र स्थानीय पूर्वाधार विभाग |
| ३. | वनले ढाकेको क्षेत्रफल | वन तथा वातावरण मन्त्रालय |

## घ. सवारी साधन कर बाँडफाँटको हिस्सा सिफारिस गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या एवम् विश्लेषण

आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश सरकारले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन

करलाई प्रदेश अन्तर्गतका स्थानीय सरकार बीचमा बाँडफाँट सम्बन्धमा यस आयोगले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. को उपदफा (४) ले गरेको व्यवस्थाबमोजिम देहायको आधार र ढाँचा निर्धारण गरी बाँडफाँटको हिस्सा सिफारिस गरेको छः

| क्र.सं. | सूचक | भार प्रतिशत |
|---|---|---|
| १. | जनसङ्ख्या | ४५% |
| २. | सडकको लम्बाइ | ४५% |
| ३. | वनले ढाकेको क्षेत्रफल | १०% |

**i. जनसङ्ख्या**

प्रत्येक स्थानीय सरकारमा प्रयोगमा आउने सवारी साधनको सङ्ख्याको निर्धारण प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सोही स्थान विशेषका जनताको सङ्ख्याले निर्धारण गरेको हुन्छ भने सवारी साधनको प्रयोगसँगै हुने सकारात्मक तथा नकारात्मक असर/प्रभाव पनि स्थानीय जनतामा नै सबै भन्दा बढी परेको हुन्छ। यस अर्थमा सवारी साधनबाट प्राप्त हुने करको बाँडफाँटको एउटा महत्वपूर्ण सूचकको रूपमा सम्बन्धित स्थानीय सरकारका जनताको सङ्ख्या रहनुपर्ने हुन्छ। यसै यथार्थतालाई स्वीकार गर्दै, साथै समग्र सूचकको सङ्ख्या र सापेक्षित महत्वलाई समेत ख्याल गर्दै सवारी साधन कर बाँडफाँटको हिस्सा निर्धारण गर्ने प्रयोजनार्थ स्थानीय सरकारको जनसङ्ख्यालाई ४५ प्रतिशत भार दिइएको छ।

**ii. सडकको लम्बाइ**

सडक सञ्जाल र सवारी साधनको सङ्ख्याबीचमा सीधा सम्बन्ध रहन्छ। जहाँ धेरै सवारी साधन हुन्छन्, त्यहाँ धेरै सडक विस्तारको आवश्यकता पर्दछ। जहाँ सडक सञ्जाल पुगेको हुन्छ, त्यहाँ सवारी साधनको आवागमन हुन्छ। सवारी साधन कर सङ्कलनको एउटा महत्वपूर्ण उद्देश्य भनेको ती सवारी साधन गुड्ने सडकको मर्मत सम्भार एवम् स्तरोन्नति गर्नु पनि हो। यस अर्थमा सवारी साधन करको बाँडफाँटको एउटा महत्वपूर्ण सूचकको रूपमा सम्बन्धित स्थानीय सरकारमा रहेको सडक सञ्जाल (सडकको लम्बाइ) लाई लिनु आवश्यक हुन्छ। अतः प्रत्येक स्थानीय सरकारको सडकको लम्बाइलाई सवारी साधन कर बाँडफाँटको एउटा आधार वा सूचकको रूपमा समावेश गरिएको छ। साथै, समग्र सूचकहरूको सङ्ख्या र सडक लम्बाइको सापेक्षित महत्व समेतलाई ध्यानमा राख्दै यस आधारलाई ४५ प्रतिशत भार प्रदान गरिएको छ।

**iii. वनले ढाकेको क्षेत्रफल**

सवारी साधनको उपयोगमा वृद्धि हुदै जाँदा यसले वातावरणीय पक्षमा विस्तारै नकारात्मक असर पार्दछ। सवारी साधनको अत्यधिक प्रयोगले कार्बनजन्य प्रदूषणको समस्या सिर्जना हुन्छ। सवारी साधनहरूले निसृत गर्ने कार्बनजन्य प्रदूषणको उपयुक्त र भरपर्दो समाधानका लागि वन तथा हरियालीको संरक्षण र प्रवर्द्धनले सहयोग पुऱ्याउनेछ। वन क्षेत्रको विद्यमान अवस्थितिलाई कायमै राख्न तथा थप वन क्षेत्रको विस्तारका लागि स्थानीय सरकारले गरेका प्रयासहरूलाई कर बाँडफाँटको माध्यमबाट प्रोत्साहित गर्नुपर्ने हुन्छ। हाल स्थानीय सरकारगत रूपमा प्रत्येक वर्ष वन क्षेत्रको विस्तारसम्बन्धी विस्तृत सूचक उपलब्ध हुन नसकेको अवस्थामा विद्यमान वनको क्षेत्रसम्बन्धी प्राप्त पछिल्लो तथ्याङ्कलाई सवारी साधन कर बाँडफाँटको एउटा आधारको रूपमा समावेश गरिएको छ। साथै भविष्यमा वन क्षेत्रको विस्तारमा गरेको वार्षिक प्रगतिलाई समेत थप सूचकको रूपमा समावेश गर्दै लगिनेछ। सवारी साधन करको रकमलाई वन क्षेत्रको संरक्षण र विस्तारमा परिचालन गर्न सकियोस् भन्ने उद्देश्यका साथ स्थानीय सरकारको वनले ढाकेको क्षेत्रफललाई १० प्रतिशत भार दिइएको छ।

उपरोक्त आधार र ढाँचामा रहेर आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश सरकार, बागमती प्रदेशले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करलाई सो प्रदेश भित्रका स्थानीय सरकार बीचमा बाँडफाँटको हिस्सा संलग्न तालिका बमोजिम हुने गरी सिफारिस गरिएको छ।

## ङ. सवारी साधन कर सङ्कलन तथा बाँडफाँट र उपयोगसम्बन्धी सुझावहरू

### i. सवारी साधन कर सङ्कलन सम्बन्धमा

- सवारी साधन कर सङ्कलनलाई विस्तार गर्ने क्रममा पछिल्ला वर्षहरूमा प्रदेश सरकार बीचमा अस्वस्थ प्रतिस्पर्धाको लक्षण देखिन थालेको छ। विशेषगरी एक प्रदेशमा दर्ता भएका सवारी साधनहरू अन्य प्रदेशमा ठाउँसारी भई आएमा राजस्व छुट दिने भन्ने नीति केही प्रदेश सरकारले अख्तियार गरेको पाइएको छ। यस किसिमको नीतिले समग्रमा सवारी साधन करको दायरा र राजस्व वृद्धि हुन सक्दैन, बरू सङ्कलन भैरहेको राजस्व गुम्ने अवस्थामा पुग्दछ। साथै, प्रदेश-प्रदेश बीचको समन्वय र सहकार्यमा समेत प्रतिकुल असर पर्न सक्नेछ। अतः प्रदेश सरकारले सवारी साधन कर सङ्कलनसम्बन्धी नीति तय गर्दा अन्य प्रदेशहरूसँग समेत स्वस्थ समन्वय र सहकार्य रहने गरी प्रादेशिक करको दरमा सकेसम्म समानता रहने गरी निर्धारण गर्नु उपयुक्त हुनेछ।
- एक प्रदेशमा दर्ता एवम् नवीकरण भएका सवारी साधनहरू अन्य प्रदेशहरूमा पनि निर्वाध रूपमा आवागमन गर्न पाउने व्यवस्था सुरक्षित रहेको छ। यस क्रममा कतिपय सवारी धनीले आफूले तिर्नु बुझाउनुपर्ने सवारी साधन कर नेपाल भित्र आफू जुन स्थानमा बसेको छ, सो नजिकै रहेको सवारी साधन कर उठाउने कार्यालयबाट बुझाउन मिल्ने व्यवस्था मिलाउँदा करदातालाई सहज हुनेछ भने त्यसरी सङ्कलन हुने राजस्वलाई प्रदेश-प्रदेश बीचको समन्वयमा सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्न सकिनेछ। अतः यसतर्फ सम्बन्धित प्रदेश सरकारले ध्यान दिनु उपयुक्त हुनेछ। साथै, आधुनिक सूचना प्रविधिको प्रयोग गर्दै विद्युतीय प्रणालीबाट सवारी साधन करको भुक्तानी व्यवस्था मिलाउँदा राजस्व भुक्तानी र सङ्कलनमा थप सहजता आउनेछ।

### ii. सवारी साधन करको बाँडफाँट सम्बन्धमा

- प्रदेश सरकारले सङ्कलन गरेको कुल सवारी साधन करको ४० प्रतिशतले हुने रकम स्थानीय सरकारलाई बाँडफाँट गर्नुपूर्व स्थानीय विभाज्य कोषमा जम्मा गरिने र त्यस्तो कोषमा जम्मा भएको रकमलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको हिस्सा बमोजिम प्रदेश सरकारले स्थानीय सरकारको सञ्चित कोषमा मासिक रूपमा हस्तान्तरण गर्दै जानुपर्ने कानुनी व्यवस्था रहेको छ। तर हालसम्मको अभ्यासमा प्रदेश सरकारले सवारी साधन कर बाँडफाँटको रकमलाई मासिक रूपमा स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी हस्तान्तरण गरेको पाइएको छैन। यस किसिमको व्यवहारले कानुनी व्यवस्थाको पूर्ण पालना नभएको कारणले स्थानीय सरकारको स्रोत व्यवस्थापनमा कठिनाई उत्पन्न भएको छ। अतः सबै प्रदेश सरकारले स्थानीय सरकारलाई बाँडफाँट गर्नुपर्ने सवारी साधन करको रकम मासिक रूपमा स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी अनिवार्य हस्तान्तरण गर्नु पर्नेछ।
- प्रदेश सरकारले सङ्कलन गरेको सवारी साधन करलाई यथार्थ समयमा आधारित (Real Time Based) रहेर कानूनबमोजिम प्रदेश विभाज्य कोष र तत् पश्चात स्थानीय विभाज्य कोषमा स्वतः जम्मा हुने र मासिक रूपमा सम्बन्धित स्थानीय सरकारको सञ्चित कोषमा जम्मा हुने किसिमको विद्युतीय प्रणालीको स्थापना र सञ्चालन गर्न सक्दा सवारी साधन करको बाँडफाँटमा थप प्रभावकारिता र पारदर्शिताको विकास हुनेछ।
- प्रदेश सरकारले आयोगबाट सिफारिस भएको हिस्साको आधारमा बाँडफाँट हुने सवारी साधन करको अनुमानित रकमको विवरण स्थानीय सरकारले बजेट पेश गर्ने समयभन्दा कम्तीमा एक महिना अगावै उपलब्ध गराउनुपर्नेछ।

### iii. सवारी साधन करको उपयोग सम्बन्धमा

सामान्यतयाः सरकारले सङ्कलन गर्ने राजस्व आयलाई सरकारको आवश्यकता अनुसार जुनसुकै क्षेत्रमा विनियोजन र खर्च गर्न सक्ने भए तापनि सम्बन्धित करदाता प्रतिको जवाफदेहिता निभाउने क्रममा सङ्कलित राजस्वको प्रयोग कहाँ र कसरी

भईरहेको छ भनी देखाउनु पारदर्शी सरकारको गुण हो। सवारी साधन कर सङ्कलनको कार्य सरकारको समग्र राजस्व आय सङ्कलनसँग मात्र आवद्ध नगरी यसको विशिष्ट उद्देश्यलाई समेत ध्यान दिनु आवश्यक छ। सवारी साधन कर सङ्कलनको उद्देश्य सवारी साधनको सहज आवागमनका लागि आवश्यक सडक पूर्वाधारको विस्तार र मर्मत सम्भार गर्नुको साथै सवारी साधनको प्रयोगबाट उत्पन्न हुन सक्ने सम्भाव्य नकारात्मक असर तथा प्रभावलाई न्यूनीकरण गर्न आवश्यक नियन्त्रणात्मक उपायहरू अपनाउन आवश्यक स्रोतको व्यवस्थापन गर्नु समेत हो। यसै सन्दर्भमा सवारी साधन कर बाँडफाँटको रकमलाई प्रदेश तथा स्थानीय सरकारले मूलतः देहायका कार्यमा विनियोजन र खर्च गर्नु आवश्यक देखिन्छः

- प्रादेशिक तथा स्थानीय सडकको मर्मत सम्भार गर्न,
- प्रादेशिक तथा स्थानीय सडकको सुरक्षासम्बन्धी आवश्यक सङ्केत चिन्ह, सूचना लगायतका पूर्वाधारको स्थापना र मर्मत सम्भार गर्न,
- सवारी चालक तथा सहचालकहरू, यात्रुहरू र आम नागरिकहरूका बीचमा सडकको सुरक्षित उपयोगसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न,
- सवारी साधनको प्रयोगसँगै यसबाट वातावरणमा पर्ने असर/प्रभावलाई न्यूनीकरण गर्ने कार्य, मूलतः वनजङ्गलको संरक्षण र प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न,
- वातावरणमैत्री सवारीसाधनको प्रवर्द्धन गर्न,
- प्रदेश र स्थानीय सरकारको सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित बनाउन मूलतः बसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पूर्वाधार निर्माण गर्न।

**तालिका ३.१५ - आर्थिक वर्ष २०७९/८० का लागि एकल कर प्रशासनअन्तर्गत प्रदेश सरकार, बागमती प्रदेशले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करको स्थानीय सरकारबीच बाँडफाँटको हिस्सा**

| क्र.सं. | जिल्ला | संकेत नं. | स्थानीय सरकारको नाम | सवारी साधन करको बाँडफाँट हिस्सा |
|---|---|---|---|---|
| १ | दोलखा | ३०१०१ | गौरिशंकर गाउँपालिका | ०.००५६२४७९ |
| २ | दोलखा | ३०१०२ | बिगु गाउँपालिका | ०.००६५५२०५ |
| ३ | दोलखा | ३०१०३ | कालिन्चोक गाउँपालिका | ०.००४१९५४५ |
| ४ | दोलखा | ३०१०४ | बैतेस्वर गाउँपालिका | ०.००३८६९५९ |
| ५ | दोलखा | ३०१०५ | जिरी नगरपालिका | ०.००४३६१०५ |
| ६ | दोलखा | ३०१०६ | तामाकोशी गाउँपालिका | ०.००३७९११० |
| ७ | दोलखा | ३०१०७ | मेलुङ्ग गाउँपालिका | ०.००३६८३३२ |
| ८ | दोलखा | ३०१०८ | शैलुङ गाउँपालिका | ०.००४८८४२६ |
| ९ | दोलखा | ३०१०९ | भिमेश्वर नगरपालिका | ०.००८५५९०५ |
| १० | सिन्धुपाल्चोक | ३०२०१ | भोटेकोशी गाउँपालिका | ०.००५१३९६३ |
| ११ | सिन्धुपाल्चोक | ३०२०२ | जुगल गाउँपालिका | ०.००४७०३९४ |
| १२ | सिन्धुपाल्चोक | ३०२०३ | पाँचपोखरी थाङपाल गाउँपालिका | ०.००६०९३७९ |
| १३ | सिन्धुपाल्चोक | ३०२०४ | हेलम्बु गाउँपालिका | ०.००६४१५७९ |
| १४ | सिन्धुपाल्चोक | ३०२०५ | मेलम्ची नगरपालिका | ०.०२७४२४०४ |
| १५ | सिन्धुपाल्चोक | ३०२०६ | ईन्द्रावती गाउँपालिका | ०.००६४३२११ |
| १६ | सिन्धुपाल्चोक | ३०२०७ | चौतारा साँगाचोकगढी नगरपालिका | ०.०२५९१४०० |
| १७ | सिन्धुपाल्चोक | ३०२०८ | बलेफी गाउँपालिका | ०.००४३१८४१ |
| १८ | सिन्धुपाल्चोक | ३०२०९ | बाह्रबिसे नगरपालिका | ०.०११६७४५३ |
| १९ | सिन्धुपाल्चोक | ३०२१० | त्रिपुरासुन्दरी गाउँपालिका | ०.००३३०४०३ |
| २० | सिन्धुपाल्चोक | ३०२११ | लिसंखु पाखर गाउँपालिका | ०.००४५२०१० |

| क्र.सं. | जिल्ला | संकेत नं. | स्थानीय सरकारको नाम | सवारी साधन करको बाँडफाँट हिस्सा |
|---|---|---|---|---|
| २१ | सिन्धुपाल्चोक | ३०२१२ | सुनकोशी गाउँपालिका | ०.००४६५०९० |
| २२ | रसुवा | ३०३०१ | गोसाईकुण्ड गाउँपालिका | ०.००४६१२०६ |
| २३ | रसुवा | ३०३०२ | आमाछोदिङमो गाउँपालिका | ०.००२७८५१५ |
| २४ | रसुवा | ३०३०३ | उत्तरगया गाउँपालिका | ०.००२३८४८९ |
| २५ | रसुवा | ३०३०४ | कालिका गाउँपालिका | ०.००२२१६३२ |
| २६ | रसुवा | ३०३०५ | नौकुण्ड गाउँपालिका | ०.००२२६२३० |
| २७ | धादिङ | ३०४०१ | रुबी भ्याली गाउँपालिका | ०.००३१०२७६ |
| २८ | धादिङ | ३०४०२ | खनियाबास गाउँपालिका | ०.००२२१२८० |
| २९ | धादिङ | ३०४०३ | गंङ्गा जमुना गाउँपालिका | ०.००३७४३९५ |
| ३० | धादिङ | ३०४०४ | त्रिपुरासुन्दरी गाउँपालिका | ०.००४१६९२१ |
| ३१ | धादिङ | ३०४०५ | नेत्रावती डबजोङ गाउँपालिका | ०.००३४२८८९ |
| ३२ | धादिङ | ३०४०६ | नीलकण्ठ नगरपालिका | ०.०१३९५०३१ |
| ३३ | धादिङ | ३०४०७ | ज्वालामुखी गाउँपालिका | ०.००३६८६६२ |
| ३४ | धादिङ | ३०४०८ | सिद्धलेक गाउँपालिका | ०.००३६४०९० |
| ३५ | धादिङ | ३०४०९ | बेनीघाट रोराङ्ग गाउँपालिका | ०.००६७२२६७ |
| ३६ | धादिङ | ३०४१० | गजुरी गाउँपालिका | ०.००४२९१३२ |
| ३७ | धादिङ | ३०४११ | गल्छी गाउँपालिका | ०.००४५२३३० |
| ३८ | धादिङ | ३०४१२ | थाक्रे गाउँपालिका | ०.००४९६१०२ |
| ३९ | धादिङ | ३०४१३ | धुनीबेंशी नगरपालिका | ०.००४५३५०१ |
| ४० | नुवाकोट | ३०५०१ | दुप्चेश्वर गाउँपालिका | ०.००४५९१४५ |
| ४१ | नुवाकोट | ३०५०२ | तादी गाउँपालिका | ०.००२९६९७६ |
| ४२ | नुवाकोट | ३०५०३ | सुर्यगढी गाउँपालिका | ०.००२३०८२९ |
| ४३ | नुवाकोट | ३०५०४ | बिदुर नगरपालिका | ०.००८४०३०१ |
| ४४ | नुवाकोट | ३०५०५ | किस्पाङ्ग गाउँपालिका | ०.००२३९६५९ |
| ४५ | नुवाकोट | ३०५०६ | म्यगङ गाउँपालिका | ०.००३७६७४९ |
| ४६ | नुवाकोट | ३०५०७ | तारकेश्वर गाउँपालिका | ०.००३३६८२२ |
| ४७ | नुवाकोट | ३०५०८ | बेलकोटगढी नगरपालिका | ०.००८२५७१८ |
| ४८ | नुवाकोट | ३०५०९ | लिखु गाउँपालिका | ०.००२९१८५० |
| ४९ | नुवाकोट | ३०५१० | पन्चकन्या गाउँपालिका | ०.००३१८२१४ |
| ५० | नुवाकोट | ३०५११ | शिवपुरी गाउँपालिका | ०.००५२७०८० |
| ५१ | नुवाकोट | ३०५१२ | ककनी गाउँपालिका | ०.००४९४०९२ |
| ५२ | काठमाडौं | ३०६०१ | शंङ्खरापुर नगरपालिका | ०.००५३४३१० |
| ५३ | काठमाडौं | ३०६०२ | कागेश्वरी मनहरा नगरपालिका | ०.००६८२७०५ |
| ५४ | काठमाडौं | ३०६०३ | गोकर्णेश्वर नगरपालिका | ०.०११६५४०४ |
| ५५ | काठमाडौं | ३०६०४ | बुढानिलकण्ठ नगरपालिका | ०.०११७३३५६ |
| ५६ | काठमाडौं | ३०६०५ | टोखा नगरपालिका | ०.००९७०७६२ |
| ५७ | काठमाडौं | ३०६०६ | तारकेश्वर नगरपालिका | ०.००९५५२९२ |
| ५८ | काठमाडौं | ३०६०७ | नागार्जुन नगरपालिका | ०.००७६१०१२ |
| ५९ | काठमाडौं | ३०६०८ | काठमाण्डौ महानगरपालिका | ०.१०६५५१४३ |
| ६० | काठमाडौं | ३०६०९ | किर्तिपुर नगरपालिका | ०.००७७३८०० |
| ६१ | काठमाडौं | ३०६१० | चन्द्रागिरी नगरपालिका | ०.०१०३०३२० |
| ६२ | काठमाडौं | ३०६११ | दक्षिणकाली नगरपालिका | ०.००४३६३१० |
| ६३ | भक्तपुर | ३०७०१ | चाँगुनारायण नगरपालिका | ०.०१६०५२०४ |
| ६४ | भक्तपुर | ३०७०२ | भक्तपुर नगरपालिका | ०.००७३३८१४ |
| ६५ | भक्तपुर | ३०७०३ | मध्यपुर थिमी नगरपालिका | ०.००७३१५५६ |

| क.सं. | जिल्ला | संकेत नं. | स्थानीय सरकारको नाम | सवारी साधन करको बाँडफाँट हिस्सा |
|---|---|---|---|---|
| ६६ | भक्तपुर | ३०७०४ | सूर्यविनायक नगरपालिका | ०.००८८६९२७ |
| ६७ | ललितपुर | ३०८०१ | महालक्ष्मी नगरपालिका | ०.००६७३९३७ |
| ६८ | ललितपुर | ३०८०२ | ललितपुर महानगरपालिका | ०.०२७९४९८३ |
| ६९ | ललितपुर | ३०८०३ | गोदावरी नगरपालिका | ०.०११३४०४२ |
| ७० | ललितपुर | ३०८०४ | कोन्ज्योसोम गाउँपालिका | ०.००२८५४९६ |
| ७१ | ललितपुर | ३०८०५ | महाङ्काल गाउँपालिका | ०.००३७०२२२ |
| ७२ | ललितपुर | ३०८०६ | बाग्मती गाउँपालिका | ०.००४४३३१३ |
| ७३ | काभ्रेपलाञ्चोक | ३०९०१ | चौरीदेउराली गाउँपालिका | ०.००५०७२७७ |
| ७४ | काभ्रेपलाञ्चोक | ३०९०२ | भुम्लु गाउँपालिका | ०.००४४८९४७ |
| ७५ | काभ्रेपलाञ्चोक | ३०९०३ | मण्डन देउपुर नगरपालिका | ०.००५२०२३२ |
| ७६ | काभ्रेपलाञ्चोक | ३०९०४ | बनेपा नगरपालिका | ०.००८८०८६६ |
| ७७ | काभ्रेपलाञ्चोक | ३०९०५ | धुलिखेल नगरपालिका | ०.००६३४७०७ |
| ७८ | काभ्रेपलाञ्चोक | ३०९०६ | पाँचखाल नगरपालिका | ०.००९८८३९४ |
| ७९ | काभ्रेपलाञ्चोक | ३०९०७ | तेमाल गाउँपालिका | ०.००४५८६९९ |
| ८० | काभ्रेपलाञ्चोक | ३०९०८ | नमोबुद्ध नगरपालिका | ०.००६१२७५४ |
| ८१ | काभ्रेपलाञ्चोक | ३०९०९ | पनौती नगरपालिका | ०.००८२१५६६ |
| ८२ | काभ्रेपलाञ्चोक | ३०९१० | बेथानचोक गाउँपालिका | ०.००३८३२७६ |
| ८३ | काभ्रेपलाञ्चोक | ३०९११ | रोशी गाउँपालिका | ०.००७१७८८४ |
| ८४ | काभ्रेपलाञ्चोक | ३०९१२ | महाभारत गाउँपालिका | ०.००३२३३९३ |
| ८५ | काभ्रेपलाञ्चोक | ३०९१३ | खानीखोला गाउँपालिका | ०.००३०४६४९ |
| ८६ | रामेछाप | ३१००१ | उमाकुण्ड गाउँपालिका | ०.००६७६१७९ |
| ८७ | रामेछाप | ३१००२ | गोकुलगङ्गा गाउँपालिका | ०.००६१३२३२ |
| ८८ | रामेछाप | ३१००३ | लिखु तामाकोसी गाउँपालिका | ०.००५१२३७३ |
| ८९ | रामेछाप | ३१००४ | रामेछाप नगरपालिका | ०.०१६८७६५१ |
| ९० | रामेछाप | ३१००५ | मन्थली नगरपालिका | ०.०१०९८५८४ |
| ९१ | रामेछाप | ३१००६ | खाँडादेवी गाउँपालिका | ०.००६५६१८६ |
| ९२ | रामेछाप | ३१००७ | दोरम्बा गाउँपालिका | ०.००६०४५३५ |
| ९३ | रामेछाप | ३१००८ | सुनापती गाउँपालिका | ०.००४२६२५२ |
| ९४ | सिन्धुली | ३११०१ | दुधौली नगरपालिका | ०.०१२१७०६१ |
| ९५ | सिन्धुली | ३११०२ | फिक्कल गाउँपालिका | ०.००५६८३३६ |
| ९६ | सिन्धुली | ३११०३ | तीनपाटन गाउँपालिका | ०.००८४७९०१ |
| ९७ | सिन्धुली | ३११०४ | गोलन्जोर गाउँपालिका | ०.००६६८६४८ |
| ९८ | सिन्धुली | ३११०५ | कमलामाई नगरपालिका | ०.०२५०२२२३ |
| ९९ | सिन्धुली | ३११०६ | सुनकोशी गाउँपालिका | ०.००६४२२४५ |
| १०० | सिन्धुली | ३११०७ | घ्याङलेख गाउँपालिका | ०.००३९७२१९ |
| १०१ | सिन्धुली | ३११०८ | मरिण गाउँपालिका | ०.००६१२८१४ |
| १०२ | सिन्धुली | ३११०९ | हरिहरपुरगढी गाउँपालिका | ०.००७४६६५४ |
| १०३ | मकवानपुर | ३१२०१ | ईन्द्रसरोवर गाउँपालिका | ०.००४००८५२ |
| १०४ | मकवानपुर | ३१२०२ | थाहा नगरपालिका | ०.०१७५२८७५ |
| १०५ | मकवानपुर | ३१२०३ | कैलाश गाउँपालिका | ०.००४६१५६३ |
| १०६ | मकवानपुर | ३१२०४ | राक्सिराङ्ग गाउँपालिका | ०.००४२२१४४ |
| १०७ | मकवानपुर | ३१२०५ | मनहरी गाउँपालिका | ०.००६२९३४७ |
| १०८ | मकवानपुर | ३१२०६ | हेटौडा उपमहानगरपालिका | ०.०२२५२३४४ |
| १०९ | मकवानपुर | ३१२०७ | भिमफेदी गाउँपालिका | ०.००६६७६६३ |
| ११० | मकवानपुर | ३१२०८ | मकवानपुरगढी गाउँपालिका | ०.००३९०७८६ |

| क्र.सं. | जिल्ला | संकेत नं. | स्थानीय सरकारको नाम | सवारी साधन करको बाँडफाँट हिस्सा |
|---|---|---|---|---|
| १११ | मकवानपुर | ३१२०९ | बकैया गाउँपालिका | ०.००८३०३२४ |
| ११२ | मकवानपुर | ३१२१० | बाग्मती गाउँपालिका | ०.००६०५१४९ |
| ११३ | चितवन | ३१३०१ | राप्ती नगरपालिका | ०.०११६५८४४ |
| ११४ | चितवन | ३१३०२ | कालिका नगरपालिका | ०.०१२६५०२७ |
| ११५ | चितवन | ३१३०३ | इच्छाकामना गाउँपालिका | ०.००४८१६३४ |
| ११६ | चितवन | ३१३०४ | भरतपुर महानगरपालिका | ०.०५०८१३६२ |
| ११७ | चितवन | ३१३०५ | रत्ननगर नगरपालिका | ०.०१०००८२७ |
| ११८ | चितवन | ३१३०६ | खैरहनी नगरपालिका | ०.०१५९६०६४ |
| ११९ | चितवन | ३१३०७ | माडी नगरपालिका | ०.०१५४५९७४ |
| | | | **जम्मा** | १.00000000 |

## ३.६ प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस

### ३.६.१ आर्थिक वर्ष २०७९/८० का लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँटको सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस

सिफारिस मिति: २०७९/०१/०६ गते, मंगलबार

#### क. पृष्ठभूमि

नेपालको संविधानको धारा २५० बमोजिम गठित राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई राज्यमा उपलब्ध हुने प्राकृतिक एवम् वित्तीय स्रोतको संघ, प्रदेश र स्थानीय सरकार बीचमा समन्यायिक ढंगले परिचालन, बाँडफाँट र वितरण गर्नका लागि सिफारिस गर्ने जिम्मेवारी प्रदान गरिएको छ। यसै सन्दर्भमा तीनै तहका सरकारले प्राकृतिक स्रोतको परिचालन वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरण गर्नका लागि त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रुपमा प्रभावित क्षेत्र र स्थानीय समुदायलाई वितरण गर्नुपर्ने हुन्छ। सरकारका तीन तहबीच प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँटका लागि सिफारिस गर्ने, प्राकृतिक स्रोतको परिचालन गर्दा लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने र प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने सम्भावित विवाद निवारण गर्न समन्वयात्मक रुपमा काम गर्न सुझाव दिने एवम् प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने जिम्मेवारी समेत आयोगको रहेको छ।

आयोगले सिफारिस गर्ने विभिन्न किसिमका वित्तीय हस्तान्तरणहरु मध्ये प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी बाँडफाँट पनि एक हो। विश्वका अधिकांश मुलुकहरूले प्राकृतिक स्रोतको अवस्थिति, प्राकृतिक स्रोतहरुले ओगट्ने क्षेत्रफल, प्राकृतिक स्रोतको परिचालनबाट पर्ने प्रभाव, प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित जनसंख्या जस्ता विषयहरूको अध्ययन तथा विश्लेषण गरी प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी तहगत सरकारका बीच बाँडफाँट र वितरण गर्ने प्रचलन रहेको छ।

प्राकृतिक स्रोतबाट प्राप्त लाभको बाँडफाँट र वितरण गर्दा प्राकृतिक स्रोत उपर राष्ट्रिय स्वामित्व कायम हुनुपर्ने, जुन स्थानमा प्राकृतिक स्रोत छ उक्त स्थानका समुदायलाई सो स्रोतको परिचालनबाट बढी लाभ उपलब्ध गराउनुपर्ने तथा प्राकृतिक स्रोतको उपयोगबाट वातावरणीय जोखिमको व्यवस्थापनमा लाग्ने लागतको विवेकपूर्ण बाँडफाँट गरिनुपर्ने हुन्छ। आयोगले प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँटको सिफारिस गर्दा दिगो विकासको सिद्धान्त (Principle of Sustainable Development), पूर्वसावधानीको सिद्धान्त (Precautionary Principle), सार्वजनिक विश्वासको सिद्धान्त (Public Trust Doctrine), प्रदूषकले दायित्व बहन गर्ने सिद्धान्त (Polluter's Pay Principle), प्राकृतिक स्रोत माथिको सार्वभौम अधिकारको सिद्धान्त (Principle of Sovereignty Over Natural Resources) र लाभको समन्यायिक बाँडफाँटको सिद्धान्त (Principle of Equitable Sharing of Benefit) का मर्मलाई आत्मसात गरेको छ।

प्राकृतिक स्रोत माथिको सार्वभौम अधिकार मुलुकभरिको हुने र सोही मान्यताका आधारमा प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त लाभको हिस्सा मुलुकभर बाँडफाँट र वितरण गर्नु पर्दछ भन्ने आम धारणा रहेको पाइन्छ। सोही अनुसार प्राकृतिक स्रोतको परिचालन र बाँडफाँट सम्बन्धी विद्यमान संवैधानिक तथा कानूनी प्रावधान अनुरुप आयोगले प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस गरेको छ। यसै सन्दर्भमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को उपदफा २ मा पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत हिस्सा नेपाल सरकारलाई, २५ प्रतिशत हिस्सा सम्बन्धित प्रदेशलाई र २५ प्रतिशत हिस्सा सम्बन्धित स्थानीय सरकारलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था भए अनुरूप आयोगले आगामी आर्थिक वर्ष

२०७९/८० का लागि पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज पदार्थबाट प्राप्त हुने रोयल्टीको प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट गर्ने आधार र हिस्सा निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरेको छ। पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी संकलन सम्बन्धी कानूनको अभावले सिफारिसमा समावेश गर्न सकिएको छैन।

## ख. कानुनी व्यवस्था

### i. संवैधानिक व्यवस्था

नेपालको संविधानले प्राकृतिक स्रोतको संरक्षण, सम्वर्द्धन, उपयोग, परिचालन, बाँडफाँट तथा यसबाट प्राप्त हुने प्रतिफलको न्यायोचित वितरणको सुनिश्चितताको लागि निम्न बमोजिम व्यवस्था गरेको छ:

### अ. प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीति

नेपालको संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीतिहरूको व्यवस्था गरिएको छ। जस अनुसार राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने नीति राज्यले लिएको छ।

साथै जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने, नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने, जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने नीति पनि अवलम्बन गरिएको छ।

यसैगरी जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने, वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने, प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने, वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व ब्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने नीति राज्यले अवलम्बन गर्नेछ भनी उल्लेख गरिएको छ ।

### आ. प्राकृतिक स्रोत सम्बन्धी आर्थिक अधिकार

नेपालको संविधानको धारा ५९ अनुसार संघ, प्रदेश र स्थानीय सरकारले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्नेछ। त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्नेछ। संघ, प्रदेश र स्थानीय सरकारले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानून बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनु पर्ने व्यवस्था छ।

### इ. प्राकृतिक स्रोत सम्बन्धी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका

संविधानको धारा २५१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। जस अनुसार प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तयार गरी सिफारिस गर्ने, प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र

प्रदेश, प्रदेश र स्थानीय सरकार तथा स्थानीय सरकारहरूबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने र प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने भूमिका आयोगको रहेको छ।

**ई. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको अधिकार**

नेपालको संविधानको अनुसूची-९ मा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा राखिएको छ।

**ii. कानूनी व्यवस्था**

प्राकृतिक स्रोतको परिचालन तथा बाँडफाँट सम्बन्धमा देहाय बमोजिमको कानूनी व्यवस्था रहेको छ:

**अ. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४**

आयोगले प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारलाई आवश्यक सुझाव दिने लगायतका व्यवस्था यस ऐनले गरेको छ।

**आ. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

यस ऐनले प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरेको छ:

(१) **दफा ७ को उपदफा (१)**: नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच संघीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक संघीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नेछ।

(२) **दफा ७ को उपदफा (२)**: दफा ७ को उपदफा (१) बमोजिमको कोषमा रहेको रोयल्टीको बाँडफाँट नेपाल सरकारले अनुसूची-४ बमोजिम वार्षिक रूपमा गर्नेछ।

(३) **दफा ७ को उपदफा (३)**: दफा ७ को उपदफा (२) बमोजिम बाँडफाँट भएको रकम मध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम संघीय सञ्चित कोषमा, प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी उपलब्ध गराइनेछ।

(४) **अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४**

**प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट (प्रतिशतमा)**

| क्र.सं. | रोयल्टी शीर्षक | नेपाल सरकार | सम्बन्धित प्रदेश | सम्बन्धित स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |
| ३ | वन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |

**(५) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ को द्रष्टव्य १**: नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट तथा वितरण गर्नेछ।

## ग. प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटका आधार

प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा आयोगले लिएका आधारहरु देहाय बमोजिम रहेका छन्:

i. प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ अनुरूप प्रभावित सम्वन्धित प्रदेश र स्थानीय तहलाई प्रभावका आधारमा समन्यायिक रुपमा रोयल्टी बाँडफाँट गर्नुपर्ने व्यवस्थालाई रोयल्टी बाँडफाँटको मुख्य आधारको रुपमा लिइएको छ। प्राकृतिक स्रोत रहेका स्थानलाई विशेष प्राथमिकतामा राखी रोयल्टी बाँडफाँट गरिएको छ। परिचालित प्राकृतिक स्रोतको अवस्थिति रहेको मुख्य क्षेत्र (Main Location), मुख्य क्षेत्रसँग जोडिएको प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित क्षेत्र (Affected Area) र परिचालित प्राकृतिक स्रोतबाट प्रभावित जनसंख्या (Affected Population) लाई प्रमुख आधार मानी सो अनुरूप सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहका लागि रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गरिएको छ।

ii. प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँटका लागि आयोगबाट गरिएका अध्ययन, सरोकारवाला निकायहरु (उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, पर्यटन विभाग, विद्युत विकास विभाग, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, नेपाल पर्वतारोहण संघ लगायत) का पदाधिकारी एवम् प्रतिनिधिहरुका साथै सातवटै प्रदेश सरकार र केही स्थानीय सरकारहरुसँग समेत प्राकृतिक स्रोतको परिचालन एवम् रोयल्टी बाँडफाँट सम्बन्धमा छलफल एवम् अन्तरक्रिया मार्फत राय सुझाव संकलन गरी प्राप्त सुझावहरूलाई समेत समेटिएको छ।

iii. परिचालित प्राकृतिक स्रोत अवस्थित स्थानको तथ्याङ्क एवम् अन्य आवश्यक विवरण समेत अद्यावधिक गरी रोयल्टी बाँडफाँट सम्बन्धमा सिफारिस गरिएको छ।

## घ. प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा बाँडफाँट सिफारिसमा प्रयोग गरिएका तथ्याङ्कको स्रोत

आगामी आर्थिक वर्ष २०७९/८० का लागि प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टीको हिस्सा सिफारिस गर्दा प्रयोग गरिएका तथ्याङ्कको स्रोतको विवरण यसप्रकार रहेको छ।

| क्र.सं. | सूचक/तथ्याङ्क | स्रोत | प्रयोग |
|---|---|---|---|
| १. | भौगोलिक अवस्थिति | नापी विभाग र सम्वन्धित विभागहरु। | सम्बन्धित प्रदेश तथा स्थानीय सरकार। |
| २. | क्षेत्रफल | नापी विभाग र सम्वन्धित विभागहरु। | |
| ३. | जनसंख्या | राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग। | |
| ४. | वनको क्षेत्रफल र अवस्थिति | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र। | |
| ५. | संरक्षित क्षेत्रका मध्यवर्ती क्षेत्रको क्षेत्रफल तथा अवस्थिति | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग। | |
| ६. | हिमालचुली र सोको आधार शिविर रहेको स्थान | पर्यटन विभाग। | |
| ७. | विद्युत गृह रहेको स्थान र प्रभावित क्षेत्र | विद्युत विकास विभाग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन। | |
| ८. | पर्वतारोहणको रोयल्टी | पर्यटन विभाग। | |
| ९. | विद्युतको अनुमानित रोयल्टी | विद्युत विकास विभाग। | |
| १०. | वन तथा संरक्षित क्षेत्रको अनुमानित रोयल्टी | वन तथा भू-संक्षरण विभाग, डिभिजन वन कार्यालयहरु, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र म.ले.नि.का.। | |
| ११. | खानी तथा खनिजको अनुमानित रोयल्टी | खानी तथा भूगर्भ विभाग | |

## ङ. प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा बाँडफाँट गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या एवम् विष्लेषण

नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टीको अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ बमोजिम बाँडफाँट तथा वितरण गर्नुपर्ने हुन्छ। सो अनुसार पाँच प्रकारका रोयल्टी शीर्षक रहेकोमा क्रम संख्या ५ मा रहेको पानी तथा अन्य प्राकृतिक स्रोत बाहेकका ४ वटा रोयल्टी शीर्षकबाट संघीय विभाज्य कोषमा संकलन भएको रोयल्टी बाँडफाँट सिफारिस गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या तथा विष्लेषण यस प्रकार छ।

### i. पर्वतारोहणबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

पर्यटन ऐन, २०३५ ले पर्वतारोहणलाई नेपाली हिमश्रृङ्खलाको कुनै निश्चित चुलीमा पुग्ने उद्देश्य लिई कुनै दलले त्यस्तो चुलीको आरोहण गर्ने कार्य भनी परिभाषित गरेको छ। यसका साथै पर्वतारोहण गर्न अनुमति प्राप्त गर्ने पर्वतारोही दलले बुझाउनु पर्ने तोकिएको उचाईको हिमालचुलीका लागि तोकिएको सलामी रकमलाई पर्वतारोहण रोयल्टी मानिएको छ। नेपाल सरकारले ४१४ वटा हिमालचुलीहरू आरोहणका लागि खुला गरेको अवस्थामा चालु आर्थिक बर्ष २०७८/७९ को हालसम्मको अवधिमा जम्मा ५६ वटा हिमालचुलीहरुबाट आरोहण गरे वापतको रोयल्टी पर्यटन विभाग र नेपाल पर्वतारोहण संघबाट संकलन भएको छ।

पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा बाँडफाँट तथा वितरण गरिने व्यवस्था भए बमोजिम प्रभावित क्षेत्रका प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न बिभिन्न सूचकहरू निर्माण गरिएको र ती सूचकहरूले बहन गर्ने भारको आधारमा सम्बन्धित प्रदेश तथा स्थानीय तहहरूले प्राप्त गर्ने रोयल्टीको हिस्सा सिफारिस गरिएको छ।

पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँटका लागि सम्बन्धित प्रदेश तथा स्थानीय सरकारहरूले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यस प्रकार रहेको छः

| क्र. सं. | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा) | ढाँचा (जम्मा भार प्रतिशतमा) |
|---|---|---|---|
| क. | भौगोलिक अवस्थिति | | ४०% |
| | अ. हिमालचुली रहेको स्थानीय तह | ६०% | |
| | आ. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह | ४०% | |
| ख. | आधार शिविर रहेको स्थानीय तह | | १० % |
| ग. | प्रभावित क्षेत्रको क्षेत्रफल | | २५ % |
| | अ. हिमालचुली रहेको स्थानीय तह | ६०% | |
| | आ. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह | ४०% | |
| घ. | प्रभावित क्षेत्रको जनसंख्या | | २५% |
| | अ. हिमालचुली रहेको स्थानीय तह | ६०% | |
| | आ. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह | ४०% | |
| | | **जम्मा** | **१००%** |

- **भौगोलिक अवस्थितिः** हिमालचुली रहेको स्थानीय तह र हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहलाई समेटी पर्वतारोहणबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि एउटा मुख्य आधारको रुपमा भौगोलिक अवस्थितिलाई लिईएको छ। भौगोलिक अवस्थितिलाई एकमुष्ट रुपमा ४० प्रतिशत भार दिई सो भारलाई शत प्रतिशत मानी हिमालचुली रहेको स्थानीय तहलाई ६० प्रतिशत भार र सो स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूलाई ४० प्रतिशत भार दिई मापन गरिएको छ। प्रभावित मुख्य स्थानको रुपमा रहेको सम्बन्धित भौगोलिक अवस्थितिलाई बिशेष महत्व दिई हिमालचुली रहेको स्थानीय तहलाई अधिक भार दिइएको छ।
- **आधार शिविर रहेको स्थानीय तहः** पर्यटन ऐन, २०३५ ले सम्बन्धित पर्वत आरोहण गर्न प्रयोगमा ल्याइने मालसामान, खाद्य सामग्री, औषधि आदि राखी अग्रीम शिविरलाई आवश्यक पर्ने त्यस्ता मालसामान आपूर्ति गर्न वा पर्वतारोहण सम्बन्धी कुराको निर्देशन दिन खडा गरिएको पर्वतारोहण सम्बन्धी खास प्रविधि विना पुग्न सकिने सवभन्दा तल्लो उचाईमा रहेको शिविरलाई आधार शिविर भनी परिभाषित गरेको छ। हिमालचुली एक वा सो भन्दा बढी स्थानीय तहहरुमा फैलिएको हुन्छ। तर पर्वतारोहण गर्ने क्रममा आधार शिविर रहेको स्थानीय तहमा आरोहण सम्बन्धी विभिन्न क्रियाकलापहरू हुने र सोबाट उक्त तहमा बढी असर पर्ने हुँदा आधार शिविर रहेको स्थानीय तहलाई एउटा सूचकको रुपमा लिइएको छ। यसर्थ पर्वतारोहणबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा आधार शिविरलाई १० प्रतिशत भार दिईएको छ।

- **प्रभावित क्षेत्रको क्षेत्रफलः** हिमालचुली रहेको स्थानीय तह र हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूलाई पर्वतारोहणबाट प्रभावित क्षेत्रको रूपमा लिइएको छ। पर्वतारोहणबाट प्रभावित क्षेत्रको क्षेत्रफलको लागि हिमालचुली रहेको सम्बन्धित तहलाई मुख्य प्रभाव क्षेत्र मानी सो स्थानीय तहको क्षेत्रफललाई मुख्य आधारको रुपमा लिई बढी भार दिइएको छ। त्यस्तै हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका अन्य स्थानीय तहहरूलाई कम प्रभावित क्षेत्र मानी सोही बमोजिम भार प्रदान गरिएको छ। यसै प्रयोजनार्थ पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा निर्धारण गर्दा प्रभावित क्षेत्रको क्षेत्रफललाई २५ प्रतिशत भार दिईएको छ। जसको ६० प्रतिशत हिमालचुली रहेको स्थानीय तह र ४० प्रतिशत हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूको क्षेत्रफलको अनुपातका आधारमा भार प्रदान गरिएको छ।

- **प्रभावित क्षेत्रको जनसंख्याः** हिमालचुली आरोहणको क्रममा सो आरोहण सम्बन्धी क्रियाकलापबाट वातावरणमा पर्ने प्रभावका कारण त्यहाँ अवस्थित जनसंख्या प्रत्यक्ष रुपमा प्रभावित हुने गर्दछ। प्रभावित क्षेत्रको प्रभाव मूल्याङ्कनका आधारमा हिमालचुली रहेको तहलाई नै मुख्य प्रभावित क्षेत्र मानी सो तहमा रहेको जनसंख्यालाई बढी प्रभावित र सो तहसँग जोडिएका वरिपरिका स्थानीय तहहरूलाई कम प्रभावित क्षेत्रको रूपमा मूल्याङ्कनमा समावेश गरिएको छ। यस प्रयोजनका लागि प्रभावित क्षेत्रको जनसंख्यालाई एउटा आधार मानी २५ प्रतिशत भार दिईएको छ। उक्त भारलाई शत प्रतिशत मानी सो को ६० प्रतिशत हिमालचुली रहेको स्थानीय तह र ४० प्रतिशत हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूको जनसंख्याको अनुपातका आधारमा भार प्रदान गरिएको छ।

### ii. विद्युतबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

नेपालको संविधानमा जलविद्युतलाई तिनै तहको साझा अधिकार सूचीका साथै संघ, प्रदेश र स्थानीय तहको अलग अलग अधिकार सूचीमा समेत राखिएको छ। हाल निजी क्षेत्र र नेपाल विद्युत प्राधिकरणले निर्माण गरेका १ मेगाबाट क्षमता भन्दा ठूला १२० वटा आयोजनाहरु संचालनमा रहेका छन्। विद्युत ऐन, २०४९ मा अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन शुरु गरेपछि नेपाल सरकारलाई रोयल्टी बुझाउनु पर्ने व्यवस्था रहेकोछ भने विद्युत विकास विभागबाट उक्त रोयल्टी संकलन हुँदै आइरहेको छ।

विद्युतबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्न विद्युत आयोजनाको भौगोलिक अवस्थिति, प्रभावित स्थानीय तहको क्षेत्रफल र जनसंख्यालाई मुख्य सूचकहरुको रुपमा लिईएको छ। विद्युत रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या देहाय वमोजिम रहेको छः

| क्र. सं. | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा) | ढाँचा (जम्मा भार प्रतिशतमा) |
|---|---|---|---|
| क. | भौगोलिक अवस्थिति<br>अ. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र)<br>आ. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र)<br>इ. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र) | <br>५०%<br>३०%<br>२०% | ५०% |
| ख. | प्रभावित स्थानीय तहको क्षेत्रफल<br>अ. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र)<br>आ. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र)<br>इ. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र) | <br>५०%<br>३०%<br>२०% | २५% |

| क्र. सं. | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा) | ढाँचा (जम्मा भार प्रतिशतमा) |
|---|---|---|---|
| ग. | प्रभावित क्षेत्र (स्थानीय तह) को जनसंख्या<br>अ. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र)<br>आ. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र)<br>इ. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र) | <br>५०%<br>३०%<br>२०% | २५% |
| | | **जम्मा** | **१००%** |

*नोटः माथि उल्लेखित क्षेत्र मूल्याङ्कन गर्दा सम्बन्धित स्थानीय तहको वडाहरुको आधारमा गरिएको छ।*

- **भौगोलिक अवस्थितिः** भौगोलिक अवस्थितिभित्र आयोजनाको सम्पूर्ण भौतिक पूर्वाधारहरु, सुख्खा क्षेत्र र तल्लो एवम् उपल्लो तटीय क्षेत्र पर्दछ। विद्युत आयोजना निर्माणबाट उपल्लो तटीय क्षेत्रमा बाँधको कारण घरजग्गा डुवानमा परी स्थानीयवासीहरु विस्थापित हुने अवस्था समेत सिर्जना हुन्छ भने तल्लो तटीय क्षेत्रमा जनताले युगौंदेखि प्रयोग गरिरहेको पानीको स्रोत घट्न गई सुख्खा क्षेत्रमा बृद्धि, वालीनालीको उत्पादनमा ह्रास, पानी घट्ट माछापालन तथा तरकारी खेती जस्ता जीविकोपार्जनका गतिविधिबाट विस्थापन हुन सक्ने समस्याको सामना गर्नुपर्ने अवस्था सिर्जना हुन सक्दछ। विद्युतका भौतिक संरचनाहरु निर्माण गर्दा, खोलाको बहावलाई परिवर्तन गर्दा आयोजना क्षेत्रभित्र पर्यावरणमा समेत नकारात्मक प्रभाव पर्ने गरेको पाईन्छ । तसर्थ विद्युत आयोजनाबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्दा अत्यन्तै महत्वपूर्ण रहेको भौगोलिक अवस्थितिलाई ५० प्रतिशत भार दिई त्यसलाई शत प्रतिशत मानी त्यसको उपसूचकको रुपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई हिस्सा निर्धारण गरिएको छ ।

भौगोलिक अवस्थिति अन्तर्गतका उपसूचकहरुको व्याख्या देहाय बमोजिम रहेको छः

**(अ) मुख्य क्षेत्रः** मुख्य क्षेत्रमा जलविद्युत आयोजनाका भौतिक संरचनाहरु निर्माण भएका स्थानीय तहका सम्बन्धित वडाहरु पर्दछन्। जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर (Peaking Run of the River) आयोजना र रन अफ द रिभर (Run of the River) आयोजनाको प्रकृतिका आधारमा मुख्य क्षेत्र देहाय बमोजिम राखिएको छः

**(१) जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर आयोजनाः** जलाशयले छोएका सम्पूर्ण वडाहरु तथा विद्युत गृहमा पानी लैजानका लागि बनेका भौतिक संरचनाहरु (बाँध, ईन्टेक, डिस्याण्डिङ्ग वेसिन, नहर, पाईप वा सुरुङ्ग), विद्युत गृह र टेलरेस (Tailrace) ले छोएका सम्पूर्ण वडाहरुलाई मुख्य क्षेत्रको रुपमा लिईएको छ।

**(२) रन अफ द रिभर आयोजनाः** विद्युत गृहमा पानी लैजानका लागि बनेका भौतिक संरचनाहरु (ईन्टेक, डिस्याण्डिङ्ग वेसिन, नहर, पाईप वा सुरुङ्ग), विद्युत गृह र टेलरेसले छोएका सम्पूर्ण वडाहरुलाई मुख्य क्षेत्रको रुपमा लिईएको छ।

**(आ) प्रभावित क्षेत्रः** प्रभावित क्षेत्र भित्र आयोजनाका कारण नदी वा खोलाको प्राकृतिक वहाव घट्न गई सुख्खा क्षेत्र सिर्जना हुन सक्ने स्थानीयतहका सम्बन्धित वडाहरु पर्दछन्। यस किसिमका प्रभावित क्षेत्रमा एकै वेसिन (जुन खोला वा नदीबाट आयोजनाको लागि पानी लिई विद्युत उत्पादन पश्चात सोही खोला वा नदीमा पानी मिसाइएको हुन्छ) र अन्तरवेसीन (एक खोला वा नदीबाट आयोजनाको लागि पानी लिई विद्युत उत्पादन पश्चात अर्को खोला वा नदीमा पानी मिसाइएको हुन्छ) आयोजनाका हकमा देहाय बमोजिमको आधार लिई मापन गरिएको छ।

(१) एकै वेसीन प्रकृतिका जलविद्युत आयोजनाका सम्बन्धमा बाँधदेखि विद्युत गृहसम्म नदीका वारी र पारी

किनारामा जोडिने वडाहरु प्रभावित क्षेत्र (सुख्खा क्षेत्र) को रुपमा गणना गरिएको छ।

(२) अन्तरवेसीन प्रकृतिका जलविद्युत आयोजनाको हकमा बाँधदेखि तल सो भन्दा ठुलो नदी जोडिने स्थानसम्मका नदीका वारी र पारी किनाराका वडाहरु प्रभावित क्षेत्र (सुख्खा क्षेत्र) को रुपमा लिईएको छ।

**(इ) वरिपरिका क्षेत्र (उपल्लो र तल्लो तटीय क्षेत्र):** वरिपरिको क्षेत्र भित्र आयोजनाको सम्बन्धित नदी किनारामा मुख्य क्षेत्रसँग जोडिएको उपल्लो र तल्लो तटीय क्षेत्रलाई लिईएको छ।

(१) उपल्लो तटीय क्षेत्रमा जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर आयोजनाका हकमा जलाशयले छोएका वडाहरुसंग जोडिने नदी किनारका वारीपारीका वडाहरुलाई लिईएको छ।

(२) तल्लो तटीय क्षेत्रमा आयोजनाको टेलरेस भन्दा पारिपट्टिको वडा र टेलरेसले छोएको भन्दा तल्लो वडालाई लिईएको छ।

- **प्रभावित स्थानीय तहको क्षेत्रफलः** विद्युत आयोजनाको निर्माण तथा संचालन हुँदा उक्त आयोजनाले पारेको प्रभाव स्थानीय तहको निश्चित भूगोलको क्षेत्रफलमा रहेको बस्ती, कृषिजन्य भूमि र वातावरणमा पर्ने भएको हुँदा स्थानीय तहको क्षेत्रफलको आधारमा विद्युतबाट प्राप्त रोयल्टी बाँडफाँट गर्दा समन्यायिक हुने देखिन्छ। आयोजनाबाट प्रभावित क्षेत्रफलको तथ्याङ्क लिँदा स्थानीय तहको वडालाई प्रभावित मानिएको हुँदा प्रभाव आधारको मूल्याङ्कन बढी स्पष्ट र वस्तुनिष्ट हुने अपेक्षा गरिएको छ। यस सूचकको लागि प्रभाव मूल्याङ्कन गर्ने प्रयोजनार्थ प्रभावित स्थानीय तहको क्षेत्रफललाई २५ प्रतिशत भार दिई त्यसलाई शत प्रतिशत मानी त्यसको उपसूचकको रुपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई क्षेत्रफलको अनुपातको आधारमा हिस्सा निर्धारण गरिएको छ।
- **प्रभावित स्थानीय तहको जनसंख्याः** जलविद्युत आयोजनाको भौतिक, आर्थिक, सामाजिक र वातावरणीय प्रभावबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सम्बन्धित स्थानीय तहका जनताहरु प्रभावित भएका हुन्छन्। सोबाट कति जनसंख्या प्रभावित भएका हुन् त्यसको आधारमा प्रभावको मूल्याङ्कन गरी रोयल्टीको हिस्सा बाँडफाँट गर्न उपयुक्त हुने हुँदा प्राभावित तहको वडाको जनसंख्यालाई २५ प्रतिशत भार दिई त्यसलाई शत प्रतिशत मानी त्यसको उपसूचकको रुपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई जनसंख्याको अनुपातको आधारमा हिस्सा निर्धारण गरिएको छ।

### iii. वनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

नेपालको संविधानको अनुसूची-७ मा अन्तरप्रादेशिक रुपमा फैलिएको जंगल, वन संरक्षण क्षेत्र संघ र प्रदेशको साझा अधिकारको सूची र अनुसूची-९ मा वन, जंगल, पर्यावरण तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेको छ। वन क्षेत्रको रोयल्टी राष्ट्रिय वन र संरक्षित क्षेत्रबाट प्राप्त हुने गर्दछ। यसै सन्दर्भमा राष्ट्रिय वनलाई सरकारद्धारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कवुलियती वन र धार्मिक वनको रुपमा व्यवस्थापन गर्ने उद्देश्यले वर्गीकरण गरिएको छ। साथै निजी, सार्वजनिक र शहरी वनको प्रवर्द्धन गर्दै वन्यजन्तु, वातावरण, जलाधार, जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा सदुपयोग गरी राष्ट्रिय सम्बृद्धिमा योगदान गर्ने वन नीति रहेको छ भने संरक्षित क्षेत्र अन्तरगत राष्ट्रिय निकुञ्जको व्यवस्थापन, वन्यजन्तु र यसको वासस्थानको संरक्षण, शिकारमा नियन्त्रण र प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्व राख्ने ठाँउहरुको संरक्षण, सम्वर्द्धन, विकास तथा उचित व्यवस्थापन र उपयोग गरी जनताको सदाचार र सुविधा कायम राख्दै प्रकृतिको संरक्षण सम्बर्द्धन र दिगो विकास गर्ने नीति रहेको छ। संविधानत: राष्ट्रिय वनको परिचालन तथा व्यवस्थापन प्रदेश सरकार र संरक्षित क्षेत्रको संचालन एवं व्यवस्थापन नेपाल सरकारबाट हुने व्यवस्था रहेको छ। प्राकृतिक स्रोतको परिचालन गर्दा राष्ट्रिय वनबाट प्राप्त हुने रोयल्टी

प्रदेश सरकार र संरक्षित क्षेत्रबाट प्राप्त हुने रोयल्टी संघ सरकारबाट संकलन भई संघीय बिभाज्य कोषमा जम्मा हुँदै आईरहेको छ। राष्ट्रिय वन र संरक्षित क्षेत्रबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट वनको प्रकृति अनुसार गर्नुपर्ने हुँदा यसका लागि छुट्टाछुट्टै सूचकहरु निर्माण गरी रोयल्टीको हिस्सा बाँडफाँटको सिफारिस गरिएको छ।

**अ. राष्ट्रिय वनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट**

वन ऐन, २०७६ मा प्रदेश भित्रको राष्ट्रिय वन तथा अन्तरप्रादेशिक राष्ट्रिय वनलाई परिभाषित गरिएको छ। राष्ट्रिय वनको व्यवस्थापन गर्ने सन्दर्भमा सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन र कबुलियती वनको रुपमा व्यवस्थापन हुँदै आइरहेको छ भने सोको व्यवस्थापन र परिचालन प्रदेश सरकारबाट गर्ने व्यवस्था रहेको छ।

राष्ट्रिय वनबाट प्राप्त हुने रोयल्टी सम्वन्धी तथ्याङ्क प्रदेश तथा प्रदेश अन्तरगतका डिभिजन वन कार्यालयहरु, वन तथा भू-संरक्षण विभाग र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट प्राप्त हुँदै आएको छ। यसरी प्राप्त तथ्याङ्क बमोजिम राष्ट्रिय वनको रोयल्टीको हिस्सा बाँडफाँटका लागि लिइएका आधारहरू, भार र सोको व्याख्या निम्नानुसार रहेको छः

| क्र.सं. | आधार (सूचक) | ढाँचा (प्रतिशतमा) |
|---|---|---|
| क. | वनको अवस्थिति(वन रहेको स्थानीय तह) | २०% |
| ख. | वनको क्षेत्रफल (स्थानीय तहमा रहेको वनको क्षेत्रफल) | ४०% |
| ग. | स्थानीय तहको जनसंख्या | २०% |
| घ. | वनमा आश्रित जनसंख्या | १०% |
| ङ. | वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता | १०% |
| | **जम्मा** | **१००%** |

- **वनको अवस्थितिः** वनको अवस्थितिले कुनै स्थानीय तहमा वन क्षेत्र रहेको वा नरहेको स्थितिलाई जनाउँदछ। तसर्थ वनको अवस्थितिलाई एउटा महत्वपूर्ण आधारको रुपमा लिई कुल भारको २० प्रतिशत भार दिई रोयल्टीको हिस्सा बाँडफाँट गरिएको छ।
- **वनको क्षेत्रफलः** स्थानीय तहमा रहेको वनको संरक्षण, व्यवस्थापन र वातावरणीय एवम् पारिस्थितिक प्रणालीलाई संरक्षण र प्रवर्द्धन गर्नुपर्ने हुँदा स्थानीय तहले पाउने रोयल्टीको हिस्सा निर्धारण गर्दा वनको क्षेत्रफललाई प्रमुख आधार मानी ४० प्रतिशत भार दिईएको छ।
- **स्थानीय तहको जनसंख्याः** स्थानीय तहमा रहेको वनको व्यवस्थापन, संरक्षण तथा उपयोगमा स्थानीयवासीहरुको महत्वपूर्ण योगदान हुने र वन परिचालनबाट पर्ने प्रभाव पनि सम्वन्धित स्थानका जनतालाई नै पर्ने हुँदा रोयल्टी बाँडफाँटको सिफारिस गर्दा सम्बन्धित स्थानीय तहको जनसंख्यालाई अर्को आधारको रुपमा लिई यसलाई २० प्रतिशत भार दिईएको छ।

- **वनमा आश्रित जनसंख्याः** वन ऐन, २०७६ को दफा २६ बमोजिम डिभिजन वन कार्यालयले गरिवीको रेखामुनी रहेका जनताको गरिवी न्यूनिकरणका लागि कार्ययोजना वनाई वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम संचालन गरी जीविकोपार्जन गर्न त्यस्ता जनताको समूहलाई कबुलियती वनको रुपमा राष्ट्रिय वनको कुनै भाग उपलब्ध गराउने व्यवस्था रहेको छ। त्यस्ता कबुलियती वन समूहहरु ३९ जिल्लामा रहेका छन। उक्त समूहहरुले डिभिजन वन कार्यालयहरुमा दर्ता भई स्वीकृत कार्ययोजना बमोजिम वनको संरक्षण, व्यवस्थापन र आय आर्जनका कार्यक्रमहरु कबुलियती वनमा संचालन गर्दै आएका छन। कवुलियती वन कार्यक्रमबाट हैसियत बिग्रेको वनको सुधार, गरिवीको रेखामुनीका समुदायको आर्थिक र सामाजिक अवस्थामा समेत सुधार ल्याउने हुँदा वनमा आश्रित जनसंख्यालाई सूचकको रुपमा १० प्रतिशत भार प्रदान गरिएको छ।
- **वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिताः** वन तथा संरक्षित क्षेत्रको संरक्षण, व्यवस्थापन, उपयोग, सदुपयोग, वातावरण एवं जैविक विविधता संरक्षण तथा दिगो व्यवस्थापन र सो कार्यमा संलग्न क्षमता अभिवृद्धि लगायतमा टेवा पुग्ने कार्यक्रमहरु संचालन गर्न सम्वन्धित स्थानीय तहले पुर्याएको योगदानलाई आधार मानी वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता सूचकलाई १० प्रतिशत भार दिईएको छ।

**आ. संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम राष्ट्रिय निकुञ्जको व्यवस्थापन, वन्यजन्तु र वासस्थानको संरक्षण, शिकारमा नियन्त्रण र प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्व राख्ने ठाँउहरुको संरक्षण, सम्वर्द्धन, विकास तथा उचित व्यवस्थापन र उपयोग गरी जनताको सदाचार र सुविधा कायम राख्दै प्रकृतिको संरक्षण प्रवर्द्धन गर्नका लागि संरक्षित क्षेत्र अन्तरगत राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्रहरु र मध्यवर्ती क्षेत्र (Buffer Zone) स्थापना भएका छन्। संरक्षित क्षेत्रको संरक्षणको राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वलाई मध्यनजर गर्दै संरक्षण क्षेत्रलाई विभिन्न किसिमबाट बर्गीकरण गरी व्यवस्थापन गरिएको छ जसलाई निम्न अनुसार उल्लेख गरिएको छः

- "राष्ट्रिय निकुञ्ज" भन्नाले प्राकृतिक वातावरणको साथै वन्यजन्तु, वनस्पति र भू-दृश्यको संरक्षण, व्यवस्थापन र उपयोगको लागि छुट्याइएको क्षेत्र।
- "संनियमित प्राकृतिक आरक्ष" भन्नाले वैज्ञानिक अध्ययनको निमित्त छुट्याइएको, पारिस्थिकीय महत्वको वा अन्यथा महत्व राख्ने क्षेत्र।
- "वन्यजन्तु आरक्ष" भन्नाले वन्यजन्तु सम्पदा र तिनीहरुको वासस्थानको संरक्षण तथा व्यवस्था गर्न छुट्याइएको क्षेत्र।
- "शिकार आरक्ष" भन्नाले शिकारीहरुलाई शिकार गर्न दिनको निमित्त वन्यजन्तु सम्पदाको व्यवस्थापनको लागि छुट्याइएको क्षेत्रलाई सम्झनु पर्छ।
- "संरक्षण क्षेत्र" भन्नाले प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक स्रोतको सन्तुलित उपयोगको लागि एकीकृत योजना अनुसार व्यवस्थापन गरिने क्षेत्र।
- "मध्यवर्ती क्षेत्र" (Buffer Zone) भन्नाले स्थानीय जनताहरुलाई नियमित रुपले वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नको लागि राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरिको तोकिएको क्षेत्र।

हाल नेपालमा जम्मा २० वटा संरक्षित क्षेत्रहरु रहेका छन्, जसमध्ये १२ वटा राष्ट्रिय निकुञ्ज, एक वटा वन्यजन्तु आरक्ष, एक वटा शिकार आरक्ष र छ वटा संरक्षण क्षेत्रहरु रहेका छन्। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष अन्तर्गत ११ वटा मध्यवर्ती क्षेत्र तोकिएको छ। मध्यवर्ती क्षेत्र व्यवस्थापनमा सम्वद्ध जनसहभागीताको प्रत्यक्ष संलग्नतामा राष्ट्रिय निकुञ्ज तथा

वन्यजन्तु आरक्ष व्यवस्थित गरिएको छ। यसबाट निकुञ्ज तथा वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्रहरुको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनमा  सहयोग पुगेको छ।

यसरी उल्लेखित संरक्षित क्षेत्रहरु मध्ये संनियमित प्राकृतिक आरक्ष नेपालमा हाल सम्म स्थापना भएको छैन। तर विशेष गरी पर्यापर्यटन र जडिबुटी संकलन लगायतका विभिन्न क्रियाकलापबाट रोयल्टी संकलन हुने गरेको छ।

संविधान बमोजिम उल्लेखित संरक्षित क्षेत्रहरू संघको अधिकार क्षेत्रभित्र पर्ने, साथै संरक्षित क्षेत्रहरूको क्षेत्रफल कुनै पनि स्थानीय तहहरूको क्षेत्रभित्र नपरी सम्बन्धित क्षेत्रको रूपमा रहेको हुनाले यी संरक्षित क्षेत्रहरूबाट संकलित रोयल्टी बाँडफाँट गर्दा मध्यवर्ती क्षेत्र घोषणा भएका संरक्षित क्षेत्रहरूको हकमा मध्यवर्ती क्षेत्रको क्षेत्रफल र जनसंख्यालाई आधार लिनुका अतिरिक्त मध्यवर्ती क्षेत्र घोषणा नभएको ढोरपाटन शिकार आरक्षको हकमा आरक्षलाई छुने वरिपरिका स्थानीय तहहरू र संरक्षण क्षेत्रहरु (अपिनप्पा संरक्षण क्षेत्र र कृष्णसार संरक्षण क्षेत्र,  मनास्लु संरक्षण क्षेत्र र अन्नपूर्ण संरक्षण क्षेत्र) को हकमा संरक्षण क्षेत्रभित्र पर्ने स्थानीय तहका वडाहरूलाई आधार मानी रोयल्टीको हिस्सा बाँडफाँट गरिएको छ।संरक्षित क्षेत्रको रोयल्टी बाँडफाँटका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवं व्याख्या यसप्रकार रहेको छः

| **क्र.सं.** | **आधार (सूचक)** | **ढाँचा (प्रतिशतमा)** |
|---|---|---|
| क. | स्थानीय तहमा मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रको अवस्थिति | १०% |
| ख. | मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रमा पर्ने स्थानीय तहको क्षेत्रफल | ४०% |
| ग. | मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रमा रहेको स्थानीय तहको जनसंख्या | ३५% |
| घ. | मध्यवर्ती क्षेत्र/संरक्षित क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता | १५% |
| | **जम्मा** | **१००%** |

- **स्थानीय तहमा मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रको अवस्थितिः** संरक्षित क्षेत्रहरुको मध्यबर्ती क्षेत्र तथा संरक्षण क्षेत्रभित्र रहेका स्थानीय तहका वडाहरुको उक्त क्षेत्रहरुको संरक्षण तथा व्यवस्थापनमा महत्वपूर्ण भूमिका रहेको हुन्छ। तसर्थ उक्त क्षेत्रहरुबाट प्राप्त रोयल्टी बाँडफाँट गर्दा सम्वन्धित क्षेत्रभित्र रहेका मध्यबर्ती क्षेत्र तथा संरक्षण क्षेत्रले समेटेका स्थानीय तहका वडाहरुलाई ती क्षेत्रहरुको अवस्थितिको रुपमा लिई कुल भारको १० प्रतिशत भार दिइएको छ।
- **स्थानीय तहमा मध्यवर्ति क्षेत्र/संरक्षण क्षेत्रको क्षेत्रफलः** संरक्षित क्षेत्रहरुको मध्यबर्ती क्षेत्र तथा संरक्षण क्षेत्रभित्र रहेका स्थानीय तहका वडाहरुको क्षेत्रफलमा उक्त क्षेत्रहरुबाट पर्ने प्रभावलाई महत्वपूर्ण सूचकको रुपमा लिईएको छ। संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा उक्त क्षेत्रहरुले समेटेको स्थानीय तहहरुको वडाहरुको क्षेत्रफललाई ४० प्रतिशत भार प्रदान गरिएको छ।
- **स्थानीय तहमा मध्यवर्ती क्षेत्रको जनसंख्याः** संरक्षित क्षेत्रहरुको मध्यबर्ती क्षेत्र तथा संरक्षण क्षेत्रभित्र रहेका स्थानीय तहका वडाहरुमा बसोबासगर्ने वासिन्दाहरुले उक्त क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन्। साथै उनीहरुले उक्त क्षेत्रबाट पर्न सक्ने नकरात्मक प्रभाव समेत ब्यहोर्नु पर्ने हुन्छ।यस्तो नकारात्मक प्रभावको न्यूनीकरणका लागि संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा उक्त क्षेत्रहरुमा बसोबास गर्ने जनसंख्यालाई एक  महत्वपूर्ण आधारको रुपमा लिई ३५ प्रतिशतभार प्रदान गरिएको छ ।

- **संरक्षित क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता:** संरक्षित क्षेत्रहरुको मध्यबर्ती क्षेत्र तथा संरक्षण क्षेत्रको संरक्षण, व्यवस्थापन एवं प्राकृतिक वातावरण र जैविक विविधता समेतको संरक्षण र दिगो व्यवस्थापनमा टेवा पुग्ने कार्यक्रमहरु संचालन गर्न सम्वन्धित स्थानीय तहले पुर्‍याउने योगदानलाई अर्को एक आधारको रुपमा लिईएको छ। वन तथा संरक्षित क्षेत्रको संरक्षण, व्यवस्थापन, उपयोग, सदुपयोग, वातावरण एवं जैविक विविधता संरक्षण तथा दिगो व्यवस्थापन र सो कार्यमा संलग्न क्षमता अभिवृद्धि लगायतमा टेवा पुग्ने कार्यक्रमहरु संचालन गर्न सम्वन्धित स्थानीय तहले पुर्‍याएको योगदानलाई आधार मानी वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता सुचकलाई १५ प्रतिशत भार दिईएको छ।

### iv. खानी तथा खनिजबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

खानी तथा खनीज पदार्थ ऐन, २०४२ मा जमीनको सतह वा भूगर्भ भित्र पाइने पेट्रोलियम र ग्याँस पदार्थ बाहेक कुनै निश्चित भौतिक गुण तथा तत्त्वको रासायनिक सम्मीश्रणयुक्त अप्राङ्गारिक पदार्थलाई खनिज पदार्थ भनी परिभाषित गरिएको छ। उक्त ऐनले भौगर्भिक प्रक्रियाबाट बनेको ठोस पदार्थलाई मात्र खनिजको वर्गमा राखेको छ। त्यसैगरी नेपालभित्र निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमीनको सतह वा भूगर्भभित्र रहेको वा पाईएको सम्पूर्ण खनिज पदार्थ नेपाल सरकारको सम्पत्ति हुने र अनुमति प्राप्त व्यक्तिले खनिज पदार्थको प्रकार, गुणस्तर र परिमाणको आधारमा तोकिएको दरमा रोयल्टी बुझाउनु पर्ने व्यवस्था गरेको छ।

नेपालमा खनिज पदार्थका सम्बन्धमा सरकारी तथा निजी दुवै स्तरबाट खोजतलास, उत्खनन्, उत्पादन, शुद्धीकरण, प्रशोधन, ढुवानी, संचय वा बिक्री वितरण गर्ने कार्य हुँदै आएको छ। खानी तथा भू-गर्भ विभागबाट हालसम्म चुनढुंगा, कोइला, खरी, शिसा, मार्वल, रातोमाटो लगायत विभिन्न १७ प्रकारका खनिजहरू उत्खनन् कार्यका लागि १४६ अनुमतिपत्र जारी गरिएका मध्ये चालु आर्थिक बर्ष २०७८/७९ को हालसम्मको अवधिमा ५६ वटा खानीबाट ७ प्रकारका खनिज पदार्थ उत्खनन् हुदै आएको छ।

खानी तथा खनिजबाट प्राप्त रोयल्टीको बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ बमोजिम आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा नेपाल सरकारले रोयल्टी बाँडफाँट तथा वितरण गर्ने व्यवस्था भए बमोजिम प्रभावित क्षेत्रका प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न विभिन्न सूचकहरु तयार गरिएको छ। ती सूचकहरुलाई प्रदान गरिएको भारको आधारमा सम्बन्धित प्रदेश तथा स्थानीय तहले खानी तथा खनिजबाट प्राप्त गर्ने रोयल्टीको हिस्सा सिफारिस गरिएको छ।

खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यसप्रकार रहेको छः

| क्र. सं. | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा) | ढाँचा (जम्मा भार प्रतिशतमा) |
|---|---|---|---|
| क. | भौगोलिक अवस्थिति<br>अ. खानीउत्खनन् क्षेत्र रहेको स्थानीय तह (Quarry Area)<br>आ. खानी उत्खननका लागि अनुमति दिईएको खनिज क्षेत्र (Lease Area) | <br>६०%<br>४०% | ५०% |
| ख. | प्रभावित क्षेत्रको क्षेत्रफल (Affected Area) | | ३०% |
| ग. | प्रभावित जनसंख्या (Affected Population) | | २०% |
| | | **जम्मा** | **१००%** |

- **भौगोलिक अवस्थितिः** खानी तथा खनिजबाट प्राप्त हुने रोयल्टी बाँडफाँट गर्दा खनिज क्षेत्रको भौगोलिक अवस्थितिलाई प्रमुख आधारको रुपमा लिई यसलाई ५० प्रतिशत भार दिइएको छ। खानी तथा भूगर्भ विभागबाट खानी उत्खनन् अनुमतिपत्र उपलब्ध गराउँदा खनिज पदार्थ उत्खनन् कार्य गर्नका लागि खनिज क्षेत्रको चार किल्ला छुट्याईएको हुन्छ। अनुमतिपत्रमा खानी सम्बन्धी सम्पूर्ण कार्य गर्नको लागि अनुमति प्रदान गरिएको खनिज क्षेत्र (Lease Area) र सो भित्र खनिज पदार्थ उत्खनन् गर्नका लागि उत्खनन् क्षेत्र (Quarry Area) तोकिएको हुन्छ। उत्खनन् क्षेत्र (Quarry Area) बाट खनिज पदार्थ उत्खनन् गर्ने कार्य गर्दा सो क्षेत्रमा त्यसको प्रभाव बढी पर्ने हुँदा भौगोलिक अवस्थितिलाई दिईएको ५० प्रतिशत भारलाई शत प्रतिशत मानी सो मध्ये ६० प्रतिशत भार खनिज पदार्थ उत्खनन् गर्नका लागि तोकिएको उत्खनन् क्षेत्रलाई प्रदान गरिएको छ। त्यसैगरी उत्खनन् अनुमति प्रदान भएको खनिज क्षेत्रमा सो खनिज पदार्थ उत्खनन् अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले भोग चलन गर्ने र त्यस क्षेत्रमा रहेको खनिज पदार्थ अन्य व्यक्ति वा संस्थाले उत्खनन् गर्न नपाउने हुँदा त्यहाँबाट प्राप्त हुने प्रतिफलबाट सम्बन्धित स्थानीय तह बञ्चित हुने भएकोले खनिज उत्खनन् अनुमति दिइएको खनिज क्षेत्र (Lease Area) को अवस्थितिलाई पनि आधार लिइएको छ। तर उत्खनन् अनुमति दिइएको सम्पूर्ण खनिज क्षेत्र (Lease Area) मा उत्खनन् कार्य नहुने र सोको प्रभाव समेत कम हुने भएकोले यसलाई ४० प्रतिशत भार प्रदान गरिएको छ।
- **प्रभावित क्षेत्रको क्षेत्रफलः** खानी तथा भूगर्भ विभागले खानी उत्खनन् अनुमतिपत्र प्रदान गर्दा चार किल्ला तोकेर खनिज पदार्थको उत्खनन् अनुमति दिएको हुन्छ। अनुमति दिएको खनिज क्षेत्र (Lease Area) मा पर्ने सम्बन्धित स्थानीय तहको वडाको क्षेत्रफलको अनुपातलाई प्रभावित क्षेत्रको क्षेत्रफलको रुपमा लिइएको छ। खनिज पदार्थ उत्खनन् गर्नका लागि तोकिएको उत्खनन् क्षेत्र (Quarry Area) अनुमति प्रदान गरिएको खनिज क्षेत्र भित्र पर्ने भएकोले खनिज क्षेत्र (Lease Area) को क्षेत्रफललाई मात्र सूचकमा राखिएको छ। तसर्थ खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा प्रभावित क्षेत्रको क्षेत्रफलको अनुपातलाई ३० प्रतिशत भार दिई गणना गरिएको छ।
- **प्रभावित जनसंख्याः** खानी तथा खनिज पदार्थको उत्खनन् कार्यबाट प्रभावित हुने सम्बन्धित स्थानीय तहको जनसंख्यालाई एउटा सूचकको रुपमा लिई खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गरिएको छ। प्रभावित जनसंख्याको मूल्याङ्कन गर्दा उत्खनन् अनुमति दिइएको खनिज क्षेत्र (Lease Area) रहेको स्थानीय तहको वडाको जनसंख्याको अनुपातलाई आधार लिईएको छ। यस प्रयोजनका लागि कूल भार मध्येमा प्रभावित जनसंख्यालाई २० प्रतिशत भार दिई मूल्याङ्कन गरिएको छ।

## च. प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट सिफारिस

सम्बन्धित प्राकृतिक स्रोत परिचालनमा जिम्मेवार स्रोतगत निकायहरुले प्राकृतिक स्रोत परिचालनबाट प्राप्त हुने रोयल्टी संकलन गरी महालेखा नियन्त्रक कार्यालयले व्यवस्थापन गरेको संघीय विभाज्य कोषमा दाखिला गरेका हुन्छन्। सो विवरणका आधारमा आयोगको बाँडफाँट सिफारिस बमोजिमको रोयल्टीको हिस्साबाट निर्धारित रकम नेपाल सरकारको निर्णयानुसार महालेखा नियन्त्रक कार्यालयबाट सम्बन्धित प्रदेश तथा स्थानीय सरकारको सञ्चित कोषमा जम्मा हुने गर्दछ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था अनुसार आयोगले विस्तृत आधार र ढाँचा तय गरी सम्बन्धित प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तहलाई प्रभावको अनुपातमा रोयल्टी बाँडफाँटको हिस्सा सिफारिस गर्दछ।

सम्बन्धित प्रदेश तथा सम्बन्धित स्थानीय सरकारहरुलाई आयोगबाट सिफारिस गरिएको रोयल्टीको हिस्साका आधारमा रोयल्टी वितरण गर्ने समयमा आर्थिक वर्ष २०७८/७९ को वास्तविक संकलित रोयल्टीले सम्बन्धित प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको हिस्सालाई गुणन (हिस्सा × संकलित रोयल्टी = बाँडफाँट गरिने रोयल्टी) गरी हुन आउने रकम सम्बन्धित प्रदेश

तथा स्थानीय सरकारलाई नेपाल सरकारले वितरण गर्नुपर्नेछ।

## छ. प्राकृतिक स्रोतको परिचालन तथा सोबाट प्राप्त हुने रोयल्टीको उपयोग सम्बन्धी सुझावहरु

प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी सो सम्बन्धी विषय तथा क्षेत्रको संरक्षण, सम्बर्द्धन र विकासमा उपयोग तथा व्यवस्थापन गर्नुपर्ने हुन्छ। आयोगको सिफारिस बमोजिम नेपाल सरकारद्वारा संघ, प्रदेश र स्थानीय सरकारलाई बाँडफाँट तथा वितरण गरेको रोयल्टी प्राकृतिक स्रोतको परिचालन स्थल र सो वरिपरिको प्रभावित क्षेत्र तथा जनसंख्यालाई हित हुने गरी उपयोग गर्नुपर्ने हुन्छ। यस सन्दर्भमा तीनै तहका सरकारले कार्यान्वयन गर्नुपर्ने विषयहरु निम्न अनुसार सुझावको रुपमा सिफारिस गरिएको छ।

१. प्राकृतिक स्रोतको परिचालनका लागि तीन तहका सरकार बीच लगानी तथा प्रतिफलको हिस्सा निर्धारण र प्राप्त हुने रोयल्टीको बाँडफाँटका साथै प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने सम्भावित विवाद निवारण र सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा प्राकृतिक स्रोतको परिचालन सम्बन्धी एकीकृत कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने।

२. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को अनुसूची-४ को द्रष्टव्य (१) मा स्थानीय तहमा जिल्ला समन्वय समितिलाई समेत उल्लेख गरिएको भएता पनि संविधानतः सञ्चित कोष सञ्चालन नगर्ने, कार्यकारिणीको भूमिका निर्वाह नगर्ने एवम् अनुगमनकारी र समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने व्यवस्था गरेको देखिएकोले जिल्ला समन्वय समितिलाई प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको सिफारिसमा समेटिएको छैन। तसर्थ उक्त ऐन संसोधन गरी अनुसूची-४ बाट जिल्ला समन्वय समिति शब्द हटाउनु पर्ने।

३. पर्यटन ऐन, २०३५ को दफा ३७ को उपदफा (२) बमोजिम नेपाल पर्वतारोहण संघलाई नेपाल सरकारले तोकिएको हिमालचुलीको आरोहण गर्ने अनुमति प्रदान गर्ने काम सुम्पन सक्ने व्यवस्थाको अधिनमा रही नेपाल सरकारको निर्णयानुसार २७ वटा हिमालचुलीको व्यवस्थापन गर्ने जिम्मेवारी नेपाल पर्वतारोहण संघलाई सुम्पिएकोमा संघले व्यवस्थापन गर्ने हिमालचुलीबाट संकलन हुने रोयल्टी नियमित रूपमा संघीय विभाज्य कोषमा दाखिला हुनु पर्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र संघको व्यवस्थापन खर्चका लागि नेपाल सरकारले बार्षिक रूपमा बजेट विनियोजन गरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को अनुसूची -४ को क्रम संख्या १ को व्यवस्था कार्यान्वयन गर्नुपर्ने।

४. पर्वतारोहणबाट प्राप्त हुने रोयल्टी बाँडफाँटलाई बढी व्यवस्थित र समन्यायिक बनाउन बाँडफाँटको आधारमा लश्कर मार्ग सम्बन्धी सूचक समावेश गर्न महत्वपूर्ण देखिएकोले पर्वतारोहणको क्रममा आधार शिविरसम्म पुग्ने लश्कर मार्गको लम्बाई र सो मार्गमा पर्ने स्थानीय सरकार सहितको विवरण संस्कृति, पयर्टन तथा नागरिक उड्डयन मन्त्रालयबाट तयार गर्नुपर्ने।

५. अधिकांश निजी क्षेत्रबाट संचालित जलविद्युत केन्द्रहरूबाट आर्थिक वर्ष अनुसार संकलन हुनुपर्ने रोयल्टी नियमित रूपमा संघीय विभाज्य कोषमा जम्मा नभएको कारणले तथ्याङ्क विश्लेषण गर्न तथा प्रभावित क्षेत्रलाई रोयल्टी बाँडफाँट गर्नका साथै तीनै तहका सरकारलाई बार्षिक बजेट अनुमान गर्न कठीन हुन जाने देखिँदा विद्युत उत्पादन गर्ने संस्था वा कम्पनीहरूले नियमित रूपमा रोयल्टी जम्मा गर्नुपर्ने र सो जम्मा नगरेमा नेपाल विद्युत प्राधिकरणबाट हुने विद्युत खरिद वापत भुक्तानी गरिने रकमबाट रोयल्टी रकम कट्टा गरी सोझै संघीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने।

६. वन पैदावारबाट प्राप्त हुने रोयल्टीको संकलनमा वनको प्रकार अनुसार स्थानीय तहगत रुपमा तथ्याङ्क र अभिलेख व्यवस्थित रुपमा राख्नु पर्ने एवम् सम्बन्धित विभागले प्रदेश सरकार मातहत रहेका डिभिजन वन कार्यालयहरूबाट आवधिक रूपमा प्रतिवेदन तथा विवरण प्राप्त गर्नुपर्ने देखिन्छ। साथै प्रचलित वन कानूनमा रोयल्टीको परिभाषा समावेश हुनुपर्ने।

७. विकास निर्माणको लागि अपरिहार्य सामग्रीहरू ढुंगा, गिटी तथा बालुवा सम्बन्धी स्रोतको परिचालन, व्यवस्थापन र नियमन सम्बन्धमा प्रदेश तथा स्थानीय सरकार समेतसँग छलफल हुँदा विभिन्न प्रकारका राय सुझाव एवम् प्रतिक्रियाहरु प्राप्त भएको परिप्रेक्ष्यमा संघीय संरचना बमोजिमका तीनवटै तहका सरकारको संलग्नतामा यसको संचालन, व्यवस्थापन र नियमन गर्ने गरी कानूनी बन्दोवस्त गरी कार्यान्वयनमा ल्याउनु पर्ने।

८. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को अनुसूची-४ को क्रम संख्या ५ को पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको व्यवस्था अन्तरगत भविष्यमा रोयल्टी प्राप्त गर्न सकिने संभावित स्रोतहरुमा अन्तरबेसीन खानेपानी, अन्तरबेसीन सिंचाई, पानीको बोटलिङ प्रयोग, पानीको औद्योगिक उपयोग, भूमिगत जलस्रोत, जल यातायात, जल मनोरन्जन, माछापालन, हाईड्रोजन ऊर्जा, सौर्य ऊर्जा, वायु ऊर्जा, भूतापीय ऊर्जा, तापीय ऊर्जा, जिवाश्म ऊर्जा, आणविक ऊर्जा, पेट्रोल, कोईला र दूरसंचार (फ्रिक्वेन्सी) रहेको अध्ययनबाट देखिएको हुँदा यस किसिमका स्रोतबाट प्राप्त हुने रोयल्टीको व्यवस्थापनका लागि आवश्यक कानुनी व्यवस्था गरि कार्यान्वयन गर्नुपर्ने।

९. अन्य प्राकृतिक स्रोत अन्तर्गत दूरसञ्चार र फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी तथा दस्तुर नेपाल सरकारको राजश्व खातामा जम्मा हुदै आएकोमा उक्त आम्दानीलाई संघीय विभाज्य कोषमा जम्मा गर्न स्पष्ट कानुनी तथा नीतिगत व्यवस्था गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा सोही ऐनको अनुसूची ४ बमोजिम बाँडफाँट गर्नुपर्ने।

१०.पर्वतारोहणबाट प्राप्त रोयल्टी हिमालचुली रहेको स्थानीय सरकार, त्यसको वरिपरिको स्थानीय सरकार, आधार शिविर रहेको स्थान, लश्कर मार्ग लगायत हिमालचुली आरोहणबाट प्रभावित हुने क्षेत्रमा हिमालचुली संरक्षण तथा सम्बर्द्धनमा उपयोग गर्नुपर्ने।

११.विद्युतबाट प्राप्त रोयल्टी विद्युत आयोजना सञ्चालनमा दिगोपन ल्याउने एवम् विद्युत आयोजना रहेको मुख्य क्षेत्र, वरिपरिका प्रभावित क्षेत्र र उपल्लो तथा तल्लो तटीय प्रभावित क्षेत्रको जनसंख्यालाई लाभ हुने गरी उपयोग गर्नुपर्ने।

१२.आयोगबाट रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस गर्दा कानूनमा भएको व्यवस्था बमोजिम परिचालित प्राकृतिक स्रोतको निकटतम् प्रभावको अनुपातका आधारमा सम्बन्धित प्रदेश र स्थानीय सरकारलाई रोयल्टीको हिस्सा प्राप्त हुने गरी सिफारिस गरिएको भएतापनि यस प्रकारको रोयल्टीको हिस्सा नै प्राप्त गर्न नसकेका प्रदेश तथा स्थानीय सरकारलाई नेपाल सरकार तथा प्रदेशले प्राप्त गर्ने रोयल्टीको हिस्साबाट समन्यायिकताका आधारमा सम्बोधन गर्न संघ तथा प्रदेश सरकारले आफूले प्राप्त गरेको रोयल्टीबाट सम्बन्धित प्राकृतिक स्रोत रहेको स्थानीय सरकार बाहेकका प्राकृतिक स्रोत कम रहेका वा नरहेका स्थानीय सरकारमा समेत वातावरणीय प्रभाव न्यूनीकरण गर्न उपयोग गर्नु पर्ने।

१३.तीनै तहका सरकारले विद्युत आयोजनाको मुहान क्षेत्र वरिपरि सडक निर्माण तथा सुधार लगायतका कार्य गर्दा भू-क्षयबाट रूख, ढुङ्गा, माटो, बालुवा जलाशय तथा मुहानमा पस्नबाट जोगाउन सडकको नाली व्यवस्थापन गर्ने, खनेको माटो खोलामा जान नदिन छेका पर्खाल (Check wall) हरु लगाउने, खनेको माटो सुरक्षित स्थानमा व्यवस्थापन गर्ने, पहिरो नियन्त्रणका लागि वायो-इन्जिनियरिङ्गका कार्यहरु गर्नुपर्ने।

१४.राष्ट्रिय वन र राष्ट्रिय निकुञ्ज अन्तर्गतको संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टीको हकमा वनको अवस्थिति, वनमा आश्रित जनसंख्या, सो वनको परिचालन गर्दा पर्ने प्रभाव क्षेत्रका जनतालाई लाभ पुग्ने, राष्ट्रिय वन र संरक्षित वनको संरक्षण, संवर्द्धन गरी हरियाली प्रवर्द्धन गर्ने कार्यमा उपयोग गर्नुपर्ने।

१५.राष्ट्रिय प्रकृति संरक्षण कोषबाट व्यवस्थापन भएका संरक्षण क्षेत्रबाट प्राप्त हुने आम्दानी रकम संघीय विभाज्य कोषमा जम्मा गर्न स्पष्ट कानुनी तथा नीतिगत व्यवस्था गरी  अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा सोही ऐनको अनुसूची ४ बमोजिम नेपाल सरकारले संघ, प्रदेश र स्थानीय तहमा क्रमश: ५०,२५,२५ प्रतिशतका दरले बाँडफाँट गर्नुपर्ने।

१६.खानी तथा खनिज पदार्थबाट प्राप्त रोयल्टी उत्खनन्का लागि अनुमति दिएको खनिज क्षेत्र (Lease Area), खानीका कारण प्रभावित स्थान र सोका कारण प्रभावित जनसंख्याको लागि लाभ पुग्ने, खानी क्षेत्र वरिपरिको प्रदुषण नियन्त्रण र वातावरण संरक्षण तथा प्रबर्द्धन गर्ने गरी स्वीकृत वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनमा उल्लेख नभएका कार्यमा मात्र उपयोग गर्नुपर्ने। स्वीकृत वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनको प्रभावकारी कार्यान्वयन सम्बन्धित खानी संचालनकर्ताबाट गर्ने व्यवस्था मिलाउनुपर्ने।

१७.अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम आयोगको सिफारिसमा नेपाल सरकारद्वारा संघ, प्रदेश र स्थानीय सरकारलाई बाँडफाँट तथा वितरण गरेको प्राकृतिक स्रोत परिचालनबाट प्राप्त रोयल्टी प्राकृतिक स्रोतको अवस्थिति र सो वरिपरिका प्रभावित क्षेत्र तथा जनसंख्यालाई हित हुने गरी उपयोग गर्नुपर्ने। माथि सुझावको बुँदा नं. १३, १४ र १६ को सम्बन्धमा विभिन्न प्राकृतिक स्रोत परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटबाट प्राप्त भएको रकम सम्बन्धित प्रस्तावकको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा नपरेका देहायका संभावित क्षेत्रहरु समेतमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले सम्बन्धित सञ्चित कोषबाट विनियोजन गरी उपयोग गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने ।

| सि. नं. | रोयल्टी शीर्षक | **प्राकृतिक स्रोत परिचालनबाट प्राप्त रोयल्टी उपयोगका संभावित क्षेत्रहरु** |
|---|---|---|
| १. | पर्वतारोहण | • लश्कर मार्ग वा आधार शिविर पहुँच मार्ग निर्माण/मर्मत सुधार कार्य,<br>• पर्यटन पदमार्ग निर्माण/मर्मत सुधार कार्य,<br>• आधार शिविर स्थलमा पुर्वाधार निर्माण/मर्मत सुधार कार्य,<br>• आरोहीका लागि क्याम्पिङ्ग साइट निर्माण/मर्मत सुधार कार्य,<br>• आरोही र कामदारका लागि विश्राम स्थल (Porter shelter) निर्माण/मर्मत सुधार कार्य,<br>• हिमालचुलीमा एङ्कर रोप जडान गर्ने (Anchor rope fixing) कार्य,<br>• आरोहणका क्रममा उत्सर्जित फोहोरमैला संकलन तथा व्यवस्थापन सहितका सरसफाई सम्बन्धी कार्य,<br>• आरोहण सम्बन्धी सूचना तथा संचार केन्द्र निर्माण र संचालन (इन्टरनेट, सूचनामूलक सामग्री, संकेत चिन्ह समेत) सम्बन्धी कार्य,<br>• पर्यटक प्रहरीका लागि प्रहरी विट निर्माण/मर्मत सुधार कार्य,<br>• लश्कर मार्ग वा आधार शिविर पहुँच मार्गमा पर्ने स्वास्थ्य संस्थाको सुधार तथा स्तरोन्नति कार्य,<br>• पर्वतारोहण सेवा सम्बन्धी जनशक्तिका लागि आधारभूत एवं उच्चस्तरीय तालिम तथा सीप विकास एवं चेतनामूलक कार्यक्रम,<br>• आरोहण दल र भरिया/ पोर्टरको खोज तथा उद्दार सम्बन्धी कार्य,<br>• पर्वतीय संग्रहालय निर्माण/मर्मत सुधार कार्य,<br>• पर्वतारोहण आचरण सम्बन्धी आचारसंहिता एवं जानकारी पुस्तिका प्रकाशन तथा वितरण सम्बन्धी कार्य, आदि। |
| २. | विद्युत | • जलाधार क्षेत्रको संरक्षण (नाली व्यवस्थापन, छेका पर्खाल निर्माण, हरित सडक निर्माण, वायो-इन्जिनियरिङ्ग प्रविधि अवलम्वन, जलाशय संरक्षण तथा नदी नियन्त्रण) सम्वन्धी कार्य,<br>• संरचना रहेको क्षेत्र वरिपरि पुनर्भरण वा रिचार्ज पोखरी निर्माण तथा संरक्षण/मर्मत सुधार कार्य,<br>• जलस्रोतको दिगो उपयोग, जलाधार व्यवस्थापन (Water-shed Management) र जलविद्युत संरचना संरक्षण सम्बन्धी स्थानीय जनतालाई सचेतनामूलक कार्यक्रम,<br>• तल्लो तटीय सुख्खा क्षेत्रमा सिंचाई तथा खानेपानी संरचना निर्माण तथा मर्मत संभार कार्य,<br>• ग्रामीण विद्युतीकरण सम्बन्धी कार्य,<br>• तल्लो तटीय क्षेत्रमा नदी नियन्त्रण र संरक्षण सम्बन्धी कार्य,<br>• बाँध/इन्टेक वरिपरिको जलाशयमा माछापालन कार्य,<br>• विस्थापन भै पुनःस्थापित परिवार तथा नदीको पानीमा आश्रित समुदायका लागि सीप विकास कार्यक्रम,<br>• प्राकृतिक विपद पूर्व सावधानी तथा उद्दार कार्य,<br>• जलाशयमा आधरित पर्या-पर्यटन र अन्य उद्यम संचालन गर्ने, आदि। |

| सि. नं. | रोयल्टी शीर्षक | प्राकृतिक स्रोत परिचालनबाट प्राप्त रोयल्टी उपयोगका संभावित क्षेत्रहरु |
|---|---|---|
| ३. | वन | • नाङ्गोस्थान/खाली डाँडा/खुला जमिन तथा आगलागी एवम् पहिरोबाट क्षति पुगेको वनमा वृक्षारोपण र हरियाली प्रर्वद्धन सम्वन्धी कार्य,<br>• अग्नी नियन्त्रण रेखा निर्माण/व्यवस्थापन सम्बन्धी कार्य,<br>• प्रकोप तथा पहिरो नियन्त्रण एवम् जलाधार क्षेत्र संरक्षण कार्य,<br>• वन्यजन्तु र मानव बीचको द्वन्द्व व्यवस्थापनका लागि पूर्वाधार निर्माण तथा राहत वितरण कार्य,<br>• मनोरन्जन पार्क, उद्यान निर्माण तथा संरक्षण कार्य,<br>• संरक्षित क्षेत्रभित्र आवश्यक पूर्वाधार (मचान, पोखरी, बाटो, पुल) निर्माण/मर्मत संभार कार्य,<br>• ताल तलैया तथा पोखरीहरुको संरक्षण, सम्वर्द्धन तथा निर्माण कार्य,<br>• जैविक विविधता, वन्यजन्तु र तिनको वासस्थान तथा दूर्लभ वन्यजन्तु र वनस्पतिको संरक्षण तथा व्यवस्थापन कार्य,<br>• जडिवुटी खेती तथा हरित एवम् गैरकाष्ठ उद्यम प्रवर्द्धन कार्य,<br>• वन पैदावारको संरक्षण तथा दिगो उपयोग सम्बन्धी सचेतनामूलक कार्यक्रम र पर्यापर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम,<br>• संरक्षित क्षेत्रहरुबाट प्रभावित समुदायको लागि आयमूलक कार्यक्रम,<br>• प्राकृतिक सम्पदाको अभिलेख (Information about natural heritage),<br>• वन तथा वातावरण सम्बन्धी आचारसंहिता निर्माण,<br>• प्राकृतिक पुनर्उत्पादन कार्यक्रम (Natural regeneration program),<br>• दिगो वन व्यवस्थापन सम्बन्धी कार्य,<br>• संरक्षण शिक्षा कार्यक्रम,<br>• लोपोन्मुख प्रजातिहरुको संरक्षण एवम् व्यवस्थापन,<br>• अवैध वनजन्य नियन्त्रण एवम् रोकथाम कार्य, आदि। |
| ४. | खानी तथा खनिज | • खनिज पदार्थको उत्खनन्, उत्पादन, संरक्षण, प्रवर्द्धन, सम्वर्द्धन र विकास सम्बन्धी कार्य,<br>• खनिज पदार्थ ढुवानी सडकपेटी निर्माण कार्य,<br>• खनिज क्षेत्र वरिपरि स्थानीय बासिन्दाहरुको लागि वैकल्पिक पैदलमार्ग निर्माण कार्य,<br>• खानी संचालनका समयमा विद्यालय एवम् बस्ती क्षेत्रमा आवतजावतका लागि सडक पार गर्न आकाशे पुल (Overhead bridge) निर्माण कार्य,<br>• उत्खनन् क्षेत्रमा छेकवार (Barricade) निर्माण तथा व्यवस्थापन कार्य,<br>• खानीबाट निष्कासित विकार (Wastage) व्यवस्थापन सम्बन्धी कार्य,<br>• खनिज क्षेत्रको सहजीकरण सम्बन्धी कार्य,<br>• खनिज उत्खनन् स्थलदेखि उत्पादन स्थलसम्मको वातावरणीय संरक्षण एवम् प्रवर्द्धन तथा सो क्षेत्रमा पर्न सक्ने जोखिम न्यूनीकरण कार्यक्रम,<br>• खनिज क्षेत्रबाट प्रभावित समुदायको लागि सचेतना एवम् रोजगार प्रवर्द्धन सम्वन्धी कार्यक्रम,<br>• खनिज पदार्थको अभिलेख व्यवस्थापन कार्य, आदि। |

*द्रष्टव्यः*

1. *चालु आर्थिक वर्ष २०७८/७९ मा प्राकृतिक स्रोतको रोयल्टीबाट संघीय विभाज्य कोषमा जम्मा भएको कूल रोयल्टी मध्ये आगामी आर्थिक वर्ष २०७९/८० का लागि कानून बमोजिम ५० प्रतिशत रकमको हिस्सा स्वतः नेपाल सरकारलाई जाने हुँदा बाँकी २५ प्रतिशत सम्बन्धित प्रदेशले प्राप्त गर्ने रोयल्टीको हिस्सा बाँडफाँट तालिका ३.१६ मा र २५ प्रतिशत सम्बन्धित स्थानीय सरकारले प्राप्त गर्ने गरी रोयल्टीको हिस्सा बाँडफाँट तालिका ३.१७ मा समावेश गरिएको छ।*
2. *सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई आयोगबाट सिफारिस गरिएको रोयल्टीको हिस्साका आधारमा रोयल्टी वितरण गर्ने समयमा संकलित रकमले रोयल्टीको हिस्सालाई गुणन (हिस्सा × संकलित रोयल्टी = बाँडफाँट गरिने रोयल्टी) गरी वास्तविक रोयल्टी सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई बाँडफाँट एवम् वितरण गर्नुपर्नेछ।*

## तालिका ३.१६ - आर्थिक बर्ष २०७८/७९ को रोयल्टी बाँडफाँटको सिफारिस गर्दा बागमती प्रदेश सरकारले प्राप्त गर्ने रोयल्टी बाँडफाँटको हिस्सा

**i. पर्वतारोहण**

| क्र. सं. | हिमचुलीको नाम | प्रदेश | रोयल्टीको हिस्सा बाँडफाँट |
|---|---|---|---|
| १ | Ama Dablam (6814 m.) | बागमती प्रदेश | ०.०९९ |
| २ | Baden Powell Scout Peak (Urkema Peak) # (5890 m.) | बागमती प्रदेश | १ |
| ३ | Bhemdang Ri (6150m.) | बागमती प्रदेश | १ |
| ४ | Cho-Oyu (8201m.) | बागमती प्रदेश | ०.०९९ |
| ५ | Chobuje (6685m.) | बागमती प्रदेश | ०.९०४९ |
| ६ | Dorje Lyakpa (6966m.) | बागमती प्रदेश | १ |
| ७ | Ganja-la Chuli (Naya Kanga) (5863m.) | बागमती प्रदेश | १ |
| ८ | Gyalzen Peak(6151m.) | बागमती प्रदेश | १ |
| ९ | Imja Tse(Island Peak) (6165m.) | बागमती प्रदेश | ०.०९९ |
| १० | Kwangde (6086m.) | बागमती प्रदेश | ०.०९९ |
| ११ | Kyungya Ri 2 (6506m) | बागमती प्रदेश | १ |
| १२ | Langdung (6326 m.) | बागमती प्रदेश | ०.७०२ |
| १३ | Lhoste (8516m.) | बागमती प्रदेश | ०.०९९ |
| १४ | Lobuje (6119m.) (east) | बागमती प्रदेश | ०.०९९ |
| १५ | Luza Peak (5726m) | बागमती प्रदेश | ०.०९९ |
| १६ | Mt. Amphu 1 (6740m.) | बागमती प्रदेश | ०.०६२७ |
| १७ | Mt. Chukyima Go (6258m.) | बागमती प्रदेश | ०.८८८४ |
| १८ | Mt. Dolma Khang (6332m.) | बागमती प्रदेश | ०.९०४९ |
| १९ | Mt. Khang Karpo (6646m.) | बागमती प्रदेश | ०.४९८४ |
| २० | Mt. Khangchung (UIAA Peak) 6063m. | बागमती प्रदेश | ०.०९९ |
| २१ | Mt. Khangtega (6783m.) | बागमती प्रदेश | ०.०९९ |
| २२ | Mt. Langtang Ri (7205m.) | बागमती प्रदेश | १ |
| २३ | Mt. Linku Chuli II (6659m.) | बागमती प्रदेश | ०.८८८४ |
| २४ | Mt. Tengi Ragi Tau (6938m.) | बागमती प्रदेश | ०.४८६२ |
| २५ | Mt. Tengkangpoche (6482m.) | बागमती प्रदेश | ०.०९९ |
| २६ | Mt. Thakar Go East (6152m.) | बागमती प्रदेश | ०.९०४९ |
| २७ | Mt.ABI (6043m.) | बागमती प्रदेश | ०.०९९ |
| २८ | Mt.Chekigo | बागमती प्रदेश | ०.९०४९ |
| २९ | Mt.Cholatse (6440m.) | बागमती प्रदेश | ०.०९९ |
| ३० | Mt.Kyazo Ri (6186m.) | बागमती प्रदेश | ०.०९९ |
| ३१ | Mt.Langsisa Ri (6412m.) | बागमती प्रदेश | १ |
| ३२ | Mt.Lobuje West (6135m.) | बागमती प्रदेश | ०.०९९ |
| ३३ | Mt.Nirekha (6159m.) | बागमती प्रदेश | ०.०९९ |
| ३४ | Mt.Ombigaichen (6340m.) | बागमती प्रदेश | ०.०७४ |
| ३५ | Mt.Phari Lapcha (6017m.) | बागमती प्रदेश | ०.०९९ |
| ३६ | Mt.Yubra Himal (6048m.) | बागमती प्रदेश | १ |
| ३७ | Nuptse (7855 m.) | बागमती प्रदेश | ०.०९९ |

| क्र. सं. | हिमचुलीको नाम | प्रदेश | रोयल्टीको हिस्सा बाँडफाँट |
|---|---|---|---|
| ३८ | Paldor Peak (5903m.) | बागमती प्रदेश | ०.८९८५ |
| ३९ | Pharchamo (6279m.) | बागमती प्रदेश | ०.४८६२ |
| ४० | Pumori (7161 m.) | बागमती प्रदेश | ०.०९९ |
| ४१ | Ramdung (5900m.) | बागमती प्रदेश | ०.८७९ |
| ४२ | Sagarmatha (8848m.) | बागमती प्रदेश | ०.०९९ |

**ii. विद्युत**

| सि. नं. | आयोजनाको नाम | क्षमता (मेगावाट) | प्रदेश | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|
| १ | Ankhu Khola - 1 | ७ | बागमती प्रदेश | १ |
| २ | Bagmati | २२ | बागमती प्रदेश | १ |
| ३ | Baramchi Khola HPP | ४.२ | बागमती प्रदेश | १ |
| ४ | Bhairab Kund Khola | ३ | बागमती प्रदेश | १ |
| ५ | Chake Khola | २.८३ | बागमती प्रदेश | १ |
| ६ | Chaku Khola | ३.२ | बागमती प्रदेश | १ |
| ७ | Charnawati Khola Hydroelectric Project | ३.५२ | बागमती प्रदेश | १ |
| ८ | Chilime | २२.१ | बागमती प्रदेश | १ |
| ९ | Devighat | १४.१ | बागमती प्रदेश | १ |
| १० | Ghatte Khola | ५ | बागमती प्रदेश | १ |
| ११ | Indrawati -III | ७.५ | बागमती प्रदेश | १ |
| १२ | Jhyari Khola | २ | बागमती प्रदेश | १ |
| १३ | Jiri Khola SHP | २.४ | बागमती प्रदेश | १ |
| १४ | Khani Khola | २ | बागमती प्रदेश | १ |
| १५ | Khimti -I | ६० | बागमती प्रदेश | १ |
| १६ | Kulekhani-I | ६० | बागमती प्रदेश | १ |
| १७ | Kulekhani-II | ३२ | बागमती प्रदेश | १ |
| १८ | Kulekhani-III | १४ | बागमती प्रदेश | १ |
| १९ | Likhu Khola 'A' | ५१ | बागमती प्रदेश | ०.३८६४ |
| २० | Likhu-4 | ५२.४ | बागमती प्रदेश | ०.३९८५ |
| २१ | Lower Chaku Khola | १.८ | बागमती प्रदेश | १ |
| २२ | Lower Khare | ११ | बागमती प्रदेश | १ |
| २३ | Lower Tadi | ४.९९३ | बागमती प्रदेश | १ |
| २४ | Mailung Khola | ५ | बागमती प्रदेश | १ |
| २५ | Middle Chaku Khola | १.८ | बागमती प्रदेश | १ |
| २६ | Panauti | २.४ | बागमती प्रदेश | १ |
| २७ | Singati Khola hydropower project | २५ | बागमती प्रदेश | १ |
| २८ | Sipring Khola | १० | बागमती प्रदेश | १ |
| २९ | Sun Koshi | १०.०५ | बागमती प्रदेश | १ |
| ३० | Sunkoshi Small | २.६ | बागमती प्रदेश | १ |
| ३१ | Suri Khola | ७ | बागमती प्रदेश | १ |
| ३२ | Tadi Khola (thaprek) | ५ | बागमती प्रदेश | १ |

| सि. नं. | आयोजनाको नाम | क्षमता (मेगावाट) | प्रदेश | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|
| ३३ | Thoppal Khola | १.६५ | बागमती प्रदेश | १ |
| ३४ | Trishuli | २४ | बागमती प्रदेश | १ |
| ३५ | Tungun - Thosne Khola | ४.३६ | बागमती प्रदेश | १ |
| ३६ | Upper Balephi A | ३६ | बागमती प्रदेश | १ |
| ३७ | Upper Bhotekoshi | ४५ | बागमती प्रदेश | १ |
| ३८ | Upper Chaku A | २२.२ | बागमती प्रदेश | १ |
| ३९ | Upper Tamakoshi HPP | ४५६ | बागमती प्रदेश | १ |
| ४० | Upper Trishuli 3A | ६० | बागमती प्रदेश | १ |

**iii. वन**

- **राष्ट्रिय वन**

| क्र.सं. | प्रदेश | रोयल्टीको हिस्सा |
|---|---|---|
| १ | बागमती प्रदेश | १ |

- **संरक्षित क्षेत्र**

| क्र.सं. | सरक्षित क्षेत्रको नाम | प्रदेश | रोयल्टीको हिस्सा |
|---|---|---|---|
| १ | CHITWAN NP | बागमती प्रदेश | ०.४९३८ |
| २ | LAMTANG NP | बागमती प्रदेश | १ |
| ३ | PARSA NP | बागमती प्रदेश | ०.५०७४ |
| ४ | SHIVAPURI NAGARJUN NP | बागमती प्रदेश | १ |

**iv. खानी तथा खनीज**

| क्र.सं. | उत्खनन् अनुमती पत्र | खनिज पदार्थ | प्रदेश | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|
| १ | ०८/०६६/६७ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| २ | ०९/०६६/६७ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| ३ | १/०७२/७३ | डोलोमाइट | बागमती प्रदेश | १ |
| ४ | १०९/०७४/७५ | क्वारजाइट | बागमती प्रदेश | १ |
| ५ | ११२/०७५/७६ | क्वारजाइट | बागमती प्रदेश | १ |
| ६ | १२०/०७५/७६ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| ७ | १३८/०६७/६८ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| ८ | १४८७/३९३/०३२ | चुनढुङ्गा | बागमती प्रदेश | ०.६४५८ |
| ९ | १५०/३२६/०४२/४३ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| १० | १५५/०७१/७२ | क्वारजाइट | बागमती प्रदेश | १ |
| ११ | १५९९/५४९/०३६/३७ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| १२ | १६१/०६८/६९ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| १३ | १७/०६३/६४ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| १४ | १७४/०६५/६६ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| १५ | २१७/०७१/७२ | स्ल्यावस्टोन | बागमती प्रदेश | १ |
| १६ | २१८/३९४/०४२/४३ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| १७ | २२/०७४/७५ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| १८ | २२१/३९७/४५/४६ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| १९ | २३/०७१/७२ | चुनढुङ्गा | बागमती प्रदेश | १ |

| क.सं. | उत्खनन् अनुमती पत्र | खनिज पदार्थ | प्रदेश | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|
| २० | ३०/०७५/७६ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| २१ | ३३/०७२/७३ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| २२ | ३६/०६३/६४ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| २३ | ४६/०७६/७७ | क्वारजाइट | बागमती प्रदेश | १ |
| २४ | ४७/०६३/६४ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| २५ | ४७/०७६/७७ | खरी | बागमती प्रदेश | १ |
| २६ | ४९/०६७/६८ | मार्वल | बागमती प्रदेश | १ |
| २७ | ५/०७३/७४ | खरी | बागमती प्रदेश | १ |
| २८ | ५२/०७५/७६ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| २९ | ६२/०७०/७१ | क्वारजाइट | बागमती प्रदेश | १ |
| ३० | ६९५/०६६/०६७ | क्वारजाइट | बागमती प्रदेश | १ |
| ३१ | ७०/०७३/७४ | क्वारजाइट | बागमती प्रदेश | १ |
| ३२ | ७५/०७६/७७ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| ३३ | ७७/०७१/७२ | खरी | बागमती प्रदेश | १ |
| ३४ | ७८/०६४/६५ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| ३५ | ७८/०६६/६७ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| ३६ | ७९/०६६/६७ | चुनढुङ्गा | बागमती प्रदेश | १ |
| ३७ | ९/०७६/७७ | क्वारजाइट | बागमती प्रदेश | १ |
| ३८ | ९०/०७४/७५ | क्वारजाइट | बागमती प्रदेश | १ |
| ३९ | ९२/०७१/७२ | क्वारजाइट | बागमती प्रदेश | १ |

**तालिका ३.१७ - आर्थिक बर्ष २०७८/७९ को रोयल्टी बाँडफाँटको सिफारिस गर्दा बागमती प्रदेश भित्रका स्थानीय सरकारले प्राप्त गर्ने रोयल्टी बाँडफाँटको हिस्सा**

**i. पर्वतारोहण**

| क. सं. | हिमचुलीको नाम | जिल्ला | स्थानीय तहको नाम | स्थानीय तहको कोड | रोयल्टीको हिस्सा बाँडफाँट |
|---|---|---|---|---|---|
| १ | Ama Dablam (6814 m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |
| १ | Ama Dablam (6814 m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| २ | Baden Powell Scout Peak (Urkema Peak) # (5890 m.) | सिन्धुपाल्चोक | पाँचपोखरी थाङपाल गाउँपालिका | ३०२०३ | ०.०४४९ |
| २ | Baden Powell Scout Peak (Urkema Peak) # (5890 m.) | सिन्धुपाल्चोक | मेलम्ची नगरपालिका | ३०२०५ | ०.०४७५ |
| २ | Baden Powell Scout Peak (Urkema Peak) # (5890 m.) | रसुवा | उत्तरगया गाउँपालिका | ३०३०३ | ०.०१४३ |
| २ | Baden Powell Scout Peak (Urkema Peak) # (5890 m.) | रसुवा | गोसाईकुण्ड गाउँपालिका | ३०३०१ | ०.३९२५ |
| २ | Baden Powell Scout Peak (Urkema Peak) # (5890 m.) | सिन्धुपाल्चोक | जुगल गाउँपालिका | ३०२०२ | ०.०५३६ |
| २ | Baden Powell Scout Peak (Urkema Peak) # (5890 m.) | सिन्धुपाल्चोक | हेलम्बु गाउँपालिका | ३०२०४ | ०.३७२९ |
| २ | Baden Powell Scout Peak (Urkema Peak) # (5890 m.) | नुवाकोट | दुप्चेश्वर गाउँपालिका | ३०५०१ | ०.०२६५ |
| २ | Baden Powell Scout Peak (Urkema Peak) # (5890 m.) | रसुवा | कालिका गाउँपालिका | ३०३०४ | ०.०१०५ |
| २ | Baden Powell Scout Peak (Urkema Peak) # (5890 m.) | रसुवा | नौकुण्ड गाउँपालिका | ३०३०५ | ०.०१७१ |

| क्र. सं. | हिमचुलीको नाम | जिल्ला | स्थानीय तहको नाम | स्थानीय तहको कोड | रोयल्टीको हिस्सा बाँडफाँट |
|---|---|---|---|---|---|
| २ | Baden Powell Scout Peak (Urkema Peak) # (5890 m.) | रसुवा | आमाछोदिङमो गाउँपालिका | ३०३०२ | ०.०२०२ |
| ३ | Bhemdang Ri (6150m.) | रसुवा | उत्तरगया गाउँपालिका | ३०३०३ | ०.०२४४ |
| ३ | Bhemdang Ri (6150m.) | सिन्धुपाल्चोक | पाँचपोखरी थाङपाल गाउँपालिका | ३०२०३ | ०.०७३६ |
| ३ | Bhemdang Ri (6150m.) | रसुवा | आमाछोदिङमो गाउँपालिका | ३०३०२ | ०.०३०८ |
| ३ | Bhemdang Ri (6150m.) | रसुवा | गोसाईकुण्ड गाउँपालिका | ३०३०१ | ०.६८०९ |
| ३ | Bhemdang Ri (6150m.) | सिन्धुपाल्चोक | जुगल गाउँपालिका | ३०२०२ | ०.०८४५ |
| ३ | Bhemdang Ri (6150m.) | रसुवा | नौकुण्ड गाउँपालिका | ३०३०५ | ०.०३०३ |
| ३ | Bhemdang Ri (6150m.) | रसुवा | कालिका गाउँपालिका | ३०३०४ | ०.०१९९ |
| ३ | Bhemdang Ri (6150m.) | सिन्धुपाल्चोक | हेलम्बु गाउँपालिका | ३०२०४ | ०.०५५६ |
| ४ | Cho-Oyu (8201m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |
| ४ | Cho-Oyu (8201m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| ५ | Chobuje (6685m.) | दोलखा | बैतेधर गाउँपालिका | ३०१०४ | ०.०३४७ |
| ५ | Chobuje (6685m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.६८०९ |
| ५ | Chobuje (6685m.) | दोलखा | बिगु गाउँपालिका | ३०१०२ | ०.०६०८ |
| ५ | Chobuje (6685m.) | दोलखा | जिरी नगरपालिका | ३०१०५ | ०.०३५४ |
| ५ | Chobuje (6685m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०५०९ |
| ५ | Chobuje (6685m.) | दोलखा | कालिन्चोक गाउँपालिका | ३०१०३ | ०.०४२२ |
| ६ | Dorje Lyakpa (6966m.) | सिन्धुपाल्चोक | ईन्द्रावती गाउँपालिका | ३०२०६ | ०.०३५ |
| ६ | Dorje Lyakpa (6966m.) | सिन्धुपाल्चोक | बलेफी गाउँपालिका | ३०२०८ | ०.०२२७ |
| ६ | Dorje Lyakpa (6966m.) | सिन्धुपाल्चोक | जुगल गाउँपालिका | ३०२०२ | ०.६८०९ |
| ६ | Dorje Lyakpa (6966m.) | सिन्धुपाल्चोक | पाँचपोखरी थाङपाल गाउँपालिका | ३०२०३ | ०.०५२२ |
| ६ | Dorje Lyakpa (6966m.) | सिन्धुपाल्चोक | चौतारा साँगाचोकगढी नगरपालिका | ३०२०७ | ०.०५७१ |
| ६ | Dorje Lyakpa (6966m.) | रसुवा | गोसाईकुण्ड गाउँपालिका | ३०३०१ | ०.०८ |
| ६ | Dorje Lyakpa (6966m.) | सिन्धुपाल्चोक | भोटेकोशी गाउँपालिका | ३०२०१ | ०.०३६५ |
| ६ | Dorje Lyakpa (6966m.) | सिन्धुपाल्चोक | बाहबिसे नगरपालिका | ३०२०९ | ०.०३५६ |
| ७ | Ganja-la Chuli (Naya Kanga) (5863m.) | रसुवा | नौकुण्ड गाउँपालिका | ३०३०५ | ०.०१९१ |
| ७ | Ganja-la Chuli (Naya Kanga) (5863m.) | रसुवा | उत्तरगया गाउँपालिका | ३०३०३ | ०.०१६२ |
| ७ | Ganja-la Chuli (Naya Kanga) (5863m.) | रसुवा | गोसाइकुण्ड गाउँपालिका | ३०३०१ | ०.४११५ |
| ७ | Ganja-la Chuli (Naya Kanga) (5863m.) | सिन्धुपाल्चोक | हेलम्बु गाउँपालिका | ३०२०४ | ०.०३७४ |
| ७ | Ganja-la Chuli (Naya Kanga) (5863m.) | सिन्धुपाल्चोक | पाँचपोखरी थाङपाल गाउँपालिका | ३०२०३ | ०.३३४२ |
| ७ | Ganja-la Chuli (Naya Kanga) (5863m.) | सिन्धुपाल्चोक | मेलम्ची नगरपिलका | ३०२०५ | ०.०५१७ |
| ७ | Ganja-la Chuli (Naya Kanga) (5863m.) | सिन्धुपाल्चोक | इन्द्रावति गाउँपालिका | ३०२०६ | ०.०३२८ |

| क्र. सं. | हिमचुलीको नाम | जिल्ला | स्थानीय तहको नाम | स्थानीय तहको कोड | रोयल्टीको हिस्सा बाँडफाँट |
|---|---|---|---|---|---|
| ७ | Ganja-la Chuli (Naya Kanga) (5863m.) | रसुवा | आमाछोदिङमो गाउँपालिका | ३०३०२ | ०.०२३५ |
| ७ | Ganja-la Chuli (Naya Kanga) (5863m.) | रसुवा | कालिका गाउँपालिका | ३०३०४ | ०.०११६ |
| ७ | Ganja-la Chuli (Naya Kanga) (5863m.) | सिन्धुपाल्चोक | जुगल गाउँपालिका | ३०२०२ | ०.०६२ |
| ८ | Gyalzen Peak(6151m.) | सिन्धुपाल्चोक | पाँचपोखरी थाङपाल गाउँपालिका | ३०२०३ | ०.०५२२ |
| ८ | Gyalzen Peak(6151m.) | सिन्धुपाल्चोक | जुगल गाउँपालिका | ३०२०२ | ०.६८०९ |
| ८ | Gyalzen Peak(6151m.) | सिन्धुपाल्चोक | ईन्द्रावती गाउँपालिका | ३०२०६ | ०.०३५ |
| ८ | Gyalzen Peak(6151m.) | सिन्धुपाल्चोक | बाह्रबिसे नगरपालिका | ३०२०९ | ०.०३५६ |
| ८ | Gyalzen Peak(6151m.) | सिन्धुपाल्चोक | बलेफी गाउँपालिका | ३०२०८ | ०.०२२७ |
| ८ | Gyalzen Peak(6151m.) | सिन्धुपाल्चोक | भोटेकोशी गाउँपालिका | ३०२०१ | ०.०३६५ |
| ८ | Gyalzen Peak(6151m.) | सिन्धुपाल्चोक | चौतारा साँगाचोकगढी नगरपालिका | ३०२०७ | ०.०५७१ |
| ८ | Gyalzen Peak(6151m.) | रसुवा | गोसाईकुण्ड गाउँपालिका | ३०३०१ | ०.०८ |
| ९ | Imja Tse(Island Peak) (6165m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| ९ | Imja Tse(Island Peak) (6165m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |
| १० | Kwangde (6086m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| १० | Kwangde (6086m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |
| ११ | Kyungya Ri 2 (6506m) | रसुवा | गोसाईकुण्ड गाउँपालिका | ३०३०१ | ०.६८०९ |
| ११ | Kyungya Ri 2 (6506m) | रसुवा | कालिका गाउँपालिका | ३०३०४ | ०.०१९९ |
| ११ | Kyungya Ri 2 (6506m) | रसुवा | नौकुण्ड गाउँपालिका | ३०३०५ | ०.०३०३ |
| ११ | Kyungya Ri 2 (6506m) | रसुवा | आमाछोदिङमो गाउँपालिका | ३०३०२ | ०.०३०८ |
| ११ | Kyungya Ri 2 (6506m) | रसुवा | उत्तरगया गाउँपालिका | ३०३०३ | ०.०२४४ |
| ११ | Kyungya Ri 2 (6506m) | सिन्धुपाल्चोक | जुगल गाउँपालिका | ३०२०२ | ०.०८४५ |
| ११ | Kyungya Ri 2 (6506m) | सिन्धुपाल्चोक | हेलम्बु गाउँपालिका | ३०२०४ | ०.०५५६ |
| ११ | Kyungya Ri 2 (6506m) | सिन्धुपाल्चोक | पाँचपोखरी थाङपाल गाउँपालिका | ३०२०३ | ०.०७३६ |
| १२ | Langdung (6326 m.) | दोलखा | जिरी नगरपालिका | ३०१०५ | ०.१११ |
| १२ | Langdung (6326 m.) | दोलखा | बैतेधर गाउँपालिका | ३०१०४ | ०.१०८८ |
| १२ | Langdung (6326 m.) | दोलखा | कालिन्चोक गाउँपालिका | ३०१०३ | ०.१३२२ |
| १२ | Langdung (6326 m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.१५९४ |
| १२ | Langdung (6326 m.) | दोलखा | बिगु गाउँपालिका | ३०१०२ | ०.१९०६ |
| १३ | Lhoste (8516m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |
| १३ | Lhoste (8516m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| १४ | Lobuje (6119m.) (east) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| १४ | Lobuje (6119m.) (east) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |
| १५ | Luza Peak (5726m) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| १५ | Luza Peak (5726m) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |

| क्र. सं. | हिमचुलीको नाम | जिल्ला | स्थानीय तहको नाम | स्थानीय तहको कोड | रोयल्टीको हिस्सा बाँडफाँट |
|---|---|---|---|---|---|
| १६ | Mt. Amphu 1 (6740m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०२८२ |
| १६ | Mt. Amphu 1 (6740m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०३४४ |
| १७ | Mt. Chukyima Go (6258m.) | रामेछाप | गोकुलगगां गाउँपालिका | ३१००२ | ०.०१९६ |
| १७ | Mt. Chukyima Go (6258m.) | दोलखा | बैतेधर गाउँपालिका | ३०१०४ | ०.०१५८ |
| १७ | Mt. Chukyima Go (6258m.) | दोलखा | कालिन्चोक गाउँपालिका | ३०१०३ | ०.०१९५ |
| १७ | Mt. Chukyima Go (6258m.) | रामेछाप | लिखुतामाकोसी गाउँपालिका | ३१००३ | ०.०१९३ |
| १७ | Mt. Chukyima Go (6258m.) | दोलखा | बिगु गाउँपालिका | ३०१०२ | ०.०३१५ |
| १७ | Mt. Chukyima Go (6258m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.३७१८ |
| १७ | Mt. Chukyima Go (6258m.) | दोलखा | जिरी नगरपालिका | ३०१०५ | ०.०१७२ |
| १७ | Mt. Chukyima Go (6258m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.३९३७ |
| १८ | Mt. Dolma Khang (6332m.) | दोलखा | कालिन्चोक गाउँपालिका | ३०१०३ | ०.०४२२ |
| १८ | Mt. Dolma Khang (6332m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.६८०९ |
| १८ | Mt. Dolma Khang (6332m.) | दोलखा | बिगु गाउँपालिका | ३०१०२ | ०.०६०८ |
| १८ | Mt. Dolma Khang (6332m.) | दोलखा | जिरी नगरपालिका | ३०१०५ | ०.०३५४ |
| १८ | Mt. Dolma Khang (6332m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०५०९ |
| १८ | Mt. Dolma Khang (6332m.) | दोलखा | बैतेधर गाउँपालिका | ३०१०४ | ०.०३४७ |
| १९ | Mt. Khang Karpo (6646m.) | दोलखा | बिगु गाउँपालिका | ३०१०२ | ०.०२७३ |
| १९ | Mt. Khang Karpo (6646m.) | दोलखा | बैतेधर गाउँपालिका | ३०१०४ | ०.०१४६ |
| १९ | Mt. Khang Karpo (6646m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०२२६ |
| १९ | Mt. Khang Karpo (6646m.) | दोलखा | कालिन्चोक गाउँपालिका | ३०१०३ | ०.०१७९ |
| १९ | Mt. Khang Karpo (6646m.) | दोलखा | जिरी नगरपालिका | ३०१०५ | ०.०१५४ |
| १९ | Mt. Khang Karpo (6646m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.३७८ |
| १९ | Mt. Khang Karpo (6646m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०२२६ |
| २० | Mt. Khangchung (UIAA Peak) 6063m. | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| २० | Mt. Khangchung (UIAA Peak) 6063m. | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |
| २१ | Mt. Khangtega (6783m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| २१ | Mt. Khangtega (6783m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |
| २२ | Mt. Langtang Ri (7205m.) | सिन्धुपाल्चोक | हेलम्बु गाउँपालिका | ३०२०४ | ०.०५५६ |
| २२ | Mt. Langtang Ri (7205m.) | रसुवा | गोसाइकुण्ड गाउँपालिका | ३०३०१ | ०.६८०९ |
| २२ | Mt. Langtang Ri (7205m.) | रसुवा | उत्तरगया गाउँपालिका | ३०३०३ | ०.०२४४ |
| २२ | Mt. Langtang Ri (7205m.) | सिन्धुपाल्चोक | पाँचपोखरी थाङपाल गाउँपालिका | ३०२०३ | ०.०७३६ |
| २२ | Mt. Langtang Ri (7205m.) | रसुवा | कालिका गाउँपालिका | ३०३०४ | ०.०१९९ |
| २२ | Mt. Langtang Ri (7205m.) | रसुवा | आमाछोदिङमो गाउँपालिका | ३०३०२ | ०.०३०८ |
| २२ | Mt. Langtang Ri (7205m.) | सिन्धुपाल्चोक | जुगल गाउँपालिका | ३०२०२ | ०.०८४५ |
| २२ | Mt. Langtang Ri (7205m.) | रसुवा | नौकुण्ड गाउँपालिका | ३०३०५ | ०.०३०३ |
| २३ | Mt. Linku Chuli II (6659m.) | दोलखा | जिरी नगरपालिका | ३०१०५ | ०.०१७२ |

| क्र. सं. | हिमचुलीको नाम | जिल्ला | स्थानीय तहको नाम | स्थानीय तहको कोड | रोयल्टीको हिस्सा बाँडफाँट |
|---|---|---|---|---|---|
| २३ | Mt. Linku Chuli II (6659m.) | रामेछाप | लिखुतामाकोसी गाउँपालिका | ३१००३ | ०.०१९३ |
| २३ | Mt. Linku Chuli II (6659m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.३९३७ |
| २३ | Mt. Linku Chuli II (6659m.) | दोलखा | कालिञ्चोक गाउँपालिका | ३०१०३ | ०.०१९५ |
| २३ | Mt. Linku Chuli II (6659m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.३७१८ |
| २३ | Mt. Linku Chuli II (6659m.) | रामेछाप | गोकुलगगां गाउँपालिका | ३१००२ | ०.०१९६ |
| २३ | Mt. Linku Chuli II (6659m.) | दोलखा | बैतेधर गाउँपालिका | ३०१०४ | ०.०१५८ |
| २३ | Mt. Linku Chuli II (6659m.) | दोलखा | बिगु गाउँपालिका | ३०१०२ | ०.०३१५ |
| २४ | Mt. Tengi Ragi Tau (6938m.) | दोलखा | बिगु गाउँपालिका | ३०१०२ | ०.०३०२ |
| २४ | Mt. Tengi Ragi Tau (6938m.) | दोलखा | जिरी नगरपालिका | ३०१०५ | ०.०१७ |
| २४ | Mt. Tengi Ragi Tau (6938m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.३७८ |
| २४ | Mt. Tengi Ragi Tau (6938m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०२५ |
| २४ | Mt. Tengi Ragi Tau (6938m.) | दोलखा | कालिञ्चोक गाउँपालिका | ३०१०३ | ०.०१९८ |
| २४ | Mt. Tengi Ragi Tau (6938m.) | दोलखा | बैतेधर गाउँपालिका | ३०१०४ | ०.०१६१ |
| २५ | Mt. Tengkangpoche (6482m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |
| २५ | Mt. Tengkangpoche (6482m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| २६ | Mt. Thakar Go East (6152m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.६८०९ |
| २६ | Mt. Thakar Go East (6152m.) | दोलखा | बिगु गाउँपालिका | ३०१०२ | ०.०६०८ |
| २६ | Mt. Thakar Go East (6152m.) | दोलखा | जिरी नगरपालिका | ३०१०५ | ०.०३५४ |
| २६ | Mt. Thakar Go East (6152m.) | दोलखा | कालिन्चोक गाउँपालिका | ३०१०३ | ०.०४२२ |
| २६ | Mt. Thakar Go East (6152m.) | दोलखा | बैतेधर गाउँपालिका | ३०१०४ | ०.०३४७ |
| २६ | Mt. Thakar Go East (6152m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०५०९ |
| २७ | Mt.ABI (6043m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| २७ | Mt.ABI (6043m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |
| २८ | Mt.Chekigo | दोलखा | बिगु गाउँपालिका | ३०१०२ | ०.०६०८ |
| २८ | Mt.Chekigo | दोलखा | बैतेधर गाउँपालिका | ३०१०४ | ०.०३४७ |
| २८ | Mt.Chekigo | दोलखा | कालिन्चोक गाउँपालिका | ३०१०३ | ०.०४२२ |
| २८ | Mt.Chekigo | दोलखा | जिरी नगरपालिका | ३०१०५ | ०.०३५४ |
| २८ | Mt.Chekigo | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०५०९ |
| २८ | Mt.Chekigo | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.६८०९ |
| २९ | Mt.Cholatse (6440m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |
| २९ | Mt.Cholatse (6440m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| ३० | Mt.Kyazo Ri (6186m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |
| ३० | Mt.Kyazo Ri (6186m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| ३१ | Mt.Langsisa Ri (6412m.) | रसुवा | गोसाइकुण्ड गाउँपालिका | ३०३०१ | ०.६८०९ |
| ३१ | Mt.Langsisa Ri (6412m.) | सिन्धुपाल्चोक | हेलम्बु गाउँपालिका | ३०२०४ | ०.०५५६ |
| ३१ | Mt.Langsisa Ri (6412m.) | सिन्धुपाल्चोक | जुगल गाउँपालिका | ३०२०२ | ०.०८४५ |
| ३१ | Mt.Langsisa Ri (6412m.) | रसुवा | नौकुण्ड गाउँपालिका | ३०३०५ | ०.०३०३ |
| ३१ | Mt.Langsisa Ri (6412m.) | रसुवा | कालिका गाउँपालिका | ३०३०४ | ०.०१९९ |
| ३१ | Mt.Langsisa Ri (6412m.) | सिन्धुपाल्चोक | पाँचपोखरी थाङपाल | ३०२०३ | ०.०७३६ |

| क्र. सं. | हिमचुलीको नाम | जिल्ला | स्थानीय तहको नाम | स्थानीय तहको कोड | रोयल्टीको हिस्सा बाँडफाँट |
|---|---|---|---|---|---|
| | | | गाउँपालिका | | |
| ३१ | Mt.Langsisa Ri (6412m.) | रसुवा | उत्तरगया गाउँपालिका | ३०३०३ | ०.०२४४ |
| ३१ | Mt.Langsisa Ri (6412m.) | रसुवा | आमाछोदिङमो गाउँपालिका | ३०३०२ | ०.०३०८ |
| ३२ | Mt.Lobuje West (6135m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |
| ३२ | Mt.Lobuje West (6135m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| ३३ | Mt.Nirekha (6159m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| ३३ | Mt.Nirekha (6159m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |
| ३४ | Mt.Ombigaichen (6340m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०४०४ |
| ३४ | Mt.Ombigaichen (6340m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०३३६ |
| ३५ | Mt.Phari Lapcha (6017m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |
| ३५ | Mt.Phari Lapcha (6017m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| ३६ | Mt.Yubra Himal (6048m.) | सिन्धुपाल्चोक | हेलम्बु गाउँपालिका | ३०२०४ | ०.०५५६ |
| ३६ | Mt.Yubra Himal (6048m.) | रसुवा | कालिका गाउँपालिका | ३०३०४ | ०.०१९९ |
| ३६ | Mt.Yubra Himal (6048m.) | रसुवा | गोसाइकुण्ड गाउँपालिका | ३०३०१ | ०.६८०९ |
| ३६ | Mt.Yubra Himal (6048m.) | रसुवा | नौकुण्ड गाउँपालिका | ३०३०५ | ०.०३०३ |
| ३६ | Mt.Yubra Himal (6048m.) | सिन्धुपाल्चोक | जुगल गाउँपालिका | ३०२०२ | ०.०८४५ |
| ३६ | Mt.Yubra Himal (6048m.) | सिन्धुपाल्चोक | पाँचपोखरी थाङपाल गाउँपालिका | ३०२०३ | ०.०७३६ |
| ३६ | Mt.Yubra Himal (6048m.) | रसुवा | उत्तरगया गाउँपालिका | ३०३०३ | ०.०२४४ |
| ३६ | Mt.Yubra Himal (6048m.) | रसुवा | आमाछोदिङमो गाउँपालिका | ३०३०२ | ०.०३०८ |
| ३७ | Nuptse (7855 m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |
| ३७ | Nuptse (7855 m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| ३८ | Paldor Peak (5903m.) | रसुवा | गोसाइकुण्ड गाउँपालिका | ३०३०१ | ०.०६९३ |
| ३८ | Paldor Peak (5903m.) | रसुवा | उत्तरगया गाउँपालिका | ३०३०३ | ०.०१९ |
| ३८ | Paldor Peak (5903m.) | धादिङ | गंगाजमुना गाउँपालिका | ३०४०३ | ०.०३९९ |
| ३८ | Paldor Peak (5903m.) | धादिङ | रुविभ्यालि गाउँपालिक | ३०४०१ | ०.३६४३ |
| ३८ | Paldor Peak (5903m.) | धादिङ | खनियावास गाउँपालिका | ३०४०२ | ०.०२४६ |
| ३८ | Paldor Peak (5903m.) | रसुवा | आमाछोदिङमो गाउँपालिका | ३०३०२ | ०.३८१४ |
| ३९ | Pharchamo (6279m.) | दोलखा | जिरी नगरपालिका | ३०१०५ | ०.०१७ |
| ३९ | Pharchamo (6279m.) | दोलखा | बिगु गाउँपालिका | ३०१०२ | ०.०३०२ |
| ३९ | Pharchamo (6279m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.३७८ |
| ३९ | Pharchamo (6279m.) | दोलखा | बैतेधर गाउँपालिका | ३०१०४ | ०.०१६१ |
| ३९ | Pharchamo (6279m.) | दोलखा | कालिञ्चोक गाउँपालिका | ३०१०३ | ०.०१९८ |
| ३९ | Pharchamo (6279m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०२५ |
| ४० | Pumori (7161 m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| ४० | Pumori (7161 m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |
| ४१ | Ramdung (5900m.) | दोलखा | बिगु गाउँपालिका | ३०१०२ | ०.०३४२ |

| क्र. सं. | हिमचुलीको नाम | जिल्ला | स्थानीय तहको नाम | स्थानीय तहको कोड | रोयल्टीको हिस्सा बाँडफाँट |
|---|---|---|---|---|---|
| ४१ | Ramdung (5900m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.३१८६ |
| ४१ | Ramdung (5900m.) | दोलखा | कालिञ्चोक गाउँपालिका | ३०१०३ | ०.०२११ |
| ४१ | Ramdung (5900m.) | दोलखा | जिरी नगरपालिका | ३०१०५ | ०.०१८६ |
| ४१ | Ramdung (5900m.) | रामेछाप | गोकुलगगां गाउँपालिका | ३१००२ | ०.०२१२ |
| ४१ | Ramdung (5900m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.४२७२ |
| ४१ | Ramdung (5900m.) | दोलखा | बैतेधर गाउँपालिका | ३०१०४ | ०.०१७१ |
| ४१ | Ramdung (5900m.) | रामेछाप | लिखुतामाकोसी गाउँपालिका | ३१००३ | ०.०२१ |
| ४२ | Sagarmatha (8848m.) | दोलखा | गौरिशंकर गाउँपालिका | ३०१०१ | ०.०५३९ |
| ४२ | Sagarmatha (8848m.) | रामेछाप | उमाकुण्ड गाउँपालिका | ३१००१ | ०.०४५१ |

**ii. विद्युत**

| सि. नं. | आयोजनाको नाम | क्षमता (मेगावाट) | स्थानीय तहको कोड | स्थानीय तहको नाम | जिल्ला | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|---|---|
| १ | Ankhu Khola - 1 | ७ | ३०४०३ | गंङ्गा जमुना गाउँपालिका | धादिङ | ०.२ |
| १ | Ankhu Khola - 1 | ७ | ३०४०४ | त्रिपुरासुन्दरी गाउँपालिका | धादिङ | ०.६५१७ |
| १ | Ankhu Khola - 1 | ७ | ३०४०५ | नेत्रावती डबजोङ गाउँपालिका | धादिङ | ०.१४८३ |
| २ | Bagmati | २२ | ३०८०६ | बागमती गाउँपालिका | ललितपुर | ०.३५९ |
| २ | Bagmati | २२ | ३१२०१ | ईन्द्रसरोवर गाउँपालिका | मकवानपुर | ०.०७८६ |
| २ | Bagmati | २२ | ३१२०७ | भिमफेदी गाउँपालिका | मकवानपुर | ०.५६२४ |
| ३ | Baramchi Khola HPP | ४.२ | ३०२०२ | जुगल गाउँपालिका | सिन्धुपाल्चोक | ०.७८४ |
| ३ | Baramchi Khola HPP | ४.२ | ३०२०८ | बलेफी गाउँपालिका | सिन्धुपाल्चोक | ०.२१६ |
| ४ | Bhairab Kund Khola | ३ | ३०२०१ | भोटेकोशी गाउँपालिका | सिन्धुपाल्चोक | १ |
| ५ | Chake Khola | २.८३ | ३१००२ | गोकुलगङ्गा गाउँपालिका | रामेछाप | १ |
| ६ | Chaku Khola | ३.२ | ३०२०१ | भोटेकोशी गाउँपालिका | सिन्धुपाल्चोक | १ |
| ७ | Charnawati Khola Hydroelectric Project | ३.५२ | ३०१०८ | शैलुङ गाउँपालिका | दोलखा | ०.३५७५ |
| ७ | Charnawati Khola Hydroelectric Project | ३.५२ | ३०१०९ | भिमेश्वर नगरपालिका | दोलखा | ०.६४२५ |
| ८ | Chilime | २२.१ | ३०३०१ | गोसाईकुण्ड गाउँपालिका | रसुवा | ०.२१३६ |
| ८ | Chilime | २२.१ | ३०३०२ | आमाछोदिङमो गाउँपालिका | रसुवा | ०.७८६४ |
| ९ | Devighat | १४.१ | ३०५०४ | बिदुर नगरपालिका | नुवाकोट | १ |
| १० | Ghatte Khola | ५ | ३०१०१ | गौरिशंकर गाउँपालिका | दोलखा | १ |
| ११ | Indrawati -III | ७.५ | ३०२०३ | पाँचपोखरी थाङपाल गाउँपालिका | सिन्धुपाल्चोक | ०.५०१७ |
| ११ | Indrawati -III | ७.५ | ३०२०५ | मेलम्ची नगरपालिका | सिन्धुपाल्चोक | ०.४९८३ |
| १२ | Jhyari Khola | २ | ३०२०६ | ईन्द्रावती गाउँपालिका | सिन्धुपाल्चोक | ०.३८६४ |
| १२ | Jhyari Khola | २ | ३०२०७ | चौतारा साँगाचोकगढी नगरपालिका | सिन्धुपाल्चोक | ०.६१३६ |
| १३ | Jiri Khola SHP | २.४ | ३०१०५ | जिरी नगरपालिका | दोलखा | ०.९२८ |

| सि. नं. | आयोजनाको नाम | क्षमता (मेगावाट) | स्थानीय तहको कोड | स्थानीय तहको नाम | जिल्ला | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|---|---|
| १३ | Jiri Khola SHP | २.४ | ३१००२ | गोकुलगङ्गा गाउँपालिका | रामेछाप | ०.०७२ |
| १४ | Khani Khola | २ | ३०८०६ | बागमती गाउँपालिका | ललितपुर | १ |
| १५ | Khimti -I | ६० | ३०१०६ | तामाकोशी गाउँपालिका | दोलखा | ०.५ |
| १५ | Khimti -I | ६० | ३१००२ | गोकुलगङ्गा गाउँपालिका | रामेछाप | ०.३४२१ |
| १५ | Khimti -I | ६० | ३१००३ | लिखु तामाकोसी गाउँपालिका | रामेछाप | ०.०७९४ |
| १५ | Khimti -I | ६० | ३१००५ | मन्थली नगरपालिका | रामेछाप | ०.०७८५ |
| १६ | Kulekhani-I | ६० | ३१२०१ | ईन्द्रसरोवर गाउँपालिका | मकवानपुर | ०.४१५४ |
| १६ | Kulekhani-I | ६० | ३१२०२ | थाहा नगरपालिका | मकवानपुर | ०.३१२८ |
| १६ | Kulekhani-I | ६० | ३१२०७ | भिमफेदी गाउँपालिका | मकवानपुर | ०.२७१८ |
| १७ | Kulekhani-II | ३२ | ३१२०१ | ईन्द्रसरोवर गाउँपालिका | मकवानपुर | ०.३७१४ |
| १७ | Kulekhani-II | ३२ | ३१२०२ | थाहा नगरपालिका | मकवानपुर | ०.२५०९ |
| १७ | Kulekhani-II | ३२ | ३१२०७ | भिमफेदी गाउँपालिका | मकवानपुर | ०.३७७७ |
| १८ | Kulekhani-III | १४ | ३१२०१ | ईन्द्रसरोवर गाउँपालिका | मकवानपुर | ०.३५३१ |
| १८ | Kulekhani-III | १४ | ३१२०२ | थाहा नगरपालिका | मकवानपुर | ०.२२०८ |
| १८ | Kulekhani-III | १४ | ३१२०६ | हेटौडा उपमहानगरपालिका | मकवानपुर | ०.०३६४ |
| १८ | Kulekhani-III | १४ | ३१२०७ | भिमफेदी गाउँपालिका | मकवानपुर | ०.३८९७ |
| १९ | Likhu Khola 'A' | ५१ | ३१००१ | उमाकुण्ड गाउँपालिका | रामेछाप | ०.३८६४ |
| २० | Likhu-4 | ५२.४ | ३१००१ | उमाकुण्ड गाउँपालिका | रामेछाप | ०.१८३५ |
| २० | Likhu-4 | ५२.४ | ३१००३ | लिखु तामाकोसी गाउँपालिका | रामेछाप | ०.२१५ |
| २१ | Lower Chaku Khola | १.८ | ३०२०१ | भोटेकोशी गाउँपालिका | सिन्धुपाल्चोक | १ |
| २२ | Lower Khare | ११ | ३०१०१ | गौरिशंकर गाउँपालिका | दोलखा | १ |
| २३ | Lower Tadi | ४.९९३ | ३०५०१ | दुप्चेश्वर गाउँपालिका | नुवाकोट | ०.२८८६ |
| २३ | Lower Tadi | ४.९९३ | ३०५०२ | तादी गाउँपालिका | नुवाकोट | ०.३७५ |
| २३ | Lower Tadi | ४.९९३ | ३०५१० | पन्चकन्या गाउँपालिका | नुवाकोट | ०.३३६४ |
| २४ | Mailung Khola | ५ | ३०३०३ | उत्तरगया गाउँपालिका | रसुवा | ०.९०६९ |
| २४ | Mailung Khola | ५ | ३०३०४ | कालिका गाउँपालिका | रसुवा | ०.०९३१ |
| २५ | Middle Chaku Khola | १.८ | ३०२०१ | भोटेकोशी गाउँपालिका | सिन्धुपाल्चोक | १ |
| २६ | Panauti | २.४ | ३०९०९ | पनौती नगरपालिका | काभ्रेपलाञ्चोक | १ |
| २७ | Singati Khola hydropower project | २५ | ३०१०२ | बिगु गाउँपालिका | दोलखा | ०.३८८८ |
| २७ | Singati Khola hydropower project | २५ | ३०१०३ | कालिन्चोक गाउँपालिका | दोलखा | ०.६११२ |
| २८ | Sipring Khola | १० | ३०१०१ | गौरिशंकर गाउँपालिका | दोलखा | ०.८ |
| २८ | Sipring Khola | १० | ३०१०२ | बिगु गाउँपालिका | दोलखा | ०.२ |
| २९ | Sun Koshi | १०.०५ | ३०२०८ | बलेफी गाउँपालिका | सिन्धुपाल्चोक | ०.३३९८ |
| २९ | Sun Koshi | १०.०५ | ३०२०९ | बाह्रबिसे नगरपालिका | सिन्धुपाल्चोक | ०.०५२४ |
| २९ | Sun Koshi | १०.०५ | ३०२१० | त्रिपुरासुन्दरी गाउँपालिका | सिन्धुपाल्चोक | ०.३००६ |
| २९ | Sun Koshi | १०.०५ | ३०२१२ | सुनकोशी गाउँपालिका | सिन्धुपाल्चोक | ०.३०७२ |
| ३० | Sunkoshi Small | २.६ | ३०२०९ | बाह्रबिसे नगरपालिका | सिन्धुपाल्चोक | ०.६४९७ |
| ३० | Sunkoshi Small | २.६ | ३०२१० | त्रिपुरासुन्दरी गाउँपालिका | सिन्धुपाल्चोक | ०.३५०३ |
| ३१ | Suri Khola | ७ | ३०१०१ | गौरिशंकर गाउँपालिका | दोलखा | १ |

| सि. नं. | आयोजनाको नाम | क्षमता (मेगावाट) | स्थानीय तहको कोड | स्थानीय तहको नाम | जिल्ला | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|---|---|
| ३२ | Tadi Khola (thaprek) | ५ | ३०५०१ | दुप्चेश्वर गाउँपालिका | नुवाकोट | ०.१०३१ |
| ३२ | Tadi Khola (thaprek) | ५ | ३०५०२ | तादी गाउँपालिका | नुवाकोट | ०.५४९९ |
| ३२ | Tadi Khola (thaprek) | ५ | ३०५१० | पन्चकन्या गाउँपालिका | नुवाकोट | ०.३४७ |
| ३३ | Thoppal Khola | १.६५ | ३०४०६ | नीलकण्ठ नगरपालिका | धादिङ | ०.०९५६ |
| ३३ | Thoppal Khola | १.६५ | ३०४०८ | सिद्धलेक गाउँपालिका | धादिङ | ०.९०४४ |
| ३४ | Trishuli | २४ | ३०३०३ | उत्तरगया गाउँपालिका | रसुवा | ०.०४०८ |
| ३४ | Trishuli | २४ | ३०५०४ | बिदुर नगरपालिका | नुवाकोट | ०.९०३३ |
| ३४ | Trishuli | २४ | ३०५०५ | किस्पाङ्ग गाउँपालिका | नुवाकोट | ०.०५५९ |
| ३५ | Tungun - Thosne Khola | ४.३६ | ३०८०४ | कोन्ज्योसोम गाउँपालिका | ललितपुर | ०.३१४६ |
| ३५ | Tungun - Thosne Khola | ४.३६ | ३०८०५ | महाङ्काल गाउँपालिका | ललितपुर | ०.०४०८ |
| ३५ | Tungun - Thosne Khola | ४.३६ | ३०८०६ | बागमती गाउँपालिका | ललितपुर | ०.६४४६ |
| ३६ | Upper Balephi A | ३६ | ३०२०२ | जुगल गाउँपालिका | सिन्धुपाल्चोक | १ |
| ३७ | Upper Bhotekoshi | ४५ | ३०२०१ | भोटेकोशी गाउँपालिका | सिन्धुपाल्चोक | १ |
| ३८ | Upper Chaku A | २२.२ | ३०२०१ | भोटेकोशी गाउँपालिका | सिन्धुपाल्चोक | १ |
| ३९ | Upper Tamakoshi HPP | ४५६ | ३०१०१ | गौरिशंकर गाउँपालिका | दोलखा | ०.२४९७ |
| ३९ | Upper Tamakoshi HPP | ४५६ | ३०१०२ | बिगु गाउँपालिका | दोलखा | ०.७५०३ |
| ४० | Upper Trishuli 3A | ६० | ३०३०३ | उत्तरगया गाउँपालिका | रसुवा | ०.५८८३ |
| ४० | Upper Trishuli 3A | ६० | ३०३०४ | कालिका गाउँपालिका | रसुवा | ०.३ |
| ४० | Upper Trishuli 3A | ६० | ३०५०५ | किस्पाङ्ग गाउँपालिका | नुवाकोट | ०.१११७ |

**iii. वन**

- **राष्ट्रिय वन**

| क्र. सं. | स्थानीय तहको कोड | स्थानीय तहको नाम | जिल्ला | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|
| १ | ३०१०१ | गौरिशंकर गाउँपालिका | दोलखा | ०.११३२ |
| २ | ३०१०२ | बिगु गाउँपालिका | दोलखा | ०.१०५ |
| ३ | ३०१०३ | कालिन्चोक गाउँपालिका | दोलखा | ०.११०६ |
| ४ | ३०१०४ | बैतेस्वर गाउँपालिका | दोलखा | ०.१०५३ |
| ५ | ३०१०५ | जिरी नगरपालिका | दोलखा | ०.११६९ |
| ६ | ३०१०६ | तामाकोशी गाउँपालिका | दोलखा | ०.१०९४ |
| ७ | ३०१०७ | मेलुङ्ग गाउँपालिका | दोलखा | ०.१०५ |
| ८ | ३०१०८ | शैलुङ गाउँपालिका | दोलखा | ०.११४६ |
| ९ | ३०१०९ | भिमेश्वर नगरपालिका | दोलखा | ०.१२ |
| १० | ३०२०१ | भोटेकोशी गाउँपालिका | सिन्धुपाल्चोक | ०.०८१८ |
| ११ | ३०२०२ | जुगल गाउँपालिका | सिन्धुपाल्चोक | ०.०८४६ |
| १२ | ३०२०३ | पाँचपोखरी थाङपाल गाउँपालिका | सिन्धुपाल्चोक | ०.०८४८ |
| १३ | ३०२०४ | हेलम्बु गाउँपालिका | सिन्धुपाल्चोक | ०.०८१५ |

| क्र. सं. | स्थानीय तहको कोड | स्थानीय तहको नाम | जिल्ला | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|
| १४ | ३०२०५ | मेलम्ची नगरपालिका | सिन्धुपाल्चोक | ०.०८५५ |
| १५ | ३०२०६ | ईन्द्रावती गाउँपालिका | सिन्धुपाल्चोक | ०.०८३८ |
| १६ | ३०२०७ | चौतारा साँगाचोकगढी नगरपालिका | सिन्धुपाल्चोक | ०.०९२३ |
| १७ | ३०२०८ | बलेफी गाउँपालिका | सिन्धुपाल्चोक | ०.०७८४ |
| १८ | ३०२०९ | बाह्रबिसे नगरपालिका | सिन्धुपाल्चोक | ०.०८४४ |
| १९ | ३०२१० | त्रिपुरासुन्दरी गाउँपालिका | सिन्धुपाल्चोक | ०.०८१५ |
| २० | ३०२११ | लिसंखु पाखर गाउँपालिका | सिन्धुपाल्चोक | ०.०८१२ |
| २१ | ३०२१२ | सुनकोशी गाउँपालिका | सिन्धुपाल्चोक | ०.०८०२ |
| २२ | ३०३०१ | गोसाईकुण्ड गाउँपालिका | रसुवा | ०.१७५३ |
| २३ | ३०३०२ | आमाछोदिङमो गाउँपालिका | रसुवा | ०.१९१७ |
| २४ | ३०३०३ | उत्तरगया गाउँपालिका | रसुवा | ०.२२११ |
| २५ | ३०३०४ | कालिका गाउँपालिका | रसुवा | ०.१९९४ |
| २६ | ३०३०५ | नौकुण्ड गाउँपालिका | रसुवा | ०.२१२५ |
| २७ | ३०४०१ | रुबी भ्याली गाउँपालिका | धादिङ | ०.०७५६ |
| २८ | ३०४०२ | खनियाबास गाउँपालिका | धादिङ | ०.०७६७ |
| २९ | ३०४०३ | गंङ्गा जमुना गाउँपालिका | धादिङ | ०.०७५५ |
| ३० | ३०४०४ | त्रिपुरासुन्दरी गाउँपालिका | धादिङ | ०.०७४५ |
| ३१ | ३०४०५ | नेत्रावती डबजोङ गाउँपालिका | धादिङ | ०.०७४७ |
| ३२ | ३०४०६ | नीलकण्ठ नगरपालिका | धादिङ | ०.०८१६ |
| ३३ | ३०४०७ | ज्वालामुखी गाउँपालिका | धादिङ | ०.०७३९ |
| ३४ | ३०४०८ | सिद्धलेक गाउँपालिका | धादिङ | ०.०७२४ |
| ३५ | ३०४०९ | बेनीघाट रोराङ्ग गाउँपालिका | धादिङ | ०.०८२९ |
| ३६ | ३०४१० | गजुरी गाउँपालिका | धादिङ | ०.०७९३ |
| ३७ | ३०४११ | गल्छी गाउँपालिका | धादिङ | ०.०७७ |
| ३८ | ३०४१२ | थाक्रे गाउँपालिका | धादिङ | ०.०७७५ |
| ३९ | ३०४१३ | धुनीबेंशी नगरपालिका | धादिङ | ०.०७८४ |
| ४० | ३०५०१ | दुप्चेश्वर गाउँपालिका | नुवाकोट | ०.०८७३ |
| ४१ | ३०५०२ | तादी गाउँपालिका | नुवाकोट | ०.०८०९ |
| ४२ | ३०५०३ | सुर्यगढी गाउँपालिका | नुवाकोट | ०.०७८७ |
| ४३ | ३०५०४ | बिदुर नगरपालिका | नुवाकोट | ०.०९०३ |
| ४४ | ३०५०५ | किस्पाङ्ग गाउँपालिका | नुवाकोट | ०.०८४९ |
| ४५ | ३०५०६ | म्यगङ गाउँपालिका | नुवाकोट | ०.०८६९ |
| ४६ | ३०५०७ | तारकेश्वर गाउँपालिका | नुवाकोट | ०.०८१३ |
| ४७ | ३०५०८ | बेलकोटगढी नगरपालिका | नुवाकोट | ०.०८३३ |
| ४८ | ३०५०९ | लिखु गाउँपालिका | नुवाकोट | ०.०८०४ |
| ४९ | ३०५१० | पन्चकन्या गाउँपालिका | नुवाकोट | ०.०७८९ |
| ५० | ३०५११ | शिवपुरी गाउँपालिका | नुवाकोट | ०.०८४३ |
| ५१ | ३०५१२ | ककनी गाउँपालिका | नुवाकोट | ०.०८२८ |
| ५२ | ३०६०१ | शंङ्खरापुर नगरपालिका | काठमाडौं | ०.०८८९ |
| ५३ | ३०६०२ | कागेश्वरी मनहरा नगरपालिका | काठमाडौं | ०.०८०८ |

| क्र. सं. | स्थानीय तहको कोड | स्थानीय तहको नाम | जिल्ला | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|
| ५४ | ३०६०३ | गोकर्णेश्वर नगरपालिका | काठमाडौं | ०.१०१ |
| ५५ | ३०६०४ | बुढानिलकण्ठ नगरपालिका | काठमाडौं | ०.०९२ |
| ५६ | ३०६०५ | टोखा नगरपालिका | काठमाडौं | ०.०८३९ |
| ५७ | ३०६०६ | तारकेश्वर नगरपालिका | काठमाडौं | ०.०८५५ |
| ५८ | ३०६०७ | नागार्जुन नगरपालिका | काठमाडौं | ०.०९१२ |
| ५९ | ३०६०८ | काठमाण्डौ महानगरपालिका | काठमाडौं | ०.११२५ |
| ६० | ३०६०९ | किर्तिपुर नगरपालिका | काठमाडौं | ०.०७८९ |
| ६१ | ३०६१० | चन्द्रागिरी नगरपालिका | काठमाडौं | ०.०९२२ |
| ६२ | ३०६११ | दक्षिणकाली नगरपालिका | काठमाडौं | ०.०९३१ |
| ६३ | ३०७०१ | चाँगुनारायण नगरपालिका | भक्तपुर | ०.२७५८ |
| ६४ | ३०७०२ | भक्तपुर नगरपालिका | भक्तपुर | ०.१८७४ |
| ६५ | ३०७०३ | मध्यपुर थिमी नगरपालिका | भक्तपुर | ०.१९६८ |
| ६६ | ३०७०४ | सूर्यविनायक नगरपालिका | भक्तपुर | ०.३४ |
| ६७ | ३०८०१ | महालक्ष्मी नगरपालिका | ललितपुर | ०.१४८२ |
| ६८ | ३०८०२ | ललितपुर महानगरपालिका | ललितपुर | ०.१८१२ |
| ६९ | ३०८०३ | गोदावरी नगरपालिका | ललितपुर | ०.१६९५ |
| ७० | ३०८०४ | कोन्ज्योसोम गाउँपालिका | ललितपुर | ०.१६२७ |
| ७१ | ३०८०५ | महाङ्काल गाउँपालिका | ललितपुर | ०.१७२२ |
| ७२ | ३०८०६ | बागमती गाउँपालिका | ललितपुर | ०.१६६२ |
| ७३ | ३०९०१ | चौरीदेउराली गाउँपालिका | काभ्रेपलाञ्चोक | ०.०७ |
| ७४ | ३०९०२ | भुम्लु गाउँपालिका | काभ्रेपलाञ्चोक | ०.०७२४ |
| ७५ | ३०९०३ | मण्डन देउपुर नगरपालिका | काभ्रेपलाञ्चोक | ०.०७१८ |
| ७६ | ३०९०४ | बनेपा नगरपालिका | काभ्रेपलाञ्चोक | ०.०७९८ |
| ७७ | ३०९०५ | धुलिखेल नगरपालिका | काभ्रेपलाञ्चोक | ०.०७३३ |
| ७८ | ३०९०६ | पाँचखाल नगरपालिका | काभ्रेपलाञ्चोक | ०.०७६ |
| ७९ | ३०९०७ | तेमाल गाउँपालिका | काभ्रेपलाञ्चोक | ०.०६९९ |
| ८० | ३०९०८ | नमोबुद्ध नगरपालिका | काभ्रेपलाञ्चोक | ०.०७४८ |
| ८१ | ३०९०९ | पनौती नगरपालिका | काभ्रेपलाञ्चोक | ०.०८३ |
| ८२ | ३०९१० | बेथानचोक गाउँपालिका | काभ्रेपलाञ्चोक | ०.०७८३ |
| ८३ | ३०९११ | रोशी गाउँपालिका | काभ्रेपलाञ्चोक | ०.०८०४ |
| ८४ | ३०९१२ | महाभारत गाउँपालिका | काभ्रेपलाञ्चोक | ०.०८३३ |
| ८५ | ३०९१३ | खानीखोला गाउँपालिका | काभ्रेपलाञ्चोक | ०.०८७ |
| ८६ | ३१००१ | उमाकुण्ड गाउँपालिका | रामेछाप | ०.११६७ |
| ८७ | ३१००२ | गोकुलगङ्गा गाउँपालिका | रामेछाप | ०.१२६५ |
| ८८ | ३१००३ | लिखु तामाकोसी गाउँपालिका | रामेछाप | ०.११९४ |
| ८९ | ३१००४ | रामेछाप नगरपालिका | रामेछाप | ०.१३३२ |
| ९० | ३१००५ | मन्थली नगरपालिका | रामेछाप | ०.१२९२ |
| ९१ | ३१००६ | खाँडादेवी गाउँपालिका | रामेछाप | ०.१२६१ |
| ९२ | ३१००७ | दोरम्बा गाउँपालिका | रामेछाप | ०.१३७७ |
| ९३ | ३१००८ | सुनापती गाउँपालिका | रामेछाप | ०.१११२ |

| क्र. सं. | स्थानीय तहको कोड | स्थानीय तहको नाम | जिल्ला | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|
| ९४ | ३११०१ | दुधौली नगरपालिका | सिन्धुली | ०.११९१ |
| ९५ | ३११०२ | फिक्कल गाउँपालिका | सिन्धुली | ०.१०६९ |
| ९६ | ३११०३ | तीनपाटन गाउँपालिका | सिन्धुली | ०.१२४४ |
| ९७ | ३११०४ | गोलन्जोर गाउँपालिका | सिन्धुली | ०.१०४८ |
| ९८ | ३११०५ | कमलामाई नगरपालिका | सिन्धुली | ०.१२६९ |
| ९९ | ३११०६ | सुनकोशी गाउँपालिका | सिन्धुली | ०.१०१९ |
| १०० | ३११०७ | ध्याङलेख गाउँपालिका | सिन्धुली | ०.१०४४ |
| १०१ | ३११०८ | मरिण गाउँपालिका | सिन्धुली | ०.१०५४ |
| १०२ | ३११०९ | हरिहरपुरगढी गाउँपालिका | सिन्धुली | ०.१०६२ |
| १०३ | ३१२०१ | ईन्द्रसरोवर गाउँपालिका | मकवानपुर | ०.०९३९ |
| १०४ | ३१२०२ | थाहा नगरपालिका | मकवानपुर | ०.०९८३ |
| १०५ | ३१२०३ | कैलाश गाउँपालिका | मकवानपुर | ०.१०१६ |
| १०६ | ३१२०४ | राक्सिराङ्ग गाउँपालिका | मकवानपुर | ०.११७४ |
| १०७ | ३१२०५ | मनहरी गाउँपालिका | मकवानपुर | ०.०९७३ |
| १०८ | ३१२०६ | हेटौडा उपमहानगरपालिका | मकवानपुर | ०.११२ |
| १०९ | ३१२०७ | भिमफेदी गाउँपालिका | मकवानपुर | ०.०९७३ |
| ११० | ३१२०८ | मकवानपुरगढी गाउँपालिका | मकवानपुर | ०.०९०९ |
| १११ | ३१२०९ | बकैया गाउँपालिका | मकवानपुर | ०.०९७३ |
| ११२ | ३१२१० | बागमती गाउँपालिका | मकवानपुर | ०.०९४ |
| ११३ | ३१३०१ | राप्ती नगरपालिका | चितवन | ०.१५०६ |
| ११४ | ३१३०२ | कालिका नगरपालिका | चितवन | ०.१५१५ |
| ११५ | ३१३०३ | इच्छाकामना गाउँपालिका | चितवन | ०.१६५ |
| ११६ | ३१३०४ | भरतपुर महानगरपालिका | चितवन | ०.१६४४ |
| ११७ | ३१३०५ | रत्ननगर नगरपालिका | चितवन | ०.११४ |
| ११८ | ३१३०६ | खैरहनी नगरपालिका | चितवन | ०.११९ |
| ११९ | ३१३०७ | माडी नगरपालिका | चितवन | ०.१३५५ |

- **संरक्षित क्षेत्र**

| क्र.सं | सरक्षित क्षेत्रको नाम | स्थानीय तहको कोड | स्थानीय तहको नाम | जिल्ला | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|---|
| १ | CHITWAN NP | ३१२०५ | मनहरी गाउँपालिका | मकवानपुर | ०.०५१८ |
| १ | CHITWAN NP | ३१३०१ | राप्ती नगरपालिका | चितवन | ०.०६२ |
| १ | CHITWAN NP | ३१३०४ | भरतपुर महानगरपालिका | चितवन | ०.१२९६ |
| १ | CHITWAN NP | ३१३०५ | रत्ननगर नगरपालिका | चितवन | ०.०६७८ |
| १ | CHITWAN NP | ३१३०६ | खैरहनी नगरपालिका | चितवन | ०.०६५ |
| १ | CHITWAN NP | ३१३०७ | माडी नगरपालिका | चितवन | ०.११७७ |
| २ | LAMTANG NP | ३०२०२ | जुगल गाउँपालिका | सिन्धुपाल्चोक | ०.१२४२ |

| क्र.सं | सरक्षित क्षेत्रको नाम | स्थानीय तहको कोड | स्थानीय तहको नाम | जिल्ला | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|---|
| २ | LAMTANG NP | ३०२०३ | पाँचपोखरी थाङपाल गाउँपालिका | सिन्धुपाल्चोक | ०.१४०४ |
| २ | LAMTANG NP | ३०२०४ | हेलम्बु गाउँपालिका | सिन्धुपाल्चोक | ०.११८६ |
| २ | LAMTANG NP | ३०३०३ | उत्तरगया गाउँपालिका | रसुवा | ०.०८३६ |
| २ | LAMTANG NP | ३०३०४ | कालिका गाउँपालिका | रसुवा | ०.१०२१ |
| २ | LAMTANG NP | ३०३०५ | नौकुण्ड गाउँपालिका | रसुवा | ०.१३४ |
| २ | LAMTANG NP | ३०५०१ | दुप्चेश्वर गाउँपालिका | नुवाकोट | ०.१२१८ |
| २ | LAMTANG NP | ३०५०२ | तादी गाउँपालिका | नुवाकोट | ०.०९९३ |
| २ | LAMTANG NP | ३०५०३ | सुर्यगढी गाउँपालिका | नुवाकोट | ०.०७६ |
| ३ | PARSA NP | ३१२०५ | मनहरी गाउँपालिका | मकवानपुर | ०.३०३४ |
| ३ | PARSA NP | ३१२०६ | हेटौडा उपमहानगरपालिका | मकवानपुर | ०.२०४ |
| ४ | SHIVAPURI NAGARJUN NP | ३०२०५ | मेलम्ची नगरपालिका | सिन्धुपाल्चोक | ०.०७९३ |
| ४ | SHIVAPURI NAGARJUN NP | ३०४१३ | धुनीबेंशी नगरपालिका | धादिङ | ०.०७५९ |
| ४ | SHIVAPURI NAGARJUN NP | ३०५११ | शिवपुरी गाउँपालिका | नुवाकोट | ०.१५४ |
| ४ | SHIVAPURI NAGARJUN NP | ३०५१२ | ककनी गाउँपालिका | नुवाकोट | ०.०९४१ |
| ४ | SHIVAPURI NAGARJUN NP | ३०६०१ | शंङ्खरापुर नगरपालिका | काठमाडौं | ०.०७५६ |
| ४ | SHIVAPURI NAGARJUN NP | ३०६०२ | कागेश्वरी मनहरा नगरपालिका | काठमाडौं | ०.०७४४ |
| ४ | SHIVAPURI NAGARJUN NP | ३०६०३ | गोकर्णेश्वर नगरपालिका | काठमाडौं | ०.०८९२ |
| ४ | SHIVAPURI NAGARJUN NP | ३०६०४ | बुढानिलकण्ठ नगरपालिका | काठमाडौं | ०.०९१३ |
| ४ | SHIVAPURI NAGARJUN NP | ३०६०५ | टोखा नगरपालिका | काठमाडौं | ०.०७७३ |
| ४ | SHIVAPURI NAGARJUN NP | ३०६०६ | तारकेश्वर नगरपालिका | काठमाडौं | ०.१०३९ |
| ४ | SHIVAPURI NAGARJUN NP | ३०६०७ | नागार्जुन नगरपालिका | काठमाडौं | ०.०८५ |

**iv. खानी तथा खनीज**

| क्र.सं. | उत्खनन् अनुमती पत्र | खनिज पदार्थ | जिल्ला | स्थानीय तहको नाम | स्थानीय तहको कोड | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|---|---|
| १ | ०८/०६६/६७ | चुनढुङ्गा | ललितपुर | गोदावरी नगरपालिका | ३०८०३ | ०.६२९८ |
| १ | ०८/०६६/६७ | चुनढुङ्गा | ललितपुर | कोन्ज्योसोम गाउँपालिका | ३०८०४ | ०.३७०२ |
| २ | ०९/०६६/६७ | चुनढुङ्गा | ललितपुर | कोन्ज्योसोम गाउँपालिका | ३०८०४ | ०.४१६४ |
| २ | ०९/०६६/६७ | चुनढुङ्गा | ललितपुर | गोदावरी नगरपालिका | ३०८०३ | ०.५८३६ |
| ३ | १/०७२/७३ | डोलोमाइट | धादिङ | बेनीघाट रोराङ्ग गाउँपालिका | ३०४०९ | ०.६१४७ |

| क्र.सं. | उत्खनन् अनुमती पत्र | खनिज पदार्थ | जिल्ला | स्थानीय तहको नाम | स्थानीय तहको कोड | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|---|---|
| ३ | १/०७२/७३ | डोलोमाइट | चितवन | इच्छाकामना गाउँपालिका | ३१३०३ | ०.३८५३ |
| ४ | १०९/०७४/७५ | क्वारजाइट | सिन्धुपाल्चोक | बलेफी गाउँपालिका | ३०२०८ | १ |
| ५ | ११२/०७५/७६ | क्वारजाइट | काभ्रेपलाञ्चोक | बेथानचोक गाउँपालिका | ३०९१० | १ |
| ६ | १२०/०७५/७६ | चुनढुङ्गा | मकवानपुर | भिमफेदी गाउँपालिका | ३१२०७ | १ |
| ७ | १३८/०६७/६८ | चुनढुङ्गा | चितवन | इच्छाकामना गाउँपालिका | ३१३०३ | ०.३६७६ |
| ७ | १३८/०६७/६८ | चुनढुङ्गा | धादिङ | बेनीघाट रोराङ्ग गाउँपालिका | ३०४०९ | ०.६३२४ |
| ८ | १४८७/३९३/०३२ | चुनढुङ्गा | धादिङ | बेनीघाट रोराङ्ग गाउँपालिका | ३०४०९ | ०.६४५८ |
| ९ | १५०/३२६/०४२/४३ | चुनढुङ्गा | मकवानपुर | भिमफेदी गाउँपालिका | ३१२०७ | ०.४८५९ |
| ९ | १५०/३२६/०४२/४३ | चुनढुङ्गा | मकवानपुर | मकवानपुरगढी गाउँपालिका | ३१२०८ | ०.५१४१ |
| १० | १५५/०७१/७२ | क्वारजाइट | सिन्धुपाल्चोक | जुगल गाउँपालिका | ३०२०२ | १ |
| ११ | १५९९/५४९/०३६/३७ | चुनढुङ्गा | मकवानपुर | भिमफेदी गाउँपालिका | ३१२०७ | १ |
| १२ | १६१/०६८/६९ | चुनढुङ्गा | नुवाकोट | पन्चकन्या गाउँपालिका | ३०५१० | ०.२२६४ |
| १२ | १६१/०६८/६९ | चुनढुङ्गा | नुवाकोट | सुर्यगढी गाउँपालिका | ३०५०३ | ०.५३५५ |
| १२ | १६१/०६८/६९ | चुनढुङ्गा | नुवाकोट | तादी गाउँपालिका | ३०५०२ | ०.२३८१ |
| १३ | १७/०६३/६४ | चुनढुङ्गा | चितवन | कालिका नगरपालिका | ३१३०२ | १ |
| १४ | १७४/०६५/६६ | चुनढुङ्गा | मकवानपुर | कैलाश गाउँपालिका | ३१२०३ | १ |
| १५ | २१७/०७१/७२ | स्ल्यावस्टोन | काभ्रेपलाञ्चोक | चौरीदेउराली गाउँपालिका | ३०९०१ | १ |
| १६ | २१८/३९४/०४२/४३ | चुनढुङ्गा | धादिङ | बेनीघाट रोराङ्ग गाउँपालिका | ३०४०९ | १ |
| १७ | २२/०७४/७५ | चुनढुङ्गा | काभ्रेपलाञ्चोक | बेथानचोक गाउँपालिका | ३०९१० | ०.५२६४ |
| १७ | २२/०७४/७५ | चुनढुङ्गा | काभ्रेपलाञ्चोक | पनौती नगरपालिका | ३०९०९ | ०.४७३६ |
| १८ | २२१/३९७/४५/४६ | चुनढुङ्गा | सिन्धुली | दुधौली नगरपालिका | ३११०१ | १ |
| १९ | २३/०७१/७२ | चुनढुङ्गा | चितवन | कालिका नगरपालिका | ३१३०२ | १ |
| २० | ३०/०७५/७६ | चुनढुङ्गा | मकवानपुर | भिमफेदी गाउँपालिका | ३१२०७ | ०.६७४१ |
| २० | ३०/०७५/७६ | चुनढुङ्गा | मकवानपुर | मकवानपुरगढी गाउँपालिका | ३१२०८ | ०.३२५९ |
| २१ | ३३/०७२/७३ | चुनढुङ्गा | मकवानपुर | भिमफेदी गाउँपालिका | ३१२०७ | १ |
| २२ | ३६/०६३/६४ | चुनढुङ्गा | धादिङ | धुनीबेंशी नगरपालिका | ३०४१३ | १ |
| २३ | ४६/०७६/७७ | क्वारजाइट | सिन्धुपाल्चोक | जुगल गाउँपालिका | ३०२०२ | १ |
| २४ | ४७/०६३/६४ | चुनढुङ्गा | मकवानपुर | मकवानपुरगढी गाउँपालिका | ३१२०८ | १ |
| २५ | ४७/०७६/७७ | खरी | दोलखा | तामाकोशी गाउँपालिका | ३०१०६ | १ |
| २६ | ४९/०६७/६८ | मार्वल | मकवानपुर | भिमफेदी गाउँपालिका | ३१२०७ | १ |

| क्र.सं. | उत्खनन् अनुमती पत्र | खनिज पदार्थ | जिल्ला | स्थानीय तहको नाम | स्थानीय तहको कोड | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|---|---|
| २७ | ५/०७३/७४ | खरी | दोलखा | तामाकोशी गाउँपालिका | ३०१०६ | १ |
| २८ | ५२/०७५/७६ | चुनढुङ्गा | धादिङ | बेनीघाट रोराङ्ग गाउँपालिका | ३०४०९ | १ |
| २९ | ६२/०७०/७१ | क्वारजाइट | सिन्धुपाल्चोक | भोटेकोशी गाउँपालिका | ३०२०१ | १ |
| ३० | ६९५/०६६/०६७ | क्वारजाइट | सिन्धुपाल्चोक | जुगल गाउँपालिका | ३०२०२ | १ |
| ३१ | ७०/०७३/७४ | क्वारजाइट | मकवानपुर | हेटौंडा उपमहानगरपालिका | ३१२०६ | १ |
| ३२ | ७५/०७६/७७ | चुनढुङ्गा | मकवानपुर | कैलाश गाउँपालिका | ३१२०३ | ०.४६६५ |
| ३२ | ७५/०७६/७७ | चुनढुङ्गा | मकवानपुर | राक्सिराङ्ग गाउँपालिका | ३१२०४ | ०.५३३५ |
| ३३ | ७७/०७१/७२ | खरी | दोलखा | तामाकोशी गाउँपालिका | ३०१०६ | १ |
| ३४ | ७८/०६४/६५ | चुनढुङ्गा | मकवानपुर | मकवानपुरगढी गाउँपालिका | ३१२०८ | १ |
| ३५ | ७८/०६६/६७ | चुनढुङ्गा | मकवानपुर | भिमफेदी गाउँपालिका | ३१२०७ | ०.२४४ |
| ३५ | ७८/०६६/६७ | चुनढुङ्गा | मकवानपुर | बकैया गाउँपालिका | ३१२०९ | ०.३१५३ |
| ३५ | ७८/०६६/६७ | चुनढुङ्गा | मकवानपुर | मकवानपुरगढी गाउँपालिका | ३१२०८ | ०.४४०७ |
| ३६ | ७९/०६६/६७ | चुनढुङ्गा | मकवानपुर | मकवानपुरगढी गाउँपालिका | ३१२०८ | १ |
| ३७ | ९/०७६/७७ | क्वारजाइट | सिन्धुपाल्चोक | बलेफी गाउँपालिका | ३०२०८ | ०.३३४६ |
| ३७ | ९/०७६/७७ | क्वारजाइट | सिन्धुपाल्चोक | जुगल गाउँपालिका | ३०२०२ | ०.६६५४ |
| ३८ | ९०/०७४/७५ | क्वारजाइट | सिन्धुपाल्चोक | बाह्रबिसे नगरपालिका | ३०२०९ | १ |
| ३९ | ९२/०७१/७२ | क्वारजाइट | काभ्रेपलाञ्चोक | बेथानचोक गाउँपालिका | ३०९१० | १ |

## ३.७ आर्थिक वर्ष २०७८/७९ मा आयोगबाट उपलब्ध गराईएका राय सुझावहरू

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहले वित्तीय अनुदान, राजस्व बाँडफाँट, प्राकृतिक स्रोतको संरक्षण र उपयोग लगायतका विषयमा आयोगको सुझाव माग गरेमा ती तहलाई आवश्यक सुझाव दिने कार्य जिम्मेवारी आयोगलाई तोकेको छ। यस व्यवस्थाको अधिनमा रहेर आर्थिक वर्ष २०७८/०७९ मा एकद्वार प्रणाली मार्फत कर संकलन हुनुपर्ने सम्बन्धमा सिन्धुपाल्चोक जिल्लास्थित खानी सञ्चालकले दिइएको निवेदन उपर उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयलाई सो सम्बन्धी नेपाल सरकारबाट भएको निर्णय कार्यान्वयन गर्न सुझाव गरिएको थियो। साथै, विभिन्न समयमा सङ्घीय संसदका समितिहरू तथा सङ्घीय सरकारका विभिन्न मन्त्रालय, निकाय, अन्तर प्रदेश परिषद्, अन्तर-सरकारी वित्त परिषद्, प्रदेश समन्वय परिषद्, प्रदेश सरकार र स्थानीय तह लगायतले आयोजना गरेका कार्यक्रम तथा छलफलमा समेत आयोगको सहभागिता भई आवश्यक राय तथा सुझावहरू उपलब्ध गराइएको थियो।

# परिच्छेद - चारः
# सिफारिस तथा सुझाव कार्यान्वयनको अवस्था

## ४.१ वित्तीय हस्तान्तरण सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था

आयोगले नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार प्रत्येक वर्ष सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको परिमाण, नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार, प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको परिमाण र प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार सम्बन्धी सिफारिस आर्थिक वर्ष २०७५/७६ देखि गर्दै आएको छ। आर्थिक वर्ष २०७७/७८ मा कार्यान्वयन हुने गरी आयोगबाट भएका सिफारिसहरूको कार्यान्वयनको अवस्था तेस्रो वार्षिक प्रतिवेदनमा समावेश गरिएको थियो। यस परिच्छेदमा आर्थिक वर्ष २०७८/७९ मा कार्यान्वयन भएका तथा आर्थिक वर्ष २०७९/८० मा कार्यान्वयन हुने गरी आयोगबाट भएका सिफारिसहरूको कार्यान्वयनको अवस्थाको विश्लेषण गरिएको छ।

### ४.१.१ नेपाल सरकारबाट बागमती प्रदेश र सो प्रदेशभित्र रहेका स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था

सङ्घीय सञ्चित कोषबाट नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। त्यस्तो अनुदान सम्बन्धमा सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था नेपालको संविधान र अन्य प्रचलित कानुनहरूमा समेत गरिएको छ। साथै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) खण्ड (घ) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने काम, कर्तव्य र अधिकार यस आयोगको हुने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम बागमती प्रदेश सरकार र सो प्रदेश भित्रका स्थानीय सरकारले प्राप्त गर्ने गरी आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को लागि आयोगले सिफारिस गरेका वित्तीय समानीकरण अनुदान तथा सोको कार्यान्वयनको अवस्था तालिका ४.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.१ - वित्तीय समानीकरण अनुदान सम्बन्धी सिफारिस तथा सोको कार्यान्वयनको अवस्था**

(रु. लाखमा)

| क्र. सं. | आर्थिक वर्ष | विवरण | आयोगबाट नेपाल सरकारलाई गरिएको सिफारिस | नेपाल सरकारबाट गरिएको बजेट विनियोजन | नेपाल सरकारबाट भएको हस्तान्तरण |
|---|---|---|---|---|---|
| १ | २०७८/७९ | बागमती प्रदेश सरकारका लागि | ७,८५,९० | ७,८५,९० | ७,८५,९० |
| | | बागमती प्रदेश भित्रका स्थानीय सरकारका लागि | १७,२८,१३ | १७,२८,१३ | १७,२८,१० |
| २ | २०७९/८० | बागमती प्रदेश सरकारका लागि | ८,४०,४६ | ८,४०,४६ | - |
| | | बागमती प्रदेश भित्रका स्थानीय सरकारका लागि | १८,२६,०६ | १८,२६,०६ | - |

*स्रोतः आयोगका सिफारिस, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय*

आर्थिक वर्ष २०७८/७९ को लागि सङ्घीय सञ्चित कोषबाट बागमती प्रदेश सरकारलाई कुल रु. ७ अर्ब ८५ करोड ९० लाख वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरिएकोमा नेपाल सरकारले सोही बमोजिम वित्तीय हस्तान्तरणको लागि बजेट विनियोजन तथा रकम हस्तान्तरण गरेको देखिन्छ। त्यसैगरी बागमती प्रदेश भित्रका स्थानीय सरकारलाई रु. १७ अर्ब २८ करोड १३ लाख वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन सिफारिस गरिएकोमा नेपाल सरकारले सोही बमोजिम बजेट विनियोजन गरेको, तर महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रारम्भिक विवरण अनुसार रु. १७ अर्ब २८ करोड १० लाख हस्तान्तरण भएको देखिँदा सिफारिस र विनियोजन भन्दा रु. ३ लाख कम हस्तान्तरण भएको देखिन्छ। जसअनुसार मेलुङ्ग गाउँपालिका दोलखामा आयोगले गरेको सिफारिस र नेपाल सरकारले गरेको विनियोजन रकम रु. १२ करोड ७६ लाख भएकोमा रु. १२ करोड ७५ लाख रकम हस्तान्तरण भएको र किस्पाङ्ग गाउँपालिका नुवाकोटमा आयोगले गरेको सिफारिस र नेपाल सरकारले गरेको विनियोजन रकम रु. ७ करोड ६६ लाख भएकोमा रु ७ करोड ६४ लाख रकम हस्तान्तरण भएको देखिन्छ। यसरी वित्तीय समानीकरण अनुदानको हस्तान्तरण भएको घटबढ सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयबाट मिति २०७९/०५/१२ को च.नं. ३७ को यस आयोगमा प्राप्त पत्र अनुसार किस्पाङ्ग गाउँपालिका, नुवाकोटमा गत वर्षको फिर्ता रकम घटाई हस्तान्तरण गरिएको व्यहोरा उल्लेख गरिएको छ। मेलुङ्ग गाउँपालिका, दोलखाको सन्दर्भमा के-कसरी फरक पर्न गएको हो सोको आयोगबाट अध्ययन भैरहेको छ।

वित्तीय हस्तान्तरणका हकमा विनियोजन ऐन, २०७९ मा "मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व सङ्कलन हुन नसकेमा वित्तीय समानीकरण अनुदानको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो वापतको रकम सङ्कलित राजस्वको अनुपातका आधारमा नेपाल सरकारले पुनः निर्धारण गरी हस्तान्तरण गर्नेछ" भन्ने व्यहोरा रहेकोमा सो विषयलाई आयोगले गम्भीरतापूर्वक लिएको छ। नेपालको संविधानको धारा ६० (३) र धारा २५१ (१) (ख) बमोजिम सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदानको परिमाण तय गर्ने र सिफारिस गर्ने अधिकार आयोगलाई भएकोमा संविधानको मर्म र भावनासँग फरक पर्ने गरी प्रदेश र स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको परिमाण तय गर्ने र सिफारिस गर्ने आयोगको अधिकार आफैंले प्रयोग गर्ने मनसाय राखी ऐनमा उल्लेख गरेको देखिँदा संविधान अनुसारको कार्य सम्पादन गर्ने व्यवस्थाको सुनिश्चिततामा अर्थ मन्त्रालयले ध्यान दिनुपर्ने देखिन्छ। आयोगले गरेका सिफारिसका आधारमा नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा वित्तीय समानीकरण अनुदान रकम हस्तान्तरण गरिनुपर्दछ।

वित्तीय समानीकरण अनुदान उपलब्ध गराइएको रकमलाई प्रदेश तथा स्थानीय तहले प्रयोग गर्ने क्षेत्र र प्राथमिकताका सम्बन्धमा समेत आयोगबाट वार्षिक रूपमा गरिएका सिफारिसमा सुझाव प्रदान गरिएको छ। ती सुझावहरूलाई सम्बन्धित प्रदेश तथा स्थानीय तहले पालना गर्ने आयोगले अपेक्षा गरेको छ। प्रदेश तथा स्थानीय तहले अनुदानको प्राप्ति र त्यसको प्रयोग कुन कार्यक्रम/योजनाका लागि कुन खर्च शीर्षकमा गर्ने वा कुन खर्च शीर्षकमा गरियो भनेर बजेट तथा कार्यक्रमगत रूपमा बजेट वक्तव्य तथा व्यय अनुमानको विवरण (खर्च शीर्षकगत र स्रोतगत समेत) मा स्पष्ट उल्लेख गर्ने गरेको अवस्था नदेखिँदा यसमा सुधार गरी अनुदानको प्राप्ति र त्यसको प्रयोग स्पष्ट उल्लेख हुने प्रणालीको विकास गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ। साथै राज्यको समग्र तथा एकीकृत (Complete and Consolidated) राजस्व र व्ययको स्थिति एउटै प्रणालीबाट अवगत हुने गरी नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको बजेट विनियोजन, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदनको एकीकृत प्रणाली विकास गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

### ४.१.२ बागमती प्रदेश सरकारबाट बागमती प्रदेश भित्रका स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था

प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई प्रदेश भित्रका स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानुन बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने संवैधानिक

व्यवस्था रहेको छ। त्यस्तो अनुदान सम्बन्धमा सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था नेपालको संविधान र अन्य प्रचलित कानुन समेतमा गरिएको छ। सोही व्यवस्था बमोजिम बागमती प्रदेश सरकारलाई वित्तीय समानीकरण अनुदानका सम्बन्धमा आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को लागि आयोगले गरेका सिफारिस तथा सोको कार्यान्वयनको अवस्था तालिका ४.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.२ - आर्थिक वर्ष २०७९/८० को बागमती प्रदेश सरकारलाई गरिएको वित्तीय समानीकरण अनुदान सम्बन्धी सिफारिस तथा सोको कार्यान्वयनको अवस्था**

(रु. लाखमा)

| विवरण | आ.व. २०७८/७९ | आ.व. २०७९/८० |
|---|---|---|
| आयोगबाट प्रदेश सरकारलाई गरिएको सिफारिस | १,५०,०० | १,७५,०० |
| प्रदेश सरकारबाट गरिएको बजेट विनियोजन | १,५०,०० | १,७५,०० |
| प्रदेश सरकारबाट भएको हस्तान्तरण | १,४८,८०.९७ | - |

*स्रोतः आयोगका सिफारिस, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय*

आर्थिक वर्ष २०७८/७९ र २०७९/८० का लागि बागमती प्रदेश सरकारबाट बागमती प्रदेश भित्रका स्थानीय सरकारलाई आयोगबाट बागमती प्रदेश सरकारलाई गरिएको सिफारिस बमोजिम नै वित्तीय समानीकरण अनुदान हस्तान्तरणको लागि बजेट विनियोजन गरेको देखिन्छ। तर प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेशबाट प्राप्त प्रारम्भिक विवरण अनुसार बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ मा आयोगबाट प्रदेश सरकारहरूलाई गरिएको सिफारिस बमोजिम बजेट विनियोजन गरेको भए तापनि हस्तान्तरण गरेको देखिदैन। यसरी सिफारिस तथा बजेट विनियोजन भन्दा हस्तान्तरणमा फरक परेका प्रदेशका स्थानीय सरकारहरुको नामावली तालिका ४.३ मा उल्लेख गरिएको छ।

**तालिका ४.३ - आयोगबाट गरिएको सिफारिस तथा बजेट विनियोजन भन्दा फरक परेको बागमती प्रदेश भित्र रहेको स्थानीय सरकारको नाम तथा हस्तान्तरण भएको रकम**

| सि. नं. | प्रदेश | स्थानीय तहको नाम | जिल्ला | आयोगबाट सिफारिस वित्तीय समानीकरण रकम रु | प्रदेश सरकार | |
|---|---|---|---|---|---|---|
| | | | | | बजेट विनियोजन रकम रु | यथार्थ हस्तान्तरण रकम रु |
| १ | बागमती प्रदेश | कैलाश गाउँपालिका | मकवानपुर | ७६,६९,००० | ७६,६९,००० | ९,११,२८९ |
| २ | बागमती प्रदेश | हेलम्बु गाउँपालिका | सिन्धुपाल्चोक | ९५,५२,००० | ९५,५२,००० | ४४,०७,१८४ |

*स्रोतः आयोगका सिफारिस, प्रदेश लेखा नियन्त्रक कार्यालय*

वित्तीय हस्तान्तरणका हकमा सम्बन्धित प्रदेशको विनियोजन ऐनमा “मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व सङ्कलन हुन नसकेमा वित्तीय समानीकरण अनुदानको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो वापतको रकम सङ्कलित राजस्वको अनुपातका आधारमा प्रदेश सरकारले पुनः निर्धारण गरी हस्तान्तरण गर्नेछ” भन्ने व्यहोरा रहेकोमा सो विषयलाई आयोगले गम्भीरतापूर्वक लिएको छ। नेपालको संविधानको धारा ६० (३) बमोजिम प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय हस्तान्तरणको परिमाण तय गर्ने र सिफारिस गर्ने अधिकार आयोगलाई भएकोमा संविधानको मर्म र भावनासँग फरक पर्ने गरी प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको परिमाण तय गर्ने र सिफारिस गर्ने आयोगको अधिकार आफैंले प्रयोग गर्ने मनसाय राखी ऐनमा उल्लेख गरेको देखिँदा संविधान अनुसारको कार्य सम्पादन गर्ने व्यवस्थाको सुनिश्चिततामा सम्बन्धित प्रदेश सरकारले ध्यान दिनुपर्ने देखिन्छ। आयोगले गरेका सिफारिसका आधारमा प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय समानीकरण अनुदान रकम हस्तान्तरण गरिनुपर्दछ।

वित्तीय समानीकरण अनुदानमा उपलब्ध गराइएको रकमलाई स्थानीय तहले प्रयोग गर्ने क्षेत्र र प्राथमिकताका सम्बन्धमा समेत आयोगबाट वार्षिक रूपमा गरिएका सिफारिसमा सुझाव प्रदान गरिएको छ। ती सुझावहरूलाई सम्बन्धित स्थानीय तहले पालना गर्ने आयोगले अपेक्षा गरेको छ। स्थानीय तहले अनुदानको प्राप्ति र त्यसको प्रयोग कुन कार्यक्रम/योजनाका लागि कुन खर्च शीर्षकमा गर्ने वा कुन खर्च शीर्षकमा गरियो भनेर राजस्व र व्यय (बजेट) को अनुमानमा स्पष्ट उल्लेख भएको नदेखिँदा यसमा सुधार गरी अनुदानको प्राप्ति र त्यसको प्रयोग स्पष्ट खुल्ने प्रणालीको विकास गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

## ४.१.३ सशर्त अनुदानको आधार सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (१) मा "नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ" भन्ने कानुनी व्यवस्था रहेको छ। सोही ऐनको दफा ९ को उपदफा (२) मा "उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्नेछ" भन्ने व्यवस्था गरिएको छ भने उपदफा (३) मा "प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्नेछ" भन्ने व्यवस्था उल्लेख छ।

तदनुरूप आयोगबाट आर्थिक वर्ष २०७८/७९ र २०७९/८० का लागि नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार सम्बन्धमा नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार सशर्त अनुदानको सातवटा आधार तयार गरी नेपाल सरकारलाई सिफारिस गरिएको थियो। आयोगले सिफारिस गरेको आधार अनुसार नेपाल सरकारले सशर्त अनुदान हस्तान्तरण गरे/नगरेको विषयमा अध्ययन गर्न तथ्याङ्क माग गरिएकोमा नेपाल सरकार, अर्थ मन्त्रालयबाट तथ्याङ्क उपलब्ध नगराईएको हुँदा आयोगको सिफारिस अनुरुप सशर्त अनुदान हस्तान्तरण भए/नभएको विश्लेषण गर्न सकिएन। तथापी, प्रदेश तथा स्थानीय तहहरूसँगको अन्तर्क्रिया तथा छलफलबाट प्रदेश तथा स्थानीय तहको एकल अधिकारको सूचीभित्र रहेका कार्य जिम्मेवारीसँग सम्बन्धित विषयहरूमा समेत सशर्त अनुदानका कार्यक्रम/आयोजना/परियोजना तथा रकम नै तोकेर पठाउने गरेको पाइएको छ।


आयोगले सशर्त अनुदानको रकम आयोजना वा क्रियाकलापगत रुपमा विनियोजन नगरी एकमुष्ट अनुदान (block grants) उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरिएको थियो। सोही अनुरुप, नेपाल सरकारले आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यको बुँदा नम्बर ३४८ मा सशर्त अनुदानलाई राष्ट्रिय नीति तथा महत्वका कार्यक्रम सञ्चालन गर्न एकमुष्ट हस्तान्तरण गर्ने व्यवस्था मिलाएको उल्लेख छ। तर, नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण गरिएको सशर्त अनुदानका कार्यक्रमहरू हेर्दा स-साना, टुक्रे कार्यक्रम/आयोजना/परियोजनामा सशर्त अनुदान पठाउने अभ्यास कायमै रहेको देखियो। विगतको केन्द्रीकृत संरचनामा केन्द्रीयस्तरबाट ठेक्कापट्टा भई निरन्तरता दिनुपर्ने आयोजनाको हकमा आयोजना निर्माण सम्झौता अवधिसम्मका लागि कार्यक्रम/आयोजना/परियोजना तथा रकम समेत तोकी पठाउन आवश्यक देखिएको भए तापनि नयाँ स-साना, टुक्रे कार्यक्रम/आयोजना/परियोजनामा निरन्तर रूपमा नेपाल सरकारले सशर्त अनुदान पठाउने अभ्यासले प्रदेश तथा स्थानीय तहको आयोजना प्राथमिकीकरण र सञ्चालनको स्वायत्ततामा प्रभाव पर्न जाने देखिन्छ।

साथै, प्रदेश तथा स्थानीय तहले पनि आफ्नो एकल अधिकार भित्रको कार्यक्रममा बजेट विनियोजन गर्ने हुँदा कतिपय अवस्थामा कार्यक्रममा दोहोरोपना समेत हुन गई उपलब्ध सीमित स्रोत र साधनको महत्तम उपयोग गर्ने अवसरबाट मुलुक बञ्चित हुने देखिन्छ। यस्तो अभ्यासले सङ्घीय इकाईहरूको स्थापना, सङ्घीय शासन प्रणाली र वित्तीय सङ्घीयताको मूल मर्मलाई आत्मसात गर्न सक्दैन।

विपद्जन्य अवस्था, महामारी वा अन्य आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण, प्रतिकार्य तथा पुनर्स्थापना गर्नुपरेको अवस्थामा बाहेक आर्थिक वर्षको बीचमा कुनै पनि नयाँ कार्यक्रम वा आयोजनाहरू कार्यान्वयन गर्न थप सशर्त अनुदान हस्तान्तरण गर्न नहुने साथै, सशर्त अनुदान अन्तर्गतका कार्यक्रम वा आयोजनाहरू कार्यान्वयन गर्न पर्याप्त समय सुनिश्चित गर्नका लागि आर्थिक वर्षको उत्तरार्द्धमा वा अन्त्यमा सशर्त अनुदानका कार्यक्रम वा आयोजनाहरू तथा रकम पठाउने कार्य गर्न नहुने भए तापनि कतिपय अवस्थामा यसको प्रतिकूल हुने गरी प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदान प्रदान गर्ने गरेको देखिन्छ। त्यसैगरी, सशर्त अनुदानका कार्यक्रम वा आयोजनाहरूमा विनियोजित भएको रकम कार्यान्वयनको बीचमा कटौती गर्ने गरिएको देखिएको हुँदा एकातिर कार्यक्रम वा आयोजना सम्पन्न गर्न प्रतिकूल असर पर्ने र अर्कोतर्फ सम्बन्धित प्रदेश वा स्थानीय सरकारलाई थप दायित्व पर्नजाने देखिन्छ। यसतर्फ नेपाल सरकार तथा प्रदेश सरकारले आगामी दिनमा सुधार गर्दै जानुपर्ने देखिन्छ। साथै, राष्ट्रिय नीति तथा कार्यक्रम कार्यान्वयन गर्न र राष्ट्रिय मानक एवं पूर्वाधार निर्माणका योजना तथा कार्यक्रम सुरु बजेटमै विनियोजन गरी कार्यान्वयन गर्ने विषय तथा क्षेत्र तोकी विशेष प्राथमिकताका आधारमा सशर्त अनुदान उपलब्ध गराउनु पर्दछ।

आर्थिक वर्ष २०७८/७९ मा नेपाल सरकारबाट बागमती प्रदेश सरकार तथा सो प्रदेश भित्रका स्थानीय सरकार र बागमती प्रदेश सरकारबाट सो प्रदेश भित्रका स्थानीय सरकार सशर्त अनुदानका लागि भएको बजेट व्यवस्था र महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त प्रारम्भिक तथ्यांक अनुसार सोको हस्तान्तरणको विवरण तलको चित्रमा प्रस्तुत गरिएको छ।

**चित्र ४.१ - सशर्त अनुदानको बजेट तथा हस्तान्तरण**




*स्रोतः अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय*

चित्र ४.१ मा देखाइए अनुसार आर्थिक वर्ष २०७८/७९ मा कुल सशर्त अनुदानको लागि भएको नेपाल सरकारले बागमती प्रदेश सरकार र बागमती प्रदेश भित्र रहेका स्थानीय सरकारहरूलाई गरेको बजेट विनियोजन भन्दा हस्तान्तरण रकम बढी रहेको देखिन्छ भने बागमती प्रदेश सरकारले प्रदेश भित्रका स्थानीय सरकारलाई गरेको विनियोजन भन्दा हस्तान्तरण रकम कम देखिन्छ। नेपाल सरकारबाट सशर्त अनुदानको लागि बागमती प्रदेश सरकारलाई रू ५ अर्ब ७३ करोड ४६ लाख वजेट विनियोजन गरिएकोमा १७ प्रतिशत बढी रकम हस्तान्तरण भएको देखिन्छ भने बागमती प्रदेश भित्रका स्थानीय सरकारलाई रू २९ अर्ब ५० करोड ७९ लाख वजेट विनियोजन गरिएकोमा ९ प्रतिशत बढी रकम हस्तान्तरण भएको

देखिन्छ। त्यसैगरी बागमती प्रदेश सरकारबाट सो प्रदेश भित्रका स्थानीय सरकारलाई सशर्त अनुदान रू २ अर्व ६६ करोड ३१ लाख वजेट विनियोजन गरिएकोमा ६ प्रतिशत कम रकम हस्तान्तरण भएको देखिन्छ।

नेपालको संविधान र प्रचलित कानूनले तीनै तहका सरकारले बजेटमा समावेश गरी खर्च गर्नुपर्ने व्यवस्था गरेकोमा यसरी आर्थिक वर्षको बीचमा थप हुने सशर्त अनुदानको कार्यक्रम/आयोजनाहरू तत्-तत् सरकारको बजेटमा समावेश नै नभई खर्च हुने गरेको देखिन्छ। तसर्थ, बजेट तर्जुमा गर्दा नै प्रदेश तथा स्थानीय सरकारमा प्रदान गरिने सशर्त अनुदानका सबै कार्यक्रम वा आयोजनाहरू स्पष्ट उल्लेख गरी त्यसको रकम बजेटमा समावेश गरी शुरूमै एकै पटक विनियोजन गर्नु पर्ने र विपद्जन्य अवस्था, महामारी वा अन्य आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण, प्रतिकार्य तथा पुनर्स्थापना गर्नुपरेको अवस्थामा बाहेक आर्थिक वर्षको बीचमा कुनै पनि नयाँ कार्यक्रम वा आयोजनाहरू कार्यान्वयन गर्न थप सशर्त अनुदान हस्तान्तरण गर्न नहुने साथै, सशर्त अनुदान अन्तर्गतका कार्यक्रम वा आयोजनाहरू कार्यान्वयन गर्न पर्याप्त समय सुनिश्चित गर्नका लागि आर्थिक वर्षको उत्तरार्द्धमा वा अन्त्यमा सशर्त अनुदानका कार्यक्रम वा आयोजनाहरू तथा रकम पठाउने कार्य गर्न नहुने भए तापनि नेपाल सरकार तथा प्रदेश सरकारबाट यसको प्रतिकूल हुने गरी र स-साना क्रियाकलापको नाम नै किटान गरी सशर्त अनुदान स्थानीय तहलाई हस्तान्तरण गरेको देखियो। अतः यसतर्फ नेपाल सरकार तथा प्रदेश सरकारले आगामी दिनमा सुधार गर्दै जानुपर्ने देखिन्छ।

## ४.२ आन्तरिक ऋणको सीमा सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था

नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (च) मा आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत "समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने" व्यवस्था रहेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ को उपदफा (१) मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने व्यवस्था उल्लेख छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ को उपदफा (१) मा गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सम्बन्धित सभाबाट स्वीकृत गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पुँजीगत कार्यको लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था रहेको छ। आयोगबाट उल्लिखित संवैधानिक एवम् कानुनी व्यवस्था बमोजिम आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को लागि नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गरिएको थियो। आर्थिक वर्ष २०७८/७९ को लागि गरिएको त्यस्तो सिफारिसको कार्यान्वयन अवधि व्यतीत भइसकेको छ भने आर्थिक वर्ष २०७९/८० को लागि गरिएको सिफारिसको हकमा आन्तरिक ऋण परिचालन गरेर खर्च व्यहोर्ने स्रोतको अनुमान बजेटमा भइसकेको र ऋण उठाउने सम्बन्धी कार्य चालु आर्थिक वर्षभित्र क्रमशः हुनेछ।

आयोगले आर्थिक वर्ष २०७८/७९ र २०७९/८० मा सङ्घीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन र त्यसको उपयोग पुँजी निर्माण र दीर्घकालीन लाभका क्षेत्रमा परिचालन गर्ने तर साधारण प्रकृतिका र प्रशासनिक खर्चका लागि नगर्ने गरी सिफारिस गरेको भए तापनि दुवै आर्थिक वर्षमा बागमती प्रदेश सरकारले आन्तरिक ऋण परिचालन गर्ने गरी बजेट विनियोजन गरेको देखिदैंन।

आर्थिक वर्ष २०७८/७९ र २०७९/८० का लागि स्थानीय सरकाले लिन सक्ने आन्तरिक ऋणको सीमालाई प्रत्येक स्थानीय सरकारले नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त गर्ने राजस्व बाँडफाँट र आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्ने गरी आयोगले सिफारिस गरेको थियो। त्यसरी उठाइने ऋण रकमलाई पुंजी निर्माण र दीर्घकालीन लाभका क्षेत्रमा उपयोग गर्ने, ऋण लगानी गरी सञ्चालन हुने

योजनाबाट प्राप्त हुने प्रतिफलबाट सो योजनामा गरिएको ऋण लगानीको साँवा र ब्याज भुक्तानी गर्ने सुनिश्चित भएका योजनामा मात्र आन्तरिक ऋण उपयोग गर्ने, साधारण प्रकृतिका र प्रशासनिक खर्चका लागि तथा अनुत्पादक क्षेत्रमा आन्तरिक ऋण उपयोग नगर्ने गरी सिफारिस गरिएको थियो।

## ४.३ राजस्व बाँडफाँट सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था

नेपालको संविधानको धारा ६० मा सङ्घ, प्रदेश तथा स्थानीय तहबीच राजस्व बाँडफाँटको स्पष्ट व्यवस्था रहेको छ। नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (क) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत "संविधान र कानुन बमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने" उल्लेख छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ को उपदफा (१) बमोजिम यस आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहबीच र प्रदेश तथा स्थानीय तहबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्नुपर्ने दायित्व सहित बाँडफाँटका विभिन्न ७ वटा आधारहरू समेत दिएको छ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ ले सङ्घ, प्रदेश र स्थानीय तहबीचमा मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको बाँडफाँटको अनुपात निर्धारण तथा राजस्व रकम हस्तान्तरणको प्रकृया सम्बन्धी व्यवस्था गरेको छ। तदनुरूप सङ्घीय विभाज्य कोषमा सङ्कलन भएको मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकममध्ये सङ्घ, प्रदेश र स्थानीय तहबीचमा क्रमशः ७०, १५ र १५ प्रतिशतको अनुपातमा बाँडफाँट गर्नु पर्दछ। त्यसै गरी आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश विभाज्य कोषमा र स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम प्रत्येक प्रदेश र स्थानीय तहबीचमा बाँडफाँट गर्नु पर्दछ।

### ४.३.१ मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क बाँडफाँट सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था

आयोगको मिति २०७६/११/२९ को निर्णय अनुसार आर्थिक वर्ष २०७७/७८ देखि लागु हुने गरी आगामी पाँच वर्ष (आर्थिक वर्ष २०८१/८२) सम्मका लागि राजस्व बाँडफाँट सम्बन्धी सिफारिस गरिएको थियो। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रारम्भिक विवरण अनुसार आर्थिक वर्ष २०७८/७९ को असार २० गतेसम्म सङ्घीय विभाज्य कोषमा मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट सङ्कलित अन्तःशुल्क राजस्व करिव रु.३ खर्ब ९५ अर्ब २७ करोड जम्मा भएकोमा ऐनको व्यवस्था बमोजिम १५ प्रतिशतले हुने रु.५९ अर्ब २९ करोड प्रदेश विभाज्य कोषमा र सोही अनुपातको रकम स्थानीय विभाज्य कोषमा हस्तान्तरण भएको देखियो। तर आयोगबाट मिति २०७६/११/२९ मा भएको राजस्व बाँडफाँट सम्बन्धी सिफारिसमा उल्लेख गरिएको हिस्सा भन्दा फरक पर्ने गरी प्रदेश विभाज्य कोषको रकमलाई ७ वटा प्रदेश बीच र स्थानीय विभाज्य कोषको रकमलाई ७५३ वटा स्थानीय सरकार बीचमा बाँडफाँट गरी सम्बन्धित प्रदेश तथा स्थानीय सरकारको सञ्चित कोषमा रकम हस्तान्तरण गरेको पाइयो। सो सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको मिति २०७९/०५/१२ को पत्रबाट आर्थिक वर्ष २०७८/७९ को राजस्व बाँडफाँट गरिएको हिस्सा प्राविधिक कारणवस फरक पर्न गएको र आयोगको सिफारिस बमोजिम नै असार २० गते पछि सङ्कलन भई बाँडफाँट हुन बाँकि रकमबाट हिसाव मिलान गरिने भनि लेखि आएको छ। तर, २०७९ असार २१ गतेदेखि असार मसान्तसम्म विभाज्य कोषमा जम्मा भएको राजस्व सोही आर्थिक वर्षभित्र विभाजन नगरी असार मसान्तपछि विभाजन गरी हस्तान्तरण गर्ने अभ्यासबाट सम्बन्धित आर्थिक वर्षको वास्तविक राजस्व बाँडफाँटको परिमाण यकिन गर्न एवं प्रदेश तथा स्थानीय तहको राजस्व आम्दानी र स्रोतको प्रतिवेदन गर्न कठिन पर्न जाने देखिएको छ। आगामी दिनमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ को उपदफा (६) बमोजिम प्रत्येक आर्थिक वर्षको अन्तिम महिनामा नै सो वर्षको राजस्व आय तथा सोको तहगत बाँडफाँट र हस्तान्तरणसम्बन्धी कार्यको हिसाब मिलान गर्नुपर्ने देखिन्छ।

**तालिका ४.४ - सङ्घीय विभाज्य कोष र सोको बाँडफाँटको विवरण**

(रु. लाखमा)

| विवरण | आ.व. २०७८/७९ | |
|---|---|---|
| | अनुमानित रकम | असार २० गतेसम्मको रकम |
| मूल्य अभिवृद्धि कर तथा आन्तरिक अन्तःशुल्क | ४,१०,००,०० | ३,९५,२६,७० |
| सङ्घीय विभाज्य कोषबाट सङ्घीय सञ्चित कोषमा दाखिला | २,८७,००,०० | २,७६,६८,६९ |
| सङ्घीय विभाज्य कोषबाट प्रदेश विभाज्य कोषमा हस्तान्तरण | ६१,५०,०० | ५९,२९,०० |
| सङ्घीय विभाज्य कोषबाट स्थानीय विभाज्य कोषमा हस्तान्तरण | ६१,५०,०० | ५९,२९,०० |
| बागमती प्रदेश सरकारले प्राप्त गर्ने | ९,७७,०४ | ९,७६,५२ |
| बागमती प्रदेश भित्रका स्थानीय सरकारले प्राप्त गर्ने | ९,८८,७९ | ९,७१,४९ |

*स्रोतः अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय*

सङ्घीय सरकारले राजस्व सङ्कलनको लागि अनुमान गरेको लक्ष्य बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको राजस्व बाँडफाँटको हिस्सा अनुसार हिसाब गरी हुन आउने रकम प्रदेश तथा स्थानीय सरकारलाई राजस्व बाँडफाँटको सिलिङ उपलब्ध गराउने गरिएको अवस्था छ। प्रदेश तथा स्थानीय सरकारले यसरी प्राप्त हुनसक्ने राजस्व बाँडफाँटको रकमको आधारमा आफ्नो कार्यक्रमहरू तय गरी प्रदेश तथा नगर/गाउँ सभाबाट स्वीकृत गराई कार्यान्वयनमा लैजाने गर्दछन्। तर पछि सङ्घीय सरकारले यथार्थमा गरेको राजस्व सङ्कलनको आधारमा मात्र राजस्व बाँडफाँट बापतको रकम हस्तान्तरण हुने हुँदा अनुमानित लक्ष्यको तुलनामा राजस्व सङ्कलन कम भएको अवस्थामा प्रदेश तथा स्थानीय तहले राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट कार्यान्वयन गर्ने गरी तय गरेका कार्यक्रमहरू प्रभावित भएका, भुक्तानी गर्न नसकिँदा स्थानीय सरकारको साख माथि नै प्रश्नचिन्ह खडा भएको भन्ने जस्ता गुनासो आयोग समक्ष निरन्तर आइरहेको अवस्था छ। यस सम्बन्धमा सङ्घीय सरकारले राजस्वको लक्ष्य कायम गर्दा ध्यान दिनुपर्ने देखिन्छ भने असुली कम हुँदै गई लक्ष्य नभेटिने अवस्था भई लक्ष्य पुनरावलोकन गरिएको अवस्थामा सो को जानकारी यथासमयमा प्रदेश तथा स्थानीय तहलाई पनि दिन जरूरी देखिन्छ। त्यसैगरी, प्रदेश तथा स्थानीय तहले पनि सङ्घीय सरकारले गरेको राजस्व सङ्कलनको पुनरावलोकनलाई ध्यानमा राखी तदनुकुल आफ्ना कार्यक्रमहरूको पुनरावलोकन तथा परिमार्जन गर्नुपर्ने देखिन्छ।

आयोगले विगत वर्षमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा इ-कमर्श (e-commerce) को माध्यमबाट व्यवसाय सञ्चालन गर्ने व्यवसायी तथा प्रणाली विकासकर्ता (System developer) समेतलाई करको दायरामा ल्याउनु पर्ने साथै डिजिटल प्लेटफर्म (जस्तै फेसबुक, ट्वीटर, भाईबर, ईन्स्टाग्राम आदि) मा गरिने नेपाली उत्पादन तथा सेवाको विज्ञापन सम्बन्धी कारोबारलाई कानुन निर्माण गरी राजस्वको दायरामा समेट्नु पर्ने सुझाव दिइएकोमा नेपाल सरकारले आर्थिक ऐन, २०७९ मा सम्बोधन गरिएको देखिन्छ।

## ४.३.२ सवारी साधन करको बाँडफाँट सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था

प्रदेश र स्थानीय सरकार दुवैको अधिकारसूचीमा परेका राजस्वको स्रोतहरू मध्ये अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम प्रदेशले दर निर्धारण तथा राजस्व सङ्कलन गर्ने जिम्मेवारी पाएको सवारी साधन कर सोही ऐनको दफा ६क अनुसार प्रदेश विभाज्य कोषमा जम्मा गर्ने व्यवस्था छ। प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये ६० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा र बाँकी ४० प्रतिशत रकम आयोगले निर्धारण गरी सिफारिस गरेको आधार र ढाँचाबमोजिम सम्बन्धित प्रदेशभित्रका स्थानीय तहहरूलाई मासिक रूपमा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ। बागमती प्रदेश सरकारले सवारी साधन कर बापत सङ्कलन गरेको राजस्व र सोको बाँडफाँट सम्बन्धी प्रारम्भिक तथ्याङ्क आयोगले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेशबाट प्राप्त भए अनुसार आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारले सवारी साधन कर बापत रु.८ अर्ब २५ करोड सङ्कलन गर्ने लक्ष्य राखेकोमा २०७९ असार २० गतेसम्म रु.९

अर्व ४३ करोड ७३ लाख ९ हजार संङ्कलन गरेको देखिन्छ। उक्त संकलित रकमको ४० प्रतिशतले हुन आउने रकम रु.३ अर्व ७७ करोड ४९ लाख २४ हजार प्रदेश भित्रका स्थानीय सरकारलाई आयोगको सिफारिस बमोजिम बाँडफाँट गरेको देखिन्छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क को उपदफा (५) मा भएको व्यवस्था अनुसार मासिक रुपमा रकम बाँडफाँट गर्नु पर्नेमा द्वैमासिक रुपमा बाँडफाँट गरेको देखिन्छ।

## ४.४ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था

प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीलाई नेपालको संविधानको अनुसूची-९ मा सङ्घ, प्रदेश र स्थानीय तहका अधिकारको साझा सूचीका विषय अन्तर्गत राखिएको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ बमोजिम नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी जम्मा गरेको प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी रकम नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच अनुसूची-४ अनुसार वार्षिक रूपमा नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा बाँडफाँट गरी सङ्घीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी वितरण गर्ने व्यवस्था छ।

आर्थिक वर्ष २०७८/७९ मा सङ्कलन भएको रोयल्टी रकमलाई वार्षिक रूपमा बाँडफाँट तथा वितरण गर्ने गरी आयोगले मिति २०७९ बैशाख ०६ गतेका दिन सिफारिस गरेको थियो। सो सिफारिस कार्यान्वियन भई नसकेकोले सोसँग सम्बन्धित विवरण यस परिच्छेदमा समावेश भएको छैन। आर्थिक वर्ष २०७७/७८ मा सङ्कलन भएको रोयल्टी रकम बाँडफाँट तथा वितरण भै सकेको हुँदा सो सिफारिस कार्यान्वयनको अवस्था यस परिच्छेदमा उल्लेख गरिएको छ। तर सिफारिस गर्दा प्राकृतिक स्रोतको स्रोतगत रुपमा हिस्सा बाँडफाँट गरिएको र सो अनुसार वितरणको विस्तृत विवरण नेपाल सरकारबाट उपलब्ध हुन नसकेको हुँदा स्रोतगत बाँडफाँटको हिस्सा कार्यान्वयनको अवस्था विश्लेषण गर्न सकिएको छैन।

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७७/७८ मा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीका शीर्षकहरू पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिजबाट रोयल्टी शीर्षकमा कुल रकम रु.४ अर्ब ९२ करोड २७ लाख ६१ हजार सङ्कलन भएको देखियो। जसमा सबैभन्दा बढी विद्युतबाट ५७.४ प्रतिशत रोयल्टी सङ्कलन भएको देखिन्छ भने खानी तथा खनिज, वन र पर्वतारोहणबाट क्रमश १७.१ प्रतिशत १४.१ प्रतिशत र ११.४ प्रतिशत रोयल्टी सङ्कलन भएको देखिन्छ।

आर्थिक वर्ष २०७७/७८ मा सङ्घीय विभाज्य कोषमा जम्मा भएको रोयल्टी रकम बाँडफाँटको शीर्षकगत विवरण तालिका ४.५ मा प्रस्तुत गरिएको छः

**तालिका ४.५ - आर्थिक वर्ष २०७७/७८ मा सङ्घीय विभाज्य कोषमा जम्मा भएको रोयल्टी र बाँडफाँटको विवरण**

(रु. हजारमा)

| क्र.सं. | रोयल्टीको शीर्षक | विभाज्य कोषमा जम्मा | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह |
|---|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५५,९८,६३ | २७,९९,३२ | १३,९९,६६ | १३,९९,६६ |
| २ | विद्युत | २,८२,६८,६८ | १,४१,३४,३४ | ७०,६७,१७ | ७०,६७,१७ |
| ३ | वन | ६९,१९,३५ | ३४,५९,६७ | १७,२९,८४ | १७,२९,८४ |
| ४ | खानी तथा खनिज | ८४,४०,९५ | ४२,२०,४८ | २१,१०,२४ | २१,१०,२४ |
| | **जम्मा** | **४,९२,२७,६१** | **२,४६,१३,८१** | **१,२३,०६,९०** | **१,२३,०६,९०** |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

### ४.४.१ बागमती प्रदेश सरकार र सो प्रदेश भित्रका स्थानीय सरकारले प्राप्त गरेको रोयल्टी

सङ्घीय विभाज्य कोषबाट आयोगको सिफारिसमा नेपाल सरकारले आर्थिक वर्ष २०७७/७८ मा सङ्कलन भएको रोयल्टी सातै प्रदेश सरकारलाई रु.१ अर्ब २३ करोड ६ लाख ९० हजार बाँडफाँट गरी वितरण गरेको छ। जसअनुसार बागमती प्रदेश सरकारले प्राप्त गरेको शीर्षकगत रोयल्टीको विवरण तालिका नं ४.६ मा उल्लेख गरिएको छ।

**तालिका ४.६ - आर्थिक वर्ष २०७७/७८ मा सङ्कलन भई बागमती प्रदेश सरकार र सो भित्रका स्थानीय सरकारले प्राप्त गरेको रोयल्टीको विवरण**

| विवरण | प्रदेश सरकारले प्राप्त गर्ने रकम (रु. हजारमा) | स्थानीय सरकारले प्राप्त गर्ने रकम (रु. हजारमा) | प्रतिशत | रोयल्टी प्राप्त गर्ने स्थानीय सरकारको संख्या |
|---|---|---|---|---|
| पर्वतारोहण | १३,९९,६६ | १३,९९,६६ | ११.३७ | २१ |
| विद्युत | ७०,६७,१७ | ७०,६७,१७ | ५७.४२ | ३५ |
| वन | १७,२९,८४ | १७,२९,८४ | १४.०६ | ११९ |
| खानी तथा खनिज | २१,१०,२४ | २१,१०,२४ | १७.१५ | २३ |
| **जम्मा** | **१,२३,०६,९०** | **१,२३,०६,९०** | **१००.००** | **११९** |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

आर्थिक वर्ष २०७७/७८ मा बागमती प्रदेश सरकार तथा सो प्रदेश भित्रका स्थानीय सरकारले सबैभन्दा बढी रोयल्टी विद्युत त्यसपछि क्रमशः खानी तथा खनिज पदार्थ, बन र पर्वतरोहणबाट प्राप्त गरेका छन्। बागमती प्रदेश भित्रका सबै ११९ स्थानीय सरकारले कुनै एक क्षेत्रबाट रोयल्टी प्राप्त गरेका छन्। वनबाट सबैभन्दा बढी ११९ स्थानीय सरकारले रोयल्टी प्राप्त गरेका छन्।

# परिच्छेद - पाँचः
# निष्कर्ष तथा सुझावहरू

## ५.१ निष्कर्ष

आयोगले नेपालको संविधान तथा प्रचलित कानुन बमोजिम आफूलाई सुम्पिएको कार्यजिम्मेवारी निरन्तर रूपमा सम्पादन गर्दै आएको छ। यस आयोगबाट नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराइएको सिफारिस हुवहु कार्यान्वयन गर्न र सुझावहरूको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सम्बन्धित तहले ध्यान दिनुपर्ने देखिएको छ। आयोगले गर्ने सिफारिस तथा सुझावलाई थप वस्तुपरक, नतिजामूलक र कार्यान्वयन योग्य तुल्याउन आयोगको संस्थागत क्षमता समेत अभिवृद्धि गर्न आवश्यक देखिएको छ। यस कार्यमा सबै तहका सरकार तथा अन्य सरोकारवाला निकायबाट निरन्तर सहयोग र सहकार्यको अपेक्षा आयोगले गरेको छ।

आयोगले नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका संवैधानिक तथा कानुनी प्रावधानहरु समेतका आधारमा अन्तर सरकारी वित्तीय हस्तान्तरणलाई बढी भन्दा बढी समन्यायिक बनाउने उद्देश्यले स्वतन्त्र, निष्पक्ष, पारदर्शी र वस्तुनिष्ठ आधारमा अध्ययन, अनुसन्धान, विश्लेषण गरी विभिन्न आधार, सूचक, सूचकाङ्क, भार तथा ढाँचा तय गरी सो का आधारमा यस आयोगबाट गरिएको सिफारिस सम्बद्ध सङ्घीय इकाइबाट प्रभावकारी रूपमा कार्यान्वयन हुनु पर्दछ।

## ५.२ सुझावहरू

### ५.२.१ वित्तीय हस्तान्तरण सम्बन्धमा

१. नेपालको संविधानको धारा ६० को उपधारा (३) ले प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने संवैधानिक व्यवस्था भएपनि वित्तीय समानीकरण अनुदान बाहेकका अन्य अनुदानको परिमाण तय गर्ने सम्बन्धमा कानुनबाट आयोगलाई भूमिका उपलब्ध नगराइएकोले संवैधानिक प्रावधान बमोजिम विद्यमान कानुन र कार्यप्रणालीमा आवश्यक संशोधन गरी आयोगको भूमिका स्पष्ट गर्नु पर्ने।

२. वित्तीय हस्तान्तरणको परिमाण प्रस्ताव गर्दा आर्थिक वर्ष २०८१/८२ भित्र संघीय बजेटको २९ प्रतिशत हिस्सा अन्तरसरकारी वित्त हस्तान्तरण गर्ने लक्ष्य राखी आयोगले स्रोत अनुमान समितिमा मध्यकालीन खर्च संरचना (२०७८/७९ - २०८०/८१) मा उल्लेख गरिएको आर्थिक वर्ष २०७९/८० को सम्भावित बजेटको आकारमा आधारित रही प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिने रकमको परिमाण प्रस्ताव गरिएको थियो। एकातर्फ आयोगले गरेको प्रस्ताव भन्दा न्यून हुनेगरी स्रोत अनुमान समितिले वित्तीय हस्तान्तरणको सीमा तय गरेको र अर्कोतर्फ उक्त त्रिवर्षिय खर्च प्रक्षेपणमा उल्लिखित बजेटको आकारको तुलनामा यथार्थ बजेटको आकार बढेको तर वित्तीय हस्तान्तरणको रकम सोही अनुपातमा नबढेकोले आयोगले तय गरेको वित्तीय हस्तान्तरणको गन्तव्य टाढिँदै जाने हुँदा बजेटको आकारसँग मिलान हुने गरी हस्तान्तरण गरिने अनुदानको रकमको सुनिश्चितता गर्नको लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा परिमार्जन गरी नेपालको संविधानको धारा ६० (३) प्रतिकूल नहुनेगरी कानुनी व्यवस्था हुनुपर्ने।

३. नेपालको संविधानको धारा ६० को उपधारा (४) बमोजिम नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था गरेको छ।

खर्चको आवश्यकता निर्धारणका लागि आवश्यक पर्ने तहगत सरकारको कार्य जिम्मेवारीहरूका विषय अन्तर्गतका सेवाको न्यूनतम मानक, मानदण्ड, लक्ष्य र प्रति इकाइ लागत लगायतका विषयहरू नेपाल सरकारबाट निर्धारण हुनु पर्ने व्यहोरा यस अघिका प्रतिवेदनमा सुझाव दिइएकोमा हालसम्म कार्यान्वयन भएको जानकारी प्राप्त नभएको हुँदा यथाशीघ्र निर्धारण हुनुपर्ने।

४. प्रदेश तथा स्थानीय तहलाई संविधानको अनुसूचीले प्रत्याभूत गरेको एकल अधिकार अन्तर्गतका मुख्य कार्यजिम्मेवारीहरू सम्पादन गर्नका लागि उपलब्ध गराइने वित्तीय समानीकरण अनुदान रकम आयोगबाट निर्धारण गरी सिफारिस गर्ने क्षणमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अन्य अनुदान (सशर्त, समपूरक र विशेष) को रकमले के कति हदसम्म वित्तीय समानीकरण अनुदानको मूल उद्देश्य (समानीकरण गर्ने कार्य) मा सघाउ एवम् योगदान पुर्‍याउँदछ भन्ने विषय आयोगलाई जानकारी नभइकन वास्तविक रूपले वित्तीय समानीकरण अनुदान निर्धारण गर्न कठीन हुने हुँदा सशर्त, समपूरक र विशेष अनुदान हस्तान्तरण गर्दा आयोगको भूमिका स्थापित गर्न विद्यमान पद्धतिमा सुधार गर्नुपर्ने।

५. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र उक्त ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नु पर्ने व्यवस्था रहेको हुँदा प्रदेश तथा स्थानीय तहले प्रशासनिक खर्च [पारिश्रमिक/सुविधा, मालसामान तथा सेवाको उपयोग (कार्यक्रम सम्बन्धी खर्चहरू बाहेक), अनुगमन तथा मूल्याङ्कन खर्च, भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको अध्ययन तथा भ्रमण खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित विदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा/घर/सवारी साधन/मेशिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता, भैपरी आउने चालु खर्च] शीर्षकमा वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकमको उपयोग नगर्ने।

६. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ मा अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्ने व्यवस्था रहेको हुँदा यसै अनुसार हुने गरी प्राथमिकता र आवश्यकतालाई मध्यनजर गर्दै प्रदेश तथा स्थानीय तहले आ-आफ्नो वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरेर कार्यान्वयन गर्नु पर्ने देखिन्छ। कतिपय प्रदेश सरकारले वित्तीय समानीकरण अनुदानको रकमबाट व्यहोर्ने गरी निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संसद विकास कोष) मा रकम विनियोजन गरेको पाइएकोले सो कोषमा वित्तीय समानीकरण अनुदानको रकम विनियोजन गर्न नहुने। साथै प्रदेश तथा स्थानीय तहले अनुदानको प्राप्ति र त्यसको प्रयोग कुन कार्यक्रम/योजनाका लागि कुन खर्च शीर्षकमा गर्ने वा कुन खर्च शीर्षकमा गरियो भनेर बजेट तथा कार्यक्रमगत रूपमा बजेट वक्तव्य तथा व्यय अनुमानको विवरण (खर्च शीर्षकगत र स्रोतगत समेत) मा स्पष्ट उल्लेख गर्ने गरेको अवस्था नदेखिँदा यसमा सुधार गरी अनुदानको प्राप्ति र त्यसको प्रयोग स्पष्ट उल्लेख हुने प्रणालीको विकास गरी कार्यान्वयन गर्नु पर्ने।

७. आयोगले सिफारिस गरेका सशर्त अनुदानका आधारहरू नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट सबै सरोकारवाला निकायहरूलाई सञ्चार हुनुपर्ने साथै संघबाट प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गरिने सशर्त अनुदानका ७ वटा आधार र प्रदेशबाट प्रदेशभित्रका स्थानीय सरकारलाई हस्तान्तरण गरिने सशर्त अनुदानका ४ वटा आधार मध्ये प्रत्येक आधार अन्तर्गत के कति सशर्त अनुदान हस्तान्तरणको लागि बजेटमा व्यवस्था गरिने हो स्वचालित प्रणालीबाट उपलब्ध हुने व्यवस्था मिलाउनुपर्ने गरी नेपाल सरकार र प्रदेश सरकारलाई आयोगले सिफारिस गरेकोमा सो सम्बन्धी विवरण नेपाल सरकारको अर्थ मन्त्रालयसँग माग गरेकोमा त्यस्तो विवरण उपलब्ध हुन सकेन। अतः बजेट तथा कार्यक्रम तयारीको चरणदेखि नै सशर्त अनुदान अन्तर्गत प्रस्तावित कुनै पनि आयोजना वा

कार्यक्रम आयोगले सिफारिस गरेको कुन आधार अनुरूपको हो भनी प्रविष्टि, अभिलेख र प्रतिवेदन गर्ने एकीकृत प्रणालीको स्थापना हुनुपर्ने।

८. सशर्त अनुदानको रकम हस्तान्तरण गर्दा क्रियाकलाप उल्लेख नगरी क्षेत्रगत शर्तहरु र आयोजना/कार्यक्रमको लक्ष्य तथा अपेक्षित उपलब्धि जस्ता विषयहरू मात्र तोकेर एकमुष्ट (Bulk) उपलब्ध गराई प्रदेश तथा स्थानीय तहलाई विनियोजन स्वायतत्ता प्रदान गर्ने गरी आयोगले सिफारिस गरेकोमा आयोगको सिफारिसको विपरित स-साना क्रियाकलाप उल्लेख गरी सशर्त अनुदान विनियोजन गरेको देखिएकोले एकमुष्ट सशर्त अनुदान हस्तान्तरण गर्ने व्यवस्था हुनुपर्ने।

९. प्रदेश तथा स्थानीय तहको वित्तीय स्वायत्तता र व्यवस्थापकीय क्षमतालाई बलियो बनाउँदै लैजाने उद्देश्य सहित कुल अनुदानमा सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानको हिस्सा क्रमशः कम गर्दै लैजाने र त्यसको परिपूर्ति वित्तीय समानीकरण अनुदान मार्फत गर्दै जानु पर्ने।

१०. नेपाल सरकारले बजेट तर्जुमा गर्दा सशर्त अनुदानका सबै कार्यक्रम वा आयोजनाहरू समावेश गरी शुरूमै एकै पटक विनियोजन गर्नुपर्ने। विपद्जन्य अवस्था, महामारी वा अन्य आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण तथा प्रतिकार्य र पुनर्स्थापना गर्नुपरेको अवस्थामा बाहेक आर्थिक वर्षको बीचमा कुनै पनि नयाँ कार्यक्रम वा आयोजनाहरू कार्यान्वयन गर्न थप सशर्त अनुदान हस्तान्तरण नगर्ने।

११. वित्तीय समानीकरण अनुदान रकम निर्धारण प्रक्रियालाई वस्तुनिष्ठ, न्यायोचित र प्रभावकारी बनाउन सम्बन्धित सङ्घीय इकाइले प्राप्त गर्ने सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको परिमाण समेत आयोगलाई जानकारी हुनु पर्ने हुँदा सशर्त अनुदानको वितरणमा आयोगले सिफारिस गरेका आधारहरू सहितको बाँडफाँट र समपूरक तथा विशेष अनुदानको योजनागत रकम समेतको जानकारी नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायले हरेक वर्षको माघ मसान्तभित्र आयोगमा पठाउनु पर्ने।

१२. राज्यको समग्र तथा एकीकृत राजस्व र व्ययको स्थिति एउटै प्रणालीबाट अवगत हुने गरी नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको बजेट विनियोजन, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदनको एकीकृत प्रणाली विकास गरी कार्यान्वयन गर्नु पर्ने।

१३. भौगोलिक विकटतायुक्त हिमाली क्षेत्रका प्रदेश तथा स्थानीय तहमा मौसमी प्रतिकूलताका कारण विनियोजित बजेट आर्थिक वर्षभित्र कार्यान्वयन गर्न कठीनाई रहेकाले यस्ता प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गरिने सशर्त, विशेष र समपूरक अनुदानको खर्चलाई प्रभावकारी बनाउन विशेष व्यवस्था गरिनुपर्ने।

१४. वित्तीय समानीकरण अनुदान हस्तान्तरण हुँदा अघिल्लो आर्थिक वर्षमा खर्च नभएको सशर्त अनुदान फिर्तामा कट्टी गरी चालु आर्थिक वर्षमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गरिएकोले जुन अनुदान हो, उसैबाट कट्टा गरी हस्तान्तरण गरिनुपर्ने।

१५. सशर्त अनुदानको विनियोजन र हस्तान्तरणको तुलनात्मक अध्ययन गर्दा विनियोजित र हस्तान्तरित रकममा ठूलो अन्तर देखिएकाले बजेट विनियोजन तथ्यपरक, वस्तुनिष्ठ र यथार्थपरक हुनुपर्ने।

### ५.२.२ आन्तरिक ऋण परिचालन सम्बन्धमा

१. देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी पुँजी निर्माण र दीर्घकालीन लाभ दिने प्रकृतिका उत्पादनशील कार्यका लागि आन्तरिक ऋणको परिचालन गर्नुपर्ने। साधारण प्रकृतिका, प्रशासनिक खर्चका लागि र अनुत्पादक क्षेत्रमा आन्तरिक ऋण परिचालन नगर्ने।

२. आन्तरिक ऋणको परिचालन कुन योजनाका लागि कुन खर्च शीर्षकमा गर्नेगरी प्रस्ताव गरेको हो सोको विवरण प्रष्ट देखिने गरी बजेट तथा कार्यक्रमगत रुपमा बजेट वक्तव्य तथा व्यय अनुमानको विवरण (खर्च शीर्षकगत र स्रोतगत समेत) मा स्पष्ट उल्लेख गर्ने व्यवस्था गर्नु पर्ने।

३. प्रदेश तथा स्थानीय सरकारको आन्तरिक ऋण परिचालनका लागि आवश्यक कानुनी प्रबन्ध र संस्थागत संरचनाको व्यवस्थापनका साथै ऋण व्यवस्थापन प्रणालीको विकास गरी आन्तरिक ऋणको परिचालन सुव्यवस्थित गर्नु पर्ने।

४. नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले लिने आन्तरिक ऋणको एकीकृत व्यवस्थापन, लेखाङ्कन र प्रतिवेदन प्रणालीको विकास गरी कार्यान्वयन गर्नुका साथै सबै सम्वद्ध निकायले राख्ने आन्तरिक ऋणको विवरण तथा तथ्याङ्कमा एकरूपता कायम गर्नु पर्ने।

५. एक तहको सरकारले अर्को तहको सरकारलाई आन्तरिक रुपमा दिने ऋण र ऋण प्रवाह गर्ने प्रयोजनका साथ नेपाल सरकारले गठन गरेको विशिष्टीकृत संस्थाले आन्तरिक रूपमा गर्ने ऋण लगानीको रकमलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको आन्तरिक ऋणको सीमाभित्र व्यवस्थित गर्नु पर्ने।

६. ऋणको भुक्तानी गर्दा अतिरिक्त बोझ महसुस गर्नु नपर्ने गरी तथा भावी पुस्ताले भुक्तानी गर्नुपर्दा पनि असहजता महसुस गर्न नपर्ने गरी उपयुक्त परियोजना/उपकरण छनौट गरी आन्तरिक ऋणको परिचालन गर्नु पर्ने।

७. बजेट अङ्क समायोजन हुँदा यथासम्भव आन्तरिक ऋणको सीमाङ्क समेत समायोजन गर्नेतर्फ ध्यान दिनु पर्ने।

## ५.२.३ राजस्व बाँडफाँट तथा परिचालन सम्बन्धमा

१. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ ले मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनमा संकलित अन्तःशुल्क राजस्व बाँडफाँट मासिक रूपमा गर्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा हिसाब मिलान गर्नुपर्ने व्यवस्था भए तापनि नेपाल सरकारले प्रत्येक आर्थिक वर्षको असार २० गते पछि संकलित राजस्वलाई सोही आर्थिक वर्षमा बाँडफाँट तथा हिसाब मिलान गरेको नदेखिएको, त्यस्तै सोही ऐनको दफा ६क ले सवारी साधन कर बापत सङ्कलित राजस्व सोही आर्थिक वर्षभित्रै प्रदेश तथा स्थानीय तहबीच बाँडफाँट गर्नुपर्नेमा सबै प्रदेश सरकारले त्यस्तो राजस्वको आंशिक रकम मात्र बाँडफाँट गरेबाट प्रदेश तथा स्थानीय तहको यथार्थ राजस्व आय तथा स्रोत व्यवस्थापन गर्न कठिनाइ पर्नुको साथै ऐनको कार्यान्वयन हुन नसकेको हुँदा आगामी दिनमा राजस्व बाँडफाँट गर्दा उक्त ऐनको व्यवस्था बमोजिम सम्बन्धित आर्थिक वर्षभित्रै बाँडफाँट सम्पन्न गर्नुपर्ने।

२. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय तहले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त हुने राजस्व बाँडफाँट रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था भएकोमा कतिपय स्थानीय तहले राजस्व बाँडफाँट र आन्तरिक राजस्व भन्दा बढी हुनेगरी प्रशासनिक खर्च रकम विनियोजन गरेको पाइएकोले अत्यावश्यक प्रशासनिक र सञ्चालन खर्च सकभर सम्बन्धित प्रदेश वा स्थानीय तहको आफ्नो आन्तरिक राजस्व सङ्कलनको रकम (आन्तरिक आय) बाट नै मितव्ययी रूपमा व्यवस्थापन गर्नुपर्ने, सोले नपुगेमा मात्रै सङ्घबाट प्राप्त राजस्व बाँडफाँटको रकमबाट व्यहोरी बाँकी रकम सार्वजनिक सेवा र विकास निर्माणका कार्यमा खर्च गर्नुपर्ने।

३. सवारी साधन कर मूलतः सडक निर्माण तथा मर्मत एवम् वातावरणीय प्रदुषण कम गर्नका लागि उठाइने भएकाले सवारी साधन करको हिस्सा प्राप्त गर्ने स्थानीय तहले सो रकम सडक निर्माण तथा मर्मत र वन तथा वातावरण संरक्षण एवम् सम्वर्द्धन गर्नमा प्रयोग गर्नुपर्ने।

४. नेपालको संविधानको अनुसूची-६ मा प्रदेश सरकारको एकल अधिकार र अनुसूची-८ मा स्थानीय सरकारको एकल अधिकारमा सवारी साधन कर समावेश रहको छ। दुवै सरकारको एकल अधिकारको रुपमा रहेको सवारी साधन कर प्रशासन सञ्चालनको प्रभावकारिताको लागि अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा एकल कर प्रशासनको रुपमा सवारी साधन कर असुलउपर गर्ने व्यवस्था गरेको छ। सवारी साधन कर भन्नाले सवारी साधन प्रयोगबाट संकलन हुने सवारी चालक अनुमति-पत्रको इजाजत दस्तुर, दरखास्त दस्तुर, नवीकरण दस्तुर, जरिवाना, पुनः प्रयोगात्मक परिक्षा (रि-ट्रायल) दस्तुर, सवारीको दर्ता किताव (ब्लू बुक) दस्तुर, सवारी जाँचपास दस्तुर तथा सोको नवीकरण दस्तुर समेतलाई जनाउछ। यस अनुसार असुल हुने सवारी साधन कर प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट गर्नुपर्नेमा प्रदेश सरकारको सम्बन्धित आर्थिक ऐनमा सवारी चालक अनुमति पत्र, सवारी दर्ता किताब दस्तुर जस्ता शीर्षकमा संकलन गरिएको सवारी साधन कर प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट नभएको पाइएकोले सवारी साधन करको रुपमा संकलन हुने सबै सवारी साधन कर विभाज्य कोषमा जम्मा गरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम बाँडफाँट हुनुपर्ने।

५. राजस्व संकलनको दायरा बढाउन गरिएको प्रयासलाई कर सुविधाको कारणबाट गुमेको राजस्वले संकुचन गर्ने भएकोले राज्यले प्रत्येक वर्ष उपलब्ध गराउने कर सुविधाको एकीकृत यथार्थपरक हिसाव राख्ने व्यवस्था गर्न उपयुक्त हुने।

६. प्रदेश सरकारले सङ्कलन गरेको कुल सवारी साधन करको ४० प्रतिशतले हुने रकम स्थानीय सरकारलाई बाँडफाँट गर्नुपूर्व स्थानीय विभाज्य कोषमा जम्मा गरिने र त्यस्तो कोषमा जम्मा भएको रकमलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको हिस्सा बमोजिम प्रदेश सरकारले स्थानीय सरकारको सञ्चित कोषमा मासिक रूपमा हस्तान्तरण गर्दै जानुपर्ने कानुनी व्यवस्था रहेको छ। तर हालसम्मको अभ्यासमा प्रदेश सरकारले सवारी साधन कर बाँडफाँटको रकमलाई मासिक रूपमा स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी हस्तान्तरण गरेको पाइएको छैन। यस किसिमको व्यवहारले कानुनी व्यवस्थाको पूर्ण पालना नभएको कारणले स्थानीय सरकारको स्रोत व्यवस्थापनमा कठिनाई उत्पन्न भएको छ। अतः सबै प्रदेश सरकारले स्थानीय सरकारलाई बाँडफाँट गर्नुपर्ने सवारी साधन करको रकम मासिक रूपमा स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी अनिवार्य हस्तान्तरण गर्नु पर्नेछ।

## ५.२.४ प्राकृतिक स्रोतको संरक्षण, उपयोग र परिचालन सम्बन्धमा

१. नेपालको संविधानको धारा २५१ को उपधारा (१) बमोजिम प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने जिम्मेवारी आयोगलाई भएकोमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १४ को उपदफा (१) मा आयोगले प्राकृतिक स्रोतको परिचालनमा नेपाल सरकार, प्रदेश र स्थानीय तहले गर्ने लगानीको हिस्साको आधार तयार गरी नेपाल सरकारलाई सिफारिस गर्ने व्यवस्था गरेको र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ को नियम ३(क) मा सो कार्यका लागि आवश्यक अध्ययन, अनुसन्धान गर्ने, गराउने र सोको वस्तुगत आधार एवम् मापदण्ड निर्धारण गर्ने, गराउने जिम्मा आयोगलाई दिइएकोमा संविधान, ऐन र नियमावलीको व्यवस्था प्रतिकूल हुनेगरी सहलगानी सम्बन्धी कार्यविधि, २०७७ आएको हुँदा आयोगको कार्यक्षेत्रमा प्रतिकूल नहुने व्यवस्था गर्नुपर्ने।

२. प्राकृतिक स्रोतको परिचालनका लागि तीन तहका सरकारबीच लगानी तथा प्रतिफलको हिस्सा निर्धारण एवं संविधानको धारा ५९ (४) र ५९ (५) मा उल्लिखित प्राकृतिक स्रोतको परिचालन सम्बन्धी प्रावधानका साथै प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने सम्भावित विवाद निवारण र सो सँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा भएको संवैधानिक व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकारले कानुनी

व्यवस्थामा स्पष्टता ल्याउनु पर्ने देखिन्छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ मा पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोत शीर्षकमा प्राप्त रोयल्टी तीन तहको सरकारबीच बाँडफाँटको व्यवस्था गरिएको छ। पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सङ्कलन सम्बन्धमा हालसम्म स्पष्ट कानुनी व्यवस्था नभएकाले रोयल्टी सङ्कलन हुन सकेको अवस्था छैन। तसर्थ, प्राकृतिक स्रोतलाई परिभाषित गर्ने, प्राकृतिक स्रोतको परिचालन गर्दा लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको विस्तृत आधार परिमार्जन गर्ने, प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने सम्भावित विवादलाई व्यवस्थापन गर्ने र प्राकृतिक स्रोतको बाँडफाँटसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा अध्ययन गर्ने एवं प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीलाई परिभाषित गर्ने र प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने जस्ता विषयलाई सम्बन्धित क्षेत्रगत कानुनले प्राकृतिक स्रोतको परिचालनका लागि लगानी, प्रतिफल/लाभ/रोयल्टी संकलन एवं वितरण सम्बन्धमा स्पष्ट गरेकोमा सोही बमोजिम र नभएमा सो समेत समेटी प्राकृतिक स्रोत सम्बन्धी एकीकृत कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने।

३. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ को द्रष्टव्य (१) मा स्थानीय तह भन्नाले सम्बन्धित स्थानीय तह र जिल्ला समन्वय समितिलाई समेत उल्लेख गरिएको भएता पनि संविधानतः जिल्ला समन्वय समितिले सञ्चित कोष सञ्चालन नगर्ने, गाउँ कार्यपालिका र नगर कार्यपालिका सरह कार्यकारिणीको भूमिका निर्वाह नगर्ने एवं संविधानले जिल्ला समन्वय समितिलाई अनुगमनकारी र समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने व्यवस्था गरेको देखिएकोले प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको सिफारिस गर्दा जिल्ला समन्वय समितिलाई समेट्न नमिल्ने भएकोले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन संशोधन गरी अनुसूची-४ बाट ''जिल्ला समन्वय समिति'' शब्द हटाउनुपर्ने।

४. प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँटको हिस्सा सिफारिस गर्दा न्यून रकम प्राप्त गर्ने प्रदेश तथा स्थानीय तहलाई प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापनमा स्रोत अपुग हुने अवस्था भएमा तत् तत् प्रदेश तथा स्थानीय तहले आफ्नो वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा आवश्यकता र औचित्यको आधारमा समानीकरण अनुदान लगायत प्राप्त स्रोतबाट प्राथमिकता साथ निश्चित रकम आ-आफ्नो भौगोलिक क्षेत्र अन्तर्गत रहेका प्राकृतिक स्रोतहरूको संरक्षण र व्यवस्थापन गर्नको लागि कार्यक्रम बनाई कार्यान्वयन गर्नेगरी नेपाल सरकार तथा प्रदेश सरकारले ब्यवस्था मिलाउनु पर्ने देखिन्छ। जसका लागि नेपाल सरकारले रोयल्टी बाँडफाँटबाट प्राप्त गर्ने ५० प्रतिशत रोयल्टी मध्ये देशभर रहेका प्राकृतिक स्रोतको संरक्षण तथा व्यवस्थापनका लागि आयोजना/कार्यक्रमहरू प्राथमिकीकरण गरी बजेट विनियोजन गर्नुका साथै तुलनात्मक रूपमा कम रोयल्टी प्राप्त गर्ने प्रदेशलाई सम्बोधन गर्ने गरी सम्बन्धित निकायको समन्वयमा प्राकृतिक स्रोत संरक्षण तथा व्यवस्थापनमा आयोजना/कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ। त्यसै गरी प्रदेश सरकारले रोयल्टी बाँडफाँटबाट प्राप्त गर्ने २५ प्रतिशत रोयल्टी मध्ये आ-आफ्ना प्रदेश भित्र रहेका प्राकृतिक स्रोतको संरक्षण तथा व्यवस्थापनका लागि आयोजना/कार्यक्रमहरू प्राथमिकीकरण गरी बजेट विनियोजन गर्नुका साथै तुलनात्मक रूपमा कम रोयल्टी प्राप्त गरेका र रोयल्टी पाउँदै नपाएका स्थानीय तहमा वातावरण संरक्षण गर्ने तथा वातावरणीय प्रभावको नकारात्मक पक्षलाई न्यूनीकरण गर्ने र प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन, विकासमा उपयोग गर्नेगरी कार्यक्रम सञ्चालन गर्नुपर्ने।

५. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०४/१० को निर्णयानुसार नेपाल पर्वतारोहण सङ्घले व्यवस्थापन गर्ने २७ वटा हिमालचुलीहरूबाट प्राप्त हुने रोयल्टी बाँडफाँटको व्यवस्था अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ अनुकूल नदेखिएको हुँदा पर्वतारोहण सङ्घले व्यवस्थापन गर्ने हिमालचुलीहरूबाट सङ्कलन गर्ने

सम्पूर्ण रोयल्टी रकम नियमित रूपमा सिधै सङ्घीय विभाज्य कोषमा दाखिला गर्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने।

६. पर्वतारोहणबाट प्राप्त हुने रोयल्टी बाँडफाँटलाई बढी व्यवस्थित र समन्यायिक बनाउन यस सम्बन्धी रोयल्टी बाँडफाँटको एउटा आधारमा लस्कर मार्ग सम्बन्धी सूचक समावेश गर्न महत्वपूर्ण हुने देखिएकोले सोसँग सम्बन्धित विवरण आवश्यक भएको हुँदा पर्वतारोहणका क्रमका पर्वतारोही आधार शिविरसम्म पुग्ने लस्कर मार्गको लम्बाई र सो मार्गमा पर्ने स्थानीय तह सहितको विवरण सङ्घीय संस्कृति, पयर्टन तथा नागरिक उड्डयन मन्त्रालयबाट तयार गरी आयोगलाई उपलब्ध गराउनु पर्ने।

७. विद्युतबाट प्राप्त रोयल्टी रकम जलाधार क्षेत्रमा दिगोपना ल्याउने एवं जलविद्युत आयोजना रहेको मुख्य क्षेत्रका, सोको वरिपरिका र माथिल्लो तथा तल्लो तटीय क्षेत्रका प्रभावित जनसङ्ख्यालाई लाभ हुने गरी उपयोग गर्नुपर्ने र तीनै तहका सरकारले जलविद्युत आयोजनाको जलाधार क्षेत्रमा आफ्नो वार्षिक विकास कार्यक्रम अन्तर्गतका विकास निर्माणका कार्य गर्दा आयोजनाको भौतिक संरचना तथा जलाशयमा पर्ने नकारात्मक असर न्यून हुने उपाय अवलम्बन गर्नुपर्ने। जलविद्युतबाट प्रभावित मुख्य संरचना रहेको क्षेत्र, सुख्खा क्षेत्र, जलाशय क्षेत्र, जलाधार क्षेत्र, प्रसारण लाइन र सव-स्टेशन रहेको क्षेत्रमा पर्ने स्थानीय तहको वडागत विवरणका आधारमा समन्यायिक रूपमा रोयल्टी बाँडफाँट गर्ने प्रयोजनका लागि प्रसारण लाइन र सव-स्टेशन रहेको क्षेत्रको स्थानीय तहको वडागत आधारमा प्रसारण लाइन र सवस्टेशनको क्षमता अनुसारको विवरण आवश्यक पर्ने हुँदा सङ्घीय ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयले सो सम्बन्धी विस्तृत विवरण तयार गरी उपलब्ध गराउनु पर्ने।

८. वन ऐन, २०७६ को दफा ४५ मा वन विकास कोषको स्थापना नेपाल सरकारले गर्ने व्यवस्था गरेको छ। जसमा वन क्षेत्रको वन पैदावार बिक्रीबाट प्राप्त रकम, वातावरण सेवाबाट प्राप्त रकम र वन क्षेत्र अन्य प्रयोजन वापत प्राप्त हुने रकम जम्मा हुने व्यवस्था अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रतिकूल हुने देखिएकोले उक्त ऐन संशोधन गरी प्राप्त हुने रकम सङ्घीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था गर्नुपर्ने।

९. संरक्षण क्षेत्र व्यवस्थापनबाट प्राप्त हुने रोयल्टी रकम सङ्घीय विभाज्य कोषमा जम्मा नभई राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ बमोजिम गठित राष्ट्रिय प्रकृति संरक्षण कोष अन्तर्गत जम्मा गर्ने व्यवस्था हाल पनि कायमै रहेको साथै वातावरण संरक्षण ऐन, २०७६ मा समेत वातावरण संरक्षण कोषको व्यवस्था रहेको छ। उल्लिखित प्रावधानहरू संवैधानिक व्यवस्था एवं अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रावधान प्रतिकूल हुने भएकोले यस्ता कोषमा जम्मा हुने गरेका रकमहरू समेत सङ्घीय विभाज्य कोषमा जम्मा हुने कानुनी व्यवस्था हुनु पर्ने।

१०. सङ्घीय वन तथा वातावरण मन्त्रालयले वन क्षेत्रसँग सम्बन्धित खण्डीकृत तथ्याङ्क (राष्ट्रिय वन तथा संरक्षित क्षेत्रको प्रकार अनुसार क्षेत्रफल, उपभोक्ता संख्या/जनसङ्ख्या, वनमा आश्रित जनसङ्ख्या, वनको दिगो व्यवस्थापनको लागि भएको प्रयास र राष्ट्रिय वन तथा संरक्षित क्षेत्रबाट प्राप्त हुने रोयल्टी समेत) उपलब्ध गराउन आवश्यक व्यवस्था गर्नुपर्ने।

११. खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २२ मा व्यवस्था भए बमोजिम तोकिएको रोयल्टीको दश प्रतिशतले हुने स्थानीय विकास शुल्क बापतको रकम जिल्ला विकास समिति वा सो समितिले तोकेको निकायमा बुझाउनु पर्ने व्यवस्था गरेकोमा हाल जिल्ला विकास समिति अस्तित्वमा नरहेकोले नेपालको संविधान अनुकूल हुने गरी व्यवस्था मिलाउनु पर्ने।

१२.ढुङ्गा, गिट्टी, बालुवा लगायतका निर्माण सामग्रीहरूलाई खानीबाट उत्खनन गरी प्रयोगमा ल्याउने व्यवस्था गर्न नसक्दा नदी, खोलाबाट मात्र निकाल्नुपर्ने बाध्यता रहेको छ। यस्ता प्राकृतिक स्रोतको उपयोग गर्दा वातावरणीय प्रभाव अध्ययन गरी प्राप्त प्रतिवेदन अनुसार व्यवस्थापन र नियमन गर्नुपर्ने कानुनी व्यवस्था छ। यसै सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा प्रदेश र स्थानीय तहबीचको दोहोरो अधिकार क्षेत्रभित्रका कर निर्धारण, सङ्कलन र बाँडफाँट अन्तर्गत ढुङ्गा, गिट्टी, बालुवा सम्बन्धी व्यवस्था रहेकोमा सो व्यवस्थालाई नेपाल सरकारको आर्थिक ऐन, २०७५ को दफा ३४ ले खारेज गरेको छ। तर अहिले पनि कतिपय प्रदेश सरकारले खारेज हुनुअघिको व्यवस्थालाई नै आधार मानी नदी तथा खोलाको ढुङ्गा, गिट्टी, बालुवाबाट स्थानीय तहले सङ्कलन गरेको राजस्वको हिस्सा प्राप्त गरिरहेको देखिन्छ। त्यसैगरी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ को दफा ४७ को उपदफा (९) ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा दफा ६२ पछि दफा ६२क थप गरी स्लेट, ढुङ्गा, वालुवा एवं माटोजन्य वस्तुको बिक्री स्थानीय तहले नै गर्न सक्ने र सो वापत प्राप्त हुने राजस्व आफ्नो संचित कोषमा दाखिला गर्न सक्ने व्यवस्था गरेको छ।

उल्लिखित व्यवस्था अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका स्लेट, ढुङ्गा, गिट्टी, बालुवा, सिल्ट (Silt) एवं माटोजन्य वस्तु र काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री बापत प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जाने व्यवस्था एकातर्फ छ भने अर्कोतर्फ नेपाल सरकारले जारी गरेको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले सङ्कलित राजस्व रकम प्रदेश र स्थानीय तह बीच बाँडफाँट गर्ने व्यवस्था गरेको हुँदा उक्त व्यवस्था प्रचलित सङ्घीय कानुनसँग बाझिन गई प्रदेश तथा स्थानीय तह बीच राजस्व बाँडफाँटमा विवाद सिर्जना भएको छ। साथै स्थानीय तहले आफ्नो सञ्चित कोषमा जम्मा गरेको रकम बाँडफाँट गर्ने विषय प्रचलित राजस्व बाँडफाँटका मान्यतासँग समेत मेल खाने देखिँदैन।

यस सन्दर्भमा खानीजन्य र नदीजन्य पदार्थलाई परिभाषित गर्नुपर्ने देखिन्छ। साथै नेपालको संविधानको अनुसूची ५ देखि ९ सम्मका एकल र साझा अधिकारको सूचीमा खानी तथा खनिज पदार्थको अन्वेषण, संरक्षण, उत्खनन र व्यवस्थापनका विषयहरू मध्ये उत्खनन नेपाल सरकारको, अन्वेषण प्रदेश सरकारको र संरक्षण स्थानीय तहको भूमिका रहेकाले सो सम्बन्धमा विद्यमान खानी तथा खनिज पदार्थ ऐन, २०४२ लाई समसामयिक परिमार्जन गरी तीन तहका सरकारबीचको कार्य जिम्मेवारी सहितको व्यवस्था समेत हुनुपर्ने।

साथै नदीजन्य पदार्थको सन्दर्भमा विद्यमान विरोधाभासपूर्ण कानुनी तथा कार्यविधिगत व्यवस्था हटाई यसको परिचालन, व्यवस्थापन, अनुगमन, नियमन र सङ्कलित राजस्व बाँडफाँटको सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तह बीचको काम, कर्तव्य र अधिकार स्पष्ट हुने गरी विद्यमान कानुनमा आवश्यक परिमार्जन गर्नु पर्ने।

१३.प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँट गर्ने सम्बन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा विशेष व्यवस्था गरिएको छ। मुलुकको विकासमा प्राकृतिक स्रोतको समन्यायिक परिचालन गर्नुपर्ने खाँचो रहेको भए पनि मुलुकमा कुल प्राकृतिक पुँजी (Natural Capital) कति छ भन्ने विषयको एकीकृत अभिलेख रहेको देखिदैन। अतः मुलुकमा रहेका प्राकृतिक पुँजीको गणना गरी एकीकृत अभिलेख राख्ने प्रणाली विकास गरी प्राकृतिक पुँजीलाई सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्ने।

१४.अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को अनुसूची ४ को क्रम संख्या ५ को पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको व्यवस्था अन्तर्गत भविष्यमा रोयल्टी प्राप्त गर्न सकिने संभावित स्रोतहरुमा अन्तरबेसीन खानेपानी, अन्तरबेसीन सिंचाई, पानीको बोटलिङ प्रयोग, पानीको औद्योगिक उपयोग, भूमिगत जलस्रोत, जल यातायात, जल मनोरन्जन, माछापालन, हाईड्रोजन ऊर्जा, सौर्य ऊर्जा, वायु ऊर्जा, भूतापीय ऊर्जा, तापीय ऊर्जा, जिवाश्म ऊर्जा, आणविक ऊर्जा, पेट्रोल, कोईला र दूरसंचार (फ्रिक्वेन्सी) रहेको अध्ययनबाट देखिएको हुँदा यस किसिमका स्रोतबाट प्राप्त हुने रोयल्टीको व्यवस्थापनका लागि आवश्यक कानुनी व्यवस्था गरी कार्यान्वयन गर्नुपर्ने।

१५.अन्य प्राकृतिक स्रोत अन्तर्गत दूरसञ्चार र फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी तथा दस्तुर नेपाल सरकारको राजस्व खातामा जम्मा हुँदै आएकोमा उक्त आम्दानीलाई संघीय विभाज्य कोषमा जम्मा गर्न स्पष्ट कानुनी तथा नीतिगत व्यवस्था गरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा सोही ऐनको अनुसूची ४ बमोजिम बाँडफाँट गर्नुपर्ने।

# अनुसूचीहरू

## अनुसूची - १ः आयोगका पदाधिकारी तथा कर्मचारीहरूको विवरण

### १.१ आयोगका पदाधिकारीको विवरण

| सि.नं. | पद | पदाधिकारीको नाम, थर |
|---|---|---|
| १. | अध्यक्ष | माननीय बालानन्द पौडेल |
| २. | सदस्य | माननीय जुद्ध बहादुर गुरुङ |
| ३. | सदस्य | माननीय अमर राज मिश्र |
| ४. | सदस्य | माननीय विपिन राज निरौला |

### १.२ प्रतिवेदन तयारीमा संलग्न कर्मचारीहरूको विवरण


| सि.नं. | पद | कर्मचारीको नाम, थर |
|---|---|---|
| १. | सचिव | भरतमणि सुवेदी |
| २. | सह-सचिव | ज्ञानेन्द्र पौडेल |
| ३. | सह-सचिव | यमुना प्रधान |
| ४. | सह-सचिव | कृष्ण बहादुर बोहरा |
| ५. | सह-सचिव | ई. दीपककुमार दास |
| ६. | सह-सचिव | ई. शम्भु कार्की |
| ७. | सिनियर डिभिजनल इन्जिनियर | ई. जय राम प्रजापति |
| ८. | बरिष्ठ तथ्याङ्क अधिकृत | दिनेश भट्टराई |
| ९. | उप-सचिव | लक्ष्मी प्रसाद रेग्मी |
| १०. | उप-सचिव | चुडाराज सापकोटा |
| ११. | उप-सचिव | नारायण प्रसाद अधिकारी |
| १२. | उप-सचिव | राजु बस्नेत |
| १३. | उप-सचिव | नारन प्रसाद पोखरेल |
| १४. | उप-सचिव | युवराज अधिकारी |
| १५. | उप-सचिव | डा. विजय भुर्तेल |
| १६. | वन अधिकृत | विनिता गुरागाईं |
| १७. | सहायक वन अधिकृत | लक्ष्मी कुमारी न्यौपाने |
| १८. | शाखा अधिकृत | विमला काफ्ले |
| १९. | शाखा अधिकृत | राजन कुमार रेग्मी |
| २०. | शाखा अधिकृत | नरकुमारी राई |
| २१. | लेखा अधिकृत | केशव पोखरेल |
| २२. | शाखा अधिकृत | कृष्णहरि पौडेल |
| २३. | शाखा अधिकृत | गंगाराम भण्डारी |
| २४. | शाखा अधिकृत | फर्सुराम भट्टराई |
| २५. | इन्जिनियर | ई. पोष्टराज पौडेल |
| २६. | वातावरणविद | सुनिता फुयाँल (घिमिरे) |
| २७. | शाखा अधिकृत | अर्जुन शर्मा |
| २८. | शाखा अधिकृत | सन्तोष लामिछाने |

| सि.नं. | पद | कर्मचारीको नाम, थर |
|---|---|---|
| २९. | शाखा अधिकृत | ईन्दिरा न्यौपाने |
| ३०. | शाखा अधिकृत | शर्मिला लामिछाने |
| ३१. | शाखा अधिकृत | प्रमिला भण्डारी |
| ३२. | शाखा अधिकृत | माधव सुवेदी |
| ३३. | कम्प्युटर इन्जिनियर | ई. हरि शंकर महतो |
| ३४. | तथ्याङ्क अधिकृत | दामोदर न्यौपाने |
| ३५. | नायव सुब्बा | कमल सिंह कटुवाल |
| ३६. | कम्प्युटर अपरेटर | दिवस भट्टराई |
| ३७. | नायव सुब्बा | रमेश आचार्य |
| ३८. | कम्प्युटर अपरेटर | चन्द्रशेर राना |
| ३९. | नायव सुब्बा | बीरेन्द्र अधिकारी |
| ४०. | लेखापाल | सुस्मा मरासिनी |
| ४१. | नायव सुब्बा | गीता चपाई |
| ४२. | नायव सुब्बा | सामना सुवेदी |
| ४३. | नायव सुब्बा | ईश्वर पौडेल |
| ४४. | कम्प्युटर अपरेटर | रमा गोतामे |
| ४५. | कम्प्युटर अपरेटर | दिल कुमार श्रेष्ठ |
| ४६. | कम्प्युटर अपरेटर | सुरेश चौधरी |
| ४७. | नायव सुब्बा | साधना पोखरेल |
| ४८. | हलुका सवारी चालक | विमलप्रसाद आचार्य |
| ४९. | हलुका सवारी चालक | श्रीकृष्ण महर्जन |
| ५०. | हलुका सवारी चालक | राजु थापा मगर |
| ५१. | हलुका सवारी चालक | भरत सुवेदी |
| ५२. | हलुका सवारी चालक | भोला काफ्ले |
| ५३. | हलुका सवारी चालक | राजु महर्जन |
| ५४. | हलुका सवारी चालक | अनिल क्षेत्री |
| ५५. | हलुका सवारी चालक | सरोज खत्री |
| ५६. | कार्यालय सहयोगी | नमिता अर्याल |
| ५७. | कार्यालय सहयोगी | अनुजा गैरे |
| ५८. | कार्यालय सहयोगी | दुर्गा दास श्रेष्ठ |
| ५९. | कार्यालय सहयोगी | राजेन्द्र ढुङ्गेल |
| ६०. | कार्यालय सहयोगी | धनेश्वर पोखरेल |
| ६१. | कार्यालय सहयोगी | दुर्गा चौधरी |
| ६२. | कार्यालय सहयोगी | रमा घिमिरे |

# अनुसूची - २ः आयोगका केही गतिविधिहरू तस्विरमा



सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगका माननीय अध्यक्षबाट आयोगको तेस्रो वार्षिक प्रतिवेदन पेश हुँदै



बागमती प्रदेशका माननीय प्रदेश प्रमुखज्यू समक्ष आयोगका माननीय सदस्य श्री विपिन राज निरौलाज्यूले बागमती प्रदेशसंग सम्बन्धित आयोगको तेस्रो वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै




आयोगको आ.व. २०७८/७९ को वार्षिक कार्यक्रमको समिक्षा तथा चालु आ.व. को कार्यक्रम कार्यान्वयन सम्बन्धी छलफल कार्यक्रममा आयोगका माननीय अध्यक्ष निर्देशन दिनुहुँदै



आयोगबाट शिवपुरी नागर्जुन राष्ट्रिय निकुञ्जको कार्यालय, काठमाडौंमा आयोजित निकुञ्ज तथा सरोकारवाला निकायहरूसँगको छलफल तथा अन्तरक्रिया कार्यक्रममा माननीय अध्यक्षज्यू, सदस्यज्यूहरू लगायत सहभागीहरू